राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः । gorkhapatraonline.com






वर्ष १२६ | अङ्क १६१ | २०८३ साल असोज २८ गते बुधबार | आश्विन शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ कौलाथ्व ४ | 2026 October 14 Wednesday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ

### आरुघाटमा बेलिब्रिज बन्दै

# टीकाअघि नै यातायात सञ्चालन हुने



बुढीगण्डकी बाढीबाट क्षतिग्रस्त धादिङ–गोरखा जोड्ने आरुघाट पुल निर्माणका लागि बेलिब्रिज बोकेका मालवाहक ट्रक । इन्सेटमा क्षतिग्रस्त पुल ।

**भउचप्रसाद यादव**
*काठमाडौँ, असोज २७ गते*

बुढीगण्डकी नदीमा आएको विनाशकारी बाढीका कारण गोरखाको आरुघाट र धादिङको सल्यानटार जोड्ने मुख्य मोटरेबल पक्की पुल बगाएपछि अवरुद्ध बनेको सडक यातायात पुनः सञ्चालन गर्न सरकारले तदारुकता देखाएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयका अनुसार सो स्थानमा तत्काल अस्थायी बेलिब्रिज निर्माणका लागि सात ट्रक आवश्यक निर्माण सामग्री मङ्गलबार निर्माणस्थल पुर्‍याइएको छ। बुढीगण्डकीमा आएको बाढीले आरुघाट गाउँपालिका–९, नयाँ पुलस्थित गोरखा र धादिङ जोड्ने आरुघाटको पक्की पुल बगाउँदा पुलको तीन खण्डमध्ये गोरखातिरको एउटा खण्ड बगाएको थियो।

सडक डिभिजन कार्यालय हेटौँडाबाट पठाइएका ती निर्माण सामग्री गोरखा बजार हुँदै आरुघाट पुर्‍याइएको छ। आइतबार बिहान उत्तरी गोरखाको सिर्गी हिमाल क्षेत्रमा पहिरो जाँदा नदी थुनिएर आएको आकस्मिक बाढीले पुलको गोरखातर्फको २२ मिटर ‘आरसिसी’ भाग बगाएपछि दुई जिल्लाबिच सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको थियो।

> बुढीगण्डकी बाढीले धादिङ-गोरखा जोड्ने आरुघाट पक्की पुलको गोरखातर्फको २२ मिटर भाग बगाएपछि दुई जिल्लाबिच सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको छ ।

#### टीकाअघि नै यातायात सञ्चालन गरिने

गोरखा सडक योजनाका प्रमुख इन्जिनियर विनोद पुनले दसैंको टीकाअघि नै सो बेलिब्रिज जडान गरी यातायात सञ्चालन गर्ने लक्ष्यसहित काम सुरु गरिएको जानकारी दिनुभयो। केही दिनभित्रै निर्माण सम्पन्न गरी दसैंको समयमा आवतजावतलाई सहज बनाउने लक्ष्य राखिएको उहाँले स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, “उक्त बेलिब्रिज निर्माणका लागि हेटौँडाबाट पठाइएको आवश्यक सात ट्रक सामग्री निर्माणस्थलमा आइपुगेको छ र तीन ट्रक थप सामग्री त्यहाँबाट आरुघाटका लागि हिँडाइसकिएको छ।” उहाँले बुधबारदेखि पुलको जग खन्ने र ढलानको काम सुरु हुने जानकारी दिनुभयो।

उहाँका अनुसार नेपाली सेना र सडक डिभिजनको टोलीले डोजर र एक्साभेटर प्रयोग गरी नदी किनारको लेदो तथा अवरोध पन्छाउने काम सुरु गरिसकेका छन्। बेलिब्रिज निर्माणका लागि आवश्यक सबै सामग्री उपलब्ध गराउने, पुलको जग र ढलानको काम तथा आवश्यक जनशक्ति सडक विभागमार्फत उपलब्ध गराइने छ भने पुल जडानको काम नेपाली सेनाको प्राविधिक फौजबाट हुने योजना प्रमुख पुनले स्पष्ट पार्नुभयो। पुल बगेलगत्तै नेपाली सेनाको रुद्रध्वज गणका प्राविधिक टोली र गोरखा सडक योजनाका अधिकारीले स्थलगत निरीक्षण गरी बेलिब्रिज जोड्ने सम्भाव्यता अध्ययन गरेका थिए। पुलको ६० मिटर लामो ट्रस संरचना अझै सुरक्षित रहेकाले त्यसमै थप भाग जोडेर बेलिब्रिज सञ्चालन गर्न लागिएको योजनाका प्रमुख इन्जिनियर पुनले जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

## पाँच सय सात जनाको उद्धार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

बुढीगण्डकी बाढीबाट प्रभावित गोरखाका विभिन्न क्षेत्रबाट नेपाली सेनाले दुई दिनमा ५०७ जनाको उद्धार गरेको छ। सेनाले प्रभावित क्षेत्रमा १३ हजार ९७० किलोग्राम खाद्यान्न तथा राहत सामग्री पनि ढुवानी गरेको छ। असोज २५ गते आएको बाढीबाट प्रभावित तथा सडक सम्पर्कविच्छेद हुँदा विभिन्न स्थानमा फसेका नागरिकलाई सेनाले हेलिकोप्टर र स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याएको हो। उद्धार गरिएकामध्ये ३१ जना विदेशी नागरिक छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार असोज २६ गते ३२१ जनाको उद्धार गरिएको थियो। त्यस दिन हवाई साधनमार्फत ३०८ र स्थलमार्गबाट १३ जनाको उद्धार गरिएको थियो। सेनाले काठमाडौँबाट फिलिमसम्म छ हजार १७० किलोग्राम राहत सामग्रीसमेत पुर्‍याएको थियो। त्यस्तै असोज २७ गते थप १८६ जनाको उद्धार गरिएको छ। उद्धारका क्रममा ३१ विदेशी नागरिकसहित बाढी प्रभावितलाई सुरक्षित स्थानमा सारिएको सेनाले जनाएको छ। उक्त दिन प्रभावित क्षेत्रमा सात हजार आठ सय किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी गरिएको छ।

सेनाले एमआई–१७ सहित चार वटा हेलिकोप्टर र स्थलमार्गबाट परिचालित टोलीमार्फत फिलिम, चुम्लिङ, आरुघाट, दोभान, बिही, लाक्पाल, सल्लेरी, उहिया, केरुङ र हुलचुकलगायत क्षेत्रबाट उद्धार तथा राहत कार्य सञ्चालन गरेको हो। बाढी प्रभावितका घरमा डुबानमा परेका सामान सुरक्षित स्थानमा सार्नसमेत सेनाको टोली परिचालन गरिएको निर्देशनालयले जनाएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार असोज २५ गते नौ विदेशी नागरिकसहित ९६ जनाको उद्धार गरिएको थियो। असोज २६ गते थप १० विदेशी नागरिकको उद्धार गरिएको थियो। प्राधिकरणको विपत् प्रतिकार्य शाखाका प्रमुख रामबहादुर केसीका अनुसार बाढीका कारण जोखिममा परेका तथा सडक सञ्जाल अवरुद्ध हुँदा आवतजावत गर्न नसकी विभिन्न स्थानमा फसेका नागरिकलाई हवाई साधनमार्फत उद्धार गरिएको हो।

# सङ्घीयताको पहिचान ‘प्रदेश’



अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा सहभागी मुख्यमन्त्री र विशिष्ट पाहुना ।

**विराटनगर समाचारदाता**
*विराटनगर, असोज २७ गते*

- प्रदेशलाई अधिकारसम्पन्न र वित्तीय रूपमा सबल नबनाएसम्म सङ्घीय शासनप्रणाली सफल हुन नसक्ने साझा मत जाहेर
- अधिकार हस्तान्तरणमा सङ्घीय सरकार अनुदार बन्दा प्रादेशिक विकास र सेवा प्रवाह अवरुद्ध भएको गुनासो

आवश्यक कानुन नबन्दा प्रदेश सरकारहरू आर्थिक तथा प्रशासनिक रूपमा कमजोर बनिरहेको निष्कर्षमा सातै प्रदेशका मुख्यमन्त्री सहमत देखिएका छन्।

विराटनगरमा मङ्गलबारबाट आयोजित ‘अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन’ मा सहभागी मुख्यमन्त्रीहरूले अधिकार हस्तान्तरणमा सङ्घीय सरकार अनुदार बन्दा प्रादेशिक विकास र सेवा प्रवाह अवरुद्ध भएको भन्दै साझा असन्तुष्टि व्यक्त गरेका हुन्। अधिकार माग्न मात्र नभई औचित्य पुष्टि गर्न सातै प्रदेश एकजुट भएर सङ्घीय सरकारसमक्ष डेलिगेसन जाने घोषणासमेत उनीहरूले गरेका छन्।

सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै आयोजक कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीयताको वास्तविक पहिचान प्रदेश नै भएको स्पष्ट पार्दै प्रदेशलाई ‘सेतो हात्ती’ भनेर दुष्प्रचार गरिएको बताउनुभयो।

मुलुकको कुल चालु खर्चमध्ये ९५ प्रतिशतभन्दा बढी हिस्सा सङ्घ र स्थानीय तहको रहेको तथ्य प्रस्तुत गर्दै उहाँले भन्नुभयो, “प्रदेशहरूको खर्च करिब चार प्रतिशत मात्रै छ। खर्चको करिब ९५ प्रतिशत हिस्सा अन्यत्र हुने तर आरोप जति प्रदेशले खेप्नुपर्ने विडम्बनापूर्ण अवस्था छ।” उहाँले अधिकार प्राप्तिका लागि अब गुनासो मात्र नगरी सातै प्रदेशका मुख्यमन्त्री काठमाडौँ गएर प्रधानमन्त्रीसँग निर्णायक छलफल गर्ने पनि बताउनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीय सरकारले प्रदेशलाई आवश्यक अधिकार र कानुन नदिई परिणाम खोजेको टिप्पणी गर्दै उहाँले भन्नुभयो, “हाम्रो खुट्टा बाँधिदिएर दौड भनियो अनि दौडिन नसक्दा उल्टै ‘नाच्न जान्दैन आँगन टेढो’ भनेको सुन्नुपर्ने विडम्बना छ।”

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरू अधिकार माग्न मात्र नभई जिम्मेवारी लिन पनि तयार रहेको बताउनुभयो। प्रदेश प्रहरी ऐन बनेको पाँच वर्ष बितिसक्दा पनि समायोजन नहुनु र सङ्घले आफूखुसी सचिव पठाउने अभ्यासले प्रादेशिक स्वायत्तता कमजोर बनाएको उहाँको भनाइ थियो।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सिंहदरबारको अधिकार प्रदेश राजधानीमा सार्नु मात्र सङ्घीयता नभएको स्पष्ट पार्नुभयो। जिम्मेवारीको दोहोरोपन र सङ्घसँगको समन्वय अभावले प्रदेशको संस्थागत क्षमता विकास हुन नसकेको उहाँले औँल्याउनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीय सरकारको असहयोगका कारण सङ्घीयता कार्यान्वयनको गाँठो फुक्न नसकेको बताउनुभयो। संसद्मा दर्ता भएको निजामती विधेयकले कर्मचारी संयन्त्रमा उत्साह भर्नुको साटो अन्योल सिर्जना गरेको उहाँको आरोप थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले संविधान जारी भएको एक दशक पुग्न लाग्दा पनि कार्य विस्तृतीकरण र कानुन निर्माण नहुँदा क्षेत्राधिकारको विवाद कायमै रहेको उल्लेख गर्नुभयो। भौगोलिक विकटता खेपेको कर्णालीले प्रशासनिक तथा वित्तीय अधिकारको अभावमा

» बाँकी पृष्ठ २ मा

**» अन्तर्राष्ट्रिय**

## फ्रान्समा विद्यार्थी आन्दोलन चर्कियो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

फ्रान्समा विद्यार्थी आन्दोलन झन् चर्केको छ। मङ्गलबार फ्रान्सभर विरोध प्रदर्शन भयो। त्यहाँ विगत तीन सातादेखि विद्यार्थी आन्दोलन तीव्र रूपमा चर्किएको हो। आन्दोलनले बहुरूप लिँदै छ। महँगीको विरोध गर्दै प्रदर्शन गर्ने तयारी पनि हुँदै छ।

शैक्षिक सुधार, शिक्षकको अभाव पूर्ति र विद्यालयहरूको जीर्ण अवस्था सुधार्नुपर्ने माग राख्दै उच्च माध्यमिक विद्यालय र विश्वविद्यालयका लाखौं विद्यार्थी सडकमा उत्रिएका छन्। प्रदर्शनमा विद्यार्थीका साथै शिक्षक, अभिभावक र प्रमुख मजदुर सङ्गठनसमेत थपिएका छन्। हालैका प्रदर्शनमा देशभर साढे दुई लाखभन्दा बढी विद्यार्थी सडकमा ओर्लिएका थिए। विद्यार्थीले फोहोरका डब्बा र फर्निचर प्रयोग गरेर विद्यालयका प्रवेशद्वार बन्द गरिदिएका छन्। प्रदर्शनका क्रममा प्रहरी र

» बाँकी पृष्ठ २ मा

**अग्रलेख**

## जवाफदेहिताका नवीन औजार



सार्वजनिक जिम्मेवारी भएका व्यक्ति वा निकायलाई विश्वास गरी सुम्पिएको स्रोत र शक्ति जिम्मेवारीपूर्वक प्रयोग गरे/नगरेको स्पष्ट पार्ने दायित्व रहेको हुन्छ ।

● गोपीनाथ मैनाली

» विचार पृष्ठ ४

# विद्युतीय तार वन्यजन्तुलाई धराप

**वसन्त पराजुली**
*नारायणगढ, असोज २७ गते*



> वन्यजन्तु संरक्षणकै लागि भनेर स्थापना गरिने निकुञ्जमा नै विद्युतीकरणका कारण वन्यजन्तुलाई जोखिम हुन्छ भने निकुञ्जले यसको विकल्प खोज्न सक्नुपर्ने विज्ञको सुझाव छ ।

हात्ती प्रजनन केन्द्र खोरसोर सौराहामा प्राकृतिक प्रजननमार्फत ३३ वटा छावा जन्माउन सहयोग पुर्‍याएको रोनाल्डो नामको जङ्गली भाले हात्ती गत असोज ३ गते विद्युतीय तारमा परेर मर्‍यो।

बरन्डाभार वनक्षेत्रको कुमाल तालनजिकै चितवन राष्ट्रिय निकुञ्ज सुरक्षाका लागि राखिएको नेपाली सेनाको पोस्टमा लगिएको बिजुलीको प्रवाहमा रोनाल्डो परेको थियो। झन्डै साढे दुई दशकदेखि चितवन राष्ट्रिय निकुञ्ज र आसपासका वनक्षेत्रमा देखिँदै आएको रोनाल्डोले विद्युत्को पोल ढालेर तार मुखमा चपाउँदा करेन्ट लागेको अवस्थामा भेटिएको थियो।

निकुञ्जमा विद्युत् प्रवाह भएको तारमा परेर वन्यजन्तुको मृत्यु भएको रोनाल्डोको घटना पहिलो होइन। यसअघि २०६४ साल असोज २८ गते सौराहास्थित हात्ती प्रजनन केन्द्रमा रोमियो नामको जङ्गली भाले हात्ती पनि विद्युतीय धरापमा परेर मरेको थियो। रोमियो पनि प्रजनन केन्द्रको ‘ज्वाइँराजा’ हात्ती थियो।

चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको संरचनामा जोडिएको विद्युत्मा परेर हात्ती मात्रै हैन, गैँडा पनि मरेका छन्। २०७५ साल कात्तिक १५ गते सौराहामा हात्तीका लागि ‘चेन फ्री क्यानल’ (साङ्लोमुक्त क्यानल) मा जडान गरिएको बिजुलीको तारमा परेर गैँडा मरेको थियो। निकुञ्जका सूचना अधिकारी अविनाश मगरले निकुञ्जभित्र र बाहिरी मध्यवर्ती क्षेत्रमा गरी २०६४ सालयता करेन्ट लागेर दुई हात्ती, पाँच गैँडा र एक चितुवा मरेको जानकारी दिनुभयो। यसरी मरेकामध्ये दुई हात्ती र एक गैँडा निकुञ्ज कार्यालय र सेनाकै संरचनामा जोडिएका बिजुलीका तारमा परेका हुन्।

लामो समयदेखि वन्यजन्तु संरक्षणको अभियानमा लागेका अभियन्ता अपिल घिमिरे निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा बनेका संरचनामा जडान गरिएका बिजुलीको तारमा परेर वन्यजन्तु धमाधम मर्नु चिन्ताको विषय भएको बताउनुहुन्छ। “वन्यजन्तुकै संरक्षणका लागि राखिएका निकुञ्ज तथा सेनाका पोस्टमै वन्यजन्तुको धराप हुने गरी बिजुली जडान गर्नु नै गलत थियो भन्ने तथ्यले पनि देखाएको छ,” उहाँले थप्नुभयो, “वन्यजन्तु ओहोरदोहोर गर्ने स्थानमा जडान गरिने बिजुलीका तार वन्यजन्तुमैत्री जडान नगरिँदा समस्या भएको हो।”

#### बिजुलीको तार जोखिम

निकुञ्जको मध्यभागमा रहेको कसरामा निकुञ्जको मुख्यालय, निकुञ्ज सुरक्षाका लागि राखिएको नयाँ गोरख गणको मुख्यालय, सेनाकै श्री प्रकृति संरक्षण शिक्षालयलगायतका निकुञ्जसँग सम्बन्धित कार्यालय छन्। सो स्थानका लागि निकुञ्जबाहिरको झन्डै दुई किलोमिटर टाढा घैलाघारीबाट बिजुलीको तार लगेर जडान गरिएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जापगर निकुञ्जभित्र पोलमाथिबाटै तार तानिएको बताउनुहुन्छ। “वन्यजन्तुका लागि जोखिम मोलेर पनि तार तानेर बत्ती बाल्नुपर्ने बाध्यता छ,” उहाँले भन्नुभयो। अहिले निकुञ्जमा रहेका ५८ वटा निकुञ्ज र सेनाका पोस्टमध्ये ३९ वटामा बिजुली जडान छन्। यी सबैमा जडान गरिएको बिजुली कतै नाङ्गो तार त कतै ‘कभर कन्डक्टर’ (आवरणयुक्त विद्युत्) तार जडान गरिएको छ। नेपाल विद्युत् प्राधिकरणको वितरण कार्यालय चनौलीका प्रमुख रुद्रराज विष्ट नाङ्गोभन्दा ‘कभर कन्डक्टर’ तार तुलनात्मक रूपमा सुरक्षित रहेको बताउनुहुन्छ तर रोनाल्डो परेको पनि ‘कभर कन्डक्टर’ तार छिनाएर चपाएकाले हो।

“निकुञ्जभित्रका संरचनामा जोडिएका तार निश्चय नै जोखिमपूर्ण छन्। यसको समाधान भनेको भूमिगत रूपमा बिजुलीका तार लगेर जडान गर्नु हो तर बजेटका हिसाबले यो महँगो प्रविधि हो,” उहाँले भन्नुभयो। भरतपुरबाट माडी लैजाने बिजुलीको तार जमिनमुनिबाट भूमिगत गरिए पनि निकुञ्जमा कतै पनि भूमिगत बिजुली जडान नगरिएको उहाँले बताउनुभयो।

सुरक्षा पोस्टमा जडान गरिएका बिजुलीका तार वन्यजन्तुका लागि धराप बनेका छन्। रोनाल्डोको मृत्युको कारण र घटनाको अध्ययन गर्न गठित समितिका संयोजक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ अनुसन्धान अधिकृत गणेश पन्त रोनाल्डोको मृत्युले निकुञ्जभित्र वन्यजन्तुको आवागमन हुने क्षेत्रमा विद्युत् व्यवस्थापन कति सुरक्षित छ भन्ने प्रश्न उठाएको बताउनुहुन्छ। “हामीले बिजुलीका तारका कारण भएका सम्भाव्य जोखिमबारे अध्ययन गरेका छौँ। अहिलेका तार अधिकांश जोखिममै भएका पाएका छौँ। यसलाई सुधार गर्न सुझाव दिन्छौँ,” उहाँले भन्नुभयो। वन्यजन्तुविद् डा. बाबुराम लामिछानेले निकुञ्जको पहिलो दायित्व वन्यजन्तुको संरक्षण नै भएको बताउनुभयो। वन्यजन्तु संरक्षणकै लागि भनेर गरिने निकुञ्जभित्र विद्युतीकरण नै जोखिम भए यसको विकल्प खोज्न सक्नुपर्ने तर्क उहाँको छ।

## ‘विपत् व्यवस्थापनमा सहकार्य आवश्यक’



गृहमन्त्री सुधन गुरुङ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

गृहमन्त्री सुधन गुरुङले जलवायुजन्य विपत्को जोखिम न्यूनीकरण तथा अन्तरदेशीय अपराध नियन्त्रणका लागि बिम्स्टेक सदस्य राष्ट्रबिच क्षेत्रीय सहकार्य र समन्वय सुदृढ गर्नुपर्नेमा जोड दिनुभएको छ।

भारतको नयाँ दिल्लीमा सम्पन्न बिम्स्टेकको पहिलो गृहमन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै उहाँले आतङ्कवाद, लागुऔषध ओसारपसार, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, अवैध वित्तीय प्रवाह र साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी सूचना आदानप्रदान तथा संयुक्त प्रतिकार्य आवश्यक रहेको बताउनुभयो।

बैठकले क्षेत्रीय सुरक्षा सहकार्यलाई संस्थागत र प्रभावकारी बनाउने प्रतिबद्धतासहित दिल्ली घोषणापत्र जारी गरेको छ। बिम्स्टेक स्थापना भएको २९ वर्षपछि पहिलो पटक आयोजित गृहमन्त्रीस्तरीय बैठकमा नेपालसहित सात सदस्य राष्ट्रका गृह तथा आन्तरिक सुरक्षासम्बन्धी मन्त्री सहभागी थिए। मन्त्री गुरुङले सम्मेलनमा सबैभन्दा कम उमेरको

» बाँकी पृष्ठ २ मा

# दुई अध्यादेश जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले दुई वटा अध्यादेश जारी गर्नुभएको छ। उहाँले संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रीपरिषद्ले सिफारिस गरेका अध्यादेश जारी गर्नुभएको हो।

राष्ट्रपति कार्यालयका अनुसार राष्ट्रपतिले मङ्गलबार वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ र भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ जारी गर्नुभएको हो।

# शिष्टाचार भेट

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, असोज २७ गते*

परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि स्विट्जरल्यान्डका राजदूत डा. ड्यानिएल मेउलीले शिष्टाचार भेट गर्नुभएको छ। मन्त्रालयमा मङ्गलबार भएको भेटमा उहाँहरूबिच नेपाल र स्विट्जरल्यान्डबिचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्ध तथा बहुआयामिक सहयोगलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

यसै गरी परराष्ट्रमन्त्री खनालसँग नेपालका लागि दक्षिण अफ्रिकाका गैरआवासीय राजदूत प्रा. अनिल सुकलालले भेटवार्ता गर्नुभएको छ। मन्त्रालयमा मङ्गलबार भएको भेटमा उहाँहरूबिच नेपाल–दक्षिण अफ्रिका द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। उहाँहरूबिच नेपालमा हालै आएको विनाशकारी बाढीबाट उत्पन्न परिस्थितिबारे पनि छलफल भएको परराष्ट्र मन्त्रालयले उल्लेख गरेको छ।

# समान अवसरका निम्ति संसद्को भूमिका महत्त्वपूर्ण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

अन्तरव्यवस्थापिका सङ्घ (आइपियु) को १५३ औँ महासभा तथा सम्बद्ध बैठकमा सहभागी भई सभामुख डोलप्रसाद अर्याल नेतृत्वको प्रतिनिधिमण्डल स्वदेश फर्किएको छ। महासभामा सभामुख अर्यालले सम्बोधन गर्नुका साथै विपत्सम्बन्धी नेपालको आकस्मिक प्रस्तावमा छलफलसमेत भएको थियो। प्रतिनिधिमण्डलका तर्फबाट विभिन्न सत्रमा नेपालले सहभागिता जनाएको थियो।

आइपियुको महासभामा सभामुख अर्यालले सम्बोधन गर्दै सुशासन, समावेशी शासनप्रणाली, संस्थागत जवाफदेहिता, नागरिकको विश्वास अभिवृद्धि तथा सबै समुदायका लागि समान अवसर सिर्जना गर्न संसद्ले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको थियो। त्यस्तै सभामुख अर्यालले नेपालका तर्फबाट प्रस्तुत गर्नुभएको भोटेकोशी विपत्सम्बन्धी आकस्मिक प्रस्ताव छलफलका लागि स्वीकृत भई छलफल भएको थियो।

नेपाली प्रतिनिधिमण्डलका सदस्य रविनकुमार महतोले युवा सांसदहरूको मञ्चमा सहभागिता जनाउनुभएको थियो। उक्त सहभागितामा महतोले युवा नेतृत्व, संसदीय सहभागिता, लोकतान्त्रिक अभ्यास तथा दिगो विकासका विषयमा विभिन्न मुलुकका युवा सांसदबिच विचार आदानप्रदान गर्नुभएको थियो। प्रतिनिधिमण्डलका सदस्य फक्कुप्रसाद सुवेदीले एसिया प्रशान्त भूराजनीतिक समूहको बैठक तथा छलफलमा सहभागिता जनाउनुभएको थियो।

प्रतिनिधिमण्डलका सदस्य डा. अञ्जान शाक्यले दिगो विकास स्थायी समितिको ब्युरो बैठकमा सहभागिता जनाउनुभएको थियो। शाक्यले दिगो विकास लक्ष्यमा नेपालका तर्फबाट हिमाल संरक्षणसम्बन्धी प्रस्तावसमेत प्रस्तुत गर्नुभएको थियो। उहाँले महिला र युवा संसदीय मञ्चमा समेत सहभागिता जनाउनुभएको थियो।

महासभा बैठकमा समानान्तर आयोजना भएको संसद्का महासचिवहरूको सङ्घको बैठकमा सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले सहभागिता जनाउनुभयो। उक्त बैठकमा संसद्को व्यवस्थापकीय अभ्यास, संसदीय कार्यसम्पादन तथा विभिन्न मुलुकका संसद्का प्रशासनिक अनुभव आदानप्रदान भएको थियो। उक्त सत्रमा महासचिव पाण्डेयसँगै प्रतिनिधि सभाका सचिव प्रकाश अधिकारी तथा सहसचिव रेखा उपाध्याय खनालले सहभागिता जनाउनुभएको थियो।

महासभाका अवसरमा सभामुख अर्यालले अस्ट्रेलिया, बेलायत, चीनलगायत मुलुकका संसदीय प्रतिनिधिमण्डलसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो। आइपियुले नयाँ अध्यक्षमा अस्ट्रेलियाको प्रतिनिधि सभाका सभामुख मिल्टन डिकलाई निर्वाचित गऱ्यो। डिकको उम्मेदवारीलाई नेपालले पनि समर्थन गरेको थियो।



तस्बिर : रासस

**म्याग्दीको बेनी नगरपालिका–३, भकिम्ली भुकभुकेबाट मङ्गलबार देखिएको धवलागिरि हिमाल। भुकभुकेनजिकै बाघखोर, स्वर्गाश्रम, वेलढुङ्गालगायत पर्यटकीय स्थल रहेका छन्।**

# ‘आर्थिक र जलवायु कूटनीतिलाई प्राथमिकता’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

## प्रस्तावित राजदूतका योजना

संसदीय सुनुवाइ समितिले विभिन्न देशका लागि प्रस्तावित थप पाँच राजदूतको सुनुवाइ गरेको छ। समितिले सोमबार भारत, चीन, अमेरिका र बेलायतका लागि प्रस्तावित राजदूतको सुनुवाइ गरेको थियो। प्रस्तावित १३ मध्ये नौ जनाको सुनुवाइ सकिएको, अब चार जनाको सुनुवाइ बाँकी छ। चरणबद्ध रूपमा समितिले बुधबार पनि सुनुवाइ गर्दै छ।

समितिले मङ्गलबार जर्मनीका लागि प्रस्तावित सरु जोशी, इजरायलका लागि प्रस्तावित सुरेशकुमार कर्ण, ओमानका लागि प्रस्तावित पदमाक्षी राणा, कोरियाका लागि प्रस्तावित डा. सङ्गम श्रेष्ठ र स्पेनका लागि प्रस्तावित प्राप्ति शेरचनको सुनुवाइ गरेको छ।

सिफारिस क्रम अनुसार अगाडि रहे पनि दुई प्रस्तावित राजदूतको सुनुवाइ बुधबारका लागि सारिएको छ। उजुरी परेका जापानका लागि प्रस्तावित जिज्ञानकुमार थापा र साउदी अरबका लागि प्रस्तावित गिरिबहादुर सुनारको सुनुवाइ होल्डमा राखिएको हो।

संसदीय सुनुवाइका क्रममा जर्मनीका लागि प्रस्तावित राजदूत जोशीले आर्थिक र श्रम कूटनीतिलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो। सुनुवाइका क्रममा जोशीले जर्मनीसँगको व्यापार घाटा न्यूनीकरण, पर्यटन प्रवर्धन तथा श्रम आप्रवासनका क्षेत्रमा आफूले भूमिका निर्वाह गर्ने बताउनुभयो। व्यापार घाटा न्यूनीकरणका लागि नेपालबाट गलैँचा, पस्मिना, हस्तकलालगायतका क्षेत्रको बजारीकरण र बजार विस्तारमा कूटनीतिक रूपमा सकेको पहलको प्रतिबद्धता पनि जोशीले समितिमा गर्नुभयो।

इजरायलका लागि प्रस्तावित राजदूत कर्णले श्रमिकको हित, सूचना प्रविधिको आदानप्रदान तथा संसद् र नेपाली समुदायसँग सहकार्यको एजेन्डा प्रस्तुत गर्नुभयो। प्रस्तुतीकरणका क्रममा प्रस्तावित राजदूत कर्णले आफ्नो कार्ययोजना चार क्षेत्रमा केन्द्रित रहेको र सोही अनुसार कार्यसम्पादनमा जोड दिने प्रतिबद्धता पनि जनाउनुभयो।

यस्तै ओमानका लागि प्रस्तावित राजदूत राणाले जलवायु, श्रम तथा आर्थिक कूटनीति आफ्नो प्राथमिकतामा रहने बताउनुभयो। संसदीय सुनुवाइमा अवधारणा पेस गर्दै राणाले श्रम आप्रवासन दुई देशबिचको मुख्य सम्बन्ध रहेको पनि बताउनुभयो।

यस्तै कोरियाका लागि प्रस्तावित राजदूत डा. सङ्गम श्रेष्ठले दुई देशबिचमा प्रविधि हस्तान्तरण, व्यापार घाटा न्यूनीकरण र कोरियामा रहेका नेपाली नागरिकको हितका क्षेत्रमा काम गर्ने प्रतिबद्धता जनाउनुभएको छ। श्रेष्ठले संविधान, नेपालको परराष्ट्र नीति र सरकारको नीतिमा रहेर कार्यसम्पादन गर्ने पनि जनाउनुभयो। कोरियामा ९१ हजारभन्दा बढी नागरिक रहेको बताउँदै उहाँले नागरिकको हित र सुरक्षाका क्षेत्रमा काम गर्ने पनि प्रतिबद्धता जनाउनुभयो।

सुनुवाइका क्रममा स्पेनका लागि प्रस्तावित राजदूत शेरचनले जलवायु तथा आर्थिक कूटनीतिमा जोड दिएर काम गर्ने बताउनुभयो। शेरचनले परम्परागत कूटनीतिभन्दा बाहिर निस्केर आर्थिक विकास र सम्भावनालाई पनि कूटनीतिसँग जोड्ने प्रतिबद्धता जनाउनुभयो। संसदीय सुनुवाइका क्रममा शेरचनले कन्सुलर तथा श्रमसेवालाई पनि उत्तिकै प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो।

यसैबिच समितिले साउदी अरबका लागि प्रस्तावित राजदूत गिरिबहादुर सुनारका विषयमा थप कागजात मागको निर्णय गरेको छ।

# ‘डिजिटल त्रिवि’ देखि ‘रिसर्च युनिभर्सिटी’ सम्म

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

त्रिभुवन विश्वविद्यालयले आफ्नो प्रशासनिक, शैक्षिक तथा प्राज्ञिक संरचनालाई समयानुकूल बनाउँदै डिजिटल सेवा विस्तार, अनुसन्धान प्रवर्धन, संस्थागत पुनर्संरचना र वित्तीय सुधारका नयाँ योजना अगाडि सारेको छ।

त्रिविका सहकुलपति एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको विश्वविद्यालय सभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो। यी योजना कार्यान्वयन भएमा विश्वविद्यालयको प्रशासनिक, शैक्षिक र प्राज्ञिक स्वरूपमा ठुलो फेरबदल आउने अपेक्षा गरिएको छ।

नीति तथा कार्यक्रममा विश्वविद्यालयलाई शिक्षणकेन्द्रित संस्थाबाट अनुसन्धान, नवप्रवर्तन र ज्ञान उत्पादनमा आधारित ‘रिसर्च युनिभर्सिटी’ का रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। साथै शैक्षिक, प्रशासनिक र सेवा प्रवाह प्रणालीलाई डिजिटल प्रविधिमा आधारित बनाउँदै क्रमशः ‘डिजिटल विश्वविद्यालय’ मा रूपान्तरण गर्ने नीति अघि सारिएको त्रिविका रजिस्ट्रार डा. रवीन्द्र शिवाकोटीले जानकारी दिनुभयो।

यो नीति तथा कार्यक्रम विश्वविद्यालयको रणनीतिक योजना सन् २०२४–२०२८ र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदनसँग तादात्म्य हुने गरी तयार गरिएको हो। विश्वविद्यालयले आफ्ना वार्षिक शैक्षिक योजना तथा कार्यक्रमलाई रणनीतिक योजनासँग आबद्ध गर्ने, अनुसन्धानबाट प्राप्त नतिजालाई नीति निर्माणमा उपयोग गर्ने र सम्पूर्ण निकायलाई नतिजामुखी व्यवस्थापन प्रणालीमा जोड्ने योजना पनि उल्लेख छ। त्रिविले शैक्षिक प्रशासन र सेवा प्रवाहलाई सहज, पारदर्शी र पहुँचयोग्य बनाउन एकीकृत मोबाइल एप सञ्चालनमा ल्याउने भएको छ। विश्वविद्यालयसँग सम्बन्धित विभिन्न तथ्याङ्कलाई एकीकृत रूपमा हेर्न सकिने डिजिटल ड्यासबोर्ड निर्माण गर्ने नीति पनि अघि सारिएको छ। नीति निर्माण, अनुगमन र शीघ्र निर्णय प्रक्रियाका लागि यस्तो ड्यासबोर्ड उपयोगी हुने त्रिविको अपेक्षा छ।

## परीक्षा प्रणाली पूर्ण डिजिटल

त्रिविले परीक्षा व्यवस्थापन सूचना प्रणाली पूर्ण रूपमा लागु गर्ने लक्ष्य राखेको छ। यस प्रणालीमार्फत उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, शैक्षिक अभिलेख व्यवस्थापन तथा प्रमाणपत्र वितरण जस्ता सेवा डिजिटल प्रणालीबाट सञ्चालन गर्ने योजना छ। यसले परीक्षा प्रणालीलाई पारदर्शी, सुरक्षित र समयबद्ध बनाउने विश्वविद्यालयको अपेक्षा छ।

विश्वविद्यालयले विद्यार्थीलाई केन्द्रमा राखेर एकीकृत विद्यार्थी सेवा प्रणाली विकास गर्ने भएको छ। यस प्रणालीमार्फत विद्यार्थी भर्ना, परीक्षा, छात्रवृत्ति, परिचयपत्र र गुनासो व्यवस्थापनका साथै मानसिक स्वास्थ्य परामर्श, करिअर विकास, उद्यमशीलता तथा रोजगार सहजीकरण जस्ता सेवा सञ्चालन गरिने छ। त्रिविको नयाँ नीति तथा कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष विश्वविद्यालयलाई अनुसन्धानप्रधान संस्थाका रूपमा विकास गर्ने योजना हो।

नीति तथा कार्यक्रममा राष्ट्रिय प्राथमिकता, सामाजिक आवश्यकता तथा विश्वव्यापी ज्ञान प्रवृत्तिसँग मेल खाने उच्च गुणस्तरीय अनुसन्धानलाई प्रोत्साहन गर्न प्रतिस्पर्धात्मक अनुसन्धान अनुदान उपलब्ध गराउने उल्लेख छ। प्राध्यापक, युवा अनुसन्धानकर्ता तथा विद्यार्थीमा नवप्रवर्तन, पेटेन्ट दर्ता, स्टार्टअप र बौद्धिक सम्पत्ति सिर्जनालाई प्रोत्साहन गर्ने भएको छ। यसका लागि बौद्धिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। अनुसन्धानबाट प्राप्त प्रविधि, उत्पादन वा अवधारणालाई संरक्षण गर्ने र सम्भव भएमा व्यावसायिक उपयोगमा लैजाने लक्ष्य विश्वविद्यालयले राखेको छ।

बदलिँदो श्रमबजार र प्रविधिको माग अनुसार त्रिविले पाठ्यक्रम परिमार्जन गर्ने भएको छ। पाठ्यक्रममा उद्यमशीलता, नवप्रवर्तन र प्रविधिलाई समावेश गर्ने तथा शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थीकेन्द्रित र प्रविधिमैत्री बनाउने योजना छ। दूर शिक्षा, डिजिटल सामग्री तथा मिश्रित सिकाइ प्रणाली विस्तार गर्ने नीति पनि अगाडि सारिएको छ। यसका लागि लर्निङ म्यानेजमेन्ट सिस्टम विकास गर्ने र आङ्गिक क्याम्पसमा प्रविधिमैत्री शिक्षण सिकाइ विस्तार गर्ने योजना छ।

# ‘हुलाक सेवालाई व्यवस्थित गर्छौं’



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना**

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, असोज २७ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले नेपालको हुलाक सेवालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय सेवाका रूपमा अगाडि बढाइने बताउनुभएको छ। हुलाक सेवा विभागद्वारा मङ्गलबार आयोजित आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा अन्तर्क्रिया कार्यक्रममा उहाँले विश्वमै हुलाकको आफ्नै ऐतिहासिक महत्त्व र गरिमा रहेको स्पष्ट पार्नुभयो।

मन्त्री डा. तिमिल्सिनाले हुलाक सेवालाई क्षमता अभिवृद्धि गरी युगसुहाउँदो तुल्याएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी सेवा प्रवाह गर्ने संस्थाका रूपमा विकास र विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

उहाँले विगतमा हुलाकका गतिविधि, कमीकमजोरी र देखिएका समस्याको पहिचान गरी आगामी दिनमा हुलाकको काम प्रभावकारी बनाउन मातहतका कर्मचारीको विशेष पहल आवश्यक रहेको बताउनुभयो। मन्त्री तिमिल्सिनाले बजेट अभाव, स्रोतसाधन कमी र कार्यसम्पादनमा जटिलता देखाएर कुनै पनि कर्मचारी आफ्नो अधिकार र कर्तव्यबाट नपन्छिन निर्देशन दिनुभयो। सरकारले हुलाकमा गरेको लगानीको पूर्ण सदुपयोग गर्न कर्मचारीतन्त्रले सकारात्मक सोच र प्रतिबद्धताका कार्यसम्पादन गर्नुपर्ने उहाँले धारणा व्यक्त गर्नुभयो। उहाँले वर्तमान सरकारले सुशासनमा जोड दिएकाले कार्यसम्पादनका सिलसिलामा देखिएका कुनै पनि समस्याको समाधानका लागि खाका लिएर आए सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

# कांग्रेस महाधिवेशन नतिजा सार्वजनिक हुने क्रम जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

नेपाली कांग्रेस खुलातर्फ सहमहामन्त्रीमा रामहरि खतिवडा र अजयबाबु शिवाकोटी विजयी हुनुभएको छ। खतिवडाले पाँच हजार ९१० मत प्राप्त गर्नुभयो भने शिवाकोटीले दुई हजार १७३ मत प्राप्त गर्नुभयो। उक्त पदका लागि नौ जनाको उम्मेदवारी परेको थियो। सहमहामन्त्री (महिलातर्फ) प्रतिमा गौतम निर्वाचित हुनुभएको छ। गौतमले पाँच हजार ११६ मत प्राप्त गर्नुभयो। यसै गरी सहमहामन्त्री (पिछडिएको क्षेत्र) तर्फ जीवनबहादुर शाही निर्वाचित हुनुभएको छ। शाहीले तीन हजार ६१० मत प्राप्त गर्नुभयो।

# स्विप अपरेसनमा सतासी जना पक्राउ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

काठमाडौँ उपत्यकामा अपराध नियन्त्रण तथा सार्वजनिक सुरक्षा सुदृढ बनाउने उद्देश्यले प्रहरीले सञ्चालन गरेको स्विप अपरेसनका क्रममा ८७ जना पक्राउ परेका छन्। सार्वजनिक स्थलमा होहल्ला, हुलहुज्जत, दुर्व्यवहार, चोरी, लुटपाट तथा गुन्डागर्दी जस्ता गतिविधिमा संलग्न व्यक्तिलाई लक्ष्य गरी प्रहरीले उक्त अभियान सञ्चालन गरेको हो।

अभियानका क्रममा पक्राउ परेकामध्ये ७६ पुरुष र ११ महिला रहेको जनाइएको छ। पक्राउ परेका सबैको विवरण भने सार्वजनिक गरिएको छैन। परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार समाजमा शान्तिसुरक्षा तथा सुव्यवस्था कायम राख्न काठमाडौँका विभिन्न स्थानमा स्विप अपरेसन सञ्चालन गरिएको हो।

## लागुऔषधसहित नियन्त्रणमा

यसैबिच लागुऔषध नियन्त्रण ब्युरोले काठमाडौँको तारकेश्वर नगरपालिका–८ बाट तीन सय ग्राम खैरो हेरोइनसहित एक जनालाई पक्राउ गरेको छ। शङ्कास्पद गतिविधिमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले दुई राउन्ड हवाई फायर गरेको छ। लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख सुवासचन्द्र बोहोराका अनुसार भारतबाट वीरगन्जको रक्सौल नाका हुँदै काठमाडौँ उपत्यकामा लागुऔषध आपूर्ति गर्ने गिरोहको पहिचान गरी निगरानी गर्ने क्रममा ब्युरोबाट खटिएको प्रहरी टोलीले तारकेश्वर–८ मा शङ्कास्पद अवस्थामा फेला परेका व्यक्तिलाई पक्राउ गरेको हो।

# समानुपातिक सहभागिता संविधानको मूल मर्म

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले आगामी स्थानीय तहको निर्वाचनमा अपाङ्गता भएका व्यक्तिको सहभागितालाई कानुन अनुसार पहल गरिने बताउनुभएको छ। समानुपातिक सहभागिता संविधानको मूल मर्म रहेकाले अपाङ्गता भएका व्यक्तिको सहभागिता महत्त्वपूर्ण विषय भएको उहाँको भनाइ छ।

सिबिएम नेपालद्वारा मङ्गलबार आयोजित समावेश परियोजनाको शुभारम्भ कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त कार्कीले निर्वाचन प्रणाली कठिन हुँदै गएको पनि चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, “काठमाडौँमा मतपत्र छापेर हुम्ला, जुम्ला, बैतडीको मतदान केन्द्रसम्म पुऱ्याउनु पर्छ। निर्वाचन सबै हिसाबले महँगो छ। समयको हिसाबले पनि लामो प्रक्रिया छ। स्रोतसाधन र जनशक्ति पनि सधैँ अभाव भइरहन्छ।”

अपाङ्गता भएका व्यक्तिको राजनीतिक अधिकार र समावेशिता, पहुँच र प्रतिनिधित्व अभिवृद्धि गर्ने उद्देश्यले ‘समावेश परियोजना’ सञ्चालनमा आएको छ। युरोपेली सङ्घको आर्थिक सहयोगमा सिबिएम ग्लोबलको नेतृत्वमा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, अपाङ्गता भएका महिलाको महासङ्घ नेपाललगायतका सङ्घ संस्थाको साझेदारीमा उक्त परियोजना सञ्चालन भएको हो। परियोजनाले अपाङ्गता भएका व्यक्तिको राजनीतिक सहभागिता र निर्वाचनसम्बन्धी अधिकारका विषयमा अनुसन्धान तथा नीतिगत पैरवीलाई पनि प्राथमिकता दिएको राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष देवीदत्त आचार्यले जानकारी दिनुभयो।

## ‘विपत् व्यवस्थापनमा...

गृहमन्त्रीका रूपमा सम्बोधन गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। त्यस अवसरमा उहाँले जलवायु परिवर्तनका कारण बढ्दै गएको विपत् जोखिमलाई साझा क्षेत्रीय चुनौतीका रूपमा प्रस्तुत गर्नुभयो। पछिल्ला दुई महिनामा नेपालले भोटेकोशी, मनाङ–मुस्ताङ तथा गोरखाको बुढीगण्डकी क्षेत्रमा भोगेको बाढीका घटनाले विपत् व्यवस्थापनमा क्षेत्रीय सहकार्यको आवश्यकता थप स्पष्ट पारेको उहाँको भनाइ थियो। उहाँले बिम्स्टेक क्षेत्रीय विपत् पूर्वतयारी तथा प्रतिकार्य रूपरेखा निर्माण गर्नुपर्ने र हिमालदेखि समुद्रसम्मका विविध भौगोलिक क्षेत्रमा प्रभावकारी रूपमा परिचालन हुन सक्ने संयुक्त कार्यदल गठन गर्न आवश्यक रहेको बताउनुभयो।

दिल्ली घोषणापत्रमा आतङ्कवाद तथा हिंसात्मक अतिवाद, सङ्गठित अपराध, लागुऔषध तथा मानव बेचबिखन, साइबर अपराध, सम्पत्ति शुद्धीकरण र अवैध आप्रवासन जस्ता चुनौतीलाई सामूहिक रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाइएको छ। बैठकका क्रममा गृहमन्त्री गुरुङले भारतीय समकक्षी अमित शाहसँग पनि भेटवार्ता गर्नुभयो। भेटमा नेपाल र भारतका साझा सुरक्षा चासोका विषयमा समन्वय तथा सहकार्य अभिवृद्धिबारे छलफल भएको थियो।

सो अवसरमा गुरुङले नेपाली उद्योगी तथा व्यापारीले भारतीय बजारमा भोगिरहेका प्राविधिक समस्याबारे भारतीय गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो। बैठकमा बङ्गलादेश, भुटान, भारत, म्यान्मार, नेपाल, श्रीलङ्का र थाइल्यान्डका प्रतिनिधि सहभागी थिए।

## फ्रान्समा विद्यार्थी...

प्रदर्शनकारीबिच झडप भएका छन्। प्रहरीले भिड नियन्त्रण गर्न अश्रुग्यास र वाटर क्यान प्रहार गरेको छ, जसका कारण हालसम्म तीन सयभन्दा बढी विद्यार्थी र शिक्षाक्षेत्रका कर्मचारी तथा ७५० भन्दा बढी प्रहरी घाइते भइसकेका छन्। एक प्रदर्शनकारी किशोरले प्रहरीको ग्रेनेड टिप्दा हात नै गुमाउनु परेको छ।

शान्तिसुरक्षा कायम गर्न प्रहरीले व्यापक धरपकड गरेको छ। आन्दोलन सुरु भएयता छ हजार आठ सयभन्दा बढी प्रदर्शनकारी पक्राउ परेका छन्, जसमध्ये अधिकांश विद्यार्थी रहेका छन्। आन्दोलन मत्थर पार्न फ्रान्सेली शिक्षा मन्त्रालयले सबैभन्दा बढी प्रभावित ११४ विद्यालयमा तत्काल तीन हजार वैकल्पिक शिक्षक परिचालन गर्ने घोषणा गरेको छ तर राष्ट्रिय विद्यार्थी युनियनले सरकारको यो कदमलाई ‘अत्यन्तै सानो प्रयास’ भन्दै खारेज गरिदिएको छ। विद्यालय सुधारका लागि १० अर्ब युरो बजेट माग गरिएको छ।

यसै साता चर्चित जलवायु अभियन्ता ग्रेटा थनबर्गले पनि पेरिसको एक विद्यालयबाहिर पुगेर विद्यार्थीहरूको आन्दोलनमा ऐक्यबद्धता जनाउनुभयो। फ्रान्स सरकारले आगामी राष्ट्रपतिको निर्वाचनअघि देशको राष्ट्रिय घाटा कम गर्न बजेटमा ४३ अर्ब युरो कटौती गर्ने योजना बनाएको छ। यसै कटौतीको मार शिक्षाक्षेत्रमा परेपछि विद्यालयमा शिक्षक अभाव, भिडभाडयुक्त कक्षाकोठा र एयर कन्डिसन नभएका जीर्ण भवन जस्ता समस्या भोगिरहेका विद्यार्थी आक्रोशित बनेका हुन्। यो आन्दोलन आउँदो साता सुरु हुने विद्यालयको बिदाअघि झन् निर्णायक मोडमा पुग्ने अनुमान गरिएको अमेरिकी निजी टेलिभिजन संस्था सिएनएनले जनाएको छ।

## सङ्घीयताको पहिचान...

जलस्रोत, जडीबुटी, कृषि र पर्यटन जस्ता प्राकृतिक सम्पदा उपयोग गर्न नपाएको उहाँले दुःखेसो पोख्नुभयो। सम्मेलनमा सहभागी मुख्यमन्त्रीहरूले प्रदेशलाई अधिकारसम्पन्न र वित्तीय रूपमा सबल नबनाएसम्म सङ्घीय शासनप्रणाली सफल हुन नसक्ने साझा मत जाहेर गरेका छन्। भेलाले प्रशासनिक स्वायत्तता, कानुन निर्माण र वित्तीय हस्तान्तरणका साझा माग समेटेर ‘विराटनगर घोषणापत्र’ जारी गर्दै केन्द्र सरकारलाई संयुक्त दबाब दिने तयारी पनि गरेको छ।

सम्मेलनमा डा. दिपेश घिमिरेले साझा समृद्धिका लागि अन्तरप्रादेशिक विकास साझेदारी : आर्थिक एकीकरण, कनेक्टिभिटी, प्राकृतिक स्रोत, विपत् व्यवस्थापन तथा नवप्रवर्तन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने डा. खिमलाल देवकोटाले अन्तरप्रदेशीय समन्वय र सहकार्य,श अन्तर्राष्ट्रिय अभ्यास, नेपालको अनुभव र भावी कार्यदिशा विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको छ।

## टीकाअघि नै...

### यातायात ठप्प हुँदा स्थानीय मर्कामा

बुढीगण्डकी नदीमा आएको बाढीले गोरखा र धादिङ जोड्ने आरुघाटस्थित मोटरेबल पुलको एक खण्ड बगाएपछि यस क्षेत्रको यातायात र व्यापारिक आवतजावत पूर्ण रूपमा ठप्प भएको छ। सडकखण्ड ठप्प हुँदा गोरखाका आरुघाट, धार्चे तथा चुमनुब्री गाउँपालिका र धादिङको सल्यानटार क्षेत्रका बासिन्दा प्रत्यक्ष प्रभावित भएका छन्। चाडबाडको मुखमा मुख्य मार्ग नै बन्द भएपछि दैनिक उपभोग्य सामग्री ढुवानी र यात्रुको आवतजावत रोकिएको छ। यसका साथै आरुघाट गाउँपालिकाकै सोतीस्थित फलामे पुल पनि बाढीले बगाएकाले उत्तरी गोरखा र मनासलु पदमार्ग क्षेत्रतर्फ जाने बाटोसमेत प्रभावित भएको छ।

# रास्वपाले छानबिन गर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सांसद खगेन्द्र सुनारमाथि लागेको आरोपका विषयमा स्वतन्त्र, निष्पक्ष र तथ्यपरक छानबिन गर्ने भएको छ। पार्टी महामन्त्री विपिनकुमार आचार्यले मङ्गलबार पार्टीका तर्फबाट विज्ञप्ति जारी गर्दै सत्यतथ्य अन्वेषण गर्न पार्टीको केन्द्रीय अनुशासन आयोगलाई तत्काल आन्तरिक छानबिन प्रक्रिया अगाडि बढाउन निर्देशन दिइएको प्रस्ट पार्नुभएको छ।

महामन्त्री आचार्यले अनुसन्धान प्रक्रियालाई प्रभावित नपार्न छानबिन निष्कर्षमा नपुग्दासम्मका लागि कुनै पनि औपचारिक कार्यक्रममा सहभागी नहुन उहाँलाई निर्देशन दिनुभएको छ। सांसद सुनार औपचारिक कार्यक्रमका लागि दाङ जिल्लामा खटिए पनि उहाँ सहभागी हुने सबै कार्यक्रम रद्द गरिएको छ। “राज्यका निकायले गर्ने अनुसन्धान प्रक्रियामा पार्टीका तर्फबाट पूर्ण रूपमा सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दछौँ,” महामन्त्री आचार्यले भन्नुभयो, “कानुनभन्दा माथि कोही हुँदैन भन्नेमा रास्वपा दृढ छ।”

रास्वपा प्रवक्ता जगदीश खरेलले सरकारले गर्ने सांसद सुनारमाथिको छानबिनमा पार्टीले पूर्ण रूपमा सहयोग गर्ने बताउनुभयो। पार्टीका तर्फबाट सांसद सुनारलाई कारबाही गर्न अनुशासन समितिले आवश्यक प्रक्रिया अगाडि बढाउने उहाँले प्रस्ट पार्नुभयो।

सांसद सुनारले दाङबाट भिडियोमार्फत निष्पक्ष छानबिनका लागि आफूले सहयोग गर्ने प्रस्ट पार्नुभएको छ। कृत्रिम बुद्धि (एआई) देखि क्यारिकेचरसमेत गर्न लगाएर आफूलाई फसाउन खोजिएको उहाँले प्रस्टीकरण दिनुभएको छ।


## सिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२८)**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, आईक्यान मार्ग, सातदोबाटो, ललितपुर परिसरभित्र संस्थाका कर्मचारी तथा सेवाग्राहीहरूका लागि तपसिल बमोजिमको चमेना गृह (क्यान्टिन) सञ्चालन कार्यको खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका संस्था/कम्पनी/फर्मबाट रीतपूर्वकको दरभाउपत्र प्रस्ताव आह्वान गरिन्छ।

| क्र.सं. | विवरण | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र जमानत रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खुल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | चमेना गृह (क्यान्टिन) सञ्चालन कार्यको खरिद | १,०००।०० | ५०,०००।०० | २०८३ कात्तिक ११ गते दिनको १७:०० बजे, संस्थाको प्रधान कार्यालय, सातदोबाटो | २०८३ कात्तिक १२ गते दिनको १२:०० बजे, संस्थाको प्रधान कार्यालय, सातदोबाटो | २०८३ कात्तिक १२ गते दिनको १५:०० बजे, संस्थाको प्रधान कार्यालय, सातदोबाटो |

**नोट** : विस्तृत सूचना यस संस्थाको सूचना पाटी वा सम्पर्क नम्बर ०१–५४३०७३०, ५४३०८३२ वा इमेलः procurement@ican.org.np वा वेबसाइट **www.ican.org.np** बाट प्राप्त गर्न सकिनेछ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

# नारायणीको कटान रोक्न तटबन्ध आवश्यक

**चितवन समाचारदाता**
*चितवन, असोज २७ गते*

नारायणी नदीको बाढी र कटानबाट बस्ती सुरक्षित राख्न चितवन र नवलपरासीतर्फ गरी ६० किलोमिटर तटबन्ध निर्माण गर्नुपर्ने देखिएको छ।

नारायणी नदीमा असोज ११ गते आएको बाढीपछि गरिएको स्थलगत अध्ययनले चितवनतर्फ १५ किलोमिटर र नवलपरासीतर्फ ४५ किलोमिटर तटबन्ध आवश्यक रहेको देखाएको हो।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय, भरतपुरका सूचना अधिकारी सागर पौडेलका अनुसार तटबन्ध निर्माणका लागि अहिलेको बजार मूल्य अनुसार करिब २२ अर्ब रुपियाँ लाग्ने अनुमान छ। समयमै बजेट व्यवस्थापन गरेर निर्माण अघि नबढाए आगामी वर्ष पनि नदी कटानको जोखिममा बस्नुपर्ने अवस्था रहने उहाँले बताउनुभयो।


नारायणगढको हरिहर मन्दिरक्षेत्रमा नारायणी नदीको बाढीले गरेको कटान ।
*तस्बिर : शालिग्राम नेपाल*

असोज ११ गते आएको बाढीले चितवन र नवलपरासीका विभिन्न क्षेत्रमा क्षति पुऱ्याएको छ। नदीले थप क्षति पुऱ्याउन नदिन तत्काल मर्मत तथा संरक्षणका काम गर्न करिब छ अर्ब रुपियाँ आवश्यक रहेको आयोजना कार्यालयका प्रमुख डा. नारायण सुवेदीले बताउनुभयो।

तटबन्ध निर्माणका लागि ठुला ढुङ्गा आवश्यक पर्ने भए पनि पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको उहाँले बताउनुभयो। देशभर नदी नियन्त्रणका आयोजनामा ठुला ढुङ्गाको माग बढेकाले आवश्यक परिमाणमा ढुङ्गा जुटाउन कठिन भएको उहाँको भनाइ छ।

"यसका लागि सरकारले ठुला ढुङ्गा उत्खनन गर्न सकिने क्षेत्रलाई खानीका रूपमा घोषणा गरेर काम अघि बढाउनु पर्छ," उहाँले भन्नुभयो। यस वर्ष नारायणी नदीले नारायणगढ बजारमाथिको गौरेश्वर मन्दिर क्षेत्रदेखि त्रिवेणीधाम र सुस्तासम्मका विभिन्न स्थानमा कटान गरेको छ। आगामी वर्ष बाढी नियन्त्रणका लागि आवश्यक तटबन्ध निर्माण गर्न नसके थप क्षति बेहोर्नुपर्ने जोखिम रहेको आयोजना कार्यालयले जनाएको छ।

तटबन्ध निर्माणका लागि बजेट व्यवस्थापन गर्न राजनीतिक तथा प्रशासनिक तहमा पहल सुरु भएको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री एवं चितवन क्षेत्र नं. ३ की सांसद सोविता गौतमसहित विज्ञहरूको छलफलमा बहुवर्षीय योजना अन्तर्गत बजेट व्यवस्था गरेर निर्माण अघि बढाउने विषयमा छलफल भएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का जिल्ला सभापति मिनि माधव खनालले सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयका प्रतिनिधि, विज्ञ, भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख तथा अन्य जनप्रतिनिधिसँग भएको छलफलमा सिँचाइ मन्त्रालयमार्फत बजेट निकासाका लागि पहल गरिएको बताउनुभयो । "यसै वर्ष निर्माण सुरु गर्न नसके थप क्षति हुन सक्छ। त्यसैले बजेट व्यवस्थापनका लागि पहल गरिरहेका छौँ," उहाँले भन्नुभयो।

नवलपरासीका सांसद राजन गौतमले नारायणी नदीको बाढीबाट चितवनभन्दा नवलपरासीमा बढी क्षति हुने अवस्था देखिएको बताउनुभयो। "यस वर्षको बाढीले अवस्था थप पेचिलो बनाएको छ। थप बजेट व्यवस्थापन गरेर भए पनि तटबन्ध निर्माण गर्नुपर्ने भएकाले त्यसका लागि पहल गरिरहेको छु," उहाँले भन्नुभयो । भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीका अनुसार पश्चिम चितवन जोगाउनका लागि तटबन्ध आवश्यक छ। यसका लागि पालिकाका तर्फबाट यसै आर्थिक वर्षमा बजेट निकासा गर्नका लागि केन्द्रीय सरकारसँग पहल गरेको बताउनुभयो। यस पटकको बाढीले मानव क्षति नगरे पनि जोखिम भने धेरै भएको छ, उहाँले भन्नुभयो, "अहिलेबाटै काम भएन भने पछि झन् समस्या आउँछ।"

बागमती प्रदेश सरकारका पूर्वसामाजिक विकासमन्त्री विजय सुवेदीले तटबन्ध निर्माणसँगै नदीको प्राकृतिक बहाबमा अवरोध गर्ने नदी बिचका साना जङ्गल तथा अन्य अवरोधको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । नदीको बहाबलाई सहज बनाउन सके कटानको जोखिम न्यूनीकरणमा सहयोग पुग्ने उहाँको सुझाव छ। उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष चिरञ्जीवी सुवेदीले यस वर्षको बाढीले नारायणगढ बजारसमेत जोखिममा परेको बताउनुभयो।

नदी कटान नियन्त्रणका लागि तत्काल तटबन्ध निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले चितवन क्षेत्र नं. ३ का सांसद तथा रास्वपा सभापति रवि लामिछानेलाई भेटेर अवस्थाबारे जानकारी गराइएको बताउनुभयो । त्यसपछि लामिछानेले तटबन्ध निर्माणका विषयमा छिट्टै ठोस निर्णय हुने जानकारी दिएको उहाँले बताउनुभयो।

# बाढीपीडितलाई खाली जग्गामा व्यवस्थापन गरिँदै

**वीरेन्द्र ओली**
*काठमाडौँ, असोज २७ गते*

> नापी विभागका महानिर्देशकको संयोजकत्वमा समिति बनाइएपछि रसुवा, नुवाकोट र धादिङ जिल्लामा खाली ठाउँ पहिचान गर्ने काम भयो ।

सरकारले भोटेकोशी बाढीपीडितलाई रसुवा, नुवाकोट र धादिङ जिल्लाकै खाली ठाउँमा व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाएको छ । तीन जिल्लाका बाढीपीडितलाई व्यवस्थापन गर्न तीन हजार रोपनी जग्गा फेला परेपछि व्यवस्थापन गर्ने कार्यलाई तीव्रता दिइएको हो।

नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा बनाइएको समितिले तीन जिल्लामा तीन हजार २७९ रोपनी दुई आना जग्गा फेला परेपछि व्यवस्थापन गर्न सहज भएको हो। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव दामोदर वाग्लेले भोटेकोशी बाढीपीडितलाई व्यवस्थापन गर्न बनाइएको समितिले खाली जग्गा पहिचान गरेर मन्त्रालयलाई प्रतिवेदन बुझाएकाले प्रक्रिया अघि बढिसकेको जानकारी दिनुभयो । "नापी विभागका महानिर्देशकको संयोजकत्वमा समिति बनाइएपछि रसुवा, नुवाकोट र धादिङ जिल्लामा खाली ठाउँ पहिचान गर्ने काम भयो। समितिले सामान्य प्रशासन मन्त्रालयलाई बुझाएपछि पीडितलाई राख्न संरचना बनाउन पूर्वाधार विकास मन्त्रालय पठाइएको छ," उहाँले भन्नुभयो, "पूर्वाधार मन्त्रालयले पीडित परिवारलाई कसरी व्यवस्थापन गर्ने सबै मिलाउने छ।"

रसुवाको पाँच सय रोपनी नौ आना, नुवाकोटको कुल दुई हजार ६६५ रोपनी छ आना र धादिङको कुल २२ रोपनी तीन आना जग्गा व्यवस्थापन गर्ने तयारी गरी कानुनी रूपमा अड्चन भए सुल्झाउनसमेत सुझाव दिइएको उहाँले बताउनुभयो। उक्त खाली जग्गामा भोटेकोशी बाढीपीडित सात हजार पाँच सय परिवारलाई राखिने छ।

पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी महेशबहादुर सिंहले भोटेकोशी बाढीपीडित सबैलाई तत्काल ती जग्गामा राख्ने कार्य गरिने जानकारी दिनुभयो। "अहिले बाढीपीडित होल्डिङ सेन्टर, कोठा भाडा लिएर, आफन्तकोमा बसेका छन्। अब तत्काल पहिचान भएको खाली जग्गामा अस्थायी संरचना बनाएर राखिने छ," उहाँले भन्नुभयो, "स्थायी पूर्वाधार बनाएर राख्न समय लाग्ने भएकाले तत्काल अस्थायी संरचना बनाएर राखिने छ।" बाढीपीडितको विस्तृत विवरण आउन समय लाग्ने भएकाले स्थायी संरचनामा राख्न समय लाग्ने उहाँले बताउनुभयो। "सरकारले पहिचान गरेको खाली ठाउँमा को को बस्न चाहन्छन् ? कति परिवारलाई कति जग्गा दिने ? कस्ता खालका संरचना बनाउने सबै फाइनल भइरहेको छैन," उहाँले भन्नुभयो, "विनियोजित बजेट कसरी खर्च गर्ने सबै टुङ्गो लागेपछि स्थायी बसोबासका लागि संरचना बनाउने प्रक्रिया अगाडि बढ्ने छ।"

रसुवा जिल्लाका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले यो बेला भोटेकोशी बाढीपीडितलाई होल्डिङ सेन्टर र कोठा खोजेर भाडामा राखिएको बताउनुभयो । भाडामा बस्न चाहनेलाई भने मासिक १५ हजार रुपियाँ उपलब्ध गराइएको उहाँले बताउनुभयो।

# सामाजिक सञ्जालमा वाक् स्वतन्त्रताका नाममा बेथिति

**राष्ट्रिय समाचार समिति**
*चितवन, असोज २७ गते*



पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोग बढेको जनाउँदै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगद्वारा नेपाल पत्रकार महासङ्घ चितवनसँगको सहकार्यमा मङ्गलबार यहाँ आयोजित 'अभिव्यक्ति स्वतन्त्रताको अवस्था' विषयक छलफलमा सहभागीले सामाजिक सञ्जालमार्फत वाक् स्वतन्त्रताका नाममा मनोमानी बढेको बताएका हुन् । नेपालमा अभिव्यक्ति स्वतन्त्रताको अवस्थाबारे आयोगले देशव्यापी गरिरहेको अध्ययनमा आयोजित कार्यक्रममा पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मीलगायतले अभिव्यक्ति स्वतन्त्रताका नाममा सामाजिक सञ्जालमा अमर्यादित गतिविधि बढेको बताउनुभयो।

उहाँहरूले आफ्ना अभिव्यक्तिले गर्दा अर्काको मानमर्दन हुन्छ भन्ने विषयमा ख्याल नगरिएको पक्षलाई सुधार गर्न आवश्यक रहेको बताउनुभयो। नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले अभिव्यक्ति स्वतन्त्रताको रक्षाका सबैको चासोको विषय भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारी निकाय र महासङ्घ मिलेर अभिव्यक्ति स्वतन्त्रताको पक्षमा काम गर्नु पर्छ।"

महासङ्घ चितवनका अध्यक्ष वसन्त पराजुली र नेपाल बार एसोसियसन चितवनका अध्यक्ष फूलमाया रानाभाटले संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रताको दुरुपयोग गरिनु नहुने बताउनुभयो। थारू पत्रकार सङ्घका केन्द्रीय अध्यक्ष सन्तकुमार चौधरीले भने कुनै राजनीतिक नेताका विषयमा जायज टिप्पणी गर्दासमेत आफूहरू विरुद्ध खनिने गरेको धारणा व्यक्त गर्नुभयो । पत्रकार प्रतिमा सिलवाल र सरिता पौडेलले कतिपय गोपनीयता र संवेदनशील विषयलाई ख्याल नै नगरी सामाजिक सञ्जालमा जे पनि लेख्ने र बोल्ने गरेको पाइएकाले त्यसलाई सच्याउन आवश्यक रहेको बताउनुभयो । राष्ट्रिय मानव अधिकार आयोगले अभिव्यक्ति स्वतन्त्रताको अवस्थाबारे अध्ययन गर्न विषयविज्ञका रूपमा नियुक्त प्राडा घमराज लुइटेलले अभिव्यक्ति स्वतन्त्रताबारे उठेको प्रश्नबारे देशव्यापी अध्ययन गर्न लागिएको बताउनुभयो।

त्यस अवसरमा बहिरा सङ्घ चितवनकी सदस्य दीपा अधिकारी र मानव अधिकार सञ्जाल चितवनका संयोजक दीपक लामिछानेले अभिव्यक्ति स्वतन्त्रतालाई सही रूपमा प्रयोग र अभ्यास गर्न आवश्यक रहेको बताउनुभयो।

## सूर्यविनायक-धुलिखेल सडक विस्तार

# चौहत्तर प्रतिशत भौतिक प्रगति

**बनेपा समाचारदाता**
*बनेपा, असोज २७ गते*

अरनिको राजमार्ग अन्तर्गत सूर्यविनायक-धुलिखेल सडक विस्तारको कामलाई निर्धारित समयभित्र सम्पन्न गर्ने लक्ष्यसहित तीव्रता दिइएको छ । भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको १५.८ किलोमिटर सडकलाई छ लेनमा विस्तार गर्ने क्रममा काभ्रेतर्फ ७४ प्रतिशत र भक्तपुरतर्फ ५४ प्रतिशत भौतिक प्रगति भएको छ।

सूर्यविनायक-धुलिखेल सडक आयोजनाका प्रमुख सुपरिन्टेन्डेन्ट इन्जिनियर विजयकुमार महतोले निर्माण व्यवसायीलाई निर्धारित समयभित्र काम सम्पन्न गर्न निर्देशन दिइएको बताउनुभयो। उहाँका अनुसार सडकलाई सूर्यविनायक-साँगा र साँगा-धुलिखेल गरी दुई खण्डमा विभाजन गरेर विस्तार भइरहेको छ।

"काभ्रेतर्फको साँगा-धुलिखेल खण्डमा ७४ प्रतिशत भौतिक प्रगति भएको छ। भक्तपुरतर्फको सूर्यविनायक-साँगा खण्डमा ५४ प्रतिशत काम सम्पन्न भएको छ," उहाँले भन्नुभयो । भक्तपुरतर्फ ठेक्का सम्झौता ढिलो भएकाले तुलनात्मक रूपमा कम प्रगति देखिएको उहाँले बताउनुभयो । आयोजनाका अनुसार साँगा-धुलिखेल खण्डको ७.९ किलोमिटर सडकमध्ये साढे छ किलोमिटरमा चार लेनको पहिलो तहको कालोपत्रे गरिएको छ । यस खण्डमा छ लेन सडकको पहिलो तहको कालोपत्रे साढे तीन किलोमिटरमा सम्पन्न भएको छ। काभ्रेतर्फको सडक विस्तारको मुख्य काम आगामी मङ्सिर २३ गतेसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

निर्माणमा कुनै अप्रत्याशित समस्या नआए सम्झौताको समयभित्रै मुख्य काम सम्पन्न हुने र केही साना कामका लागि थप समय आवश्यक पर्न सक्ने आयोजना प्रमुख महतोले बताउनुभयो । यस्तै सूर्यविनायक-साँगा खण्डमा सडकका साइड स्ट्रक्चर निर्माण लगभग सकिएको छ। यस खण्डमा डेढ किलोमिटर सडकमा छ लेनको पहिलो तहको कालोपत्रे गरिएको छ। साँगास्थित अन्डरपासमा दुई लेनतर्फ १.२ किलोमिटर सडकमा पहिलो तहको कालोपत्रे गरिएको आयोजनाले जनाएको छ। भक्तपुरतर्फको सडक विस्तारको म्याद आगामी फागुनसम्म रहेको छ। दुवै खण्डका मुख्य काम निर्धारित समयभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको र बाँकी कामका लागि आवश्यकता अनुसार समय थप गरी आगामी असारसम्ममा सम्पूर्ण निर्माण सम्पन्न गर्न सकिने आयोजना प्रमुख महतोले बताउनुभयो।



### पुल निर्माणमा ढिलाइले यातायात प्रभावित

सडक विस्तारको कामले गति लिए पनि जगाती खोला, महादेव खोला र पुण्यमाता खोलामा पुल निर्माण हुन नसक्दा यातायात सञ्चालनमा समस्या भइरहेको छ । तीन वटै पुलको डिजाइनका विषयमा सुरुदेखि नै विवाद हुँदा निर्माण अघि बढ्न नसकेको आयोजना प्रमुख महतोले बताउनुभयो।

उहाँका अनुसार रातको समयमा बढी भार बोकेका टिप्पर सञ्चालन हुँदा पुल निर्माणस्थल आसपासको सडकमा खाल्टा पर्ने र सवारी जाम हुने समस्या देखिएको छ। दसैँको समयमा हुन सक्ने सवारी जाम न्यूनीकरण गर्न पुल नजिकका सडकका खाल्टा पुर्ने र रोलर लगाएर सतह मिलाउने काम गरिने उहाँले बताउनुभयो । सूर्यविनायक-साँगा खण्डको ७.३ किलोमिटर सडक विस्तारका लागि आशिषकुमार श्रेष्ठ-बन्धन-भगवती जेभीसँग मूल्य अभिवृद्धि कर (भ्याट) सहित तीन अर्ब ८८ करोड ९३ लाख रुपियाँमा ठेक्का सम्झौता गरिएको थियो । उक्त खण्डको निर्माण २०७९ पुसदेखि सुरु भएको हो।

त्यस्तै साँगा-धुलिखेल खण्डको ८.५ किलोमिटर सडक विस्तारका लागि लामा कन्स्ट्रक्सनसँग भ्याटसहित चार अर्ब पाँच करोड ६४ लाख रुपियाँमा ठेक्का सम्झौता गरिएको थियो। यस खण्डको काम २०७९ मङ्सिरदेखि सुरु भएको हो। साँगा-धुलिखेल खण्डको सम्झौता अवधि २०८२ मङ्सिरमा सकिएपछि आगामी मङ्सिरसम्म म्याद थप गरिएको छ । सूर्यविनायक-साँगा खण्डको सम्झौता अवधि २०८२ पुसमा सकिएपछि आगामी फागुनसम्म म्याद थप गरिएको आयोजनाले जनाएको छ।

# कम्पनीको ठेक्का रद्द

**दोलखा समाचारदाता**
*दोलखा, असोज २७ गते*

सडक डिभिजन कार्यालय चरीकोटले लामो समयदेखि ठेक्का सम्झौता गरी निर्माण सम्पन्न नगर्ने २२ वटा कम्पनीको ठेक्का रद्द गरेको छ।

पटक पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न नगर्ने कम्पनीको ठेक्का सम्झौता रद्द गरिएको सडक डिभिजन कार्यालय चरीकोटका प्रमुख नारायणदत्त भण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार निर्माण सम्पन्न गर्न पटक पटक लिखित तथा मौखिक रूपमा आग्रह गर्दा पनि निर्माण व्यवसायीले काम पूरा गर्न तदारुकता नदेखाएपछि ठेक्का रद्द गर्नु परेको हो। निर्माण कम्पनीले सम्झौता अनुसारको दायित्व पूरा नगरेकाले कानुनी प्रक्रिया अनुसार ठेक्का रद्द गरिएको उहाँले बताउनुभयो। ठेक्का रद्द भएपछि निर्माण सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुलउपर गर्ने कानुनी व्यवस्था रहेको डिभिजन प्रमुख भण्डारीले जानकारी दिनुभयो। त्यसका लागि सम्बन्धित निर्माण व्यवसायीलाई ३० दिनभित्र कार्यालयमा सम्पर्क गरी वित्तीय फरफारक गर्न सूचनामार्फत आग्रह गरिएको उहाँले बताउनुभयो।


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८३/०६/२८ (14th October 2026)

बेलबारी नगरपालिकाको कार्यालयबाट मिति २०८३/०५/२९ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचनामार्फत आह्वान गरिएको ठेक्कामा रितपूर्वक दर्ता भएका बोलपत्रहरू मध्ये सारभूतरूपमा प्रभावग्राही देहायबमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृतिका आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

देहाय

| क्र.स. | ठेक्का नं | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू (मुल्य अभिवृद्धि कर र पी.एस बाहेक) |
|---|---|---|---|---|
| १ | BM/MOR/W/NCB-01-2083/84 | Strengthening and Construction of the Jana Yuddha Pratisthan Building Belbari-02, Morang | श्री पूर्वेली निर्माण सेवा, रतुवामाई-८, मोरङ | २०,४०,२५६.३० (बीस लाख चालीस हजार दुई सय छपन्न रुपैयाँ तीस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



## Alternative Energy Promotion Centre (AEPC)
**Tahachal, Kathmandu, Nepal**
Tel: **+977-1-4598013,4598014**, Email: **info@aepc.gov.np**
Website:**www.aepc.gov.np, https://aepc.gov.np/**

### REQUEST FOR PROPOSALS

Contract Identification Number : **AEPC/BES/RFP/2083/84-01**
Date of Notice Publication : **14 October 2026**

Alternative Energy Promotion Centre (AEPC) is the national focal agency promoting renewable energy technologies in Nepal. The **AEPC** hereby Requests for Proposal (RFP) from eligible Consulting Firms/Institutions for the task **"Assessing the Impact of Electric Cook Stove Promotion on User Satisfaction and Sustainable Cooking Practice: A Local Government Partnership Study".**

- The proposal must contain **Technical** and **Financial** proposals sealed in **Separate Envelopes**. Both the sealed proposals must be sealed in another single envelope mentioning the **Title** of the task and **RFP Number**.
- Detailed RFP Document for the task can be downloaded from the **website: www.aepc.gov.np** or can be obtained from **AEPC, Tahachal, Kathmandu, Nepal.**
- The proposal (in Hard Copy) must be delivered manually to the office of **AEPC, Tahachal, Kathmandu, Nepal** by **12:00 Noon** on or before **30 October 2026.**
- Received Technical Proposal shall be opened in the presence of Proponents' representatives who choose to attend at **12:15 P.M.** on **30 October 2026** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
- The method of selection will be Quality and Cost Based Selection **(QCBS), 70:30** weightage for Technical and Financial proposals respectively.
- Proposals must be valid for a period of 90 days, counting from the day of Technical Proposal opening.
- **AEPC** reserves the right to accept or reject, wholly or partly any or all the proposals without assigning any reason, whatsoever.



"कृषि, पर्यटन र पूर्वाधारको दिगोपनः समृद्ध, सुसंस्कृत सहिद लखन"

## Invitation for Bids
## SHAHID LAKHAN RURAL MUNICIPALITY
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**Ghairung Gorkha**
**GANDAKI PROVINCE**
**Date of publication: 2083-06-27 BS**

1. Shahid Lakhan Rural Municipality invites sealed bids (Hard copy) from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| SN | Contract No: | Brief Description of Works Title | Bid Security Amount in (NRS.) | Last Date & Time of Bid Purchase | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/NCB/W/ROAD/083/084/01 | Upgrading works of Deurali Raniswara Tinmane Road | 1600000.00 | 2083/07/17, BS) Up to 16:00hr | 2083/07/18, BS) Up to 12:00hr | 2083/07/18 BS,13:00hr | 120 days | 5000.00 |

2. Only eligible bidders meeting the following key qualifications shall be permitted to participate in this bidding process:
- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.45.67 million.
- Minimum Work experience of similar size and nature: One number of Road works with Bituminous Pavement project with value of NRs. 24.36 million.
- Minimum Bid Capacity: NRs. 54.81 million.

3. Tender Procedures shall follow Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
4. For further information, please refer to the office's website. Any amendment in the notice or bid documents will be posted in website ***www.shahidlakhanmun.gov.np***, and notice board of this office.

**- Chief Administrative Officer**



## मधेश प्रदेश सरकार
## खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा

### प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति : २०८३।०६।२८

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्राकृतिक विपद्बाट हुने जोखिम विरुद्ध घर/आवास सुरक्षा बीमा कार्यक्रम तथा प्रदेशका नागरिकको जीवन रक्षा र सामाजिक सुरक्षाका लागि दुर्घटना बीमा कार्यक्रम रहेको छ। सो बीमा कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिमका सर्तको अधीनमा रही इच्छुक बीमा कम्पनीहरू सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

- **मधेश प्रदेशभित्रका कम्तीमा १७,५०० घर/आवासको प्राकृतिक विपद् विरुद्धको घर/आवास सुरक्षा बीमा र ५,००० व्यक्तिको दुर्घटना बीमा गर्नुपर्नेछ ।**
- **सहमति बमोजिमको बीमा रकम बीमा कम्पनीले प्रदान गर्नुपर्नेछ ।**
- **क्षति भएका घरधुरी वा लाभान्वित व्यक्तिले पाउनुपर्ने रकम यथाशीघ्र सहज रुपमा EFT (Electronic Fund Transfer) माध्यमबाट उपलब्ध गराउनुपर्नेछ।**
- **बीमा कम्पनी नेपाल सरकारबाट मान्यता प्राप्त हुनुपर्नेछ ।**
- **प्रचलित कानून अनुसार कम्पनी/संस्था नियमित हुनुपर्नेछ ।**
- **बीमा प्रक्रिया, विपद् प्रभावित परिवार तथा दुर्घटना बीमा अन्तर्गत प्रदान गरिने बीमा रकम र बीमा शुल्क सहितको विस्तृत प्रस्ताव पेस गर्नुपर्नेछ।**
- **यस बीमा कार्यक्रम बारेमा थप स्पष्टता आवश्यक भए मन्त्रालयमा सम्पर्क राख्नुपर्नेछ।**
- **अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।**
- **यस सम्बन्धी केही द्विविधा सिर्जना भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।**
- **यो बीमा कार्यक्रममा समेटिने घरधुरी तथा नागरिक सम्बन्धी अन्य विवरण र सर्त मन्त्रालयको "प्रदेशका नागरिकहरूको जीवन रक्षा र सामाजिक सुरक्षाका लागि प्राकृतिक विपद् जोखिम विरुद्धको घर/आवास बीमा तथा दुर्घटना बीमा कार्यविधि, २०८३" बमोजिम हुनेछ।**



मेरो सफलताको एउटै कारण भन्नु पर्दा
कुनै पनि बहाना नबनाउनु हो ।
- *फ्लोरेन्स नाइटिङ्गेल*

## सम्पादकीय

# पूर्वसूचनाको महत्त्व

**हरेक सरकारको पहिलो काम नै आफ्ना नागरिकको जीवन सुरक्षा हो । नेपालको भूवनोट, प्राकृतिक तथा मानवीय कारणले हरेक क्षेत्रमा जोखिम बढ्दै छ। प्रकृतिमैत्री पूर्वाधार नहुँदा मानव जीवन सुरक्षित बन्न सकेन। आधुनिक विकासका नाउँमा भएको प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहनले सङ्कट बढाएको छ। पर्याचक्र बिथोलिएको छ। हरितगृह ग्यासको अत्यधिक उत्सर्जनले वातावरण बिग्रेको छ। पृथ्वी तात्दै छ। बढी तापका कारण हिमाल, हिमताल र हिमनदीले सन्तुलन गुमाएका छन्। हिमबाढी, बाढीपहिरो र डुबानको समस्याले नेपाली जनजीवन नराम्ररी प्रभावित भएको छ। अकल्पनीय जनधनको क्षति हुँदै छ। यो दुःखद पक्ष हो। चाहेर मात्र प्राकृतिक विपत् रोक्न सक्ने अवस्था छैन तर सावधानी अपनाउने र पूर्वसूचनालाई व्यवस्थित गर्न सक्ने हो भने सम्भावित विपत्को जोखिमबाट मानवीय क्षति कम गर्न सकिन्छ।**

यस पटक भदौ र असोज नेपालका लागि अत्यन्तै पीडादायी महिना बने। भदौ १० गते आएको रसुवाको भोटेकोशी–त्रिशूली हिमबाढीले अकल्पनीय जनधनको क्षति भयो। कल्पनै नगरेको हिमपहिरो र हिमबाढीले खर्बौंको भौतिक संरचना ध्वस्त भयो। यही असोजमा फेरि दुई वटा विपत्ति आइलागे। पहिरोका कारण कालीगण्डकी र बुढीगण्डकी नदीमा भीषण बाढी आयो। तटीय क्षेत्रमा ठुलो क्षति भयो। भोटेकोशी–त्रिशूली हिमबाढीका बेला पूर्वसूचनाको कमी र केही बेवास्ताका कारण पनि बढी क्षति भयो। त्यस घटनाबाट सचेत हुँदा र समयमै पूर्वसूचना पाउँदा कालीगण्डकी र बुढीगण्डकी बाढीमा मानवीय क्षति कम भएको हो। विपत्लाई दृष्टिगत गर्दै सरकारले विपत् जोखिम न्यूनीकरण गर्न नयाँ प्रयास सुरु गरेको छ। 'सबैका लागि पूर्वसूचना राष्ट्रिय मार्गचित्र, २०८३–२०८७' को मसौदा तयार पारिएको छ। यसमा जनताको रायसुझावससमेत मागिएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यो मसौदा तयार पारेको हो। मसौदामा पाँच वर्षभित्र नेपालमा बहुप्रकोप पूर्वसूचना प्रणाली विस्तार, स्तरोन्नति र सञ्चालन गर्ने लक्ष्य लिइएको छ। मार्गचित्रको सोच अनुसार २०८७ सम्ममा सबैभन्दा बढी सङ्कटापन्न वर्ग, क्षेत्र र समुदायसहित सबै नागरिकले समयमै प्रभावकारी पूर्वसूचना प्राप्त गरी जनधन तथा जीविकोपार्जनको सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

'सबैका लागि पूर्वसूचना' संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी पहलकै निरन्तरता पनि हो। राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले मार्च २०२२ मा यो पहलको घोषणा गर्नुभएको थियो; जस अनुसार सन् २०२७ को अन्त्यसम्म पृथ्वीका प्रत्येक व्यक्तिलाई जीवन रक्षाका लागि प्रभावकारी पूर्वसूचना प्रणालीको पहुँचमा ल्याउने छ। प्रकोप तथा जोखिममा रहेकाको अवस्थालाई चित्रण गरिएको छ। वैज्ञानिक लेखाजोखा तथा नक्साङ्कन एवं सशक्त तथ्याङ्कशाला स्थापना र सञ्चालन, एकीकृत पूर्वसूचना सम्प्रेषण कार्यविधि लागु गरिँदै छ। समुदायमा प्रभावकारी रूपमा पूर्वसूचना पुऱ्याउनु, प्रकोपबाट जन, धन र जीविकोपार्जनको सुरक्षा गर्न विपत् प्रतिकार्य गर्ने निकायहरूको क्षमता अभिवृद्धि गरी पूर्वतयारी सुदृढ गर्ने मार्गचित्रको उद्देश्य छ।

पूर्वसूचनाको वर्गीकरण मार्गचित्रले पूर्वसूचना प्रणालीलाई चार मुख्य क्षेत्र र एउटा साझा क्षेत्रमा विभाजन गरेको छ। चार वटै मुख्य क्षेत्र र एउटा साझा क्षेत्रको समग्र समन्वय, अन्तर्राष्ट्रिय नेतृत्व, राष्ट्रिय स्तम्भ नेतृत्व र राष्ट्रिय सहनेतृत्व गरी कार्यान्वयन गर्ने निकायको जिम्मेवारी बाँडफाँट गरिएको छ। पहिलो क्षेत्रमा विपत् जोखिमको ज्ञानलाई जोड दिइएको छ। दोस्रोमा प्रकोपको पहिचान र अवस्था अवलोकन, निगरानी, विश्लेषण र पूर्वानुमानलाई समेटिएको छ। तेस्रोमा सूचना सम्प्रेषण तथा सञ्चार राखिएको छ। चौथोमा पूर्वतयारी र प्रतिकार्य क्षमता समेटिएको छ। साझा क्षेत्रमा सुशासन, समन्वय, पैरवी, अनुगमन तथा मूल्याङ्कन र वित्तपोषण पनि समावेश गरिएको छ। मार्गचित्र कार्यान्वयनमा करिब ५७ अर्ब ९९ करोड ४९ लाख रुपियाँ खर्च हुने छ। यसमा केन्द्रदेखि स्थानीय तहसम्म गतिशील र नियमित रूपमा अद्यावधिक हुने बहुप्रकोप जोखिम प्रोफाइल तयार गर्ने प्रस्ताव छ। यो मार्गचित्रलाई सही ढङ्गले कार्यान्वयन गर्न सकियो भने सम्भावित विपत्को क्षति न्यून बिन्दुमा झार्न सकिने छ। अब पूर्वसूचनाको भरपर्दो व्यवस्था गर्दै हाम्रा पूर्वाधार विकासनिर्माणसम्बन्धी अभ्यासलाई समयसापेक्ष र प्रकृतिमैत्री बनाउनुपर्ने अवस्था छ। हिमाली क्षेत्रबाट उद्गम भई बग्ने नदी तथा खोलाको तटीय क्षेत्रमा भइरहेको बस्ती विस्तार र पूर्वाधार निर्माण कति सुरक्षित छन् भनी 'रिइन्जिनियरिङ' गर्नु पर्छ। जोखिममा रहेका बस्ती तथा पूर्वाधारलाई कसरी सुरक्षित पार्ने वा सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने भन्ने सम्बन्धमा पनि ठोस कदम चाल्न जरुरी छ।

## ११३ वर्ष अघिको गोर्खापत्र

१९७० साल आषढ २४ गते सोमबार


नेपियरको मूर्ति,
उहिले सरचार्लस नेपियरले सिन्धु देश जितेथे. हालमा नीजसरचार्लस नेपोयर अङ्ग्रेजको स्मारक निमित्त सिन्धु क राचिका पोर्ट ट्रष्टमा स्थापना गर्न आँटेकोछ. त्यो स्मारक लालपत्थरको तीखो टुप्पोभयाको चार्पाटे लामो स्तम्भ बनाउनेकुरा निश्चयगरेकाछन्.

### नेपियरको मूर्ति

उहिले सरचार्लस नेपियरले सिन्धु देश जितेथे. हालमा नीज सरचार्लस नेपोयर अङ्ग्रेजको स्मारक निमित्त सिन्धु कराचिका पोर्ट ट्रष्टमा स्थापना गर्न आँटेकोछ. त्यो स्मारक लालपत्थरको तीखो टुप्पो भयाको चार्पाटे लामो स्तम्भ बनाउनेकुरा निश्चय गरेका छन्.

### चिन्तन

शक्नोतीहैव यः सोढुं
प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स
सुखी नरः ॥

जुन मनुष्य शरीर नाश हुनुपूर्व नै काम
र क्रोधबाट उत्पन्न वेग सहन समर्थ छ
अर्थात् काम, क्रोधमाथि जसले विजय
हासिल गरेको छ, त्यो मनुष्य यस
लोकमा योगी हो र उही सुखी हो।

- **श्रीमद्भगवद्गीता**

### लेखक तथा साहित्यकारहरूमा अनुरोध

गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौँ :

**विचार तथा पाठकपत्रका लागि**
gopafeature@gmail.com

**शनिबार परिशिष्टाङ्कका लागि**
gopashanibar@gmail.com

# जवाफदेहिताका नवीन औजार



गोपीनाथ मैनाली



सार्वजनिक जिम्मेवारी भएका व्यक्ति वा निकायलाई विश्वास गरी सुम्पिएको स्रोत र शक्ति जिम्मेवारीपूर्वक प्रयोग गरे/नगरेको स्पष्ट पार्ने दायित्व रहेको हुन्छ। सेवाग्राहीका रूपमा रहेका नागरिक आफ्नो नाममा के भइरहेको छ, आफ्ना लागि के कस्ता काम गरिँदै छ, त्यो काम गर्न स्रोतसाधन र अधिकार कसरी प्रयोग भइरहेको छ र कार्यसम्पादन नतिजासम्म पदाधिकारीहरूको आचरण कस्तो रह्यो भन्ने जान्ने हैसियतमा छन्। राज्य सञ्चालनका प्रक्रियामा नागरिकहरू अधिकारवाला हुन् भने सार्वजनिक पदाधिकारी कर्तव्य निर्वाह गर्ने दायित्वमा रहन्छन्। जनता र सरकारको सम्बन्ध भनेको जवाफदेहिताको शृङ्खला हो। त्यसैले जवाफदेहिताको सापेक्षमा सरकारको मूल्याङ्कन हुने गर्छ।

नेपालमा सार्वजनिक पादधिकारीहरू नैतिक, व्यावसायिक, नतिजामूलक र कार्यविधिगत जवाफदेहिताका पक्षमा कमजोर रहेको गुनासो सेवाग्राही, निगरानी निकाय र राजनीतिक कार्यकारीबाट बारम्बार उठ्दै आएको छ। जवाफदेहिता मूल्याङ्कनका संस्थापित सरचना र विधिहरू विवेचना गर्दा वित्तीय साधनको अभ्यास, अधिकारको अभ्यास, कार्यसम्पादन उपलब्धि र आचरणगत अनुशासन चारै आयाममा सुधारका सम्भावना धेरै देखिएका छन्। सर्वोच्च लेखा परीक्षण निकाय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मानव अधिकार आयोगलगायत राज्यका विशिष्ट अङ्गका प्रतिवेदन र कार्यसम्पादनका आन्तरिक प्रतिवेदनहरूले कमजोर जवाफदेहिताको पुष्टि गरिरहेका छन्। वार्षिक बजेट विनियोजनमा न्याय र सन्तुलनका आधार मजबुत बनाउनुपर्ने अवस्था छ। सेवाग्राहीको अनुभूतिका आधारमा उनीहरूले पाउनुपर्ने सेवा सुविधा समयमा प्राप्त नभएको र सेवाको गुणस्तर पनि कमजोर रहेको देखिएको छ भने कतिपय सेवा सुविधा प्राप्त गर्न अतिरिक्त प्रयाससमेत गर्नु परेको देखिन्छ। नागरिक समाज, सार्वजनिक बौद्धिक र बाह्य संस्थाहरूको औँल्याइ पनि कार्यसम्पादन स्तर सुधार गर्नुपर्ने पक्षमा केन्द्रित छन्। यी कारणले सार्वजनिक संस्था र पदाधिकारीहरू आलोचना र आक्रोशको तारो पनि बन्दै गएका छन्। लोकतन्त्र भन्नु संस्था तथा पात्रहरू जवाफदेही बन्ने प्रणाली हो। जवाफदेहिताका आधारमा नै लोकतन्त्रका अवसर जनतासम्म पुग्छन्।

सार्वजनिक जवाफदेहिताको स्तर कमजोर देखिनुमा धेरै कारण छन्। संवैधानिक संरचना र शासकीय तहको कार्यभूमिका र जिम्मेवारी तोकिदिएको छ तर त्यसका आधारमा भूमिका निर्वाह र कार्यसम्पादन सम्बन्ध सबल छैन। संसदीय दृष्टिगोचर र मार्गदर्शन समयमा हुन सकेको छैन, भएकामा पनि शक्ति सन्तुलन र जवाफदेहिताभन्दा पनि राजनीतिक आग्रह देखिएको छ। आन्तरिक तथा बाह्य प्रणालीमा कमी छ, अग्रपङ्क्तिका निकायमा अधिकार र जिम्मेवारीको आबद्धता देखिँदैन र त्यसको प्रशासकीय सुपरिवेक्षण पनि औपचारिक छ। सेवा बडापत्र, सूचना पारदर्शिता, खुला सरकार, सार्वजनिक संवाद र विवेचनाका विधिहरूको अभ्यास सबल बनाउन सकिएको छैन। पदाधिकारीहरूको अपारदर्शी हुने मनोवृत्ति अझै बाँकी छ। प्रशासकीय अधिकारीमा कार्यसम्पादन नतिजामूलक बनाउन सोही अनुरूपको कार्यविवरण संस्थागत भएको छैन, सेवा मानदण्ड र क्षेत्रगत सूचकहरू प्रचलनमा कमी छ। निगरानी निकायहरूको अनपेक्षित सक्रियता कार्यसम्पादनको अर्को बाधक हो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा अन्य कानुनमा भएको व्यवस्थामा राजनीतिक कार्यकारी, सचिव, जिम्मेवार पदाधिकारी र अन्य पदाधिकारीको स्पष्ट व्यवस्था भए पनि परिपालनमा निष्क्रियता छ। जवाफदेहिता मापनमा पारम्परिक विधिको उपयोग बढी भएकाले वास्तविक जवाफदेहिता मापन हुन सकेको छैन।

सार्वजनिक जवाफदेहिता बढाउन चालिनुपर्ने कदमहरूमा परम्परागत विधिहरू सबलीकरण र नवीन पद्धति क्रमशः अवलम्बन गर्दै जानु हो। आन्तरिक नियन्त्रण प्रणाली, नियन्त्रण र सन्तुलनका व्यवस्था, वित्तीय लेखा परीक्षण एवं संसदीय दृष्टिगोचर प्रणाली जवाफदेहिता विस्तारका परम्परागत औजार हुन् तर आधुनिक शासनव्यवस्थामा जवाफदेहिताको माग अभूतपूर्व रूपमा बढ्दै छ र आउँदा दिनमा अझै बढ्ने प्रवृत्ति पनि देखिएको छ। त्यसैले सार्वजनिक पात्रको जवाफदेहिता बढाउन परम्परागत मान्यता, संरचनात्मक व्यवस्था र उपायहरू पर्याप्त छैनन्। त्यसैले जवाफदेहिता विस्तारका लागि नवीन उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ।

> जवाफदेहिताका आधारमा नै लोकतन्त्रका अवसर जनतासम्म
>
> आधुनिक शासनव्यवस्थामा जवाफदेहिताको माग बढ्दै
>
> वास्तविक जवाफदेहिता मापन हुन कठिन

प्रशासनिक निकाय र पदाधिकारीले सम्पादन गर्ने कार्यका लागि स्पष्ट र वस्तुगत सूचकहरू स्थापना गरी सो अनुरूप कार्यसम्पादन भयो भएन भन्ने आन्तरिक तथा बाह्य मूल्याङ्कनको अभ्यास हुनु पर्छ। नब्बेको दशकबाट सेवाग्राहीप्रति सेवादायीको प्रत्यक्ष उत्तरदायित्वका लागि कुन सेवा, कति परिमाणमा, कसरी, कुन गुणस्तरको, कति समयमा, कति लागतमा र कुन कार्यविधि पूरा गरेर उपलब्ध गराइन्छ र सो नगराउँदा के कस्ता क्षतिपूर्ति जिम्मेवारी धारण गर्ने पक्षबाट दिइन्छ भन्ने विवरणसहितको सेवा बडापत्र जारी गर्ने प्रचलन नेपालले पनि २०६५ बाट अभ्यासमा ल्याएको थियो तर यो औपचारिक बन्दै गएकाले यसलाई उद्देश्य अनुरूप प्रभावकारी बनाउन सेवाग्राही र सेवाप्रदाताबिचको अन्तर्क्रिया आवश्यक छ। अर्को पक्ष व्यवस्थापनको पूर्वसक्रियता बढाउनु उत्तिकै आवश्यक छ। सार्वजनिक पदाधिकारीहरू अग्रसर भएर आफू र आफूमातहतको निकायलाई क्रियाशील पार्ने दायित्वमा रहनु पर्छ। यसका लागि नेतृत्व कार्य, आन्तरिक नियन्त्रण र निगरानी प्रणाली, व्यवस्थापन सूचना प्रणाली र कार्यसम्पादन व्यवस्थापन प्रणालीको उपयोग चाहिन्छ। कार्यसम्पादन संस्कृति विकास भएपछि मात्र सङ्गठनका क्रियाकलापहरू स्वचालित हुन्छन्।

२१ औँ शताब्दी सूचना संस्कृतिको समय हो; जहाँ सूचना पारदर्शिता सिद्धान्त र गोपनीय अपवाद हुन् तर आफ्ना व्यवहारलाई पारदर्शी बनाउने सूचना संस्कृति आम बनिसकेको छैन। सार्वजनिक निकाय र पदाधिकारीहरू सधैँ सर्वसाधारणका प्रश्नमा रहनु पर्छ। जति बढी सूचना जानकारीको पहुँच र पारदर्शिता बढाउन सकियो, त्यति नै यस्ता निकायको कमजोरी सुधार हुने र सार्वजनिक निकायको विश्वास र कार्यप्रणालीको वैधता बढ्ने हुँदा स्वयम् घोषणा, स्वतः प्रकाशन, वेब पोर्टल जानकारी, प्रवक्ता र सूचना अधिकारीको विधिमार्फत पारदर्शिता बढाउनु पर्छ। प्रवाहित सूचना पूर्ण र सोको पहुँच सहज हुनु पर्छ। सार्वजनिक निकायबाट गरिने खरिद कार्यलाई पारदर्शी, निष्पक्ष, सामयिक र प्रतिस्पर्धात्मक नभएको गुनासो छ। ठुला खर्च हुने खरिद कार्यमा सधैँ विवाद र शङ्का रहेको छ। यसर्थ कार्यालयहरूमा रहने खरिद एकाइको काममा कार्यसम्पादन मापदण्ड उपयोग गरी सार्वजनिक खरिदलाई प्रतिस्पर्धी र आग्रहरहित बनाएर विकासनिर्माणको गुणस्तर बढाउनु पर्छ। राजस्व परिचालनमा सदाचारिताका गम्भीर प्रश्न उठिरहेकाले राजस्व व्यवस्थापन सूचना प्रणाली सबल र राजस्व प्रशासन स्वच्छ बनाउन पारदर्शिता, परीक्षण र 'रिएल टाइम ट्र्याकिङ' चाहिन्छ।

सार्वजनिक काम, सेवा प्रवाह र सोसम्बन्धी निर्णयलाई नागरिकसँग जति नजिक बनायो; त्यति नै साधन, शक्ति र स्रोत उपयोग प्रभावकारी हुन्छ भन्ने मान्यता अनुरूप विकेन्द्रीकरण र कार्यगत निक्षेपणको अभ्यास गरिने प्रचलन छ। संविधानले राज्यका तहहरूलाई अधिकार, स्रोत र जिम्मेवारी विनियोजन त गरेको छ तर कार्यस्थलमा अधिकार निक्षेपण र कार्यस्वायत्तताको स्तर कमजोर छ। यसर्थ स्थानीयस्तरका निकायलाई अधिकारयुक्त बनाई क्षमता विकास गर्नु उत्तिकै आवश्यक छ। सबै स्तरका सार्वजनिक निकायबाट गरिने निर्णयलाई छिटो र छरितो पारी सर्वसाधारणका आवश्यकतालाई तत्काल सम्बोधन गर्न सकिन्छ। पदाधिकारीको क्षेत्रगत आचारसंहिता जारी गरी सार्वजनिक पात्रहरू वैयक्तिक स्वतन्त्रतामा होइन कि सार्वजनिक जिम्मेवारीमा रहन्छन् भन्ने सन्देश दिनु आवश्यक छ। आर्थिक अनियमितता नियन्त्रण गर्न भ्रष्टाचारविरोधी कदमहरूलाई प्रोत्साहन चाहिन्छ। लोकतन्त्र, सार्वजनिक व्यवहार र नैतिकताको शत्रुका रूपमा रहेको भ्रष्टाचार निर्मूलनका लागि अन्तर्राष्ट्रिय अनुबन्ध, राष्ट्रिय कानुन र रणनीतिहरूको कार्यान्वयन एवं यसका लागि नागरिक सहकार्य गर्नाले सार्वजनिक निकायको व्यवहार र कार्यप्रणाली व्यवस्थित हुन्छ। वित्तीय परीक्षणका परम्परागत विधिलाई सुधार गरी आन्तरिक तथा बाह्य लेखा परीक्षणमार्फत व्यवस्थापन प्रभावकारिता बढाउने कार्य आवश्यक छ।

प्रणालीभित्रका अवसरको न्यायपूर्णको स्वचालित व्यवस्था गर्नु पर्छ; जसले प्रशासकीय अधिकारीमा कार्यअभिरुचि बढ्छ, संस्था र कर्मचारीबिच मनोवैज्ञानिक सम्बन्ध पनि सुदृढ बन्छ। राष्ट्रिय दिवस, निजामती सेवा दिवस जस्ता अवसरमा कर्मचारीका उदाहरणीय कामलाई पुरस्कृत गर्ने परिपाटी चाहिन्छ। इमानदार व्यक्ति आफ्ना विषयमा बोल्दैनन् र पछि परेका हुन्छन्। पुरस्कार र पदकहरूका वास्तविक भागीदार भने तिनै व्यक्ति हुन्। पदाधिकारीको स्वयम् घोषणा, स्वमूल्याङ्कन र कार्यालयगत आवधिक स्थितिपत्र जारी गर्ने विधिलाई व्यवस्थापकीय कार्यसंस्कृतिमा समेटिनु पर्छ। कार्यालयमा हुने काममा मोलाहिजा नियन्त्रण गर्न सम्भव क्षेत्रमा सूचना प्रविधिको उपयोग र डिजिटल नियमन पद्धति अपनाउनु पनि उत्तिकै आवश्यक छ। अग्रपङ्क्तिका निकायहरूमा सेवाग्राहीसँग कर्मचारीले गर्ने व्यवहारको व्यावहारिक मापदण्ड चाहिन्छ। आवधिक रूपमा सेवाग्राही र सेवाप्रदाताबिच अन्तर्क्रिया हुनु पर्छ; जसले एकअर्काका अपेक्षा सम्बोधन गर्न र कमजोरी सुधार गर्न सजिलो पार्छ। भुल्नै नहुने कुरा निगरानी निकाय र संसदीय दृष्टिगोचर अति पनि हुनु हुन्न, हुँदै नहुने स्थिति पनि रहनु हुन्न।

# बडादसैँका विविध स्वरूप



सीताकुमारी न्यौपाने धिताल

सनातन परम्परामा विशेष गरी शक्तिको उपासना गरी नवरात्र मनाइन्छ। नौ दिन (विशेषतः नौ रात्रि) नवदुर्गाको आराधना गरिने भएकाले यो अवधिलाई नवरात्र भनिन्छ। १० औँ दिन नवदुर्गाको प्रसाद ग्रहण गरी अनुष्ठान सम्पन्न गरिन्छ। शाक्त परम्परा (शक्तिको उपासना गर्ने) मा वर्षमा चार वटा नवरात्र उल्लेख छ। पहिलो आषाढ शुक्लपक्ष। दोस्रो आश्विन शुक्लपक्ष। तेस्रो माघ शुक्लपक्ष र चौथो चैत्र शुक्ल पक्ष।

वर्षमा चार वटा नवरात्रको विधान गरिए पनि नेपाली समुदायमा दुई नवरात्रको मात्र जानकारी छ, मनाइन्छ। वसन्त ऋतुको चैत महिनामा पर्ने भएकाले यसलाई वासन्ती नवरात्र भनिन्छ। नेपाली समाजमा वासन्ती नवरात्रमा पनि अष्टमी (चैतेदसैँ) र नवमी (रामनवमी) लाई महत्त्व दिइन्छ। दोस्रो शारदीय नवरात्र। शरद ऋतु (आश्विन) मा मनाइने नवरात्र शारदीय हो। यो भारतमा दशहराका रूपमा प्रसिद्ध छ। नेपालमा बडादसैँका रूपमा मनाइन्छ। धार्मिक रूपमा चारै वटा नवरात्रका विधान एउटै हुन् तर अरू विभिन्न कोणबाट हेर्दा शारदीय नवरात्रको विशेष महत्त्व छ।

### धार्मिक पक्ष

शक्तिस्वरूपा दुर्गा भगवतीको विशेष आराधना गर्ने विशेष अवसर हो– बडादसैँ। दुर्गा सप्तशती चण्डीमा पनि शारदीय नवरात्रमा गरिने देवी उपासनाको विशेष महत्त्व बताइएको छ। आश्विन शुक्ल प्रतिपदाको बिहान घटस्थापना गरिन्छ। त्यही घडामा देवीको आह्वान गरिन्छ। नवरात्रभर उनकै पूजा आराधना गरिन्छ। विशेष गरी दुर्गाका नौ रूप– शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको आराधना गरिन्छ।

घडामा शक्तिकी देवी महाकाली, धनकी देवी महालक्ष्मी, विद्या र बुद्धिकी देवी महासरस्वतीको पनि अर्चना गरिन्छ। यस क्रममा वेदमा भएका देवीस्तुति, देवीभागवत महापुराण र दुर्गा सप्तशती पाठ गरिन्छ। नौ दिनसम्म यो क्रम चल्छ। दशमीका दिन विसर्जन गरी प्रसाद लगाइन्छ। विभिन्न सिद्ध शक्तिपीठमा पशुबलिसहितको पूजा आराधना चल्छ। यो अवधिमा शक्तिपीठमा पुगेर देवीको दर्शन गर्ने चलन छ। काठमाडौँमा गुह्येश्वरी, भद्रकाली, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती र नवदुर्गाका साथै बाहिर पलाञ्चोक भगवती, पाल्चोक भगवती, बागेश्वरी, गढीमाईलगायत शक्तिपीठ गन्तव्य बन्छन्। स्थानीयस्तरका देवी मन्दिरमा पनि श्रद्धालु पूजाआराधना गर्न पुग्छन्। काठमाडौँ उपत्यकाका विभिन्न सहरमा रहेका तलेजु भवानीको विशेष पूजा हुन्छ। यसै बेला जीवित देवी कुमारीको पनि पूजा हुन्छ।

### सांस्कृतिक पक्ष

विशेष गरी देवीलाई नौ दिनसम्म चढाएका यवांकुर (जौका जमरा) वा घडामा जौ टाँसेर बनेका जमरा दशमीमा प्रसादका रूपमा लगाउने विधि छ। अहिले घटस्थापनाका दिन देवीको पूजास्थलमै माटो वा बालुवामा जौ छरिन्छ। कतै कतै द्वितीयाको चन्द्रमा हेरेर पनि जौ छर्ने (जमरा राख्ने) चलन छ। यसमा दिनहुँ मात्रा मिलाएर जल सिञ्चन गरिन्छ। टुसाउन थालेपछि कपडा वा डालोले छोपेर पहेँलो बनाइन्छ। यही पहेँलो जमरा टीकासँगै मान्यजनको हातबाट लगाइन्छ। देवीको पूजा गरी बनेको प्रसादस्वरूपको टीका सामान्यतया रातो (रक्तचन्दन वा अबिरमा मुछेका) हुने भए पनि कतिपय समुदाय–संस्कृतिमा सेता अक्षता (दहीमा मुछेको) लगाउने चलन पनि छ।

सप्तमीका दिन शुभसाइतमा नौ प्रकारका वनस्पति (केरा, दारिम, धान, बेसार, मानक, कर्चुर, जयन्ती, बेल र अशोक) दसैँघरमा भित्र्याइन्छ। देवीलाई तिनको पत्रबाट स्नान गराइन्छ। ती पत्रमा देवीहरूको पूजा गरिन्छ। गोरखा दरबारबाट ल्याइएको फूलपाती काठमाडौँको दसैँघरमा भित्र्याउने संस्कृति छ। नवरात्रभर प्रत्येक दिन एक–एक वा महानवमीका दिन नौ कन्या पूजा गर्ने, उनीहरूलाई वस्त्र–अलङ्कार प्रदान गर्ने चलन पनि छ।

### पारिवारिक पक्ष

पढाइ वा रोजगारीको सिलसिलामा देशविदेशमा छरिएर रहेका परिवारका सदस्य सकेसम्म बडादसैँमा मूलघरमा पुग्छन्। बढीमा फूलपाती वा महाष्टमीका दिनसम्म भए पनि घर पुगेकै हुन्छन्। घरमा हुने धार्मिक अनुष्ठानमा सहभागी हुन्छन्। परिवारका सदस्यबिच वर्ष दिनभरका सुखदुःखका भलाकुसारी चल्छ। खसीबोका काट्ने मासु तयार पार्ने र तिनका परिकार बनाउन खट्छन्। विजयादशमीमा परिवारका सबै दाजुभाइ जम्मा भएर हजुरबुवा–हजुरआमा, बुबा–आमासँग प्रसाद ग्रहण गर्छन्। आशिष् थाप्छन्। टीकाको क्रम सकिएपछि सबै सदस्य एकै ठाउँमा बसेर भोजन गर्छन्। कतिपय स्थानमा दशमीका दिन मात्र टीका प्रसाद लगाइने भए पनि कति ठाउँमा पूर्णिमासम्म लगाउने चलन छ। घरमा टीका लगाएर मावली, बुढो मावली, ससुरालीलगायतकहाँ जाने चलन छ।

### सामाजिक पक्ष

वर्ष दिनमा वा बर्सौंपछि साथीसङ्गीसँग भेट हुने अवसर पनि हो– बडादसैँ। गाउँ गाउँ डुलेर छिमेकीका हालखबर बुझ्ने, चौँतरी भेटेर सुखदुःखका भलाकुसारी गर्ने, सार्वजनिक ठाउँमा पिङ हाल्न लागिपर्ने, छिमेकीका सानातिना काम सघाइदिने बडादसैँको विशेषता नै हो। परिवारका धेरै सदस्य नभएको घरमा खसी काट्न, मासु तयार पार्न सघाइदिने, त्यसबेला गाउँघरका हाल बुझ्ने जस्ता कार्यले सामाजिक पक्ष पनि बलियो बनाएको देखिन्छ। आर्थिक अवस्था कमजोर भएकालाई सहयोग गर्ने वा कुनै एक दिन छिमेकका सबै मिलेर खानपान गर्दै भलाकुसारी गर्ने गरेको पनि पाइन्छ। कतिले यही मौकामा गाउँका सानाठुला समस्या समाधानका लागि पहल गरेको पनि पाइन्छ।

### आर्थिक पक्ष

पहिले पहिले गाउँघरमा नयाँ लुगाका लागि दसैँ नै पर्खिनु पर्थ्यो। यातायातको व्यवस्था थिएन र गाउँबाट धेरै घण्टा हिँडेर सहर आएर आफूलाई चाहिने कपडा, मसला आदि लैजाने चलन थियो। अहिले त्यो अवस्था छैन। घरआँगनमै पसल छन्। केही दुरीमै ठुला बजार छन्। साथमा पैसा भए मन लागेका बेला जतिखेर नै किन्न सकिन्छ। लुगाफाटा सर्वसुलभ बनेका छन् तर पनि दसैँमा एक जोर भए पनि नयाँ लुगा हाल्नु पर्छ भन्ने मान्यता अझै पनि अधिकांशमा छ। ठुलालाई नभए पनि केटाकेटीलाई अनिवार्य रूपमा लुगादेखि जुत्तासम्मका वस्तु नयाँ किन्ने चलन छ।

बडादसैँ लाग्नुअघि नै चामलदेखि मरमसलासम्मका वस्तु अलि निकै जोहो गर्ने चलन छ। धेरैले दसैँलाई मासुको चाड भनेर पनि चिन्छन्। पहिले पहिले त गाउँघरमा मासु खानका लागि दसैँ नै पर्खिनुपर्ने अवस्था थियो। दसैँमा सकेसम्म घरमा खसी, बोका काट्ने नभए बजारबाट पर्याप्त मात्रामा मासु ल्याएर खाने र टीका लगाउन आउनेलाई समेत खुवाउने चलन छ। मासुसँगै चिउराको विशेष महत्त्व छ। मांसाहारीले मासु खाने र मासु नखानेले दही, दुध, घिउ, पनिरका विभिन्न परिकारका साथै फलफूल, मिठाई खान्छन्। शाकाहारीले दहीचिउरा केरा मुछेर खान्छन्। यो नेपालीको मौलिक खानेकुरा हो।

टाढा टाढा बसेका परिवारका सदस्य घर फर्किने, आफन्तहरू टीका लगाउन ओहोरदोहोर गर्ने हुँदा यातायात क्षेत्रमा चलायमान हुने रकमको मात्रा ठुलो छ। परिवारका सदस्य वा आफन्तलाई कोसेली र टीका लगाउन आउनेहरूलाई दिइने दक्षिणामा पनि ठुलो रकम खर्च हुन्छ। केही वर्षअघि त राष्ट्र बैङ्कले समेत नयाँ नोट साट्ने गर्थ्यो, टीका लगाएर दक्षिणा दिनेका लागि भनेर। अहिले पनि सफा र सुकिला नोट भनेर साटिदिने गरेकै छ। दसैँमा धेरै खर्च हुने भएकाले सरकारी वा निजी क्षेत्रका कार्यालयमा कर्मचारीलाई दसैँखर्चबापत बोनस वा अन्य नाममा खर्च दिने चलन छ। जागिरेबाहेक कृषक तथा पशुपालकले घरमा पालेका खसीबोका बेचेर दसैँका लागि पैसाको जोहो गर्छन्। अरूले आफ्ना उत्पादन बेचेर पैसा जम्मा गर्छन्। यसरी बडादसैँका बेला ठुलो मात्रामा आर्थिक कारोबार हुन्छ।

## वस्तुगत प्रश्नोत्तर

१. **सन् २०२६ को नोवेल शान्ति पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ नाभनेथेम 'नाभी' पिल्ले (दक्षिण अफ्रिका)

**सन् २०२६ को नोवेल पुरस्कार विजेता**

| विधा | विजेता | योगदान |
|---|---|---|
| **चिकित्साशास्त्र** | कार्ल डाइसरोथ (अमेरका), पिटर हेगेम्यान (जर्मनी), जोर्ज नागेल (जर्मनी) | प्रकाशद्वारा सञ्चालित हुने आयन च्यानलहरू र अप्टोजेनेटिक्ससम्बन्धी महत्त्वपूर्ण खोज। |
| **भौतिकशास्त्र** | फ्रान्सिस हाल्जेन | (४) ओमान (९४ प्रतिशत) |
| **(बेल्जियम/अमेरिका)** | आइसक्युब न्युट्रिनो अब्जर्भेटरीमा पुऱ्याएको निर्णायक योगदान र उच्च ऊर्जा न्युट्रिनोको खोजका लागि। | (६) हङकङ (९१ प्रतिशत) |
| **रसायनशास्त्र** | हेनरी बी. कागन (फ्रान्स) र केन्सो सोइ (जापान) | जैविक पदार्थ निर्माणमा हुने विशेष प्रकारको रासायनिक प्रक्रिया र स्वतः उत्प्रेरणासम्बन्धी खोज। |
| **साहित्य** | एन कार्सन (क्यानडा) | शास्त्रीय परम्परासँगको जीवन्त संवादमार्फत समकालीन साहित्यमा नयाँ आयाम र स्वरूप सिर्जना गरेकाले। |
| **शान्ति** | नाभनेथेम 'नाभी' पिल्ले (दक्षिण अफ्रिका) | युद्ध अपराध, मानवताविरुद्धका अपराध र नरसंहारमा संलग्नलाई कानुनी दायरामा ल्याउन तथा अन्तर्राष्ट्रिय कानुन सुदृढ बनाउन पुऱ्याएको योगदानका लागि। |
| **अर्थशास्त्र** | रोबर्ट ई. हल (अमेरिका), माइकल वुडफर्ड (अमेरिका) | समष्टिगत आर्थिक स्थायित्वको सुदृढीकरणका लागि पुऱ्याएको योगदानका लागि। |

२. **अन्तरव्यवस्थापिका सङ्घ (आइपियु) को १५३ औँ महासभा कहिले र कहाँ सम्पन्न भएको हो ?**
✍ सन् २०२६ अक्टोबर ५–९, आरुसा, तान्जानिया
- यस महासभमा नेपालका तर्फबाट सभामुख डिपी अर्याल सहभागी हुनुभएको।
- तान्जानियाको आरुसामा सम्पन्न अन्तरव्यवस्थापिका सङ्घ (आइपियु) को यस महासभामा नेपालले भोटेकोशी बाढीको विषयलाई आकस्मिक प्रस्तावका रूपमा प्रस्तुत गरेको।
- उक्त प्रस्ताव छलफलका लागि प्रस्तुत गर्ने सन्दर्भमा आवश्यक दुई तिहाइभन्दा बढी मत प्राप्त भएको थियो।
- नेपालको प्रस्तावमाथि दक्षिण अफ्रिका, भारत, नेदरल्यान्ड्स, संयुक्त अधिराज्य, संयुक्त अरब इमिरेट्स, टिमोर–लेस्टे, म्यान्मार, तान्जानिया, नाइजेरिया र इरानलगायतका संसद्का प्रतिनिधिले आआफ्नो धारणा राखेका थिए।
- यस प्रस्तावले संसदीय जलवायु कूटनीतिको उत्कृष्ट अभ्यासको थालनी गर्ने तथा सदस्य राष्ट्रबिच जलवायु र मौसमसम्बन्धी सीमापार पूर्वसूचक प्रणाली र प्रविधिमा पहुँच पुऱ्याउन कानुनी ढाँचा तयार हुने विश्वास गरिएको।

३. **विश्व हुलाक दिवस कहिले मनाउने गरिन्छ ?**
✍ अक्टोबर ९
- **सन् २०२६ (१५२ औँ) को नारा** : 'वान पोस्टल नेटवर्क, इनफिनिट पोसिबिलिटिज' अर्थात् 'एक हुलाक सञ्जाल, अनगन्ती सम्भावना।'
- संसारभरका सरकारी हुलाक सेवाको अन्तर्राष्ट्रिय छाता संस्था विश्व हुलाक सङ्घ (युपियु) सन् १८७४ अक्टोबर ९ मा स्थापित भई १५१ वर्ष पार गरेर १५२ औँ वर्षमा प्रवेश गरेको छ।
- नेपालमा विसं १९३५ मा नेपाल हुलाक घर स्थापना गरी औपचारिक रूपमा हुलाक सेवा सुरु भएको हो। नेपालले सन् १९५६ अक्टोबर ११ (विसं २०१३ असोज २६) मा विश्व हुलाक सङ्घको सदस्यता प्राप्त गरेको छ।

४. **प्रसिद्ध भारतीय अभिनेता नाना (विश्वनाथ) पाटेकरको निधन कहिले भयो ?**
✍ सन् २०२६ अक्टोबर ८ (७५ वर्षको उमेरमा)
- **जन्म** : सन् १९५१ जनवरी १, महाराष्ट्र
- **पहिलो चलचित्र** : गमन (सन् १९७९)
- परिन्दा, सलाम बम्बे, क्रान्तिवीर, अग्नि साक्षी, तिरङ्गा, खामोसी, नटसम्राट, वेलकमलगायत थुप्रै चलचित्रमा पाटेकरले अभिनय गरेका छन्।
- **सम्मान** : पद्मश्री (सन् २०१३, भारत सरकारद्वारा) तथा कलाकारितासम्बन्धी थुप्रै पुरस्कार तथा अवार्ड उनले प्राप्त गरेका छन्।
- सादा जीवनशैली र स्पष्टवादी स्वभाव एवं समाजसेवी कलाकारका रूपमा उनले आफ्नो पहिचान बनाएका छन्।

५. **वुढीगण्डकी नदीमा भीषण वाढी कहिले आएको हो ?**
✍ विसं २०८३ असोज २५
- गोरखाको चुमनुब्री गाउँपालिकामा ठुलो पहिरो खसेर नदी थुनिएपछि बाँध फुट्दा आकस्मिक बाढी आएको हो। यस बाढीबाट गोरखाका दुई गाउँपालिका चुमनुब्री र धार्चे सबैभन्दा बढी प्रभावित भएका छन्।
- बाढीका कारण चार दर्जन घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। सो बाढीले तीन वटा पक्की एवं तीन वटा झोलुङ्गे पुल क्षतिग्रस्त बनाएको छ।

६. **'खुसी मिल्न तपाईंको सोचाइ, बोलाइ र गराइमा समानता हुनु पर्छ।' भन्ने विचारक को हुन् ?**
✍ महात्मा गान्धी

७. **कोशी प्रदेश सरकारले कति वटा राष्ट्रभाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्रदान गरेको छ ?**
✍ १३
- कोशी प्रदेशले नेपाली भाषाका अतिरिक्त १३ वटा राष्ट्रभाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिएको छ।
- **१३ भाषा** : मैथिली, लिम्बू, थारू, तामाङ, मगर, बान्तावा, उर्दू, राजवंशी, राई, नेवार, चाम्लिङ, शेर्पा र सान्थाली।

८. **एसिया प्रशान्त आर्थिक सहयोग (एपेक) को स्थापना कहिले भएको हो ?**
✍ सन् १९८९
- यसको प्रधान कार्यालय सिङ्गापुरमा रहेको छ।
- यस संस्थाको पहिलो सम्मेलन सन् १९८९ मा अस्ट्रेलियामा सम्पन्न भएको हो।

९. **नेपालमा कागजपत्रमा मिति उल्लेख गर्दा तिथि र वार लेख्ने चलन कहिलेसम्म कायम थियो ?**
✍ विसं. १९६१ माघ

१०. **सञ्चार प्रविधिको क्षेत्रमा ठुलो उपलब्धि हासिल गर्दै हालै कुन देशले विश्वकै पहिलो 'प्रिसिक्सजी' परीक्षण नेटवर्क सञ्चालनमा ल्याएको छ ?**
✍ चीन (सन् २०२६ अप्रिल)
**मुख्य उपलब्धि** : विश्वकै पहिलो 'प्रिसिक्सजी' परीक्षण नेटवर्कको शुभारम्भ।
**प्रमुख क्षमता** : हाल प्रचलनमा रहेको फाइभजी भन्दा १० गुणा बढी।
**प्राविधिक विशेषता:**
- उच्च ब्यान्डविथ र न्यूनतम ढिलाइ (लो लेटेन्सी)।
- आर्टिफिसियल इन्टेलिजेन्सको सहज एकीकरण।
- लामो दुरीको कभरेज र प्रणालीगत प्रमाणीकरण।

**परीक्षणका प्रमुख क्षेत्र :**
१. होलोग्राफिक कम्युनिकेसन (त्रिविमीय सञ्चार)।
२. रोबोटिक्स र एम्बडेड इन्टेलिजेन्स।
३. औद्योगिक उत्पादन।
४. लो–अल्टिच्युड इन्सपेक्सन।

११. **जिटुजी अवधारणा केसँग सम्बन्धित छ ?**
✍ वैदेशिक रोजगार

१२. **अर्थमन्त्री डा. स्वर्णिम वाग्लेद्वारा आर्थिक स्थितिपत्र २०८३ कहिले सार्वजनिक गरिएको हो ?**
✍ विसं. २०८३ वैशाख १४

१३. **कर्मचारीलाई योग्यता, क्षमता, कार्यसम्पादन, अनुभव र दक्षताको आधारमा एक ठाउँबाट अर्को ठाउँमा सरुवा गर्ने वा जिम्मेवारी दिने प्रक्रियालाई के भनिन्छ ?**
✍ मेरिटमा आधारित सरुवा तथा पदस्थापन (मेरिट–बेस्ड ट्रान्सफर एन्ड प्लेसमेन्ट)
- नेपालमा नयाँ सरकारद्वारा (विसं. २०८२ चैत महिनादेखि) यसको सुरुवात गरिएको हो।
- **मुख्य आधार** : राजनीतिक दबाब, पहुँच, व्यक्तिगत सम्बन्ध वा पक्षपातका आधारमा नभई विशुद्ध कार्यसम्पादन र योग्यताका आधारमा कर्मचारीको नियुक्ति वा सरुवा गरिने।

१४. **नेपालको वर्तमान आर्थिक स्थितिपत्र २०८३ अनुसार कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कृषिक्षेत्रको योगदान कति प्रतिशत रहेको छ ?**
✍ २५.२ प्रतिशत
**जिडिपीमा क्षेत्रगत योगदान :**
- **कृषि** : २५.२ प्रतिशत।
- **सेवा क्षेत्र** : ५७.५ प्रतिशतबाट बढेर ६२ प्रतिशत पुगेको।
- **उद्योग** : १४.१ प्रतिशतबाट घटेर १२.८ प्रतिशतमा झरेको।
- **विद्युत् पहुँच** : एक दशकमा विद्युत् उत्पादन ८२९ मेगावाटबाट तीन हजार ३८० मेगावाट पुगेको।
- **रेमिट्यान्स** : कुल विप्रेषणको योगदान २७.४ प्रतिशत रहेको।

**सरकारका आगामी आर्थिक लक्ष्य**
- **प्रतिव्यक्ति आय** : आगामी पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुऱ्याइने।
- **अर्थतन्त्रको आकार** : अर्थतन्त्रलाई एक सय अर्ब अमेरिकी डलरनजिक पुऱ्याइने।
- **विद्युत् उत्पादन** : आगामी पाँच वर्षभित्र कुल जडित क्षमता पन्ध्र हजार मेगावाट पुऱ्याउने।
- **आर्थिक वृद्धि** : आगामी आर्थिक वर्षदेखि औसत सात प्रतिशतको आर्थिक वृद्धि प्राप्त गर्ने।

**आरोग्य पर्यटन रणनीति**
- **प्रमाणीकरणका तीन स्तर :**
१. **कांस्य** : नेपाल आरोग्य प्रमाणित
२. **रजत** : नेपाल आरोग्य उत्कृष्टता
३. **स्वर्ण** : नेपाल आरोग्य धाम

**सन् २०३० सम्मका प्रमुख लक्ष्य :**
- आरोग्य उन्मुख पर्यटकको सङ्ख्या ११ प्रतिशतले वृद्धि गरिने। पर्यटकको सन्तुष्टि स्तर ८.५ (१० मा) भन्दा माथि पुऱ्याइने।
- दुई हजार नयाँ जनशक्तिलाई तालिम दिइने र रोजगारीमा ३० प्रतिशत महिला, युवा र स्थानीयलाई प्राथमिकता दिइने।
- **नमुना परियोजना** : सन् २०२७ सम्ममा पोखरा वा काठमाडौँ उपत्यकामा अन्तर्राष्ट्रियस्तरको रिट्रिट, लुम्बिनीमा 'आरोग्य ग्राम' र बुटिक हिल स्टेसन स्थापना गरिने।
- सरकारले आरोग्य पर्यटन प्रवर्धन गर्ने रणनीति अन्तर्गत नेपाल भ्रमणमा आउने पर्यटकलाई उनीहरूको रुचि र उद्देश्यका आधारमा सात वटा मुख्य समूह (स्रोत बजार) मा वर्गीकरण गरी पहिचान गरेको छ।

१५. **१० औँ 'न्युबिज कन्क्लेभ एन्ड बिजनेस एक्सिलेन्स अवार्ड्स–२०२६' मा 'बेस्ट म्यानेज्ड कमर्सियल वैङ्क अफ दी इयर २०२६' बाट सम्मानित हुने वैङ्क कुन हो ?**
✍ एभरेस्ट बैङ्क
**पुरस्कृत विधा र व्यक्तित्व/कम्पनी :**
- **लाइफटाइम एचिभमेन्ट इन बिजनेस लिडरसिप २०२६** : हरिप्रसाद पाण्डे
- **बेस्ट म्यानेज्ड आइटी कम्पनी अफ दी इयर** : कोडअभातार टेक प्रालि
- **कफी इन्डस्ट्री लिडरसिप एन्ड ब्रान्ड एक्सपान्सन अवार्ड** : हिमालयन जाभा
- **हस्पिटालिटी ग्रोथ एन्ड इन्टरप्राइज एक्सिलेन्स अवार्ड** : सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटी
- **बेस्ट म्यानेज्ड कमर्सियल वैङ्क अफ दी इयर २०२६** : एभरेस्ट बैङ्क
- **बेस्ट वैङ्क इन डिजिटल फाइनान्सियल सर्भिसेज २०२६** : ग्लोबल आइएमई बैङ्क
- **बेस्ट म्यानेज्ड डेभलपमेन्ट वैङ्क अफ दी इयर २०२६** : गरिमा विकास बैङ्क
- **बेस्ट म्यानेज्ड फाइनान्स कम्पनी अफ दी इयर २०२६** : मञ्जुश्री फाइनान्स कं. लि.
- **बेस्ट म्यानेज्ड जनरल इन्स्योरेन्स कम्पनी अफ दी इयर २०२६** : नेपाल इन्स्योरेन्स कं.लि.
- **बेस्ट म्यानेज्ड लाइफ इन्स्योरेन्स कम्पनी अफ दी इयर २०२६** : रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# कार्यालय कार्यविधिमा गर्नुपर्ने सुधार




१. **कार्यालय कार्यविधि भनेको के हो ? कार्यालयको सेवा प्रवाहलाई सरल र छरितो बनाउन कार्यालय कार्यविधि कस्तो हुनु पर्ला ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्।**
✍ कार्यालयको उद्देश्य प्राप्तिका लागि सम्पादन गर्नुपर्ने कामकारबाहीलाई सरल र व्यवस्थित बनाउन अवलम्बन गरिएको विधि, पद्धति र प्रक्रियाको समष्टिलाई कार्यालय कार्यविधि भनिन्छ। यो कार्यालयभित्र कामको प्रवाहलाई सरल, स्पष्ट र छरितो बनाई कार्यसम्पादनलाई प्रभावकारी बनाउने आन्तरिक विधि हो। कार्यालय कार्यविधि अन्तर्गत दर्ता, चलानी, फाइलिङ, तोक आदेश, टिप्पणी र निर्णय, प्रतिवेदन, अनुगमन, सुपरिवेक्षण, आन्तरिक नियन्त्रणलगायत विभिन्न कार्य पर्दछन्। कार्यालयले सम्पादन गर्ने विभिन्न काम कुन शाखा वा कुन तहको कर्मचारीले कहिले र कसरी गर्ने भन्नेलगायतका विषय कार्यालय कार्यविधिले समेटेको हुन्छ। कार्यालयको उद्देश्य, कार्यक्षेत्र, विषयगत कानुन, विभागीय निर्देशन, सेवा प्रवाह मापदण्डलगायतका विषयले कार्यालय कार्यविधि अन्तर्गतका प्रक्रिया फरक पर्न सक्ने देखिए पनि दर्ता, चलानी, फाइलिङ, टिप्पणी, आदेश, निर्णय, प्रतिवेदन, अनुगमन, आन्तरिक नियन्त्रण जस्ता विषय कार्यालय कार्यविधिका आधारभूत तत्त्वका रूपमा रहेका हुन्छन्।

**कार्यालयको सेवा प्रवाहलाई सरल र छरितो बनाउन कार्यालय कार्यविधिमा गर्नुपर्ने सुधार :**
- **कार्यालयको सेवा प्रवाहलाई सरल, छरितो र सेवाग्राहीमैत्री बनाउँदै सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न कार्यालय कार्यविधिमा देहायबमोजिम सुधार गर्न सकिन्छ :**
- शाखागत र पदीय कार्यजिम्मेवारी स्पष्ट किटान गर्ने,
- प्रत्येक कार्यका लागि स्पष्ट समयसीमा निर्धारण गर्ने,
- काममा देखिने दोहोरोपना र अस्पष्टता न्यूनीकरण गर्ने,
- समय र स्रोतसाधनको मितव्ययी प्रयोग हुने व्यवस्था गर्ने,
- अधिकार प्रत्यायोजन उचित अभ्यास गर्ने,
- नियमित सुपरिवेक्षण र निरीक्षणको प्रबन्ध गर्ने,
- आधुनिक डिजिटल प्रविधिको अधिकतम प्रयोग गर्ने,
- नागरिक बडापत्रमार्फत सेवाग्राहीलाई सेवाका बारेमा पर्याप्त जानकारी हुने व्यवस्था गर्ने,
- शाखाबिच प्रभावकारी समन्वय गर्ने,
- शाखागत सूचना तथा जानकारी सरोकारवालामाफ द्रुत सम्प्रेषण हुने प्रबन्ध गर्ने,
- कार्यालयका अभिलेखको चुस्त व्यवस्थापन गर्ने,
- प्रचलित कानुनको परिपालनामा जोड दिने,
- वित्तीय जोखिम तथा प्रशासनिक विकृति न्यूनीकरणका लागि उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गर्ने,
- आन्तरिक कार्यप्रवाहको निरन्तर विश्लेषण र पृष्ठपोषणका आधारमा सुधार गर्ने परिपाटी स्थापित गर्ने।
- अन्त्यमा कार्यालय कार्यविधि कार्यालयको कार्यसम्पादनको मेरुदण्ड हो। कार्यालय कार्यविधिमा स्पष्ट जिम्मेवारी, समयबद्धता, प्रविधिको उपयोग, प्रभावकारी समन्वय, आन्तरिक नियन्त्रण, समीक्षा र निरन्तर सुधारको व्यवस्था गरेर कार्यालयको सेवा प्रवाह र समग्र कामकारबाहीलाई चुस्त र छरितो बनाउन सकिन्छ।

२. **म्याक्स वेबरले अगाडि सारेको कर्मचारीतन्त्रीय सिद्धान्त अनुसार कर्मचारीतन्त्रका विशेषता उल्लेख गर्नुहोस् साथै कर्मचारीतन्त्रमा निर्वैयक्तिकताको अवधारणा स्पष्ट पार्दै यसका फाइदा र बेफाइदासमेत चर्चा गर्नुहोस्।**
✍ जर्मन समाजशास्त्री म्याक्स वेबरले कर्मचारीतन्त्रको सिद्धान्त अगाडि सारी व्यवस्थापनका शास्त्रीय सिद्धान्तको विकासमा महत्त्वपूर्ण योगदान गरेका छन्। वेबरले मूलतः ठुला आकारका सङ्गठनलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न कर्मचारीतन्त्रीय सङ्गठनको अवधारणा प्रस्तुत गरेका छन्। म्याक्स वेबरका अनुसार आदर्श प्रकारको कर्मचारीतन्त्रमा देहायका छ वटा विशेषता रहेका हुन्छन् :
क) श्रमको स्पष्ट विभाजन,
ख) पदसोपान शृङ्खला,
ग) औपचारिक नियम र विधि,
घ) निर्वैयक्तिकता,
ङ) योग्यतामा आधारित छनोट र वृत्तिविकास,
च) लिखित दस्ताबेज र अभिलेखीकरण।

**कर्मचारीतन्त्रमा निर्वैयक्तिकताको अवधारणा र यसका फाइदा तथा बेफाइदा :**
- म्याक्स वेबरले अगाडि सारेको कर्मचारीतन्त्रीय सङ्गठनको अवधारणाले जोड दिएको छ। निर्वैयक्तिकताको अवधारणाले सङ्गठनमा काम गर्ने कामदार वा कर्मचारी आफ्नो व्यक्तिगत सम्बन्ध, भावना र पूर्वाग्रहभन्दा माथि उठेर सङ्गठनको स्थापित विधि र प्रक्रियाको परिधिभित्र रही तटस्थ रूपमा कार्यसम्पादन गर्नुपर्ने कुरालाई इङ्गित गर्छ। यसले सङ्गठनमा व्यक्ति नभई पद प्रधान हुने कुरामा जोड दिन्छ। कानुनद्वारा प्रदत्त अधिकार र कर्तव्य व्यक्तिले नभई पदले प्राप्त गर्ने र पदीय हैसियतमा रही व्यक्तिले आफ्नो जिम्मेवारी तटस्थ र वस्तुनिष्ठ भई निर्वाह गर्नुपर्ने कुराको वकालत गर्दछ। सङ्गठनभित्रका सम्बन्ध केवल औपचारिकता र पदीय भूमिकामा सीमित हुने कुराको पक्षपोषण गर्दै व्यक्तिगत सम्बन्ध, पूर्वाग्रह र निजी भावनाका आधारमा सङ्गठनको कार्यसम्पादन प्रभावित हुन नहुने कुरामा जोड दिन्छ। साथै यसले सङ्गठनमा समान खालका विधि र प्रक्रियाका आधारमा औपचारिक सम्बन्ध स्थापित हुने हुँदा सेवाग्राही तथा मातहतका कर्मचारीसँग समान व्यवहार प्रदर्शन हुने विश्वास लिएको देखिन्छ। कर्मचारीतन्त्रमा निर्वैयक्तिकताको फाइदा तथा बेफाइदा यसप्रकार रहेका छन् :

**क) फाइदा :**
- निर्णय प्रक्रिया र सेवा प्रवाहमा निष्पक्षता कायम हुने,
- सेवाग्राहीप्रति समान व्यवहार प्रदर्शन हुने,
- नातावाद, भनसुन तथा राजनीतिक हस्तक्षेपबाट मुक्त हुने,
- भ्रष्टाचार र अनियमितता न्यूनीकरण हुने,
- सेवा प्रवाहमा पूर्वानुमेयता कायम हुने।

**ख) बेफाइदा :**
- कर्मचारी नतिजामुखीभन्दा प्रक्रियामुखी बन्ने,
- सङ्कट र विशेष परिस्थितिलाई नियम कानुनले समेट्न नसक्दा निर्णयमा ढिलाइ हुने,
- सेवाग्राहीका संवेदनाप्रति कर्मचारी भावनाशून्य बन्न सक्ने,
- कर्मचारीको सिर्जनशीलता र नवप्रवर्तन कमजोर हुने,
- सङ्गठन यान्त्रिक हुने जोखिम रहने।
- अन्त्यमा म्याक्स वेबरले विकास गरेको कर्मचारीतन्त्रीय सिद्धान्तलाई व्यवस्थापनका शास्त्रीय सिद्धान्त अन्तर्गत समूहीकृत गरी अध्ययन गरिन्छ। यस सिद्धान्तले कर्मचारीतन्त्रीय सङ्गठनको अवधारणा विकास गर्न योगदान गरे पनि व्यवस्थापनमा मानव सम्बन्धका विविध पक्षलाई समेट्न सकेको देखिँदैन। कर्मचारीतन्त्रमा निर्वैयक्तिकताको अवधारणाले सङ्गठनको कार्यसम्पादनमा निष्पक्षता, समान व्यवहार र विधिको शासनलाई आत्मसात् गरे पनि मानवीय सम्बन्ध र संवेदनाप्रति यन्त्रवत् दृष्टिकोण राख्नुका साथै विशेष परिस्थितिमा अपनाउनुपर्ने कार्यगत लचकतालगायतका विषयलाई सम्बोधन गर्न सकेको देखिँदैन। त्यसैले कर्मचारीतन्त्रीय सिद्धान्तका सबल र दुर्वल पक्षबिच उचित सन्तुलन मिलाउन सकेमा मात्र आधुनिक युग अनुसारको प्रभावकारी कर्मचारीतन्त्र तयार पार्न सकिन्छ।

३. **कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीको लेखा परीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने विषय उल्लेख गर्नुहोस्।**
✍ कम्पनी ऐन, २०६३ मा प्रत्येक कम्पनीले आफ्नो लेखा परीक्षण गराउन लेखा परीक्षक नियुक्त गर्नुपर्ने व्यवस्था रहेको छ। यस ऐनले लेखा परीक्षकको नियुक्तिसम्बन्धी व्यवस्था र निजको काम तथा कर्तव्यसमेत उल्लेख गरेको छ। लेखा परीक्षकले आफूले पेस गर्ने लेखा परीक्षण प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका कुरा खुलाउनुपर्ने भनी कम्पनी ऐनले स्पष्ट व्यवस्था गरेको छ :
- लेखा परीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टीकरण उपलब्ध भए वा नभएको,
- ऐन अनुरूप कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखे वा नराखेको,
- प्राप्त भएको वासलात, नाफा नोक्सानीको हिसाब र नगद प्रवाह विवरण प्रचलित कानुनबमोजिम निर्धारण गरिएको लेखामान अनुरूप तयार भए वा नभएको,
- उपलब्ध भएका त्यस्ता विवरण कम्पनीले राखेको लेखासँग दुरुस्त रहे वा नरहेको,
- लेखा परीक्षणको क्रममा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाको आधारमा लेखा परीक्षकको रायसाथ प्रस्तुत वासलातले कम्पनीको आर्थिक अवस्थाको समुचित चित्रण गरे नगरेको,
- उपलब्ध गराइएका स्पष्टीकरण र सूचनाले सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सानीको हिसाब र नगद प्रवाह विवरणले क्रमशः कम्पनीको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गरे वा नगरेको,
- सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुनविरुद्ध कामकाज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानिनोक्सानी गरे वा गराएको भए सो कुरा,
- कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी गरे वा नगरेको,
- कुनै सुझाव भए त्यस्ता सुझावहरू।
- अन्त्यमा कम्पनीको लेखा परीक्षण प्रतिवेदनले कम्पनीको वित्तीय अवस्थाको यथार्थ चित्रण गरी कानुनी अनुपालनको अवस्था सरोकारवालासमक्ष पुऱ्याउन मद्दत गर्दछ। यसले वित्तीय अनियमितता पहिचान गरी सुशासन र कम्पनीप्रतिको विश्वसनीयता अभिवृद्धिमा योगदान पुऱ्याउने हुँदा कानुनले निर्धारण गरेका विषयवस्तु प्रतिवेदनमा स्पष्टसँग खुलाई प्रतिवेदनमा एकरूपता ल्याउनु पर्दछ।

४. **औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार उद्योगको वर्गीकरणसम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस्।**
✍ औद्योगिक व्यवसाय ऐन, २०७६ ले नेपालमा सञ्चालन हुने उद्योगलाई स्थिर पुँजी तथा प्रयोग हुने प्रविधिसमेतका आधारमा देहायबमोजिम वर्गीकरण गरेको छ :

**क) लघु उद्योग :**
- घरजग्गाबाहेक बढीमा बिस लाख रुपियाँसम्मको स्थिर पुँजी रहेको,
- उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
- उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको,
- वार्षिक कारोबार एक करोड रुपियाँभन्दा कम रहेको,
- इन्जिन, उपकरण, मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको।

**ख) घरेलु उद्योग :**
- परम्परागत सिप र प्रविधिमा आधारित,
- श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,
- इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,
- ऐनको अनुसूची–२ मा उल्लेख भएका उद्योग। जस्तै : परम्परागत मूर्तिकला, हातले छाप्ने इँटा उद्योग।

**ग) साना उद्योग :**
- लघुउद्यम र घरेलु उद्योगबाहेक पन्ध्र करोड रुपियाँसम्म स्थिर पुँजी भएको उद्योग।

**घ) मझौला उद्योग :**
- पन्ध्र करोड रुपियाँभन्दा बढी पचास करोड रुपियाँसम्म स्थिर पुँजी भएको उद्योग।

**ङ) ठुला उद्योग :**
- पचास करोड रुपियाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग।

माथि उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु तथा सेवाको प्रकृतिका आधारमा देहायबमोजिम वर्गीकरण गरिएको छ :
क) **ऊर्जामूलक उद्योग** : ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न उद्योग। जस्तै जलस्रोत, वायु ऊर्जा, सौर्यशक्ति, कोइला वा अन्य स्रोतबाट ऊर्जा उत्पादन गर्ने उद्योग, बायो ग्यासमा आधारित उद्योग, ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने आदि।
ख) **उत्पादनमूलक उद्योग** : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योग।
ग) **कृषि तथा वनपैदावारमा आधारित उद्योग** : कृषि वा वनपैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वनपैदावारसँग सम्बन्धित उद्योग। जस्तै : फलफूल खेती वा फलफूल प्रशोधन।
घ) **खनिज उद्योग** : खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योग।
ङ) **पूर्वाधार उद्योग** : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने उद्योग। जस्तै : सडक, पुल निर्माण व्यवस्था तथा सञ्चालन गर्ने।
च) **पर्यटन उद्योग** : पर्यटन सेवासँग सम्बन्धित उद्योग। जस्तै : पर्यटक आवास, होटेल, मोटेल, रिसोर्ट, बार र रेस्टुराँ।
छ) **सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग** : सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार तथा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने उद्योग। जस्तै : आइटी पार्क, बायोटेक पार्क, इन्टरनेट सर्भिस प्रोभाइडर, एफएम रेडियो सेवा आदि।
ज) **सेवामूलक उद्योग** : सेवा उत्पादन तथा प्रदान गर्ने उद्योग। जस्तै : पेसागत अनुसन्धान तथा विकास, छापाखाना तथा छपाइ, हवाई यातायात सेवा, व्यायाम तथा योगशाला सञ्चालन आदि।
- अन्त्यमा माथि उल्लेख गरिएबमोजिमको वर्गीकरणमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक हेरफेर गर्न सक्ने व्यवस्था रहेको छ।

५. **जलवायु परिवर्तनले खाद्य उत्पादनमा पार्न सक्ने प्रतिकूल प्रभाव र जोखिम न्यूनीकरणका लागि तीन तहका सरकारले आपसी समन्वयमा गर्न सक्ने कार्य उल्लेख गर्नुहोस्।**
✍ नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा उल्लेख गरी कार्यान्वयनका लागि तिनै तहका सरकारलाई जिम्मेवार बनाएको छ। तीन तहको साझा अधिकारको सूची अन्तर्गत कृषिसम्बन्धी विषय समावेश गरिएको छ। कृषि तथा खाद्य प्रणालीमाथि समस्या सिर्जना हुँदा तिनै तहका सरकारले आपसी समन्वयमा समाधानका साझा प्रयास गर्नुपर्ने संवैधानिक जिम्मेवारी रहेको स्पष्ट बुझ्न सकिन्छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०८० मा जलवायु परिवर्तनले खाद्य उत्पादनमा पार्न सक्ने प्रतिकूल प्रभाव तथा सोको जोखिम न्यूनीकरणका लागि तीन तहको समन्वयमा देहायका कार्य गर्न सक्ने भनी उल्लेख गरिएको छ :
- जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोगिने उपायका बारेमा अनुसन्धान गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- खडेरी तथा डुबान थेग्न सक्ने गरी बाली प्रवर्धन गर्ने तथा सोबमोजिमको बिउबिजन र प्रविधि उपलब्ध गराउने,
- प्रकोपको पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको विकास र विस्तार गर्ने,
- जलवायु परिवर्तनका कारण सिर्जित प्रकोपका प्रतिकूल असर न्यूनीकरणका उपायसम्बन्धी सूचना प्रभावकारी रूपमा प्रवाह गर्ने,
- जलवायु परिवर्तनले कृषिमा पार्ने प्रतिकूल असर न्यूनीकरण सकारात्मक प्रयास प्रवर्धन गर्ने,
- जलवायु परिवर्तनबाट प्रभावित किसानको हित संरक्षण गर्न कृषि बिमाको पहुँच विस्तार गर्ने,
- समुदायस्तरमा जलवायु शिक्षामार्फत जलवायु अनुकूलन खेतीबाली तथा पशुपन्छीको प्रवर्धन गर्ने,
- जलवायु परिवर्तनले कृषिमा पारेको नकारात्मक प्रभावको प्रवृत्तिगत अवस्थाको निरन्तर अनुगमन तथा अभिलेखन गर्ने,
- जलवायु परिवर्तन र यसको प्रभाव न्यूनीकरणको क्षेत्रमा कार्य गर्ने सङ्घ संस्था र निकायसँग सहकार्य गर्ने।
- अन्त्यमा जलवायु परिवर्तनका प्रतिकूल असर न्यूनीकरण गरी नागरिकको जीवन रक्षा गर्नु तीन तहका सरकारको साझा जिम्मेवारी हो। यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारी स्पष्ट किटान गरी समन्वयात्मक ढङ्गले कार्यसम्पादन गर्न आवश्यक देखिन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

दराई भाषा पृष्ठ

# सोहराइँ आघुसे फुलउ संस्कार



सोहराइँके नारायनियँ मरन संस्कार अनुसार फुलउ बनाइकुन चितावनक दराइ फुलउ बोहाइके फुलउ बानाते।

> दराइ जातिक मरन संस्कार अनुसार जुठो पर्ल घरखलक चोखो भइके लागि तिन तरिकाक बिधिसे चोखो भइतातसब जोन तिनटाइ बिधियँ फुलउ राख्लाहार चलन बाटइ, मर्लक नाउँयँ पुजा धारिकुन पुजाआजा करिके लागि बनाल पुजा वा मुर्ति राखिकुन कर्लाहार बिधिके नइ फुलउ वा फुलउ राखिके कहि दराइसभइ कतातस ।



■ राज कुमार दराइ

दराइ जातिक मरन संस्कारक मुख्य बिधि, मान्लाहार संस्कार अनुसार सोहराइँक दिन मोर्ल मानुसक नाउँयँ फुलउ राखिकुन बोहालाहार चलन बाटइ। फुलउ बोहानेसित मर्लक अन्तिम संस्कार भइत र जुठो पर्ल दुखहेरक जुठो् चोखेइत र उव दिनसे सभइसे पानि चलित र रक्तारि टिका लागाइके, बिहा करिके जस्न कुरासब करिके मिलित। मोर्लक नाउँयँ सोहराइँके दुखहेरक दुख, जुठो फुकाने फेरि सोहराइँक सात दिनयँ सतउरा परित र सतउराक फुलउ बोहाइके परित र अन्ति फुलउ वा संस्कार ओराइत।

मरन संस्कारक बिधि पुरा भइत र घरपरिवार चोखो भइत। दराइक कोलउक घरयँ मानुस मोर्ल बाटइ कने उव घरपरिवार खलकयँ जुठो पर्ल कहाइत र उव मोर्ल मानुसक सतगत पाछु संस्कार अनुसार बिभिन्न दिन तिथिसभयँ बिभिन्न संस्कारक बिधि पुरा कर्नेसित बल्ल उव घरपरिवार चोख भइत। अबे चोखो भइके लागि पहिला त कजिया भइत उक्र पाछु कजियाके नइ सोहराइँक जहिन घाटहि फुलउ राखिकुन काटमेट करिकुन चोखेलाहार चलन बाटइ यो दुखहेरक इच्छा अनुसार घाटहि कर्ने भइत र अर्क कजियाकइ दिन घरयँ फुलउ राखिकुन चोखेइ मिलित आबे तेस्रा चोखेलाहर बिधि सोहराइँयँ फुलउ राखिकुन चोखेइके चाहने इय लाम्हो बिधि अनुसार जाइत।

यसेकरि छोटकरियँ बुझिके पर्तेखना मरन संस्कारयँ जुठो पोर्ल घरपरिवार तिन तरिकासे चोखो भइके पाउलाहार चलन बाटइ।

दराइ जातिक मरन संस्कार अनुसार जुठो पर्ल घरखलक चोखो भइके लागि तिन तरिकाक बिधिसे चोखो भइतातसब जोन तिनटाइ बिधियँ फुलउ राख्लाहार चलन बाटइ, मर्लक नाउँयँ पुजा धारिकुन पुजाआजा करिके लागि बनाल पुजा वा मुर्ति राखिकुन नइ फुलउ वा फुलउ राखिके कहि दराइसभइ कतातस। आबे फुलउँ अमउरासे लेइकुन सोहराइँ नओरालसमन बिभिन्न तिथियँ राख्लाहार चलन बाटइ र फुलउ राख्लाहारक साहिन महत्वक कुरा फुलउयँ भात राखिके परित।

भात मोर्लक नाउँयँ राख्तातसब फुलवयँ। कजिया सोहराइँसमन राख्लाहार चलनसे कर्लाहार हो कने बिभिन्न तिथियँ फुलउ राखिके परित। पहिला त जोन दिन कजिया भइत उव दिनयँ पुजा करिके लागि कजियाक फुलउ राखिके परित।

फुलउ राखिके कलाक पुजा धारिके फुला सहितक र फुलउ अथवा पुजा राख्नेपार पुजायँ भात राखिके परित। आबे छोटकरियँ बुझहुँ फुलउ कोन कोन दिनयँ राखिके परित। फुलउ कजियाक दिन राखिके परित इय पहिला फुलउ हखइ उक्रपाछु अमउसाके फुलउ अथवा पुजा राखिके परित मोर्लक नाउँयँ असे दसहि कते आघु बड्कि भात कलाहर दिन भइत उव दिनयँ फेरि फुलउ राखिके परित।

ओसिन करि सोहराइँक आउसिक आघुक दिनयँ फुलउ राखिके परित उक्राइके हंकार फुलउ कहाइत। उक्र पाछु सोहराइँके फुलउ राखिके परित र अन्तिम फुलउ सतउराके राखिके परित र बल्ल फुलउ राख्लाहार बिधि ओराइत र घरखलक चोखो भइत।

मरन संस्कार अनुसार घरखलक चोखो भइके लागि मर्लक नाउँयँ पुजा ढारिके वा फुलउ राखिके लागि कजियाके राखिके, अमउसाके राखिके, बड्किभातके फुलउ राखिके, हंकार फुलउ राखिके, सोहराइँके फुलउ राखिके र सतउराके फुलउ राखिके करिकुन छ पल्ट मोर्लक नाउँयँ पुजा वा फुलउ राखिकुन चोखेलाहार चलन बाटइ।

लाम्हो चलन अनुसारसे कर्नेसित छ पल्ट पुजा राखिके फुलउ राखिके परित। कजिया दराइक जिल्ला अनुसारक अलेलि फरक परित। दराइ जातिक इय मरन संस्कारक चलन जिल्ला पिछे अलेलि फरक पाउताहि। स्वाभाविक रुपसे रहन सहन संस्कार ठाउँ अनुसारक अलेलि फरक परित नइ।

# पहिचान हक अधिकारक लागि दराइ समाज जागतिहिन



तनहुँ। आफ्न भासा, संस्कार रितिरिवाज, संस्कार संरछन र जातिय पहिचान सहित दराइ जातिक हक अधिकारक लागि आवाज उठाइके दराइ समाजयँ दराइसब जागतिहिन बाटइ। दराइ जाति नेपाल अल्पसंख्यक आदिबासि हखइ। इय जाति नेपाल सरकारक सुचि भइल आदिबासि जनजाति मध्येक सिमान्तकिरित समुहयँ पर्लाहार अल्पसंख्यक आदिबासि हखइ। समाजि, आर्थिक, राजनितिक, सिछ्यायँ पाछु पर्ल इय जातिइँ आफ्न हक अधिकार, पहिचान र पुर्खासे मान्ते आइरते संस्कार बाचाइके पटि लागि पर्ल बाटइ।

दराइसबक बसोबास बिभिन्न जिल्लायँ सकरिय भइकुन बिभिन्न संघसंस्था बनाइकुन आघु सरिरते बाटतसब। दराइ समाजक जिल्ला जिल्ला बिभिन्न नाउसे समाज गठन कर्ल बाटइ र केन्दरक समाजिक संस्था नेपाल दराइ उत्थान समाज बाटइ। उहइ समाजक माटे बिभिन्न तहक छेत्रिय समितिसब गठन कर्ल बाटइ। केन्दिरिय समिति, पर्देस समिति, जिल्ला समिति, नगर समिति र इकाइ समिति बनाल बाटइ।

बिभिन्न तहक समितिक आफ्नइ काम कर्लाहार अधिकार तोक्ल बाटइ। उव अनुसारक समितियँ छानिल सदस्यसभेइँ समाजक बिभिन्न आघु सर्लाहार कुरायँ काम कर्लाहार करिकुन समिति बनाल बाटइ।

समाजयँ चेतना फइलाइके लागि बिभिन्न चेतनामुलक कार्यकरमसब करिरते पाउताहि समाजेइँ। हक अधिकारक लागि सक्ल समन आवाज उठाइके कोसिस करिरते पाउताहि। आफ्न पहिचानक लागि बिभिन्न कार्यकरम कर्ते पाउताहि। संस्कार बाचाइके लागि फेरि सकरिय रुपयँ लाग्ल पाउताहि। समाज बदलिके लागि आर्थिक कुरायँ जोडदेते आइरते बाटइ कने सिछ्यायँ जनचेतना जागाइके अभियान बेलाबखत कर्ते पाउताहि। बेटिसबके फेरि एक बानाइके लागि बेटिक छुटइ संस्था बनाइसक्ल बाटइ। कअउ आघुसे इय दराइ जाति राज्यक माटे पाछु पारिराख्ल बाटइ उहइसे यखिनसमन राजनितिक छेत्रयँ अझइ दराइ जातिक कोलउ बड्क राजनितिक नेता वा बढ् निकाययँ निज पुग्ल बाटइ।

दराइ जातिक बसोबास चितावन, तनहुँ, गोरखा, धादिंग, नवलपुर, पाल्पा, मकवानपुर, रुपनदेहि, बाँके लगायत दस जिल्लायँ बाक्लो बसोबास पाउताहि।

इय जातिक २०७८क जनजनना अनुसार देसभरि जम्मा १८ हजार ६ सय ९५ बाटइ। सबलेसे बढि बसोबास चितावनयँ हखइ। चितावनयँ लगभग आठ हजार जनसंख्या बासोबास बाटइ कने तनहुँ दोस्रा बसोबास लगभग ५ हजार जनसंख्या बाटइ।

इय जातिक आफ्नइ भासा बाटइ। भासा बोरालाहारक संख्या १२ हजार १ सय ५६ बाटइ। गोरखा, पाल्पा र धादिंगयँ दराइ भासा नाइबोरावतसब।

दराइ जातिइँ बिभिन्न छेत्रयँ खासयँ सरकारक बिभिन्न निकायसभयँ र सरकारि जागिरयँ निज बराबरक सहभागिता बाटइ। धेरइ जस्न दराइसब यखिन बिदेसिल बाटतसब। बाँकि देसयँ नइ खेति किसानि करिकुन जिबन चालाते बाटतसब।

# बुढिगन्डकि बाढिक बड्क बिनास

गोरखा । चुमनुबिरियँ पहिरो खसिकनु खोला थुनिकुन बुढिगन्डकियँ एकासि अइल बाढिइँ गोरखा र धादिंग जिल्लाक बुढिगन्डकिक छेउ र इक्र आसपासक गाउँ बस्तियँ बड्क छेति पुरेल बाटइ। कुवारक २५ गते बेहेन बाढि एकासि अइल हखइ। रसुवाक भोटेकोसिक अइल दुइ पल्टक भ्यानक बाढि पाछुक बड्क बाढि हखइ इय बुढिगन्डकिक बाढिइँ धेरइ बजार, बस्ति, पुल र झुलुंगे पुल बोहाल बाटइ।

बुढिगन्डकियँ एकासि लेदो सहितक अइल बाढिइँ सल्लेरि, चुमनुबिरि, आरुघाट, सोति लगायतक बिभिन्न ठाउँयँ घरसब बोहाल बाटइ। बेहेन अइल इय बड्क बाढिइँ घरसब क साहिन कत्का पक्कि पुल र झुलुंगे पुल बोहाल बाटइ। इय बिनासकारि बाढिइँ दसहिक मुहुहि आइकुन कोलउ फेरि निज सोच्ल घटना बाढिइँ आन्लखाइ।

कत्का धेरइ छेति भइल बाटइ। खेति भइलाहार खेत नोक्सान भइलबाटइ कने घरपरिवारयँ कत्का घर बोहाल कने कत्का घरयँ पानि पोस्ल बाटइ। केहाउ मानुस हेराल कुरा अइल बाटइ कने यखिनसमन कोलउ मानुसक ज्यान जइल समाचार निज अइल बाटइ। इय बर्स इय बाढि तेस्रा बड्क बाढि हखइ जोन गोरखाक बुढिगन्डकियँ अइल लेदो सहितक बाढि। सरकारेइँ बाढि पडितक लागि बेलाहि तुरुन्तइ उदारक लागि खटिल रहइ।

बेपत्ताक खोजि भइतिहिन बाटइ। बाढि आइके कते आघुकने सरकारक बिभिन्न संचार माध्यमसे गोरखा र धादिंग जिल्लाक इय आसपासक मानुसके बाढि आइरते बारेयँ सुचना देल रहइ र बेहेनक बेला भइल गुनेइँ मानुससब सुरछित ठाउँयँ बेलाहि पुगिके सक्लखाइ। बाढियँ परिके निज सक्लखाइ।



चुमनुबिरियँ पहिरो खसिकनु खोला थुनिकुन बुढिगन्डकियँ अइल बाढिक अवस्था।

नेपालयँ इय बर्स बारम्बार बाढि आइरते बाटइ। २०८३ सालयँ देसक लागि बड्क बिनास खेपिके पर्ल बाटइ।

भक्तपुर जिल्ला, साबिक झौखेल वडा नं. ८ भई हाल चाँ.न.पा वडा नं. २ बस्ने बाबुराजा मलेपती समेतले हामीहरूका बाजे जीत बहादुर मलेपतीको मिति २०२९।०९।२० मा र निजकी श्रीमती हिरा माया मलेपतीको मिति २०३४।१०।११ मा मृत्यु भई हक खाने छोराहरूमा शेर बहादुर मलेपती–१, काजी बहादुर मलेपती–१, शंख बहादुर मलेपती–१ र भक्त बहादुर मलेपती–१ समेत जना ४ भएकोमा, शेर बहादुर मलेपती मिति २०१९ मा, निजकी श्रीमती रत्न माया मालेपती मिति २०६१।११।०८ मा परलोक भई हक खाने हकदारमा एक मात्र छोरा तथा ज.ध. कृष्ण बहादुर मलेपती भएकोमा निज मिति २०८१।०८।२८ मा र निजकी श्रीमती ईन्द्र लक्ष्मी मलेपती मिति २०५३ सालमा अन्यत्र पोइला गई निजहरूको हक खाने हकदारहरूमा छोरा अमर मलेपती–१ मात्र भएकोमा निज पनि मिति २०५८ सालमा नाबालक अवस्थामा परलोक भएको। त्यसै काजी बहादुर मलेपती मिति २०३३ सालमा, निजकी श्रीमती लक्ष्मी माया मलेपती मिति २०४४।१०।०१ मा परलोक भई हक खाने हकदारमा नारायण दास मलेपती–१ र कृष्ण दास मलेपती–१ समेत जना २ मात्र भएको। त्यसैगरी शंख बहादुर मलेपती मिति २०६६।०६।१२ मा, निजकी श्रीमती रत्न माया मलेपती मिति २०६१।११।०८ मा परलोक भई निजको हक खाने हकदार छोराहरूमा राजेन्द्र कुमार मलेपती–१ र बाबुराजा मलेपती–१ समेत जना २ मात्र भएको। त्यस्तै भक्त बहादुर मलेपती मिति २०६४।०७।२३ मा, निजकी श्रीमती केशरी मलेपती मिति २०७०।१०।०५ मा परलोक भई निजहरूको हक खाने हकदार छोराहरूमा भक्त नारायण मलेपती–१, गोपाल कृष्ण मलेपती–१, राज कुमार मलेपती–१, राम प्रसाद मलेपती–१, राध्ये श्याम मलेपती–१ समेत जना ५ भएकोमा राज कुमार मलेपती मिति २०७२।०९।२४ मा परलोक भई निजको हक खाने हकदारमा निजकी श्रीमती पञ्च लक्ष्मी मलेपती–१, छोराहरू बिकेश मलेपती–१, बिक्रम मलेपती–१ र अविवाहित छोरी मिना मलेपती–१ समेत जना ४ मात्र भएकोमा कृष्ण बहादुर मलेपतीको नाउँमा भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता भएको तपसिलमा उल्लिखित कित्ता जग्गाका ज.ध. मृतक कृष्ण बहादुर मलेपतीको नाम खारेज गरी राजेन्द्र कुमार मलेपती–१ र बाबु राजा मलेपती–१ समेत जना २ को नाममा संयुक्त नामसारी गरिपाउन निवेदन दिएकोमा अन्य हकदारहरूले मञ्जुरी निवेदन समेत दिएको हुँदा र मोठ फाँटबाट उल्लिखित कित्ता ज.ध. कृष्ण बहादुर मलेपतीका नाममा मोठ कायम छ रोक्का देखिएन भनी लेखिआएको र सम्बन्धित वडा कार्यालयबाट सिफारिस समेत भई आएको देखिँदा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा वा माग बमोजिम नामसारी हुनु नपर्ने कुनै मनासिब कारण भएमा वा सरकारी, सार्वजनिक, सामुदायिक, निजी, गुठी जग्गा वा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| झौखेल | ८ घ | ७४१ | ०–१४–३–० | |
| ऐ. | ८ घ | ७४२ | ०–१४–३–० | |
| ऐ. | ८ घ | ९०० | ०–५–०–० | |
| ऐ. | ८ङ | ४८३ | ०–१०–२–० | |

### भूमि प्रशासन कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

जिल्ला काठमाडौँ साबिक सोखेल हाल दक्षिणकाली नगरपालिका वडा नं. २ पाखाचौक बस्ने पदम बहादुरको नाति, लाल बहादुर बोहोराको छोरा, काली बहादुर बोहोराले यस कार्यालयमा दिएको निवेदन अनुसार ज.ध. चन्द्र बहादुर आचार्यको नाममा भूमि प्रशासन कार्यालय कलंकीमा दर्ता बाँकी रहेको साबिक जिल्ला काठमाडौँ सोखेल वडा नं. ६/६क कि.नं. ७४ क्षे.फ. २–११–०–० को मोही निवेदक काली बहादुर बोहरा भएको र ज.ध. महलमा चन्द्र बहादुर आचार्य भएको उक्त जग्गा साबिक नापीको समयदेखि हामी मोहीहरूले नै जोत भोग गरी आएको र नापीको समयमा ज.ध. र मोही हामी निवेदक हुनुपर्नेमा ज.ध. चन्द्र बहादुर आचार्य लेखिएको भए तापनि सो जग्गा ख श्रेणीको बिर्ता भएकोले रै.प. जग्गा दर्ता गरिपाऊँ भनी द.नं. ४७४०२ मिति २०८३/०३/३१ गते निवेदन दिई सनाखत भएको। उक्त कित्ता जग्गाको फिल्डबुकमा उल्लेख भएका ज.ध. नारायण डबली टोल बस्ने चन्द्र बहादुर आचार्यलाई मिति २०८३/०५/१७ गते म्याद जारी भएकोमा व्यक्ति फेला नपरी बेपत्ते म्याद तामेल भई मिसिल संलग्न रहेको हुँदा उल्लिखित जग्गाको सम्बन्धमा अन्य हकदार कोही भए रहे मालपोत नियमावली २०३६ को नियम ४क (२) बमोजिम ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र दाबी गर्न आउनुहोला। अन्यथा मागदाबी बमोजिम जग्गा दर्ता नामसारी भइजाने व्यहोरा सर्वसाधारणको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। **फिल्डबुकको व्यहोरा**

| गा.बि.स. | वडा नं. | कि. नं. | मोहीको नाम, थर वतन | जग्गावालाको नाम, थर, वतन | क्षेत्रफल | किसानको व्यहोरा | कैफियत महल |
|---|---|---|---|---|---|---|---|
| सोखेल | ६/६क | ७४ | लाल बहादुर वोराका ई. फर्पिङ्ग सोखेल पाखाचोक बस्ने ६ नं. वडा | महल खाली | २–११–०–० | यो जग्गा फर्पिङ्ग नारायण डवली टोल बस्ने चन्द्र बहादुर आचर्यको हो। | महल खाली |

### भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि., वोडे–९ को हाल परिवर्तित म.थि.न.पा. वडा नं. ९ बस्ने बुद्दि भक्त धौबन्जार समेत जना ३ ले हामीहरूको पिता विष्णु भक्त धौबन्जारका नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमका कित्ता जग्गा भएकोमा, साबिक मोही विष्णु भक्त धौबन्जारको मिति २०७२/११/०४ मा, निजकी पत्नी लक्ष्मी धौबन्जारको मिति २०३४/०६/२२ मा मृत्यु भई हक खाने छोराहरू बुद्दि भक्त धौबन्जार–१, कृष्ण भक्त धौबन्जार–१ र तुल्सी भक्त धौबन्जार–१ समेत जना ३ भएको, सो जग्गा हामीहरूले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले, बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम हामी निवेदकहरूका नाउँमा संयुक्त रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, बिर्ता लगत खोजतलास गर्दा हाल फेला नपरेको, १ नं. मोही लगत पेश गरेको, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, फि.बु.मा देखिएका ज.ध. माहिला कुसलेलाई म्याद जारी गर्दा निजकी छोरी कृष्ण देवी कपालीले म्याद बुझिलिई द.नं. ३०२४ मिति २०८३/०५/२५ मा यस कार्यालयमा म्यादभित्र लिखित जवाफ पेश गरेको र द.नं. ४५३७ मिति २०८३/०६/२२ मा कृष्ण देवी कपाली र उमा दर्शनधारीले हकदाबी छाडेको निवेदन समेत पेश गरेको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दुवाकोट | १/ख | ८८ | ०–५–२–० | विष्णु भक्त धौबन्जार भ.पु.ई. निकुसेरा एकाघरको भाई भिमसेन धौबन्जारको सहीछाप। | यो जग्गा टुमा टोल भ.पु.ई. बस्ने माहीला कुसलेलाई तिरो तिरी कमाई खाई आएको। |

**पुनश्च**: दुवाकोट ८/२३२१ वडा नं. १/ख कि.नं. ८८ मात्र ज.ध. माइला कुस्ले भ.पु. तौमडी र मोही विष्णु भक्त धौबन्जारका नाममा दर्ता बाँकी मोठ कायम छ। साथै चम्पा कपालीले २०८२/०९/१८ मा भिडेको भनी मोठ भिडी आएको।


**बागमती प्रदेश सरकार**
**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**धादिङ अस्पताल, धादिङ, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३।०६।२८)**

यस अस्पतालको लागि आ.व. २०८३/०८४ मा अस्पतालको लागि आवश्यक एक्सरे फिल्म र प्रयोगशालासँग सम्बन्धित केमिकल तथा रिएजेन्टहरु, प्याकेज अनुसार प्रति इकाई दररेट लिनको लागि खुला बोलपत्रको माध्यबाट बोलपत्र आव्हान गरिएको छ। कार्यालयमा सूचना प्रकाशित भएको मितिले २१औं दिनको कार्यालय समय भित्र व्यवसाय दर्ता प्रमाण पत्र एंव मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका आधिकारीक/इच्छुक फर्म, कम्पनि वा सप्लायर्सले प्रति प्याकेजको लागि रु.३०००/- (अक्षरुपी तीन हजार रुपैयाँ फिर्ता नहुने गरी ) बुझाई यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछ। कार्यालयका सूचना दर्ता भएको मितिले २२ औं दिन, दिनको ठीक १२:०० बजेभित्र बोलपत्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ। रीतपूर्वक पर्न आएका बोलपत्र सोही दिन, दिनको ठिक २:०० बजे यस कार्यालयमा खोलिने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत् पश्चात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भएबमोजिम र उल्लेख हुन छुट भएका कुराहरु बोलपत्रको शर्तहरु, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियामावली,२०६४ (संशोधन सहित) तथा प्रचलित कानुन बमोजिम हुनेछ। विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, वेवसाइटमा हेर्नुहुन तथा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

**तपशिल :**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बीडबण्ड बापतको रकम प्रति प्याकेज रु. | बोलपत्र फाराम दस्तुर प्रति प्याकेज रु. |
|---|---|---|---|---|
| 1 | DHD/DHADING /01/083-84 | एक्सरे मेशिनको लागि (CR/DR Films Carestream Dryview) आपूर्ति गर्ने कार्य | १,२५,000।- | ३,०००/- |
| 2 | DHD/DHADING /02/083-84 | एक्सरे मेशिनको लागि (CR/DR Films Konica Dryview) आपूर्ति गर्ने कार्य | १,५०,०००।- | ३,०००/- |
| 3 | DHD/DHADING /03/083-84 | ABG Analyzer Machine (EDAN) सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | १,२५,०००।- | ३,०००/- |
| 4 | DHD/DHADING /04/083-84 | Protein Analyzer (Goldsite GP-100) सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | १,७०,०००।- | ३,०००/- |
| 5 | DHD/DHADING /05/083-84 | Electrolyte Analyser (EXIAS e1) सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | १,५५,०००।- | ३,०००/- |
| 6 | DHD/DHADING /06/083-84 | CLIA Analyzer (Autobio A1000) सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | २,३०,०००।- | ३,०००/- |
| 7 | DHD/DHADING /07/083-84 | Coulter Counter (Hemax 530 AL)सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | २,४५,०००।- | ३,०००/- |
| 8 | DHD/DHADING /08/083-84 | Biochemistry Analyzer (SNIBE Bioassays 240 plus)सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | २,४०,०००।- | ३,०००/- |
| 9 | DHD/DHADING /09/083-84 | CLIA Analyzer (Mindray CL-900i) सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | २,४५,०००।- | ३,०००/- |
| 10 | DHD/DHADING /10/083-84 | CORALYZER Smart सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | २,०५,०००।- | ३,०००/- |
| 11 | DHD/DHADING /11/083-84 | Electrolyte Analyzer (JOKOH) सँग सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | १,५०,०००।- | ३,०००/- |
| 12 | DHD/DHADING /12/083-84 | प्रयोगशालाका विविध केमिकल तथा रिएजेन्ट साथै अन्य शाखामा आवश्यक सामानहरुको आपूर्ति गर्ने कार्य | ५,००,०००।- | ३,०००/- |

फोन नं. ०१०–५२०१३०, ०१०–५२०६०५ ईमेल : dhodhd.hospital@gmail.com
वेबसाइट : https://dhadinghospital.bagamati.gov.np

डा नवीन महासेठ
नि.अस्पताल निर्देशक

# बाढीपीडित बस्तीमा छैन दसैँको रौनक

**बुलबुले समाचारदाता**
*सुर्खेत, असोज २६ गते*



तस्बिर : रजनी योगी

**गिरीघाटस्थित बाढीपीडित बस्ती ।**

बडादसैँ सुरु भइसकेको छ । बिदेसिएका पनि दसैँ मनाउन घर फर्किन थालेका छन् तर वीरेन्द्रनगर नगरपालिका–१ को सामुदायिक वन क्षेत्र गिरीघाटमा बसिरहेका बाढीपीडित बस्तीमा भने अहिले पनि चाडपर्वको कुनै रौनक छैन ।

उनीहरूलाई पीडा र ऋणको भारीले च्यापेको छ । विगत ११ वर्षयता उनीहरूका लागि दसैँमा कुनै उमङ्ग नै आएको छैन । २०७१ सालमा आएको बाढीले सयौँलाई घरबारविहीन बनायो । कैयनले परिवारका सदस्य र आफन्त गुमाए । दर्जनभन्दा बढीको ज्यान गयो ।

त्यो अप्रत्याशित घटना भएको ११ वर्ष बित्यो । अफै पनि गिरीघाट बस्तीमा बसेका बाढीपीडितका आँखा ओभाएका छैनन् । आफन्तले घर भरिन्थ्यो, टीका र आशीर्वाद थाप्नेको भिड हुन्थ्यो, बेलुका आँगनमा नाचगान पनि चल्थ्यो ।

११ वर्षअघिसम्म डिलबहादुर विकको घरमा दसैँले यस्तै उमङ्ग ल्याउँथ्यो तर पछिल्ला वर्षमा दसैँको कुनै अनुभूति नै हुन सकेको छैन । बिहानबेलुका छाक टार्ने मुस्किल भइरहेको डिलबहादुरले बताउनुभयो । शिविरमा बस्दै आएका रामबहादुर नेपालीले एक दशकदेखि पालमुनि कष्टकर रूपमा थुप्रै दसैँ मनाइसकेको बताउनुभयो । ज्यालामजदुरी गरेर अफै कति दसैँ मनाउनुपर्ने हो थाहा छैन, उहाँलाई दसैँले छोएको छैन ।

२०७१ साउन ३० गते आएको बाढीले कमला विकको घरजग्गा बगायो । घरजग्गा बगाएपछि परिवारसहित थातथलो छोडेर गिरीघाटको सडकछेउमा बस्न थालेको ११ वर्ष पुग्यो । समस्या ज्युँका त्युँ रहेको भन्दै उहाँले चाडपर्व आउँदा फनै समस्या हुने गरेको सुनाउनुभयो । वराहताल गाउँपालिका–२ का १२५ घरधुरी गिरीघाटस्थित वीरेन्द्रनगर वडा नं. १ को सामुदायिक वनक्षेत्रमा बसिरहेका छन् । विस्थापित भएकै एक दशक पुग्दासम्म उनीहरूको पुनर्स्थापना हुन सकेको छैन । बाढी प्रभावित परिवारको बसाइँ मात्र असुरक्षित छैन, बिहानबेलुकाको गास जुटाउन पनि उस्तै मुस्किल छ । स्वास्थ्य, शिक्षा, खानेपानी, बिजुली जस्ता सुविधाबाट उनीहरू वञ्चित छन् ।

शिविरकी हरिकला विकले चाडपर्व आउँदा फनै समस्या हुने गरेको बताउनुभयो । ११ वर्षदेखि पुराना खुइलिएका पालको शरणमा बस्नु परेको भन्दै उहाँले बिहानबेलुकीको छाक टार्नका लागि कामको खोजीमा दौडनु परेको सुनाउनुभयो ।

नयाँ लत्ताकपडा किन्न, मिठोमसिनो खान सक्ने अवस्था नभएपछि यो बस्तीमा दसैँको उल्लास पनि छैन । दसैँ आउन केही दिन बाँकी रहँदा पनि सबै आआफ्नो रोजीरोटीका काममा व्यस्त छन् । उनीहरूले गिट्टी, बालुवा र दाउरा बिक्री गरेर दैनिकी चलाउँदै आएका छन् । रोजगारीको समेत उचित व्यवस्था नहुँदा थप समस्या भइरहेको छ । बिहानबेलुका छाक टार्न मुस्किल हुने गरेको छ । समुदायमा बालबालिका र वृद्धवृद्धा मात्र भेटिन्छन् ।

# एक्सरे सेवा ठप्प

**शारदा समाचारदाता**
*शारदा (सल्यान), असोज २७ गते*

जिल्ला अस्पताल सल्यानमा एक्सरे मेसिनमा प्राविधिक समस्या आएपछि सेवा बन्द भएको छ । करिब १०/१२ वर्ष पुरानो मेसिनको सफ्टवेयरमा समस्या आएपछि मर्मतका लागि काठमाडौँ पठाइएको स्वास्थ्यसेवा कार्यालय सल्यानले जनाएको छ । अस्पतालमा दैनिक ३०/४० जनाले एक्सरे सेवा लिने गरेका छन् । सेवा पूर्ण रूपमा बन्द हुँदा बिरामीलाई असुविधा भएको छ । सामान्यदेखि जटिल प्रकृतिका स्वास्थ्य समस्या लिएर आउने बिरामीलाई रोग पहिचान तथा उपचार प्रक्रियाका लागि एक्सरे आवश्यक पर्ने भएकाले सेवा बन्द हुँदा थप असुविधा भएको छ । यसअघि पनि उक्त मेसिन बिग्रिएर करिब दस दिन सेवा प्रभावित भएको थियो । कार्यालयका व्यवस्थापक डा. अर्जुनकुमार बुढामगरका अनुसार मङ्गलबार मेसिन मर्मतका लागि काठमाडौँ पठाइएको हो । तीनदेखि चार दिनभित्र मर्मत गरी सेवा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको उहाँले बताउनुभयो । पुरानो मेसिन पटक पटक बिग्रिने र मर्मतमा खर्च भइरहने समस्या देखिएकाले नयाँ डिजिटल रेडियोग्राफी (डिआर) प्रणाली जडान गर्ने तयारीसमेत गरिएको अस्पतालले जनाएको छ । चालु आर्थिक वर्षमा केही महिनापछि नयाँ प्रणाली जडानका लागि प्रक्रिया अघि बढाउने योजना रहेको डा. बुढाको भनाइ छ ।

अस्पतालमा एक्सरेसँगै अन्य उपकरण र विद्युत् आपूर्तिको समस्याले पनि सेवा प्रवाहमा चुनौती थपिएको छ । अल्ट्रासाउन्ड (युएसजी) मेसिनमा समस्या आएपछि वैकल्पिक मेसिनबाट काम चलाइएको छ ।

**श्री कर्जा असुली न्यायाधिकरण, नयाँ बानेश्वर, काठमाडौँबाट तपसिलमा उल्लिखित प्रतिवादीका नाउँमा जारी भएको १५ (पन्ध्र) दिने सूचना म्याद ।**

उप्रान्त वादी एकता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र प्रतिवादी तपाईं भएको कर्जा असुली मुद्दामा यस न्यायाधिकरणबाट तपाईंका नाउँको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्नू भनी भएको आदेशानुसार तपाईंको नाउँमा यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफूसँग भएको सबुत प्रमाण सहित प्रतिउत्तर लिई तपाईं आफैँ वा कानून बमोजिमको वारेस पठाउनुहोला । म्यादै गुजारी बसेमा कानून बमोजिम हुनेछ, पछि तपाईंको कुनै उजुरबाजुर लाग्ने छैन । **तपसिलः–**

१. पूर्ण बहादुर ग्रान्जाकी नातिनी, दिल बहादुर ग्रान्जाकी छोरी, जिल्ला महोत्तरी, गौशला नगरपालिका वडा नं. १ राजघाट स्थायी घर भई हाल ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. ३ बस्ने वर्ष ४५ की चन्द्रीका कुमारी ग्रान्जा (ना.प्र.नं. ०८९००१२०) महोत्तरी (मुद्दा नं. ०८२–LR–०४५४) ... १
२. मेख बरन समाल मगरको नाति, ज्ञान बहादुर समाल मगरको छोरा, जिल्ला धनुषा, बातेश्वर गाउँपालिका वडा नं. १ भुचक्रपुर स्थायी घर भई हाल गोदावरी नगरपालिका वडा नं. ३ बस्ने वर्ष ५१ को थर बहादुर समाल मगर (ना.प्र.नं. १४७८२७४२) धनुषा (मुद्दा नं. ०८२–LR–०४५४) ... १
३. लाल बहादुर लिम्बुकी नातिनी, नाहाङ लिम्बुको छोरा, जिल्ला ताप्लेजुङ, सिरिजङ्घा गाउँपालिका वडा नं. ५ अम्वेगुदिन स्थायी घर भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३२ कोटेश्वर बस्ने वर्ष ३४ को राज लिम्बु (ना.प्र.नं. ०१०११०३५/२८०) ताप्लेजुङ (मुद्दा नं. ०८२–LR–०४५२) ... १
४. चन्द्र बहादुर सावाको नाति, कृष्ण बहादुर सावाको छोरा, जिल्ला ताप्लेजुङ, सिरिजङ्घा गाउँपालिका वडा नं. १ स्थायी घर भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३२ कोटेश्वर बस्ने वर्ष ३७ को सुन्दर सावा (ना.प्र.नं. ०११०३४/७) ताप्लेजुङ (मुद्दा नं. ०८२–LR–०४५२) ... १

**भूमि प्रशासन कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

जिल्ला काठमाडौँ, काठमाडौँ महानगरपालिका वडा नं. १५ बस्ने भक्त लाल श्रेष्ठकी बुहारी, जवाहर लाल श्रेष्ठकी श्रीमती, जमुनादेवी श्रेष्ठको वारेस खेमराज भट्टराइले यस कार्यालयमा दिएको निवेदन अनुसार ज.ध. रत्नमान महर्जनको नाममा भूमि प्रशासन कार्यालय कलंकीमा दर्ता बाँकी रहेको जिल्ला काठमाडौँ, स्वडल्लु वडा नं. २ कि.नं. ९९ क्षे.फ. ०–२–२–० को जग्गा साबिक मोही जवाहार लाल श्रेष्ठ भई निजको मृत्युपछि निवेदक श्रीमती जमुना देवी श्रेष्ठका नाउँमा मोही नामसारी भई मोही प्रमाण पत्र समेत भएको र ज.ध. रत्न मान महर्जन भएकोमा निज मोहीको साबिकदेखि जोत भोग गरी हकभोगमा रहेको र यस कार्यालयमा द.नं. ३२८५ मिति २०५५/७/१९ मा जोत भोग समेत भएकोले जग्गा दर्ता गरिपाऊँ भनी माग गरिएकोमा हाल उक्त निवेदन तामेली खोजतलास गर्दा नभेटिएकोले उल्लिखित जग्गा ख श्रेणीको बिर्ता भएकोले रै.प. जग्गा दर्ता गरिपाऊँ भनी द.नं. ४७४०३ मिति २०८३/०३/३१ गते निवेदन दिई सनाखत भएको । उक्त कित्ता जग्गाको फिल्डबुकमा उल्लेख भएका ज.ध. जिल्ला काठमाडौँ, काठमाडौँ महानगरपालिका वडा नं. १९ बस्ने रत्न महर्जनको नाउँमा मिति २०८३/०५/१७ गते म्याद जारी भएकोमा व्यक्ति फेला नपरी बेपत्ते म्याद तामेल भई मिसिल संलग्न रहेको हुँदा उल्लिखित जग्गाको सम्बन्धमा अन्य हकदार कोही भए रहे मालपोत नियमावली २०३६ को नियम ४क (२) बमोजिम ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र दाबी गर्न आउनुहोला । अन्यथा मागदाबी बमोजिम जग्गा दर्ता नामसारी भइजाने व्यहोरा सर्वसाधारणको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ । **फिल्डबुकको व्यहोरा**

| गा.वि.स. | वडा नं. | कि. नं. | मोहीको नामथर, वतन | जग्गावालाको नामथर, वतन | क्षेत्रफल | किसानको व्यहोरा | कैफियत महल |
|---|---|---|---|---|---|---|---|
| स्वडल्लु | २ | ९९ | ज्वाहर लाल श्रेष्ठ का.ई. ससु रुवाट | महल खाली | ०–२–२–० | यो जग्गा का.ई. मरुवहाल बस्ने रत्न मान महर्जनको हो कुत बुफाइ खाई आएको छु | महल खाली |

**श्री भूमि प्रशासन कार्यालय, डिल्लीबजार, काठमाडौँबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा म निवेदक मोही गोविन्द भण्डारीसग र.नं. १४४४ मिति २०६१।४।२९ को राजीनामाको व्यहोराबाट मोही भाग खरिद गरी लिएको का.जि. साबिक गोंगवु वडा नं. ९ कि.नं. २९९ को क्षे.फ. ०–५–३–० को जग्गा र सोमा बनेको घर समेत खरिद गरी भोग चलन गरेको घर जग्गा ज.ध.को तर्फबाट आजसम्म जग्गा दर्ता नभएको जग्गा मोहीको हैसियतले बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ (क) (१)(२) बमोजिम को (नवौँ संसोधन) नियमावली, २०८२ को नियम ४ मा भएको संशोधित व्यवस्था अनुसार मोहीका नाममा रै.प. दर्ता गरिपाऊँ भनी काले भण्डारिको छोरा टोखा न.पा. वडा नं. ११ बस्ने अर्जुन भण्डारिको निवेदन माग भएकोमा सो जग्गाको जग्गा धनी अस्ट मान सुब्वा मोही अर्जुन भण्डारी भएको दर्ता बाँकी स्रेस्ता भएको व्यहोरा, २ नं. अनुसूचीमा जग्गा धनी अस्टमान श्रेष्ठ नरदेवी जनिएकोमा दुवैका नाममा म्याद जारी भई निजको घर ठेगानामा खोजी गर्दा फेला नपरेकोले का.म.न.पा. वडा नं. १८ को सूचना पाटीमा टाँस भएको व्यहोरा समेतको म्याद फिर्ता भएकाले सो जग्गाको हालसम्म कसैले दाबी प्रतिकार नगरेको हुँदा सो जग्गा निवेदकको माग बमोजिम ख श्रेणीको बिर्ता जग्गा भए नभएको, अन्य कोही कसैको रैकत जग्गा भए वा निबेदकको निवेदन माग बमोजिम हुनु नपर्ने कुनै कारण भए वा सो जग्गा अन्य कोही कसैको दाबी विरोध भए यो सूचना प्रकासित भएका मितिले ३५ (पैंतीस) दिनभित्र स–प्रमाण दाबी गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र उपस्थित नभएमा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । **नापी फिल्डबुकको बिबरण**

| क्षे.फ. | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | जग्गा धनी महल | कैफियत महल |
|---|---|---|---|---|---|---|
| गोंगवु | ९ | २२९ | ०–५–३–० | तिलक बहादुर भडारी का.ई. महादेवटार | खाली | यो कित्ता का.ई. नरदेवी बस्ने अस्टमान सुब्वाको हो । मैले कुतमा कमाई आएको छु । |

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा भ.पु.जि., भ.न.पा. साबिक वडा नं. १५ हाल परिवर्तित वडा नं. २ बस्ने हामी हरि लक्ष्मी शिल्पकार समेतको बाबु, ससुरा तथा बाजे हरि भक्त शिल्पकारको नाममा मोही कायम भएको दर्ता बाँकी तपसिलका कित्ता जग्गाका मोही हरि भक्त शिल्पकार मिति २०५४।२।११ मा, निजकी श्रीमती विष्णु माया शिल्पकार मिति २०६७।९।२२ मा मृत्यु भई हक खाने हकदारमा अविवाहित छोरी हरि लक्ष्मी शिल्पकार–१, छोराहरू अमृत लाल शिल्पकार–१ र राजु शिल्पकार–१ भएकोमा अमृत लाल शिल्पकार मिति २०८२।११।१ मा मृत्यु भई हक खाने हकदारमा निजकी जेठी श्रीमती आश माया शिल्पकार मिति २०५०।७।८ मा अनेत्र पोइलो गई निजका कान्छी श्रीमती लक्ष्मी शिल्पकार–१, छोराहरू विष्णु प्रसाद सिल्पकार–१, मिन प्रसाद शिल्पकार–१ र अमर शिल्पकार–१ समेत जना ६ भएको हुँदा र हामी निवेदकहरूले हालसम्म पनि जोती खाई आएको हुनाले हामी निवेदकहरूको संयुक्त नाममा विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानून बमोजिम रै.प. दर्ता. ना.सा. गरिपाऊँ भनी माग निवेदन पेश गरेको, मोठ स्रेस्ता जीर्ण भएको ज.ध.को नाम भिद्धी अरू स्पष्ट नभएको मोही महलमा हरि भक्त शिल्पकारको नाममा मोठ कायम छ दर्ता बाँकी देखिन्छ भनी मोठ फाँटबाट लेखिआएको, १ नं लगत, २ नं अनुसूची रेकर्डबाट फेला नपरेको भनी फाँटबाट लेखिआएको, बिर्ता लगत खोज तलास गर्दा हाल फेला नपरेको भनी फाँटबाट लेखिआएको, ज.ध. को नाममा जारी भएको म्याद भ.न.पा. ३ नं. वडा कार्यालयमा टाँस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हकलाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला॥ अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| भौखेल | ८/ख | ५६७ | ०–७–०–० | हरि भक्त सिल्पकार भ.पु. टेखाचो । | यो जग्गा भ.पु. घटखा बस्ने भिद्धी बाजेको हो मैले जोती आएको । |

**पुनश्च** : मि.नं. १७९ ज.द.०५३।३।२८ उल्लेख देखिन्छ भनी मोठ भिडी आएको ।

# पर्यटन शुल्क पुनरावलोकन गर्न ज्ञापनपत्र



तस्बिर : ललित बसेल

**कर्णाली प्रदेशका उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्कालाई पर्यटन शुल्क (रोयल्टी) घटाउन ज्ञापनपत्र बुझाइँदै ।**

**सुर्खेत समाचारदाता**
*सुर्खेत, असोज २७ गते*

कर्णाली प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री कल्याणी खड्कालाई प्रादेशिक सहिद पार्क तथा वनस्पति उद्यान वीरेन्द्रनगर नगरपालिका–४, सुर्खेतले पर्यटन शुल्क पुनरवलोकनका सम्बन्धमा ज्ञापनपत्र बुझाएको छ । सोमबार मन्त्रालयमा पुगेर मन्त्री खड्कालाई पार्क सञ्चालन गरिरहेको भैरम सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष इन्द्रा चालिस नेतृत्वको टोलीले पर्यटन शुल्क पुनरवलोकन गर्न र पार्कको विकासमा आवश्यक बजेट व्यवस्थापन गर्न ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्र बुझाउँदै समूहका अध्यक्ष इन्द्रा चालिसेले विगतका वर्षमा पार्कको आम्दानीको १० प्रतिशत प्रदेश सरकारलाई रोयल्टी (पर्यटन शुल्क) बुझाउने गरिए पनि गत वर्षदेखि १० प्रतिशबाट वृद्धि गरी ४० प्रतिशत पुऱ्याएको भन्दै सो शुल्क आगामी वर्षदेखि पुनरवलोकन गरिदिन मन्त्रीलाई ज्ञापनपत्र बुझाइएको बताउनुभयो । उहाँले सरोकारवाला पक्षसँग कुनै समन्वय नै गरी कर्णाली प्रदेशको आर्थिक ऐनमा पार्कमा कुल आम्दानीको ४० प्रतिशत पर्यटन शुल्क बुझाउनुपर्ने उल्लेख गरिएकाले यस निर्णयले पार्क सञ्चालन गर्न कठिनाइ हुने जानकारी दिनुभयो ।

गत आर्थिक वर्षमा पार्कमा कुल आम्दानी २८ लाख छ हजार भएको र त्यसको ४० प्रतिशतले हुने आउने रकम ११ लाख २२ हजार चार सय रुपियाँ प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा दाखिला गरिएको समूहले जनाएको छ ।

पर्यटकको प्रवेश शुल्कबाट उठाइएको रकमको ४० प्रतिश पर्यटन कर लगाउँदा प्रदेश सरकारलाई, सङ्घीय सरकारलाई राजस्व बुझाउनुपर्ने, पार्कका कर्मचारीलाई सेवा सुविधा दिनुपर्ने तथा पार्क विकास तथा मर्मतसम्भारको काम गर्न नसकिने भएकाले आगामी वर्षदेखि बढाइएको शुल्कबारे पुनरवलोकन गर्न र पार्कको विकासका लागि वार्षिक बजेटसमेत विनियोजन गरिदिन ज्ञापनपत्र बुझाइएको समूहका अध्यक्ष चालिसेले जानकारी दिनुभयो ।

ज्ञापनपत्र बुझ्दै मन्त्री खड्काले वृद्धि भएको पर्यटन शुल्कबारे बुझेर मन्त्रीपरिषद्मा लैजाने प्रतिबद्धता जनाउनुभयो । सहिद पार्कले प्रदेशको आन्तरिक पर्यटनमा टेवा पुग्नुका साथै प्रदेश सरकारलाई पनि राम्रो राजस्व बुझाएको पाइएको भन्दै तर एक्कासि वृद्धि गरिएको पर्यटन शुल्कबारे अध्ययन गरेर आर्थिक मामिला तथा योजना मन्त्रालय तथा मन्त्रीपरिषद्मा लगिने उहाँले बताउनुभयो । साथै आगामी वर्ष पार्कको थप विकासका लागि के गर्न सकिन्छ वन समूहको राय सुझाव लिएर आवश्यक कदम चालिने उहाँको भनाइ छ ।

यस्तै मन्त्रालयका सचिव सञ्जीव कर्णले पनि ज्ञापनपत्रपछि मन्त्री पनि सकारात्मक भएको हुँदा मन्त्रालयले यसबारे अगाडि बढाउने जानकारी दिनुभयो । शुल्क के कति तोक्ने भन्ने विषय पर्यटन मन्त्रालयले गर्न नसक्ने भन्दै उहाँले आर्थिक ऐन अनुसार भएको हुँदा सोको पुनरवलोकनबारे सम्बन्धित मन्त्रालयमार्फत अगाडि बढाइने उल्लेख गर्नुभयो ।

**Rajpur Municipality**
**Rajpur , Rautahat**

**Invitation for Bids (Hard Copy)**

**Invitation for Bids No: 1/NCB/2083/084**
**First Date of publication: 2083/06/28 (14th Oct., 2026)**

1. Rajpur Municipality, Rajpur , Rautahat invites sealed bids from Nepalese eligible bidders for the following works mentioned below.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Rajpur Municipality, Rajpur , Rautahat.
3. A complete set of Bidding Documents may be purchased from the office Rajpur Municipality, Rajpur , Rautahat, Madhesh Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs. 5000.00 till 2083/07/17 (3rd Nov., 2026) during office hours.
   **Name of the Bank:** SBI Nepal, Rajpur, Rautahat
   **Name of Office**: Rajpur Municipality, Rajpur Farhadwa, Rautahat
   **Office Code no**:
   **Office Account no:** 43695241207004
   **Rajaswa (revenue) Shirshak no.:** G-1.1 Antarik Rajashwa Khatta
4. Pre-bid meeting shall be held at Rajpur Municipality, Rajpur , Rautahat at 2083/07/12 (29th Oct., 2026) at 11:00 hours.
5. Sealed bids (Hard Copy) must be submitted to the office Rajpur Municipality, Rajpur , Rautahat hand/courier before 12:00 Hrs. on 2083/07/18 (4th Nov., 2026). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2083/07/18 (4th Nov., 2026) at 13:00hours. at the office of Rajpur Municipality, Rajpur , Rautahat
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract No. | Project Name | Bid security Amounts NRs. | Minimum Average Annual Construction Turnover | Minimum Contracts of Similar Size and Nature | Bid Validity Period (Days) | Bid Fee NRs. | Rem. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Rajpurmun | Construction of Krishi Boring Jadan in Rajpur Municipality (राजपुर न.पा. भरीमा कृषि बोरिंग जडान ) | 5,60,000/- | 2,96,56,000.00 | One 4-inch Boring Construction Works of at least 20 m depth of NRs. 79,08,000/- | 90 Days | 5,000/- | |
| 2 | Rajpurmun | Construction of Ghodadhaul park in Rajpur Municipality | 16,00,000/- | 2,83,88,000.00 | 3,40,50,000/- | 90 Days | 5,000/- | |

**Administrative Officer**

**भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भक्तपुर जिल्ला, भ.न.पा. वडा नं. ८ भई हाल परिवर्तित वडा नं. ५, चासुखेल बस्ने ध्रुबराज शर्मा–१ समेतको बाजे/जिजु बाजे तुतु शर्मा भन्ने ऋध्दीराज शर्मा (राजोपाध्याय) का नाममा २०२१ सालमा नापनक्सा भएको निजकै श्रीमती पदम कुमारी उपाध्याय भन्ने हेमन्तेश्वरी शर्मा (राजोपाध्याय) को नाममा साबिक लगत ३ नं. सिपाडोल मौजा रैकरतर्फको सि.नं. २४ न.नं. ११४ रो–१।३॥' बाट भिड्ने दर्ता बाँकी तपसिलमा उल्लिखित कित्ता जग्गा भएकोमा निज साविबकवाला तुतु शर्मा भन्ने ऋध्दीराज शर्मा (राजोपाध्याय) मिति २०३२ मा तथा निजको श्रीमती पदम कुमारी उपाध्याय भन्ने हेमन्तेश्वरी शर्मा (राजोपाध्याय) मिति २०१६ मा परलोक पश्चात हकखाने छोराहरू बिरन्चीराज राजोपाध्याय (शर्मा)–१ चिरन्जीवी राज राजोपाध्याय (शर्मा)–१ समेत २ जना मात्र भएकोमा बिरन्चीराज राजोपाध्याय (शर्मा) मिति २०३१ मा तथा निजकी २ श्रीमतीहरूमा जेठी श्रीमती सुभद्रा देवी राजोपाध्याय (शर्मा) मिति २००८ मा निजकी छोरी जुनुमैया नावालक अवस्थामा मिति २०१२ मा आ–आफ्नै कालगती परलोक भएको । त्यस्तै निजकी कान्छी श्रीमती चण्डेश्वरी राजोपाध्याय (शर्मा) मिति २०५७।१०।२६ मा परलोक पश्चात हकखाने हकदार छोराहरू निवेदकहरूमध्ये ध्रुवराज शर्मा–१, जनार्दन राज शर्मा–१, सरोजन शर्मा १ समेत ३ जना भएको त्यस्तै कान्छो चिरन्जीवी राज राजोपाध्याय (शर्मा) मिति २०२८ सालमा तथा निजकी श्रीमती जननी देवी राजोपाध्याय (शर्मा) मिति २०२७ मा आ–आफ्नो कालगतीले परलोक पश्चात हक खाने १ मात्र छोरा राजु शर्मा मिति २०७५।११।०४ मा परलोक पश्चात हक खाने हकदारमा निजकी श्रीमती मन्जु शर्मा–१ छोरा राघवराज शर्मा–१, छोरी रोजी शर्मा–१ समेत ३ जना समेत गरी जम्मा हकदार ध्रुवराज शर्मा समेत ६ जनाले उल्लिखित कित्ता जग्गा दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन गरेकोले निज निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिब कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | जोताहा | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| भक्तपुर | सिपाडोल | ८।ख | ६११ | १–३–०–० | तुई धुकुछु भ.पु. चासुखेल | यो जग्गा भ.पु. चासुखेल बस्ने तुतु शर्माको हो जोती खाई आएको छु । |

**पुनश्चः** पदम कुमारी उपाध्याय र हेमन्तेश्वरी शर्मा (राजोपाध्याय) तथा तुतु शर्मा, लत शर्मा र ऋध्दिराज शर्मा (राजोपाध्याय) एकै व्यक्ति भएको किटानी सिफारिस भएको साथै मोठ भिडाउँदा मोठ फेला नपरेको लेखी आएको ।

**भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि., दधिकोट–७, हाल परिवर्तित सु.न.पा. वडा नं. ४ बस्ने मोहन बहादुर कार्की समेतले निजहरूका पिता तथा ससुरा नाताका नारायण कार्की भन्ने फौद सिं कार्कीको नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गाहरूको मोही फौद सिं कार्कीको मिति २०४५।०१।१७ मा मृत्यु भई, निजकी एकमात्र श्रीमती शिव कुमारी कार्कीको मिति २०५६।०६।१३ मा मृत्यु भई निजहरूको शेषपछि हक खाने हकदारमा जेठो छोरा छत्र बहादुर कार्कीको मिति २०६८।०९।२८ मा मृत्यु भई निजकी एकमात्र श्रीमती पम्फा कार्कि, फौद सिं कार्कीको माइलो छोरा नेत्र बहादुर कार्कीको मिति २०७८।११।०९ मा मृत्यु भई निजकी एकमात्र श्रीमती मखना कार्कि, फौद सिं कार्कीको कान्छो छोरा मोहन बहादुर कार्की समेत जना ३ मात्र हकदारहरू भएकोमा सो जग्गा हामी निवेदकहरूले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएको हुँदा बिर्ता उन्मूलन ऐन, २०१७ ले हामी निवेदकहरू पम्फा कार्कि, मखना कार्कि र मोहन बहादुर कार्की समेतका नाउँमा संयुक्त रै.प. दर्ता.ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत पेश गरेको २ नं. अनुसूची फेला नपरेको भनी लेखी आएको दधिकोट ६।ख कि.नं. २२४ मोही फौद सीं कार्की भएको दर्ता बाँकी मोठ कायम छ भनी लेखी आएको वडा नं. ६ ख कि.नं. २२९ र ७।घ २८७ मोठ खोजतलास गर्दा हालसम्म फेला नपरेको भनि लेखी आएको फिल्डबुकका ज.ध. टिकाराम पाध्यायलाई म्याद जारी गर्दा भूमि प्रशासन कार्यालय, डिल्लीबजारको सूचना पाटीमा टाँस भई आएको, फिल्डबुकका ज.ध. कृष्ण बहादुर कर्मीलाई म्याद जारी गर्दा म.थि.न.पा ४ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस भई आएको फिल्डबुकका ज.ध. पूर्वेलाई म्याद जारी गर्दा सु.न.पा. ४ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस भई आएको देखिँदा, यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुन नपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला, अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दधिकोट | ६/ख | २२४ | १–१–०–० | फौद सिं कार्की भ.पु.ई. सिकारी टार | यो जग्गा काजी नयाँबजार बस्ने टिका राम पाध्यायको नम्बरी हो मैले जोती खाई आएको छु । |
| दधिकोट | ६/ख | २२९ | १–१–०–० | फौद सिं कार्की भ.पु.ई. दधिकोट | यो जग्गा भ.पु.ई नासमारी बस्ने कृष्ण बहादुर कर्मीको नम्बरी हो मैले जोती खाई आएको छु । |

# विकासले फेरिँदै पहिचान

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, असोज २७ गते*

सडक र विद्युत् सेवाको अभावमा बाँकेको दुर्गम क्षेत्रका रूपमा चिनिँदै आएको नरैनापुर गाउँपालिकाको जनजीवन पछिल्ला वर्षमा फेरिँदै गएको छ।

हुलाकी सडक निर्माण र विद्युत् विस्तारसँगै गाउँपालिकाका बस्तीको आवागमन सहज बनेको छ भने स्थानीय उत्पादनको बजारीकरण र व्यापार व्यवसायमा समेत सहजता आएको छ।

जिल्ला सदरमुकाम नेपालगन्जबाट करिब ४४ किलोमिटर टाढा रहेको नरैनापुरमा विगतमा पुग्न दिनभर लाग्ने अवस्था थियो। सडकको असुविधा र विद्युत् सेवाको अभावका कारण स्थानीयले दैनिक जीवनमा अनेक समस्या भोग्नु परेको थियो। अहिले सडक र विद्युत् सेवाको विस्तारसँगै उक्त अवस्था क्रमश: बदलिँदै गएको स्थानीय बताउँछन्।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहका अनुसार नेपालगन्ज–बघौडा ४४ किलोमिटर हुलाकी सडक निर्माण र कोहलपुर–धामपुर–सुइया–बघौडा विद्युत् विस्तारले क्षेत्रको विकासमा महत्त्वपूर्ण परिवर्तन ल्याएको छ। उहाँले सडक र विद्युत् सेवासँगै अन्य विकासनिर्माणका काम अघि बढ्दा नरैनापुरको पहिचानसमेत फेरिँदै गएको बताउनुभयो।

सडक निर्माणपछि नेपालगन्जबाट नरैनापुरसम्म बस, जिप, ट्याक्टर र मोटरसाइकल सञ्चालन सहज भएको छ। जिल्ला समन्वय समिति बाँकेका पूर्वप्रमुख तथा स्थानीय अजय श्रीवास्तवका अनुसार कालोपत्रे सडक बनेपछि गाउँ र सहरबिचको दुरी घटेको छ।

सडक सञ्जाल विस्तार भएपछि विगतमा भारतको बजारमा बढी निर्भर रहनुपर्ने अवस्थासमेत घट्दै गएको स्थानीयको भनाइ छ। गाउँमा उत्पादित वस्तु नेपालगन्जसम्म पुऱ्याउन सहज भएपछि किसानलाई बजार खोज्न र व्यापारीलाई सामान ढुवानी गर्न सहज भएको छ। यातायातका साधनको पहुँच बढेसँगै गाउँमा व्यापार व्यवसाय गर्नेको सङ्ख्या पनि बढ्न थालेको स्थानीय बताउँछन्।

नरैनापुरको मटेहियाका स्थानीय विक्रम यादवले सडक सञ्जालले स्वास्थ्य, शिक्षा, खानेपानी र यातायात जस्ता सेवामा पहुँच बढाउन सहयोग गरेको बताउनुभयो। सडक र विद्युत् विस्तारसँगै दैनिक कामकाज सहज भएको उहाँको भनाइ छ।

अर्का स्थानीय दिनेश पौर्यले सडक बनेपछि गाउँमा सामान ढुवानी गर्न सहज भएको र चहलपहल बढेको बताउनुभयो। उहाँले घर घरमै सवारीसाधनबाट सामान पुऱ्याउन सकिने अवस्थाले स्थानीयको दैनिकी सहज बनाएको उल्लेख गर्नुभयो।

सडक तथा विद्युत् सेवाको विस्तारले नरैनापुरमा विकासका थप सम्भावना खोलेको स्थानीयको भनाइ छ। यातायातको सहज पहुँच, नियमित विद्युत् सेवा र बजारसँगको सम्बन्ध विस्तारलाई दिगो बनाउन स्वास्थ्य, शिक्षा, खानेपानी तथा अन्य आधारभूत सेवाको गुणस्तर सुधारमा पनि जोड दिनुपर्ने स्थानीयको भनाइ छ।

# काठ चोरी हुन थालेपछि रात्रिकालीन गस्ती



वन जोगाउन गस्ती गर्दै उपभोक्ता।
*तस्बिर : ज्योति पन्थी*

**ज्योति पन्थी**
*बबई (बर्दिया), असोज २७ गते*

- उपभोक्ताले दुःख गरेर हुर्काएको वनमा उनीहरूलाई नै काठदाउरा उपयोग गर्नबाट वञ्चित गरिएपछि चोरी बढेको भनाइ।
- सामुदायिक वनमा सुकेका तथा ढलेका रुखको व्यवस्थापनमा डिभिजन वन कार्यालयले पर्याप्त चासो नदिएको आरोप
- वन संरक्षणका लागि रातिको समयमा गस्ती गर्दा वन्यजन्तुको आक्रमणको जोखिमसमेत बढेको स्थानीयको गुनासो

बर्दियाको गुलरिया नगरपालिकास्थित भृकुटी महिला सामुदायिक वनमा काठ चोरी बढेपछि स्थानीय उपभोक्ताले रात्रिकालीन गस्ती सुरु गरेका छन्। वनभित्रका रुख काटेर चोरीनिकासी हुन थालेपछि वन संरक्षणका लागि रातिको समयमा समेत निगरानी गर्नु परेको स्थानीयले बताएका छन्।

रातिको समयमा रुख काटेर लैजाने गरेको पाइएपछि यसअघि दिउँसो मात्रै वनको रेखदेख गर्दै आएका उपभोक्ताले रातिको समयमा गस्ती बढाएका हुन्। बबई नदीको बगरमा वृक्षरोपण गरेर स्थापना गरिएको उक्त सामुदायिक वन ३१ हेक्टर क्षेत्रफलमा फैलिएको छ।

स्थानीयका अनुसार बगरको जग्गामा अतिक्रमण बढ्न थालेपछि उपभोक्ताले विभिन्न प्रजातिका रुख रोपेर वनक्षेत्र विकास गरेका थिए तर पछिल्लो समय दिगो वन व्यवस्थापनका नाममा वनबाट उत्पादित काठदाउरा उपभोग गर्न नपाएको भन्दै उनीहरूले असन्तुष्टि जनाएका छन्। उपभोक्ताले वन संरक्षणमा गरेको मेहनतको प्रतिफल उपयोग गर्न नपाउँदा चोरीनिकासी नियन्त्रणमा समेत समस्या देखिएको उनीहरूको भनाइ छ।

गुलरिया नगरपालिका–५, कोटही टोलकी सीता उपाध्यायले उपभोक्ताले दुःख गरेर हुर्काएको वनमा उनीहरूलाई नै काठदाउरा उपयोग गर्नबाट वञ्चित गरिएपछि चोरी बढेको बताउनुभयो। यद्यपि उहाँले वनमा रुख काटेर लैजान थालेपछि संरक्षणका लागि राति पनि गस्ती गर्नु परेको बताउनुभयो।

गुलरिया नगरपालिका–५, फूलबारी टोलका वसन्त शर्माले सामुदायिक वनमा सुकेका तथा ढलेका रुखको व्यवस्थापनमा डिभिजन वन कार्यालयले पर्याप्त चासो नदिएको आरोप बताउनुभयो। त्यस्ता रुखको उचित व्यवस्थापन नहुँदा वनक्षेत्रमा चोरी तस्करी बढेको उहाँको भनाइ छ।

भृकुटी महिला सामुदायिक वनकी अध्यक्ष शान्ता ज्ञवालीले वन जोगाउन उपभोक्ता आफैँले गस्ती गर्नु परेको बताउनुभयो। उहाँले वनक्षेत्रमा चोरी बढेपछि नियमित निगरानी गर्नुपर्ने अवस्था आएको बताउनुभयो।

वन संरक्षणका लागि रातिको समयमा गस्ती गर्दा वन्यजन्तुको आक्रमणको जोखिमसमेत बढेको स्थानीयको गुनासो छ। बर्दियामा वन्यजन्तुको आक्रमणबाट जनधनको क्षति भइरहेका बेला राति वनक्षेत्रमा खटिनु पर्दा थप जोखिम मोल्नु परेको उनीहरूले बताएका छन्।

डिभिजन वन कार्यालय बर्दियाका निमित्त प्रमुख टोलकराज चापागाईंले सामुदायिक वनको सुरक्षाका लागि कार्यालयले सहयोग गर्ने बताउनुभयो। चोरीनिकासीमा संलग्न व्यक्तिको पहिचान गरी नियन्त्रण गर्न सके वन संरक्षणमा सहज हुने उहाँको भनाइ छ।

बर्दियाका सामुदायिक वनमा दसैँ, तिहारलगायतका चाडपर्वका बेला काठ चोरी हुने गरेको स्थानीयको भनाइ छ। जिल्लाका विभिन्न सामुदायिक वनका उपभोक्ताले नियमित गस्ती गर्दै आए पनि भृकुटी महिला सामुदायिक वनमा रातिको समयमा समेत चोरी हुन थालेपछि संरक्षणमा चुनौती थपिएको छ।

# धुर्कोटमा सङ्ग्रहालय



धुर्कोट दरबारस्थित सङ्ग्रहालय।

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), असोज २७ गते*

गुल्मीको धुर्कोट गाउँपालिका रजस्थलको धुर्कोट दरबारमा ऐतिहासिक सङ्ग्रहालय निर्माण गरिएको छ। सङ्ग्रहालयमा नयाँ पुस्तालाई पुर्खाको गाउँले जीवन झल्काउने १५० भन्दा बढी सामग्री राखिएका छन्।

धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोख्रेलका अनुसार सङ्ग्रहालयमा स्थानीय रूपमा प्रयोग गर्ने मदानी, ठेकी, खुत्रुके, हलो, जुवा, कोदालो, फरुवा, जोतारालगायतका सामग्री राखिएका छन्। त्यसै गरी डोको, नाम्लो, विभिन्न देवीदेवताका मूर्ति, काठ तथा फलामबाट बनेका विभिन्न सामग्री पनि सङ्ग्रहालयमा राखिएको छ।

पोख्रेलले धुर्कोट कोटमा साढे दुई करोड रुपियाँ बजेट खर्च गरेर सङ्ग्रहालय निर्माण गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो नयाँ पुस्ताका लागि अध्ययन केन्द्र हो। ऐतिहासिक दरबारमा भएकाले यसलाई पर्यटनसँग जोडेर अगाडि बढाएका छौँ।"

धुर्कोट गाउँपालिकाले वडा नं. ५, वस्तुमा दुई करोड रुपियाँको लागतमा शैक्षिक सङ्ग्रहालय पनि निर्माण गरिरहेको छ। गाउँपालिकाका अध्यक्ष पोख्रेलका अनुसार सय वर्षको धुर्कोटको शैक्षिक इतिहासलाई जोडेर शैक्षिक सङ्ग्रहालय निर्माण गरिएको छ। अहिले सङ्ग्रहालयको व्यवस्थापकीय काम भइरहेको छ।

धुर्कोट दरबारको ऐतिहासिक सङ्ग्रहालय अवलोकनका लागि खुला गरिएको छ। धुर्कोट गाउँपालिकाका उपाध्यक्ष सीता गिरीले दरबार सङ्ग्रहालयमा पाहुनाका लागि स्थानीय मौलिक उत्पादनबाट खाना, खाजासहित आवासीय सुविधा पनि प्रदान गरिएको बताउनुभयो।

उहाँले व्यवस्थापकीय कामको सहजीकरणका लागि आवाससहितको खाना, खाजा र सङ्ग्रहालय अवलोकनका लागि न्यूनतम शुल्क तोकिएको बताउनुभयो। धुर्कोट गाउँपालिकामा विचित्र गुफा पनि रहेको छ। गाउँपालिकाले मदन भण्डारी राजमार्गबाट १५ मिनेटको दुरीमा पर्ने विचित्र गुफा, ऐतिहासिक धुर्कोट दरबार, बुढीकोट ग्रेटवाल, धुर्कोट सहिद पार्कसहित वडाका पर्यटकीय संरचना निर्माण गरेको छ।

गुल्मी उद्योग वाणिज्य सङ्घका महासचिव चेतनारायण पाण्डेले रुरुक्षेत्र, रेसुङ्गा, धुर्कोट हुँदै मदानेबाट प्युठान जाने मदन भण्डारी राजमार्गनजिकका पर्यटकीय तथा धार्मिक स्थल आर्थिक समृद्धिको आधार भएकाले धुर्कोट गाउँपालिकाले गरेका काम प्रशंसनीय रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "धुर्कोटमा सङ्ग्रहालयसहितका धार्मिक तथा पर्यटकीय संरचनाको विकासका थुप्रै काम भएका छन्।"


## बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
बेलबारी, मोरङ

### सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति: २०८३/०६/२८)

आ.व.२०८३/०८४ मा बेलबारी नगरपालिकाको कार्यालयको तपसिल बमोजिमको कार्य प्रचलित कानुनबमोजिम सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त बोलपत्रदाताबाट सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रितपूर्वक बोलपत्र पेश गर्नका लागि सूचना आह्वान गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

तपसिल

| क्र. सं. | ठेक्का न. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट बाहेक र पी. एस सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रकम रु. | कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/W/NCB-08-2083/084 | Janata Madhmik Radhanagar School FF Building Construction Belbari-06 Morang | 92,86,718.64 | 2,79,000.00 | 3,000.00 | २०८४/०२/२० |
| २ | BM/MOR/W/NCB-09-2083/084 | Aanam chok Mati Gaau Hudai ward na. 9 Nalbari sadak Nirantarta Belbari-9,10 | 1,17,65,193.07 | 3,55,000.00 | 3,000.00 | २०८४/०२/२० |
| २ | BM/MOR/G/NCB-03-2083/084 | Supply & Delivery Stationary and Goods | - | 1,06,000.00 | 3,000.00 | २०८३/०९/१५ |

नोट:
- बोलपत्र आंशिक वा पूर्णरूपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत हुनेछ।
- बोलपत्रको धरौटी रकम (Bank Name: Rastriya Banijya Bank Ltd. Bank Address: Belbari Account Name: Belbari NA.PA.(GA-3) -DHARAUTI ACCOUT Account Number: २४३०१००३०३००००२) जम्मा गर्न पनि सकिनेछ।
- बोलपत्र दस्तुर रकम सुत्र र राजश्वमा Name of the Bank: Rastriya Banijya Bank Ltd. Name of the Office: Belbari Municipality, Morang. Office Code no: ८०१०११३०४. Office Account no: २४३०१००३०१०१०००२ Rajaswa (revenue) Shirshak no: १४२२९ जम्मा गरी वा बेलबारी नगरपालिकाको कार्यालयमा अन्तिम मिति, समय २०८३/०७/१७ गते दिनको ५ :०० बजेसम्म जम्मा गरी बोलपत्र कागजात खरिद गर्न सकिनेछ।
- बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति, समय र स्थान २०८३/०७/१८ गते दिनको १२:०० बजे बेलबारी नगरपालिकाको कार्यालयमा हुनेछ।
- बोलपत्र पेश गर्दा बोलपत्र दाता वा बोलपत्र दाताको प्रतिनिधि स्वयम् उपस्थित भई बोलपत्र कागजातलाई खामबन्दी गरी लाहा छाप लगाइ पेस गर्नुपर्नेछ।
- बोलपत्र खोलिने मिति, समय र स्थान २०८३/०७/१८ गते दिनको २:०० बजे बेलबारी नगरपालिकाको कार्यालयमा हुनेछ।
- बोलपत्र दर्ता गर्ने दिन सार्जनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ।
- बोलपत्र सम्बन्धी कागजात यस कार्यालयबाट वा नगरपालिकाको website: belbarimun.gov.np बाट download गरी समेत प्राप्त गर्न सकिनेछ।
- बोलपत्र फाराममा उल्लिखित प्रत्येक कामको दररेट (मूल्य अभिवृद्धि कर बाहेक) अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ। अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक वा अक्षरलाई मान्यता दिइने छैन।
- सूचनामा उल्लिखित सर्तहरूमा थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएको अन्य विषयहरू सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुनबमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Nepal Electricity Authority
### Invitation for Bids
(Date of publication 14th October, 2026 (28/06/2083)

| Name of Office | Tender No./ Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Bagmati Province Division Office, Hetauda (Tel. No : 057-522520 | NEA/BPDOH/ 2083/084-01 | Supply and Delivery of Transformer Oil |
| Dhalkebar Grid Division, Dhanusha ( Tel No : 041-560229.) | DGD-2083/ 084-05-RE (SQ) | Supply & Delivery of Stationery, Cleaning & other supplies Goods at Dhalkebar Grid Division |
| Lalbandi Distribution Centre (Tel No.046-501733) | NEA/LDC/2083/ 084/SQ-01 | Supply and Delivery of Line Material and Miscellaneous Items. |
| | NEA/LDC/ 2083/084/SQ-02 | Supply and Delivery of Stationery and Miscellaneous Items. |

Please visit official website of NEA (www.nea.org.np) for more details.



Government of Nepal
Ministry of Infrastructure Development
## Department of Roads
Internal Management Unit
Chakupat, Lalitpur

### Notice of Intention to Accept the Bid

**Bid Notice No.: 01-IMU/NCB/083/84**
**Date: 2083/06/28**

This is to notify all the concerned bidders, in accordance with Sections 27 and 47 of the Public Procurement Act, 2063 and the Instructions to Bidders, that we intend to award the following contract, as recommended by the Bid Evaluation Committee, to the bidder whose bid has been selected as the substantially responsive evaluated bid closest to the Average Bid Price.

| Name of Contract and Contract Identification No. | Name and Address of Bidder | Bid Price (NRs.) including VAT |
|---|---|---|
| **Supply and Delivery of DOR's Stationery Goods, Chakupat, Lalitpur 01-IMU/NCB/083/84** | S K Trade & Suppliers Buddhanagar, Kathmandu | **30,14,173.30** |

**Chief Internal Management Unit Department of Roads**



नेपाल वायुसेवा
## नेपाल वायुसेवा निगम
साधारण सेवा तथा सम्पत्ती व्यवस्थापन विभाग
न्यूरोड, कान्तिपथ, काठमाडौँ

### बोलपत्र आह्वान सम्बन्धमा

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०६/२८)

यस निगमलाई आ.व. २०८३/०८४ का लागि तपसिलमा उल्लेखित सामानहरू आवश्यक भई बोलपत्रको प्रक्रियामार्फत खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन ऐन, २०८३ समेत) को दफा १४, सार्वजनिक खरिद नियमावली, २०६४ (सोह्रौँ संशोधन नियमावली, २०८३ समेत) को नियम ३१ तथा निगमको आर्थिक विनियमावली, २०६५ (२०८१ चैत्रसम्म) को विनियम ९६ [१(ग)] बमोजिम राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा योग्य तथा इच्छुक बोलपत्रदाताहरूले बोलपत्रमा उल्लेखित शर्तहरू पालना हुने गरी निगमको साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागबाट बोलपत्रसम्बन्धी कागजात खरिद गरी रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विवरण | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Supply and Delivery of Packaged Processed Pure Drinking Water for International Flights of NAC & Supply and Delivery of Drinking Water (20 Ltr. Jar) | ३०००/- | २०८३/०७/१७ (कार्यालय समय भित्र) | २०८३/०७/१८ (दिनको १२ बजे भित्र) | २०८३/०७/१८ (दिनको २ बजे) | |

बोलपत्रदाताले तोकिएको दस्तुर बापतको रकम नेपाल वायुसेवा निगमको, राष्ट्रिय वाणिज्य बैंक लि. मा रहेको खाता न. १०९०१००००००१३००६ (१०९०१००००००१३००६) मा जम्मा गरेको सक्कल भौचरसहित बोलपत्र फारम निगमको साधारण सेवा तथा सम्पत्ती व्यवस्थापन विभागबाट खरिद गरी तोकिएको समयभित्र पेश गर्नु हुन सूचित गरिन्छ। यस सूचनाका सम्बन्धमा थप जानकारीका लागि निगमको वेबसाइट **www.nepalairlines.com.np** का साथै निगमको खरिद शाखामा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क फोन नं. ०१-५७१८५७८, ४२२०७५७ एक्सटेन्सन नं. २२१२**



नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रहरी कार्यालय, वीरगञ्ज,पर्सा
(आर्थिक प्रशासन शाखा)

### बोलपत्र स्वीकृत गर्ने आशयको शूचना

**प्रकाशित मिति २०८३/०६/२८ गते**

यस कार्यालयबाट मिति २०८३।०४।०६ गते बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचना अनुसार देहायका उल्लेखित बोलपत्रदाताको कबोल अङ्कको औसत अङ्कसँग सबैभन्दा नजिक देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ (१) बमोजिम छनौट भएकोले ऐ.ऐनको प्रयोजनार्थ यो आशयको सूचना जारी गरिएको छ। **तपशिल**

| S. N | IFB NO. | Description of work | Bidder's Name | Bid Price Rs. (with VAT & PS ) |
|---|---|---|---|---|
| 1 | NCB/APOT/ OBMAW/REG/ 2083-084/02 | Construction of Office/Barrack Building, Mess Block and Allied work for Area Police Office, Thori Parsa | M/S Upahar/Jamuna/Sunshine Paterwa,Sughauli Ga.Pa-03. | 4,42,37,186.77 |

**कार्यालय प्रमुख**



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक विभाग**
**उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय**
## तमोर कोरिडोर (चतरा-मूलघाट-सुभाङखोला) सडक योजना
धरान, सुनसरी

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०६/२८ (14th October, 2026)

यस कार्यालयबाट मिति २०८३/०६/२१ गतेको गोरखापत्र दैनिकमा प्रकाशित ठेक्का नं. TC(CMS)RP/33701174/082/83-01 को आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना प्रकाशित गरिएकोमा विशेष कारणवश आर्थिक प्रस्ताव खोल्ने मिति र समय देहायबमोजिम परिवर्तन भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (७) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५घ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | साबिक सूचना बमोजिमको मिति, समय र स्थान | परिवर्तित मिति, समय र स्थान |
|---|---|---|
| १ | **मिति र समय:** २०८३/०६/२८ गते (14th October, 2026) दिनको ११:०० बजे<br>स्थान: तमोर कोरिडोर (चतरा-मूलघाट-सुभाङखोला) सडक योजना, धरान, सुनसरी | **मिति र समय:** २०८३/०७/१३ गते (30th October, 2026) दिनको ११:०० बजे<br>स्थान: तमोर कोरिडोर (चतरा-मूलघाट-सुभाङखोला) सडक योजना, धरान, सुनसरी |

**योजना प्रमुख**



नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
## सिंहदरबार वैद्यखाना विकास समिति
अनामनगर, काठमाडौँ

### बोलपत्र आह्वानसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/२८ गते**

यस सिंहदरबार वैद्यखाना विकास समितिलाई आ.व. २०८३/०८४ को लागि आवश्यक तपसिल बमोजिमको मालसामान बोलपत्रको माध्यमद्वारा खरिद गर्न आवश्यक परेकोले सार्वजनिक खरिद ऐनको दफा १४.१ बमोजिम सिलबन्दी बोलपत्र (Hardcopy Bidding) आह्वान गरिएको छ। बोलपत्रमा सहभागी हुन इच्छुक इजाजत प्राप्त कम्पनी, फर्म/संस्थाले २१ दिन भित्र यस सिंहदरबार वैद्यखाना विकास समितिको कार्यालय अनामनगर, काठमाडौंमा सम्पर्क गर्न वा विस्तृत जानकारीका लागि यस कार्यालयको website www.sdvkvs.gov.np मा हेर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| S. N. | Contract No. | Description | Cost of bidding document (NRS.) | Security Amount (NRS.) |
|---|---|---|---|---|
| 1 | IFB No. 3/2083/84/SDVK NCB -3/083/84SDVK | Procurement of Material Including Printing of Label, cardboard Box, Aluminum foil, Cartoon Box and Other Materials | 3,000.00 | 90,000.00 |

# बाटो अवरुद्ध हुँदा दुर्गमको जनजीवन प्रभावित

**गुणबहादुर रोका**
*सुलीकोट (गोरखा), असोज २७ गते*

बुढीगण्डकी नदीमा आएको बाढीले उत्तरी गोरखाका आवगमन मार्गमा क्षति पुऱ्याएपछि दुर्गम बस्तीमा खाद्यान्न आपूर्ति प्रभावित हुने चिन्ता बढेको छ। सडक सञ्जालले नछोएको चुमनुब्री गाउँपालिकाका बासिन्दा दैनिक उपभोग्य वस्तु ढुवानीका लागि खच्चडमै निर्भर हुन्छन्।

गत असोज २५ गते आइतबार बुढीगण्डकी नदीमा आएको बाढीले नदी किनारका बस्ती तथा पूर्वाधारमा क्षति पुऱ्याएको छ। यसअघि गत भदौ २१ गते थेराङखोला र बुढीगण्डकीमा आएको बाढीले नामरुङ र सुक्सपका पुल बगाएपछि मनास्लु क्षेत्रमा खच्चडबाट सामान ढुवानी सेवा अवरुद्ध भएको थियो। बाटो जोखिमपूर्ण बनेपछि खच्चड आवागमनमा रोक लगाइएको थियो।

एक महिनापछि सामागाउँमा रोकिएका खच्चड बाटो मर्मतसम्भारपछि पुनः सञ्चालनमा आएका थिए। शुक्रबारदेखि ढुवानी सेवा सुरु भएसँगै खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको अभाव हुने जोखिम केही कम भएपनि असोज २५ गतेको बाढीले पुनः ढुवानी मार्ग सबै बगाएर लगेपछि खाद्यान्न आपूर्तिको अवस्था चुनौतीपूर्ण बन्न सक्ने चिन्ता बढेको खच्चड व्यवसयायी विषबहादुर गुरुङले बताउनुभयो। चुमनुब्री गाउँपालिकाका वडा नं १, २, ४, ५, ६ र ७ का दर्जनौँ गाउँबस्तीमा खाद्यान्न, नुन तेल तथा अन्य अत्यावश्यक सामग्री पुऱ्याउने प्रमुख माध्यम खच्चड हो। उत्तरी गोरखाको चुमनुब्री क्षेत्रमा एक हजारभन्दा बढी खच्चडबाट सामान ढुवानी हुँदै आएको छ। बाढीपहिरोका कारण बाटो र पुलमा क्षति पुग्दा ढुवानी सेवा प्रभावित हुने र त्यसको प्रत्यक्ष असर स्थानीयको दैनिकीमा पर्ने गरेको छ।

### बेपत्ताको खोजी र राहतको पर्खाइ

बुढीगण्डकी नदी र आसपासका खोलामा आएको बाढीले घर, पुल, सडक तथा अन्य भौतिक संरचना बगाएको छ भने सुक्खा पहिरोले पशुचौपायासमेत बगाएको छ। विपत्मा परी पाँच जना सर्म्पकविहीन छन्। घरबास गुमाएका परिवार र सडक सम्पर्कविच्छेद भएका बस्तीका बासिन्दा राहतको पर्खाइमा छन्।

जिल्ला विपत् न्यूनीकरण तथा व्यवस्थापन समितिको विवरण अनुसार चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकाका विभिन्न बस्तीमा ठुलो क्षति पुगेको छ। आरुघाट गाउँपालिका–५, शान्तिबजारमा ४४ वटा घर पुरिएका छन्। चुमनुब्री गाउँपालिका–३, पैयुमा करिब ३६ घर पुरिएका छन् भने आरुघाट गाउँपालिका–३ सोतीमा १९ घर पुरिएको छ। जिल्लाभर १४६ घरमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ।

जिल्लाभर १४६ घरमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ। चुमनुब्री–३ घट्टेखोलामा दुधपोखरी आमा समूहको तीनकोठे भवन विकास प्राथमिक विद्यालयको पाँचकोठे भवन बाढीले बगाएको छ। सल्लेरीस्थित निर्माणाधीन सहज ऊर्जा पावर हाउस तथा आसपासका घरमा पनि क्षति पुगेको छ। धार्चे गाउँपालिकाका यारुबगर, दोभान, माछीखोला र तातोपानीलगायतका क्षेत्रसमेत प्रभावित भएका छन्।

चुमनुब्री गाउँपालिका–६, उइनगुर्लुङमा सिरिङ्गे हिमालबाट आएको हिमपहिरोले करिब चार वटा गोठ र १४० देखि १५० वटा चौँरीगाई, भेडाबाख्रा तथा अन्य पशुचौपाया बगाएको छ। पशुपालनमा निर्भर स्थानीयका लागि यो ठुलो आर्थिक क्षति हो। बगर क्षेत्रमा तीन वटा सवारीसाधनसमेत बाढीले बगाएको छ।

यस्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको प्रयासमा आइतबारदेखि सोमबारसम्म ३१४ जनालाई उद्धार गरिएको विवरण छ। उद्धार गरिएकामध्ये २९५ जना नेपाली र १९ जना विदेशी नागरिक छन् तर चुमनुब्री गाउँपालिका–६, चुन्चेतका पाँच जना सम्पर्कविहीन छन्। उनीहरूको खोजीकार्य र अवस्थाबारे थप जानकारी सङ्कलन गर्न चुनौतीपूर्ण बनेको छ। बाढी तथा पहिरोबाट भएको क्षतिको समीक्षा गर्न जिल्ला विपत् न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठक असोज २६ गते बसेको थियो। बैठकले हेलिकोप्टरमार्फत उद्धार तथा राहत वितरणलाई निरन्तरता दिन उडानको व्यवस्था गर्न अनुरोध गर्ने र एकद्वार प्रणालीमार्फत राहत व्यवस्थापन गर्ने निर्णय गरेको छ।



**दैनिक उपभोग्य वस्तु ढुवानीमा प्रयोग भएका खच्चड।**

*तस्विर : गुणबहादुर रोका*

> उत्तरी गोरखाको चुमनुब्री क्षेत्रमा एक हजारभन्दा बढी खच्चडबाट सामान ढुवानी हुँदै आएको छ। बाढीपहिरोका कारण बाटो र पुलमा क्षति पुग्दा ढुवानी सेवा प्रभावित हुने र त्यसको प्रत्यक्ष असर स्थानीयको दैनिकीमा पर्ने गरेको छ।

### उत्तरी गोरखाको सडक सम्पर्कविच्छेद

यस्तै आरुघाट गाउँपालिका–३ स्थित छेपारेभिरनजिकै सडक कटान हुँदा उत्तरी गोरखा पुग्ने मुख्य सडक नै बाढीले लगेपछि सवारीसाधन आवतजावत गर्न सकेका छैनन्। धार्चे गाउँपालिकाको खोर्लाबेसीँदेखि घट्टेखोलासम्मको सडकको अवस्था झनै नाजुक छ। कतिपय स्थानमा नदी सडकबाटै बगिरहेको र पैदल हिँड्ने बाटोसमेत नरहेको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभयो। छेपारेखोलाबाट सोतीतर्फ करिब सय मिटरअगाडि सडक भासिएको आरुघाट गाउँपालिका–३ का वडाध्यक्ष टेकबहादुर अधिकारीले जानकारी दिनुभयो। नदी सडकतर्फ सोफिएर बगेकाले सडक खुलाउन चुनौती भएको वडाध्यक्ष अधिकारीको भनाइ छ।

जोखिमका कारण यसअघि जेसिभी प्रयोग गर्न नसकिएको र सोमबारबाट ठुलो एक्साभेटर ल्याएर सडक खुलाउने तयारी गरिएको छ। बाढीले सोतीखण्डमा सडकसम्मै लेदो थुपारेको छ। सोमबार दिनभर उक्त लेदो हटाउन जेसिभी परिचालन गरिए पनि सडक कटान भएको स्थानमा थप भासिने जोखिमसमेत रहेकाले मर्मत कार्य सावधानीपूर्वक गर्दै आएको गोरखाका प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले बताउनुभयो।

यस्तै धार्चे गाउँपालिका–३, खोर्लाबेँसी र तातोपानीबिचको सडक पनि बुढीगण्डकीको कटानमा परेको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङको भनाइ छ। उत्तरी गोरखा पुग्ने छेपारेभिरको सडक खुले माछाखोलासम्म सवारीसाधन सञ्चालन गर्न सकिने भए पनि खोर्लाबेँसी–तातोपानी खण्डमा नदी बगिरहेकाले पैदल आवगमनसमेत सम्भव नभएको अध्यक्ष गुरुङले बताउनुभयो। बाढीपछि उत्तरी गोरखामा टेलिफोन सम्पर्कविच्छेद हुँदा लुसिराङ क्षेत्रका बासिन्दाको अवस्थाबारे जानकारी लिनसमेत कठिन भएको छ। त्यहाँ रहेका पाँच घरपरिवारको अवस्था बुझ्न तीन जना युवालाई भिरको बाटो हुँदै पठाइएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो।

सडक योजना कार्यालय गोरखाका प्रमुख विनोद पुनका अनुसार छेपारेभिरनजिकै सडक खुलाउने काम सोमबार बिहानदेखि भइरहेको छ। बेनीघाट–आरुघाट–लार्के सडकका विभिन्न स्थानमा बाढीले बगाएर ल्याएका लेदो र माटो थुप्रिएका छन्। सडक अवरुद्ध हुँदा उत्तरी गोरखाको आवागमन, ढुवानी तथा दैनिक जनजीवन प्रभावित बनेको छ। बुढीगण्डकीमा बाढी आएको दिन आइतबारदेखि नै सडक योजना कार्यालय गोरखा, पूर्वाधार विकास कार्यालय गोरखा र सघन सहरी विकास कार्यालयको कार्यालय प्रमुखसहितको टोली नै आरुघाटमा रही सडक खुलाउन लागि परिरहेको गोरखाका प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले बताउनुभयो।

### पाँच हजार घरधुरी विद्युत्विहीन

यसै गरी उत्तरी गोरखाका करिब पाँच हजार घरधुरी विद्युतविहीन बनेका छन्। बाढीले जलविद्युत् आयोजना बगाएपछि चुमनुब्री गाउँपालिका–३ र ६ नम्बर वडाका लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आँगा, नाम्चेत घट्टेखोला, जगत, सल्लेरी, पाङसिङ, सिर्दीवास र जगत्मा विद्युत् अवरुद्ध भई पाँच हजार घरधुरी अन्धकार भएको सिर्दीवास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरुङले बताउनुभयो।

कालीगण्डकी दोहन

# बग्यो पुल, बस्ती बन्यो बगर

**बागलुङ समाचारदाता**
*बागलुङ, असोज २७ गते*

पछिल्लो समय कालीगण्डकी नदी दोहनको क्रम बढिरहेको छ। नदीको धार नै परिवर्तन हुने गरी नदीजन्य सामग्री उत्खनन गरिएको छ। गत असोज ११ गतेको बाढीले मालढुङ्गास्थित कालीगण्डकी पुल बगायो, लस्ती बजार बगरमा परिणत भयो। यस्तै ५० वर्षदेखि बसेका बस्तीमा यसअघि बाढीले क्षति नगरेको, अहिले क्षति गर्नुमा नदीको धार परिवर्तन प्रमुख कारण भएको पीडित बताउँछन्। गत वर्ष नै कालीगण्डकी पुलको पर्खाल भत्केको थियो। समयमै मर्मत नहुँदा असोजको बाढीले पुलको पहुँचमार्ग बगायो। "नदी आफ्नो गतिमा हिँड्न पाउन्जेल आसपासका बस्ती र पुलमा कहिले क्षति भएको थाहा पाएनौँ, जथाभावी कालीगण्डकी दोहन गर्दा नदी बस्तीतर्फ मोडियो," लस्तीका भरत आचार्यले भन्नुभयो। धार परिवर्तन गर्ने र नदीमै खाल्टाखुल्टी पार्ने कामले जमिन र बस्ती बग्ने गरी क्षति भएको आचार्यले गुनासो गर्नुभयो।

कालीगण्डकीमा आएको बाढीले पर्वतको जलजला गाउँपालिका–८, लस्ती र फर्से बजारमा भौतिक तथा आर्थिक क्षति पुऱ्याएको छ। बाढीले यहाँका २५ घर र गोठ बगाएको छ भने ७१ भन्दा बढी घरमा बस्नै नमिल्ने गरी क्षति पुऱ्याएको छ। जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमरबहादुर थापा नदी दोहनले अहिलेको क्षति भएकोमा आंशिक सत्यता भएको बताउनुहुन्छ। नदीमा एक्साभेटर लगाएर दोहन गर्ने, प्रतिबन्ध लगाएको असार, साउन र भदौमा पनि नदीजन्य पदार्थ निकाल्ने, पानीको धार परिवर्तन गरेर दोहन गर्ने कार्यले अहिलेको सङ्कट निम्त्याएको थापाले बताउनुभयो। पर्वतको लस्ती, सहश्रधारा, बागलुङको गलुवा र कालाखोलामा भइरहेको नदी दोहनले आसपासमा क्षति गरेको देखिएको हो। "जुन स्थानमा नदीको धार परिवर्तन गरी दोहन भएको छ, त्यसको अर्को दिशामा सडक र बस्तीसमेत बगेको छ," थापाले भन्नुभयो। असोज ११ को बाढीले बागलुङको कालाखोलामा पनि घरगोठ बगेका छन्। नियरघाटको पक्की सडक, लस्तीको झोलुङ्गे पुल र पर्वतको सहश्रधाराको पोखरा–बागलुङ सडकसमेत बगेको थियो। कालीगण्डकी पुलको पूर्वी खण्ड बग्दा १६ दिनको प्रयास र दुई करोड खर्चिएर मर्मत गरिएपछि अस्थायी रूपमा पुल सञ्चालनमा आएको छ।

यस्तै कालीगण्डकी बचाऔँ अभियानको अगुवाइ गर्दै आएका अभियन्ता आरके अदिप्त गिरीले कालीगण्डकी नदी दोहनको परिणाम पुल, बस्ती र सडकमा क्षति पुगेको बताउनुभयो। "हिजो के कति लाभले कालीगण्डकी नदी ठेक्कामा लगायौँ, अब हिसाब खोज्ने पुस्ताको जन्म भइसकेको छ। अब नदी स्वयम्ले अधिकार खोजिरहेको छ," गिरीले भन्नुभयो। नदी ठेक्का लगाउने अधिकार कसैलाई नभएको गिरी तर्क गर्नुहुन्छ। कालीगण्डकी पुलनजिकै पनि एक्साभेटर लगाएर बालुवा झिक्ने काम हुने गर्थ्यो। अहिले नदी गहिरिएर पुलको पूर्वी खण्डमा सोहोरिएपछि यो घटना भएको हो। "यो विपत्ति मात्र थिएन, बर्सौंदेखि कालीगण्डकीको छातीमा निर्धक्क चलेको डोजर, एक्साभेटर र दोहनको नतिजा आज हाम्राअगाडि छ। नदीको प्राकृतिक बहाब र धार परिवर्तन हुने गरी गरिएको उत्खननले जोखिम निम्त्याएको छ," स्थानीय सुदर्शन सापकोटाले भन्नुभयो।

# गलकोट–ताराखोला जोड्ने सडक सञ्चालन

**बागलुङ समाचारदाता**
*बागलुङ, असोज २७ गते*

बाढीले सडकको ट्र्याक नै बगाएपछि तीन सातादेखि अवरुद्ध गलकोट–ताराखोला जोड्ने मुख्य सडक सञ्चालनमा आएको छ। सडक सञ्चालनमा आएसँगै यातायात सम्पर्कविच्छेदको समस्यामा परेका ताराखोलावासीलाई राहत मिलेको छ।

गत असोज ११ गते दरमखोलामा आएको बाढीले गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाको सिमानामा पर्ने गाईघाट झरनानजिक सडकको ट्र्याक बगाएपछि सडक अवरुद्ध भएको थियो। बाढीले सडकका विभिन्न भागमा क्षति पुऱ्याउँदा गलकोटदेखि ताराखोला गाउँपालिकासम्मको यातायात सम्पर्क प्रभावित बनेको थियो। अवरुद्ध सडक अस्थायी रूपमा मर्मत तथा पुनर्स्थापना गरी यातायात सञ्चालनमा ल्याइएको ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले जानकारी दिनुभयो। सडक पूर्ण रूपमा व्यवस्थित नभए पनि अस्थायी रूपमा सञ्चालनमा आएपछि स्थानीयवासीको आवतजावत सहज हुने अपेक्षा गरिएको विकले बताउनुभयो।

सडक अवरुद्ध हुँदा स्थानीयवासीलाई दैनिक आवतजावत गर्न तथा खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको थियो। "मुख्य सडक नै अवरुद्ध भएपछि जनजीवन प्रभावित बनेको थियो, बाटो खुलेपछि राहत मिलेको छ," विकले भन्नुभयो। सडक खुलेपछि ताराखोलाबाट निकासी हुने आलु, भाँगो, सिमीलगायतका खाद्यान्न र स्लेट ढुङ्गा पोखरा, बुटवल ढुवानी भइरहेको अध्यक्ष विकले जानकारी दिनुभयो। यस्तै गण्डकी प्रदेश सरकारको बजेटबाट गत आर्थिक वर्षमा कालोपत्रे गरिएको रणनीतिक सडक बाढीले छिया छिया बनाउँदा गलकोट–ताराखोला हुँदै म्याग्दीको रुमवासी सडक सुविधाबाट वञ्चित भएका थिए। मुख्य सडक अवरुद्ध हुँदा काठेखोलाको रिजालचोकदेखि पालिका केन्द्र अर्गलको भातखाने डाँडा जोड्ने सहिद मार्गको यात्रा गर्नुपर्ने बाध्यता थियो।


**दुग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय, लैनचौर**

**पशु दाना उत्पादनका कच्चा पदार्थ खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

(**बोलपत्र सूचना नं.** DDC/CFRM/083/084-04)
(**प्रथम पटक प्रकाशन मिति : २०८३/०६/२८**)

१. यस संस्थानको हेटौँडास्थित पशु आहारा उत्पादन कारखानाबाट पशु दाना उत्पादनका लागि संस्थानको स्पेसिफिकेसन बमोजिम तपसिलको कच्चा पदार्थहरू खरिद गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका इजाजत प्राप्त फर्म, संस्था, कम्पनीबाट कच्चा पदार्थ आपूर्ति गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

| प्याकेज नं. | सामानको विवरण | परिमाण (के.जी.) | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | मकै | ६,००,००० | एउटा प्याकेजको रु. ३,०००।– र दुई वा दुईभन्दा बढी प्याकेजका लागि रु. ५,०००।– (पछि फिर्ता नहुने) | ५,९४,२२८।– |
| २ | मसुर चुन्नी | ४,००,००० | | ४,१५,६५६।– |
| ३ | राईस ब्रान (डि.ओ.सी.) | ८,००,००० | | ७,९८,९२८।– |
| ४ | तोरी पिना | ४,००,००० | | ४,७५,८२५।– |

२. बोलपत्र फाराम यस संस्थानको वेबसाइटः www.ddc.gov.np मा अपलोड गरिएको छ। उक्त वेबसाइटबाट बोलपत्र फाराम डाउनलोड गरी प्रिन्ट गर्न सकिने वा बोलपत्र फाराम सोझै कार्यालयबाट पनि मिति २०८३/०७/१७ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। बोलपत्र निर्देशन अनुसार रीतपूर्वक भरिएको सिलबन्दी बोलपत्र कागजात यो सूचना प्रकाशित मितिले २२औँ दिन अर्थात् मिति २०८३/०७/१८ गते दिनको १२:०० बजेभित्र दुग्ध विकास संस्थानको केन्द्रीय, कार्यालय, लैनचौरमा दर्ता गरी बुझाइसक्नुपर्नेछ। तोकिएको समयपछि प्राप्त हुन आएका बोलपत्र स्वीकार गरिनेछैन।
३. दर्ता हुन आएका बोलपत्रहरू बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा मिति २०८३/०७/१८ गते दिनको १:०० बजे दुग्ध विकास संस्थानको केन्द्रीय कार्यालय, लैनचौरमा खोलिनेछ।
४. बोलपत्र फाराम खरिदका लागि माथि उल्लेख भए अनुसारको रकम (पछि फिर्ता नहुने गरी) संस्थानको हिमालयन बैंक, लिमिटेड, दरबार मार्गमा रहेको यस संस्थानको खाता च.हि.नं. ०१९०००४०९२००३४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।
५. बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ९० दिन सम्मका लागि बोलपत्र मान्य हुनुपर्नेछ। बोलपत्र जमानत बापत माथि उल्लिखित रकम यस संस्थानको खाता च.हि.नं. ०१९०००४०९२००३४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र खोल्ने मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट जारी भएको बिडबन्ड (बैंक जमानत) पेश गर्नुपर्नेछ।
६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा निहित रहनेछ।



**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको**

**चङ्गा, ड्रोन, बेलुन आदि नउडाउने सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३।६।२८**

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको हवाई आवागमन हुने तथा आसपासको क्षेत्रमा चङ्गा, ड्रोन, बेलुन उडाउने कार्य तथा लेजर लाइटले विमानको उडान सुरक्षामा गम्भिर असर पर्न सक्ने भएको हुँदा यस किसिमका गतिविधि एवं क्रियाकलाप नगर्न/नगराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। साथै कसैले यस सूचनाको अवज्ञा वा अटेर गरी यस्ता गतिविधि गरे वा गराइएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**



राष्ट्रको सञ्चार
Nepal Telecom

**Section I. Invitation for Sealed Quotation**

Name of the Office: **Nepal Doorsanchar Company Limited (Nepal Telecom), Wireless Service Directorate**
Address of the Office: **Babarmahal, Kathmandu**
Invitation for Sealed Quotation for the procurement of **Supply and Delivery of 25 $mm^2$ Four Core ABC Aluminium Cable.**
Sealed Quotation No: **NDCL/WSD/SQ/02/083-84**
Date of first Publication: **October 13, 2026 (Ashoj 27, 2083)**

1. The Nepal Telecom, Wireless Service Directorate invites sealed quotations from registered Suppliers for **Supply and Delivery of 25 $mm^2$ Four Core ABC Aluminium Cable.**
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of
   **Nepal Telecom, Wireless Service Directorate, Babarmahal, Kathmandu**
   **Telephone No.: 977-1-5707767**
   **Email: mmd.wsd@ntc.net.np**
3. A complete set of Bidding Documents may be purchased from the above office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NPR. 3000.00** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
4. Sealed Quotations must be submitted to the above office on or before **11:45 A.M** on **November 13, 2026 (Kartik 27, 2083).** Bids received after this deadline will be rejected.
5. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NPR 1,69,000** which shall be valid for minimum 90 days from bid opening date **(i.e. February 11, 2027).**
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. **2801010000034** at **Global IME Bank Limited, Kupandol, Lalitpur, Nepal** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. The bids will be opened in the presence of bidder's representatives who choose to attend at **12:00 P.M.** on **November 13, 2026 (Kartik 27, 2083)** at the office of **Nepal Telecom, Wireless Service Directorate, Babarmahal, Kathmandu.**
8. If the last date of purchasing, submission and opening falls on a public holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.



**Government of Nepal (GoN)**
**Ministry of Home Affairs**
**Nepal Police Headquarters**
**Cyber Bureau**
**Bhotahiti, Kathmandu Nepal**

**Invitation for Hard Copy Bids**

**Date of publication: 28th Ashoj, 2083 (14th October, 2026)**

1. The ***Nepal Police Headquarters Cyber Bureau Bhotahiti, Kathmandu, Nepal*** invites ***sealed*** bids from eligible bidders for the procurement of following items under National competitive bidding – Single Stage Two Envelope procedures. The name and Identification of the contract are as follows:

| S. N. | Contract ID No. | Name of Goods | Quantity | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | NPHQ/CB/G/NCB/2083-084/01 | Supply, Delivery & Installation of Cyber Forensic Lab Equipment Renewal | 1 Package | 143,000.00 | 3,000.00 |
| 2 | NPHQ/CB/G/NCB/2083-084/02 | Supply, Delivery & Installation Log Analyzer. | 1 Package | 328,700.00 | 3,000.00 |
| 3 | NPHQ/CB/G/NCB/2083-084/03 | Supply, Delivery & Installation Open Source Intelligence Platform. | 1 Package | 329,100.00 | 3,000.00 |

2. A Complete set of Bidding Documents may be purchased form the office ***Nepal Police Headquarters, Cyber Bureau Bhotahiti, Kathmandu, Nepal*** and the office ***District Treasury Controller Office (DTCO), Lainchaur, Kathmandu, Nepal*** by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***NPR.3,000/-(In word: Three Thousand Rupees Only) till 19th Kartik, 2083 (5th November, 2026)*** during office hours in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: ***Rastriya Banijya Bank Ltd, Thamel, Ktm.***
   Account No: ***1000100200010000***
   Name of Office: ***Nepal Police Headquarters,***
   Office Code No: ***31-40-43-510***
   ***Cyber Bureau, Bhotahiti, Kathmandu, Nepa*** Rajaswa (revenue) Shirshak No: ***14229***
3. Pre-bid meeting shall be held at ***Nepal Police Headquarters, Cyber Bureau Bhotahiti, Kathmandu, Nepal.*** on ***10th Kartik, 2083 (27th October, 2026)*** at ***11:00 Hours.***
4. Sealed bids must be submitted to the office ***Nepal Police Headquarters, Cyber Bureau Bhotahiti, Kathmandu, Nepal.*** by hand/courier or before ***20th Kartik, 2083 (6th November, 2026) at 12:00 noon.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***20th Kartik, 2083 (6th November, 2026) at 14:00 Hours*** at the office of ***Nepal Police Headquarters Cyber Bureau at the office of Bhotahiti, Kathmandu, Nepal.***
6. If the last date of purchasing and /or submission falls on a public holiday[1] applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

[1] In case of electronic bid invitation, purchaser shall extend the deadline as required in the e-GP system.



**नेपाल विद्युत प्राधिकरण**
**सिन्धुपाल्चोक वितरण केन्द्र**
**लामोसाँघु, सिन्धुपाल्चोक**
**(सूचना प्रकाशित मिति २०८३/०६/२८)**

**लामो समयदेखि दाबी नभएका पुराना दायित्व तथा धरौटीमा रहेका रकम केन्द्रीय कोषमा आम्दानी जनाउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यस ने.वि.प्रा.सिन्धुपाल्चोक वितरण केन्द्रमा विगत ३ वर्ष वा सोभन्दा बढी समयदेखि बाँकी रहेका पुराना दायित्वहरूको हालसम्म पनि दाबी गर्न नआएकोले सम्बन्धित सप्लायर्स, संस्था, पार्टी, फर्म तथा व्यक्तिहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा सम्पर्कको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित समयसिमाभित्र सप्रमाण दायित्व दाबी गर्न नआएमा सो रकम ने.वि.प्रा.को केन्द्रीय कोषमा आम्दानी बाँधिने व्यहोरा जानकारी गराइन्छ। दायित्व तथा धरौटी रकमको नामनामेसी विवरण ने.वि.प्रा.को वेबसाइट www.nea.org.np मा प्रकाशित गरिएको छ।

# समाचार सङ्क्षेप

## शक्तिपीठमा भक्तजनको भिड बढ्दै

**जनकपुरधाम** (गोरखापत्र), असोज २७ गते। विजयादशमीको तेस्रो दिन सोमबार देवी दुर्गाका नौ स्वरूपमध्ये तेस्रो स्वरूप माता चन्द्रघण्टाको श्रद्धा भक्तिपूर्वक पूजा सम्पन्न गरिएको छ।

जनकपुरधामको राजदेवी, बौद्धीमाई, अमरखन्ना माई, फुलेश्वरी माई, पिडरिया माई, पल्टीमाईसहितका शक्तिपीठमा विजयादशमीको पहिलो दिनदेखि नै श्रद्धालु भक्तजनको भिड लागेको छ। मङ्गलबार मात्रै हजारौँको सङ्ख्यामा श्रद्धालु भक्तजनले श्रद्धा भक्तिपूर्वक पूजाअर्चना गरेको महाविर युवा कमिटिका पूर्वअध्यक्ष धर्मेन्द्र साहले जानकारी दिनुभयो।

जनकपुरधामको राजदेवी मन्दिरमा स्थानीय महाविर युवा कमिटी र बौद्धीमाई मन्दिरमा स्थानीय राम युवा कमिटिले पूजाको व्यवस्थापन गरेको छ। सहरी क्षेत्रबाहेकको ग्रामीण भेगमा विजयादशमीको सप्तमी तिथिदेखि भिडभाड बढ्ने गरेको भए पनि जनकपुरधाममा घटस्थापनाकै दिनदेखि श्रद्धालुको भिड बढेको महाविर युवा कमिटिका पूर्वअध्यक्ष अजय गुप्ताले जानकारी दिनुभयो। उहाँले राजदेवी मन्दिर र बौद्धीमाई मन्दिरमा साँझ सात बजेदेखि भजन सन्ध्याको कार्यक्रमसमेत हुने गरेका कारण यतिबेला यी मन्दिरमा बाहिरबाट आउने पर्यटकको आकर्षण केन्द्र बनेको बताउनुभयो।

### चण्डी भगवती मन्दिरमा दसैँको रौनक

**राजविराज समाचारदाता**का अनुसार दसैँ नजिकिएसँगै सप्तरीको राजविराज नगरपालिका–७ स्थित माँ चण्डी भगवती मन्दिरमा चहलपहल बढेको छ। आकर्षक सजावट, झिलिमिली बत्ती र माटोबाट निर्माण गरिएका कलात्मक देवीदेवताका मूर्तीले मन्दिरपरिसरलाई झकिझकाउ बनाएको छ। दसैँको अवसरमा यहाँ पूजाआराधना, बलि प्रदान, खोईँछा भर्ने परम्परा र धार्मिक अनुष्ठानका साथै पूर्णिमासम्म मेला आयोजना गर्ने तयारी गरिएको छ।

यस मन्दिरमा घटस्थापनादेखि नै देवी भगवतीको दर्शन तथा पूजाआराधना गर्न आउने श्रद्धालु भक्तजनको भिड बढ्न थालेको छ। दसैँका विशेष दिन नजिकिँदै जाँदा भक्तजनको चाप थप बढ्ने अपेक्षा गरिएको छ। मन्दिरपरिसरभित्र माटोबाट देवी दुर्गाको महिषासुरमर्दिनी स्वरूप, महिषासुर, सिंह, माता लक्ष्मी र गणेशलगायतका कलात्मक मूर्ती निर्माण गरिएका छन्। देवी दुर्गाले महिषासुरको वध गरेको धार्मिक प्रसङ्गलाई झल्काउने मूर्ती मन्दिरको आकर्षण बढाएको छ। विभिन्न रङका बत्ती र आकर्षक सजावटले मन्दिरपरिसरमा दसैँको उल्लास थपेको छ।

## प्रहरी दिवसमा रक्तदान

**बारा** (गोरखापत्र), असोज २७ गते। ७१ औँ प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय बाराले सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। मङ्गलबार जिल्ला प्रहरी कार्यालय बाराको प्राङ्गणमा प्रादेशिक अस्पताल कलैयाको रक्तसञ्चार शाखासँगको सहकार्यमा आयोजित कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन्।

प्रहरी दिवसलाई औपचारिक समारोहमा मात्र सीमित नराखी मानवीय सेवा र सामाजिक उत्तरदायित्वसँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। रकतदानबाट सङ्कलित रगतले अस्पतालमा उपचाररत बिरामीलाई आवश्यक परेको अवस्थामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# बिटौरी जग्गाको पुर्जा वितरण गर्न निर्देशन

**कल्याणपुर समाचारदाता**
*कल्याणपुर (सप्तरी), असोज २७ गते*

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले राजविराज नगरपालिकास्थित बिटौरी जग्गामा बसोबास गर्दै आएका नगरवासीलाई दसैँअघि नै जग्गाधनी पुर्जा वितरणका लागि आवश्यक प्रक्रिया सुरु गर्न निर्देशन दिनुभएको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा सोमबार सरोकारवाला कार्यालयका प्रमुख र प्रतिनिधिको बैठकमा मन्त्री यादवले यस्तो निर्देशन दिनुभएको हो। साढे आठ दशकदेखि जग्गाधनी पुर्जाविहीन राजविराजवासीलाई पुर्जा दिन जग्गा दर्तासम्बन्धी गठन आदेश, २०८३ मन्त्री परिषद्को बैठकबाट स्वीकृत भइसकेको मन्त्री यादवले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "कुनै ढिलाइ नगरी उक्त निर्णय छिटोछरितो ढङ्गले कार्यान्वयनमा ल्याउनु पर्छ।" दसैँको बिदा हुनुअगाडि शुक्रबारसम्म लालपुर्जा वितरणका लागी सूचनालगायत आवश्यक प्रक्रिया थाल्न निर्देशन दिँदै उहाँले कुनै बाधाअडचन भए त्यसको फुकाउ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सप्तरीका विभिन्न जीर्ण सडकखण्डको मर्मतसम्भार तथा स्तरोन्नतिका बारेमा चासो राख्दै उहाँले ती काम सुरु गर्न सरोकारवाला कार्यालयका प्रमुखलाई पनि निर्देशन दिनुभयो। चाडपर्वका समयमा पनि राजविराजदेखि छिन्नमस्ता भगवती मन्दिरसम्म पुग्ने सडकका साथै राजविराज–हनुमाननगर, राजविराज–रूपनी, राजविराज–कञ्चनपुरलगायत १२ स्थानको बाटो जीर्ण अवस्थामा रहँदा सर्वसाधारणलाई निकै सास्ती भोगिरहनुपरेको गुनासो आएको उल्लेख गर्नुभयो।



तस्बिर : विनय कर्ण
**युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव सरोकारवालासँग छलफल गर्नुहुँदै।**

सडक विभाग तथा पूर्वाधार विकास कार्यालयका प्रमुखलाई सङ्केत गर्दै मन्त्री यादवले भन्नुभयो, "अब हल्ला कम र काम बढी देखिनु पर्‍यो।" चाडपर्व सकिनुअगावै युद्धस्तरमा काम गरेर जिल्लाका अति जीर्ण अवस्थामा रहेका सडकको सुधार हुनुपर्ने र केही दिनपछि आफू फर्केर आउँदा त्यसको अनुगमन गर्ने भन्दै सचेत गराउनुभयो।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, प्रहरी उपरीक्षक रूपक खड्का, राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परविन, तिलाठीकोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीलगायत उपस्थित हुनुहुन्थ्यो।

# चाडपर्व मनाउन ऋण लिनुपर्ने बाध्यता

**गौर समाचारदाता**
*गौर, असोज २७ गते*

हिन्दुको महान् पर्व दसैँ मनाउन गरिब तथा न्यून आय भएका सर्वसाधारण जनतालाई ऋण लिनुपर्ने बाध्यता रहेको छ।

कामकाज फितलो तथा आम्दानी न्यून भए पनि पर्व त्योहार मनाउनका लागि गरिब तथा विपन्न परिवारलाई साहू महाजनसँग ऋण लिनुपर्ने बाध्यता रहेको छ। स्थानीय हिमाली चौधरीका अनुसार यसपालिको दसैँ पर्वमा परिवारिका सदस्यहरूको चाहना स्वरूप नया कपडा, खसी खरिद गर्नका लागि सोह्र हजार खर्च भई बिस हजार ऋणको बोझ थपिएको छ। टोल छिमेकमा रहेका ठुलाबडाका छोराछोरीले राम्रो लुगा तथा मिठो खाँदा आफ्ना छोराछोरीले पनि सोही चाहेकाले उक्त चाहना पूरा गर्न ऋण लिएको बताउनुभयो।

अर्का स्थानीय बासिन्दा रामएकवाल पण्डितले वर्षमा एक पटक आउने दसैँ पर्वमा घर परिवारको चाहना पूरा गर्दा पन्ध्र हजार रुपियाँ ऋण लिएको बताउनुहुन्छ। उहाँले सधैँ जेपायो त्यो खाएर जीवन बिताउँदै आइरहेकोमा कम्तिमा चाडपर्वको समयमा पनि राम्रो खानेकुरा तथा लुगा कपडा त चाहियो भने कुराले गर्दा चाडपर्वमा घरपरिवारको चाहना पूरा गर्न साहू महाजनसित ब्याजमा ऋण लिनु परेको बताउनुभयो।

सर्वसाधारण जस्तै कतिपय शिक्षकले अहिलेसम्म तलब भत्ता र दसैँ पेस्की नपाएकाले दसैँ मनाउन साथी भाइसँग ऋण लिनुको विकल्प नरहेको शिक्षक विजय झाले बताउनुभयो। आफू कार्यरत विद्यालय पर्ने यमुनामाई गाउँपालिकाको खाता सञ्चालन नभएका कारण दसैँमा तलब भत्ता पाउने कुनै सम्भावना नरहेकाले ऋण लिनुबाहेक कुनै विकल्प नरहेको उहाँले बताउनुभयो।

# बजेन ढोल, सङ्कटमा जीविका

**धीरेन्द्रप्रसाद साह**
*राजविराज, असोज २७ गते*

कुनै समय गाउँबस्तीमा पर्वको आगमनको सन्देश दिने ढोल (नगरा) को आवाज सुनिन छाडेको छ। दसैँको नवरात्रभरि बिहानसाँझ घरदैलोमा ढोल बजाउने परम्परा हराउँदै जाँदा मधेशको सांस्कृतिक पहिचानसँगै राम (चमार) समुदायको पुर्ख्यौली सिप र आम्दानीको स्रोतसमेत सङ्कटमा परेको छ।

एक समय घटस्थापनादेखि दसैँसम्म गाउँमा ढोल बजाउँदै हिँड्ने चलन थियो। ढोलको तालले दसैँ आएको सन्देश दिनुका साथै गाउँबस्तीमा उत्साह र चहलपहल बढाउँथ्यो। बालबालिका ढोलको तालमा रमाउने गर्थे। स्थानीयले ढोल बजाउनेलाई दक्षिणास्वरूप धान, चामल, दाल, आलु, तेल, नगद तथा लत्ताकपडा दिने गर्थे। यसरी सङ्कलन भएको अन्नपात र अन्य सामग्रीले राम समुदायका परिवारलाई वर्षभरि जीविकोपार्जन गर्न सहयोग पुग्ने गरेको थियो।

स्थानीय ९० वर्षीय सिताबीप्रसाद साहका अनुसार पहिले दसैँमा ढोल बजाएर सङ्कलन गरिएको अन्नपात बोरा भरेर गोरुगाडा वा साइकलमा घर लैजाने गरिन्थ्यो। उहाँले भन्नुभयो, "पहिले दसैँमा ढोल बजाएर धान, चामल, आलु र तेल जम्मा गर्दा परिवारलाई वर्षभरि खान पुग्थ्यो। अहिले त्यो चलन हराइसक्यो।"

### आन्दोलनपछि परम्परा कमजोर

स्थानीयका अनुसार करिब दुई दशकयता दसैँमा ढोल बजाउने परम्परा कमजोर हुँदै गएको छ। दलित समुदायको अधिकार र आत्मसम्मानका पक्षमा भएका आन्दोलनपछि ढोल बजाउने पुर्ख्यौली पेसालाई लिएर समुदायभित्रै फरक धारणा रहेको उनीहरूको भनाइ छ। ढोल बजाउने कामलाई कथित अछुतो पेसाका रूपमा हेरिने सामाजिक सोचको विरोध गर्ने क्रममा कतिपय स्थानमा यो परम्परा रोकिएको बताइएको छ।

राजविराजका लक्ष्मण रामले यस वर्ष पनि दसैँमा ढोल बजाउने तयारी गरे पनि सामाजिक बहिष्कारको चेतावनीपछि पछि हट्नु परेको बताउनुभयो। उहाँका अनुसार जातीय अगुवाले घरमै आएर ढोल बजाए सामाजिक बहिष्कार गर्ने चेतावनी दिएपछि परम्परालाई निरन्तरता दिन नसकिएको हो। उहाँले भन्नुभयो, "यसै कारण करिब दुई दशकयतादेखि दसैँमा ढोल बजाउन छाडेको छु।"

### गुम्दै आम्दानीको स्रोत

पहिले दसैँका १० दिन ढोल बजाएर प्राप्त हुने अन्न, नगद र अन्य सामग्रीले पाँच सदस्यीय एक परिवारको वर्षभरिको गर्जो टार्न सहयोग पुग्थ्यो। अहिले त्यो स्रोत बन्द हुँदा समुदायका परिवार वैकल्पिक रोजगारीको खोजीमा लाग्न बाध्य भएका छन्। राम समुदायका अगुवा मुनेश्वर रामका अनुसार नयाँ पुस्ता अध्ययन तथा रोजगारीका लागि कतार, मलेसिया र भारतलगायतका स्थानमा जान थालेपछि ढोल बजाउने सिप हस्तान्तरणको क्रम पनि घटेको छ। पुरानो पुस्ता उमेरका कारण सक्रिय हुन नसक्ने र नयाँ पुस्ताले यो सिप नसिक्दा परम्परा निरन्तरता पाउनेमा चुनौती थपिएको उहाँले बताउनुभयो।

### सांस्कृतिक पहिचान सङ्कटमा

दसैँमा ढोल नबज्दा आम्दानीको स्रोत मात्र नभई पर्वसँग जोडिएको सांस्कृतिक रौनकसमेत हराउँदै गएको स्थानीय हरिया रामको भनाइ छ। उहाँले पहिले नवरात्रमा ढोलको आवाज सुन्ने र त्यससँगै गाउँमा दसैँको माहोल बन्ने गरेको स्मरण गर्नुभयो। अहिले पर्व मनाइए पनि ढोलको तालबिनाको दसैँले पुरानो सांस्कृतिक अनुभूति दिन नसकेको उहाँको भनाइ छ।

मधेश प्रज्ञा–प्रतिष्ठानका सदस्य दिनेशकुमार यादवले ढोल बजाउने परम्परालाई कथित अछुतो कामका रूपमा हेर्ने सोच त्यागेर सांस्कृतिक सम्पदाका रूपमा संरक्षण गर्नुपर्ने बताउनुभयो। राज्य तथा स्थानीय तहले सम्बन्धित समुदायको सम्मान सुनिश्चित गर्दै सांस्कृतिक प्रोत्साहन र आर्थिक सहयोगका कार्यक्रम ल्याउन सके परम्परालाई जोगाउन सकिने उहाँको सुझाव छ।

## चाडपर्वलक्षित सेवा

# बढी भाडा असुल्नेलाई कारबाही

**रवीन्द्र उप्रेती**
*बर्दीबास, असोज २७ गते*

दसैँ मनाउन घर फर्किने यात्रुको चाप बढेसँगै सार्वजनिक यातायातमा बढी भाडा असुल्ने, टिकट नदिने, यात्रुलाई बिचबाटोमै अलपत्र पार्ने तथा दुर्व्यवहार गर्ने गुनासो बढ्न थालेको छ। यस्ता समस्यामा परेका यात्रुलाई राहत दिन महोत्तरीका विभिन्न स्थानमा स्थापना गरिएका यात्रु सहायता कक्ष सक्रिय भएका छन्।

दसैँका लागि घर फर्किने क्रममा धरान–बुटवल बसमा यात्रा गरिरहेका बाजुराका सौरभ मल्लले निर्धारितभन्दा बढी भाडा मागेपछि बर्दीबासस्थित यात्रु सहायता कक्षमा गुनासो गर्नुभयो। उहाँसँग दुई हजार दुई सय रुपियाँ भाडा मागिएको थियो। मागेजति रकम नदिए बिचबाटोमै उतारिदिने धम्की दिएपछि विवाद बढेको थियो।

बर्दीबासमा पुगेपछि मल्लले ट्राफिक प्रहरीसमक्ष गुनासो गर्नुभयो। सोधपुछका क्रममा उक्त दुरीको भाडा एक हजार ८०५ रुपियाँ मात्र भएको स्वीकारेपछि अन्य यात्रुसँग पनि लिएको बढी भाडा फिर्ता गर्ने र जथाभाबी भाडा असुले कारबाहीको चेतावनी दिएपछि बल्ल कुरा मिल्यो। बस गन्तव्यतर्फ लाग्यो। मल्लसहित अन्य यात्रुले राहत महसुस गरे।

काठमाडौँबाट पूर्वतर्फ जाँदै गरेका भोजपुरका मन्दीप भुजेललाई शनिबार मध्यरातमा एउटा हाइसले बर्दीबासमा ल्याएर अलपत्र छाडिदियो। चालकले बर्दीबासबाट पूर्वतर्फ जाने अर्को गाडीमा चढाइदिने भन्दै ल्याएका भुजेललाई बिचमै झारेर हाइस अन्यत्र लागेको थियो। टिकटसमेत नदिइएकाले मध्यरातमा आफू कहाँ जाने ? उहाँ अन्योलमा पर्नुभयो।

आइतबार बिहान सडकछेउमा रहेको बर्दीबासस्थित यात्रु सहायता कक्षमा पुगेपछि उहाँले सहयोग पाउनुभयो। घटनाबारे जानकारी लिएपछि ड्युटीमा रहेका ट्राफिक प्रहरीले पश्चिमबाट इटहरीतर्फ जाँदै गरेको बस रोकेर भुजेललाई चढाइदिए। दसैँका बेला यात्रुको चापसँगै देखिने यस्ता समस्या नियन्त्रण गर्न यात्रु सहायता कक्ष अहिले प्रभावकारी माध्यम बनेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख तथा प्रहरी निरीक्षक बाबुराम कार्कीका अनुसार दसैँलगायत प्रमुख चाडपर्वलक्षित जिल्लाका बर्दीबास, गौशाला, सम्सी र जलेश्वरमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। दसैँ नजिकिँदै जाँदा ती कक्षमा समस्या लिएर आउने यात्रुको सङ्ख्या बढिरहेको उहाँले बताउनुभयो।

यात्रुको सुरक्षित आवागमन, यातायात व्यवस्थापन, दुर्घटनारहित यात्रा र ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको उहाँले स्पष्ट पार्नुभयो।

कार्कीले भन्नुभयो, "सहायता कक्षमार्फत अलपत्र परेका यात्रुको गुनासो सुन्ने, बढी भाडा लिने, बिचबाटोमै यात्रु झार्ने, टिकट र सवारीमा कालोबजारी गर्ने जस्ता अवाञ्छित कार्यको निगरानी तथा नियन्त्रणका लागि चौबिसै घण्टा सेवा दिइएको छ।"

यता यातायात व्यवसायी सीताराम ढुङ्गेलले चाडपर्वका बेला एकतर्फी यात्रु मात्र पाइने समस्याका कारण यातायात व्यवसायीलाई सञ्चालन खर्च व्यवस्थापन कठिन हुने हुँदा बर्दीबास–काठमाडौँ रुटमा ठुला बसको भाडा एक हजार ५० रुपियाँ र साना सवारीको भाडा एक हजार दुई सय रुपियाँ लिने सहमति भएको छ। सहमतिमा उल्लेख भएभन्दा कम भाडा लिइरहेको दाबी गर्दै ढुङ्गेलले भन्नुभयो, "सहमति भए पनि अहिलेसम्म हामीले हजार रुपियाँ मात्रै भाडा लिएका छौँ।"

# शिक्षकलाई साङ्केतिक भाषाको तालिम

**गौशाला समाचारदाता**
*गौशाला (महोत्तरी), असोज २७ गते*

बहिरा तथा कम सुन्ने बालबालिकाको सिकाइलाई सहज, पहुँचयोग्य र प्रभावकारी बनाउन धनुषा, महोत्तरी र रौतहटका २६ जना शिक्षकलाई साङ्केतिक भाषासम्बन्धी तालिम प्रदान गरिएको छ।

प्रादेशिक शिक्षा तालिम केन्द्र बाराको आयोजना तथा टेक्सस परियोजनाको प्राविधिक सहयोगमा महोत्तरीको बर्दीबासमा सञ्चालन गरिएको पाँचदिने तालिम सोमबार सम्पन्न भएको हो। तालिममा परियोजना अन्तर्गतका विद्यालयका स्रोत कक्षामा कार्यरत शिक्षक सहभागी थिए। सहभागीमध्ये १२ जना बहिरा शिक्षक रहेको आयोजकले जनाएको छ।

तालिममा बहिरा तथा कम सुन्ने बालबालिकाको रुचि, क्षमता र आवश्यकता अनुसार शिक्षण विधि अपनाउने, नेपाली साङ्केतिक भाषा प्रयोग गर्ने तथा दृश्य सामग्री र सञ्चारका वैकल्पिक माध्यमबाट सिकाइलाई प्रभावकारी बनाउने विषयमा प्रशिक्षण दिइएको थियो। प्रशिक्षक प्रकाश रेग्मीका अनुसार तालिममा समावेशी शिक्षासम्बन्धी सरकारी नीति तथा व्यवस्था, बहिरोपन र कम सुन्ने अवस्थाको पहिचान, नेपाली साङ्केतिक भाषा, दृश्य सामग्रीको प्रयोग र सञ्चारका वैकल्पिक विधिबारे जानकारी दिइएको थियो।

त्यसै गरी बालबालिकाको आवश्यकता र क्षमता अनुसार शिक्षण गर्ने तरिका, पाठ्यक्रम अनुकूलन, लैङ्गिक उत्तरदायी शिक्षण, विश्वव्यापी सिकाइ ढाँचा (युडिएल) र व्यक्तिगत शैक्षिक योजना (आइइपी) निर्माणसम्बन्धी विषयमा पनि अभ्यास गराइएको थियो। अर्का प्रशिक्षक विजय तामाङले शिक्षकलाई सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी समूह छलफल, नमुना प्रदर्शन, व्यावहारिक अभ्यास र अनुभव आदानप्रदानमार्फत सिकाइका विधि कक्षाकोठामा प्रयोग गर्न सक्षम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको बताउनुभयो।

प्रत्येक बालबालिकाको सञ्चार क्षमता, भाषा, सिकाइको गति र व्यक्तिगत आवश्यकता अनुसार शिक्षण सामग्री तथा विधि छनोट गर्नुपर्नेमा तालिमले जोड दिएको उहाँले बताउनुभयो। समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि स्रोत कक्षाका शिक्षक र मूलधारका कक्षामा अध्यापन गर्ने शिक्षक बिच सहकार्य आवश्यक रहेको विषयमा समेत छलफल गरिएको थियो। तालिमबाट प्राप्त ज्ञान र सिपलाई कक्षाकोठामा प्रयोग गरी बहिरा तथा कम सुन्ने बालबालिकाको सिकाइमा सुधार ल्याउने अपेक्षा गरिएको प्रशिक्षकले बताएका छन्। तालिमको उपलब्धिलाई दिगो बनाउन विद्यालयस्तरमा नियमित अनुगमन, पृष्ठपोषण, शिक्षकबिच सहकार्य र आवश्यक प्राविधिक सहयोगलाई निरन्तरता दिनुपर्नेमा पनि जोड दिइएको छ।

## मनोरञ्जनात्मक कार्यक्रममा रोक

**गौशाला समाचारदाता**
*गौशाला, असोज २७ गते*

बडादसैँ, दीपावली तथा छठपर्वलाई सुरक्षित, मर्यादित र शान्तिपूर्ण बनाउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले राति १० बजेपछि सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्न रोक लगाएको छ।

प्रशासनले पटका, आतिसबाजी, जुवातास, सट्टेबाजी तथा अवैध मदिराको कारोबार र प्रयोग नियन्त्रण गर्नेसहित विभिन्न प्रतिबन्धात्मक व्यवस्था लागु गरेको हो। जिल्ला प्रशासन कार्यालय महोत्तरीले एक सूचना जारी गर्दै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा जात्रा सञ्चालन गर्दा स्वीकृत एकीकृत सुरक्षा योजनाको पूर्ण पालना गर्न सम्बन्धित आयोजक र सर्वसाधारणलाई आग्रह गरेको छ। सूचना अनुसार मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नुअघि सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने छ।


Government of Nepal
**Ministry of Infrastructure Development**
Department of Local Infrastructure Development (DoLID)
**Suspension Bridge Division**
Shreemahal, Pulchowk, Lalitpur

**Invitation for Bids**

**Date of publication: 2083-06-28**

1. The Suspension Bridge Division, Pulchowk, Lalitpur invites Priced Quotations from eligible and qualified Fabricator/Supplier for the Fabrication, Supply and Transportation of Structural Steel Parts for Emergency Maintenance of Trail Bridges affected by Kali Gandaki Flood, as per section 66 of PPA, 2063 and Rule 145 of PPR, 2064.
2. Notice No.: DIS-G-04/083/84

| S. N. | Description | Quantity | Place of Delivery | Estimated amount (without VAT) |
|---|---|---|---|---|
| 1 | Structural Steel | 40,066.87 kg | Rampur, Palpa | 1,15,51,632.47 |
| 2 | Wiremesh Netting | 3125.20 $m^2$ | | |
| 3 | Bolts, Nut and Washers | 2149.45 kg | | |
| 4 | 12 SWG GI Binding wire | 384.64 kg | | |
| 5 | Hot Dip Galvanization | 40,066.87 kg | | |
| 6 | Transportation of Fabricated Material | 57,257.29 kg | | |

3. Eligible Bidders may download bid document from the website of Department of Local Infrastructure and Development (DoLID); https://doli.gov.np for bid submission purpose.
4. Last Date of Submission of bid: 11:00 hrs on 2083-07-12, irrespective of any public holiday falling on the stipulated date, Opening of the bids: 11:15 hrs on 2083-07-12 at Suspension Bridge Division, Pulchowk, Lalitpur. Submission of bid must be **through hardcopy only** to Suspension Bridge Division, Pulchowk, Lalitpur.
5. Mandatory Documents: Firm/Company Registration Certificate, VAT/PAN Registration, Tax Clearance Certificate or evidence of submission of tax returns up to FY 2081/82.

**Project Chief**



**Dhanapalthan Rural Municipality**
**Office of Rural Municipal Executive**
Sorabhag, Morang, Koshi province, Nepal

**Invitation for Bids (Hard Copy)**

**Date of Publication: 2083/06/28 (14th October ,2026)**

- Dhanapalthan Rural Municipality invites bids **(Hard Copy Only)** from Eligible Bidders for the Procurement of following works under national competitive bidding.

| S. N. | Contract No | Description of Work | Cost of Bid Document (Nrs) | Bid Security Amount (Nrs) | Estimated Amount (Without Vat & Ps) | Bid Opening Date and Time | Re marks |
|---|---|---|---|---|---|---|---|
| 1 | 04/ DPTRM /NCB/ Works/ 2083-084 | Laxmimarga Sorabhag Sadak Khanda Dekhi Paschim Laliyadhar Jane Bato ko Sathai Gramthan Dekhi Uttar Ramu Mandal ko Ghar Samma ko Bato Kalopatre Garne Dhanpalthan - 4 | 3000 | 1,45,000 | 48,41,400.67 | 2083/07/18 2:00 PM | |
| 2 | 05/ DPTRM /NCB/ Works/ 2083-084 | Teliya Chowk Bajrangwali Mandir Cheu Dekhi Purba Najim Miyako Ghar ra Kamalpur Aabi hundai Nandalal Sharmako ghar dekhi purba Mul Batoma Jodine Sadak stharoyunati tatha kalopatre Dhanpalthan - 7 | 3000 | 2,55,000 | 85,32,678.72 | 2083/07/18 2:00 PM | |
| 3 | 06/ DPTRM /NCB/ Works / 2083-084 | Mayaganj prahari chauki dekhi Mayaganj hatiya hudai Danavati Hatiya sammako Bato starunnati tatha kalopatre Dhanpalthan – 3 (second phase) | 3000 | 2,00,000 | 68,09,927.64 | 2083/07/18 2:00 PM | |

Eligible Bidders may obtain further information and inspect the Bid Documents at Dhanapalthan Rural Municipality Office ,Phone No: 9852077001 ,Website: www.Dhanapalthanmun.gov.np/ or facebook page: https://www.facebook.com/dhanapalthan
Bidders also can download Bid Document through given website and submit bid either physically or through Hand Courier.
Bidders can buy Bid Document by the date 2083/07/17 during office hours and submit by the date 2083/07/18 until 12:00 (Noon).
Bid validity period shall be 90 days prior to bid opening date.
Pre-Bid meeting shall be held on (2083/07/09) at 12:00 Noon.
**Bidders Information to Deposit the cost of Bid Document and Bid Security in bank :**

| Name of the Bank | Nepal Investment Mega Bank Limited, Karsiya |
|---|---|
| Account Name (For Bid Document) | Ga.1.1 Dhanpalthan Ga. Pa ,Antarik Rajaswa Khata |
| Account Name (For Bid Security) | Ga .3 Dharauti Khata (Dhanpalthan Gaupalika) |
| Bank Account No. (For Bid Document) | 29501400000048 |
| Bank Account No. (For Bid Security) | 29501400000024 |

- If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same. as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.
- other laws and statute will be as per PPA 2063 and PPR 2064.

**Chief Administrative Officer**

# विवादले केबुलकारको काम ठप्प

**चन्द्र पन्दाक**
*ताप्लेजुङ, असोज २७ गते*

ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रमा निर्माण गर्न सुरु भएको केबुलकारको काम छ महिनादेखि ठप्प छ। केबुलकारको विषयमा विवाद चुलिँदै गएपछि निर्माणको काम ठप्प भएको हो।

पाथीभरा देवी दर्शन केबुलकार प्रालिले यहाँ केबुलकार निर्माण गर्न सुरु गरेको हो। केबुलकार परियोजनाको पक्ष र विपक्षबिचको विवाद चुलिँदै गएपछि गत वैशाख दोस्रो सातापछि निर्माणको काम रोकिएको हो। केबुलकार परियोजनाको काम निरन्तर गर्न नपाएपछि निर्माण पक्षलाई घाटा भएको छ।

केबुलकार परियोजना सञ्चालक समितिका सदस्य रुद्र पौडेलका अनुसार करिब छ महिनादेखि निर्माण रोकिएको छ। सदस्य पौडेलका कुनै बाधा अवरोध नभई निरन्तर काम गर्न पाएको भए हालसम्मा केबुलकार निर्माण अन्तिम चरणमा पुग्ने थियो। उहाँले केबुलकार निर्माणको काम करिब ६० प्रतिशत सम्पन्न भइसकेको बताउनुभयो।

यता विवादका विषयलाई लिएर वर्तमान सरकारले एक अध्ययन समिति बनाएको थियो। सो समितिले परियोजनाको अवस्थाबारे स्थलगत जानकारी लिएर फर्किएको र समितिले सरकारसमक्ष आफ्नो प्रतिवेदन बुझाइसकेको पनि परियोजना सञ्चालक समिति सदस्य पौडेलको भनाइ छ। समितिले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुझाएको प्रतिवेदनबारे ठोस निष्कर्ष नआएसम्म केबुलकार निर्माण कार्य अघि नबढ्ने पनि उहाँले बताउनुभयो।



पाथीभरा केबुलकार परियोजनाको निर्माण सुरु गरिएको तल्लो (बटम) स्टेसन ।
*तस्बिर : चन्द्र पन्दाक*

केबुलकार परियोजनाको कार्यालय रहने आवास, सुरक्षा शिविरसहितका संरचना सुरुमै निर्माण गरी उपयोगमा रहेका छन्। तल्लो (बटम) स्टेसन निर्माणको काम सुरु भइसकेको छ भने माथिल्लो स्टेसन रहने ठाउँमा माटो सम्याउने काम भइसकेको परियोजनाका सबइन्जिनियर सुरेश यादवले जानकारी दिनुभयो।

चार वटा खम्बा राख्ने सुरुको स्ट्यान्ड पनि निर्माण भइसकेको सबइन्जिनियर यादवले बताउनुभयो। वारपार १३ वटा खम्बा रहनेमा स्ट्यान्ड निर्माण भएकोबाहेक अन्य पाँच वटा खम्बा रहने ठाउँमा माटो सम्याउने र खाल्टो खन्ने काम पनि भइसकेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँ निर्माण भएको संरचनाबाहेक केबुलकार फलामे खम्बा, तार, डिब्बासहितका उपकरण उत्पादन हुने उद्योग तथा विभिन्न कम्पनीमा तयार भइसकेका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्षसमेत रहनुभएका चन्द्रप्रसाद ढकाल नेतृत्वको पाथीभरा देवी दर्शन केबुलकार प्रालिले करिब तीन अर्ब रुपियाँभन्दा बढीको लगानीमा केबुलकार निर्माण सुरु गरेको हो। केबुलकार निर्माणको प्रक्रिया सुरु हुँदादेखि नै परियोजनाको विरोध भएको थियो।

स्थानीय आदिवासी जनजाति समुदायले आफ्नो ऐतिहासिक पहिचानमाथिको अस्तित्व र धार्मिक आस्थाको पवित्र स्थलमाथि अतिक्रमण गरिएको भन्दै विरोध भएको थियो। विशेष गरी लिम्बू (याक्थुङ) समुदायको धार्मिक आस्था रहेको ऐतिहासिक स्थलको अस्तित्व नास गर्ने गरी र बहुमूल्य तथा लोपोन्मुख रुख, बिरुवा र वनस्पति विनाश गरेर वातावरणमा गम्भीर असर पुग्ने गरिएको भन्दै केबुलकार परियोजनाको विरोध गरिएको हो। स्थानीय आदिवासी जनजाति पहिचान पक्षले जस्तोसुकै मूल्य चुकाएर भए पनि केबुलकार निर्माण गर्न नदिने रणनीतिमा अघि बढेपछि विवाद चुलिँदै गएको हो।

स्थानीयको विरोधबिच निर्माणको काम अघि बढाइएपछि स्थानीय समुदायसहितका नागरिक केबुलकारको पक्ष र विपक्षमा विभाजित भएका छन्। विपक्षमा रहेकाले केबुलकारको निरन्तर विरोध गर्न थालेपछि विवाद उत्कर्षमा पुग्यो भने यसबिचमा पटक पटक झडपको स्थितिसमेत सिर्जना भएको छ। केबुलकार परियोजना खारेज गर्नुपर्ने माग राखेर विपक्षी समूह काममा अवरोध गर्न प्रत्यक्ष रूपमै उत्रिएपछि विवाद समाधान गर्नका लागि सरकारले समिति बनाएको हो।

सरकारले गठन गरेको समितिले केबुलकार परियोजना र विवादबारे स्थलगत अनुगमन, निरीक्षण र अध्ययन गरेर फर्किएकाले त्यसपछि हुने सरकारी निर्णयको पर्खाइमा अहिले केबुलकार निर्माण र विरोधी पक्ष छन्। सरकारी समिति स्थलगत अध्ययनका लागि आएर फर्किएको लामो समय बित्दासमेत कुनै निष्कर्ष नआउँदा निर्माण पक्षलाई भने घाटा भइरहेको छ।

# मौसम खुलेपछि बढ्यो पर्यटकीय गतिविधि



बक्रकुण्ड भ्यु प्वाइन्टबाट देखिएको मनोरम दृश्य ।

**कविराज घिमिरे**
*हिले, असोज २७ गते*

मौसम खुलेसँगै पूर्वको पर्यटकीय नगरी धनकुटाको हिलेबाट निकै मनमोहक दृश्य देखिन थालेका छन्। हिलेआसपासका बक्रकुण्ड, त्रिसुले, नागढुङ्गा, गुराँसेको सौन्दर्यले पर्यटक तानेको छ।

यी क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक रमाउन थालेका छन्। हिले बास बस्ने पर्यटक बिहानको मनोरम दृश्य अवलोकनका लागि यहाँ पुग्ने गरेको होटेल एसोसिएसन धनकुटाका अध्यक्ष खगेन्द्र विष्ट बताउनुहुन्छ। मौसममा सुधार भएकाले अब पर्यटकीय गतिविधि बढ्ने उहाँको भनाइ छ।

हिले बजारसँगै रहेको बक्रकुण्डबाट विभिन्न हिमालसहित दक्षिणतर्फको पहाडी मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ। हिलेबाट गुराँसे छ किलोमिटरको दुरीमा रहेको छ। योबिचमा पर्ने त्रिसुलेबाट हिले बजारसहित धनकुटा बजार दक्षिणतर्फको महाभारत पर्वत शृङ्खला देखिन्छ। सप्तकोशी नदीको मनोरम दृश्यसमेत देखिन्छ। दुई हजार मिटरभन्दा बढी उचाइमा रहेको नागढुङ्गाबाट सूर्योदयको दृश्य, उत्तरतर्फका मकालु, चाम्लाङ, मेरा पिक अमादब्लम हिमालसहित विभिन्न पहाडको मनमोहक दृश्य देखिन्छ। नजिकै रहेको गुराँसेको चिया बगानले इलामको झल्को दिन्छ।

दृश्यावलोकनका लागि सबैभन्दा उत्कृष्ट समय भएको हिलेका होटेल व्यवसायी लालचन्द्र गोङ्वा बताउनुहुन्छ। एकै स्थानबाट अरुण तमोर तथा सप्तकोशी नदी देखिनु यहाँको अर्को विशेषता रहेको छ। यी क्षेत्रको थप प्रचारप्रसार गर्न सके थप पर्यटक भित्र्याउन सकिने स्थानीय इन्द्र सारूमगर बताउनुहुन्छ।

# कञ्चनजङ्घामा पर्यटकको चहलपहल

**फुङलिङ समाचारदाता**
*फुङलिङ, असोज २७ गते*

ताप्लेजुङमा अवस्थित विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा क्षेत्रमा पर्यटकको आगमन बढ्न थालेको छ। भदौको तेस्रो सातादेखि सुरु भएको यस वर्षको पर्यटकीययाममा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको हो।

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, घुन्सा पर्यटन चेकपोस्टका पर्यटन सहायक टासी तेन्जिङ शेर्पाका अनुसार यस याममा सोमबारसम्म करिब १७० जना विदेशी पर्यटक कञ्चनजङ्घा क्षेत्रमा पुगेका छन्। तीमध्ये केही पर्यटक आधार शिविर पुगिसकेका छन् भने केही घुन्सालगायतका क्षेत्रमा विश्राम गरिरहेका छन्। पर्यटकको आगमन गत वर्षको तुलनामा बढेको पर्यटन व्यवसायीले बताएका छन्।

कञ्चनजङ्घा क्षेत्रमा वर्षमा दुई मुख्य पर्यटकीययाम सञ्चालन हुने गरेका छन्। पहिलो याम चैतदेखि जेठसम्म र दोस्रो भदौदेखि मङ्सिरसम्म चल्छ। यस वर्षको दोस्रो याममा विशेष गरी फ्रान्स, अस्ट्रेलिया, जर्मनी र अमेरिकालगायत देशबाट पर्यटक आएका छन्। आन्तरिक पर्यटकको सङ्ख्या विदेशी पर्यटकको तुलनामा दोब्बर रहेको स्थानीय व्यवसायीको अनुमान छ। आन्तरिक पर्यटकको छुट्टै अभिलेख भने व्यवस्थित रूपमा राखिएको छैन।

पर्यटकको आगमन बढेसँगै होटेल, लज, रेस्टुराँ तथा ट्रेकिङ सेवामा चहलपहल बढेको छ। दसैँतिहारको समयमा नेपाली पर्यटक परिवारसहित कञ्चनजङ्घा क्षेत्रको भ्रमणमा आउने गरेका छन्। होटेल व्यवसायी सेराप शेर्पाका अनुसार चाडपर्वका बेला घुन्सालगायतका क्षेत्रमा सञ्चालित होटेल तथा लज पर्यटकले भरिने गरेका छन्। यसले स्थानीय व्यवसायीलाई उत्साहित बनाएको छ।

पर्यटन व्यवसायी पेमा शेर्पाका अनुसार गत वर्षको तुलनामा यस वर्ष पर्यटकको आगमन बढेको छ। पर्यटन व्यवसायी फुपुछोहाङ शेर्पाले पर्यटकको सङ्ख्या बढ्दा ट्रेकिङ गाइड, भरिया, यातायात व्यवसायी तथा स्थानीय उत्पादन बिक्री गर्ने व्यवसायीले समेत आम्दानी गर्ने अवसर पाएको बताउनुभयो। विदेशी पर्यटक लामो समय पदयात्रामा रहने भएकाले गाइड र भरियाको मागसमेत बढ्ने गरेको छ।

कञ्चनजङ्घा क्षेत्रमा उत्तरी र दक्षिणी गरी दुई वटा मुख्य आधार शिविर छन्। दक्षिणी आधार शिविर ओक्ताङ पुग्न फुङलिङबाट जापनटार हुँदै घुन्सासम्मको यात्रा गर्नु पर्छ। घुन्साबाट थप तीन दिन पैदलयात्रा गरेपछि करिब पाँच हजार दुई सय मिटर उचाइमा रहेको आधार शिविर पुग्न सकिन्छ। उत्तरी आधार शिविर पाङपेमा पुग्न फुङलिङबाट याम्फुदिन हुँदै करिब तीन दिन पैदलयात्रा गर्नु पर्छ। करिब चार हजार आठ सय मिटर उचाइमा रहेको यस आधार शिविरसम्म पुग्ने पदमार्गमा स्थानीय होटेल, होमस्टे तथा गाइडको सेवा उपलब्ध छ।

मौसम प्रतिकूल हुँदा पर्यटन व्यवसाय प्रभावित हुने गरेको छ। असार र साउनमा वर्षाका कारण पदमार्ग अवरुद्ध हुने तथा पुसदेखि फागुनसम्म हिमपातका कारण यात्रा कठिन हुने गरेको घुन्साका होटेल सञ्चालक कान्छा शेर्पाले बताउनुभयो।

कञ्चनजङ्घा क्षेत्रको पर्यटनलाई दिगो बनाउन पदमार्ग सुधार, सङ्केत चिह्न, सुरक्षित आवास, प्राथमिक उपचार केन्द्र तथा आपतकालीन उद्धार सेवाको विस्तार आवश्यक देखिएको छ। पर्यटनसँगै संरक्षणलाई प्राथमिकता दिँदै स्थानीय समुदायको सहभागिता बढाउन सके यस क्षेत्रले रोजगारी र आयआर्जनका थप अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ।

# दुर्गम पापुङगाउँमा प्रसूति केन्द्र सञ्चालन

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, असोज २७ गते*

ताप्लेजुङकै दुर्गम क्षेत्र मिक्वाखोला गाउँपालिकाको पापुङमा प्रसूति केन्द्र सञ्चालनमा ल्याइएको छ। मिक्वाखोला-५, पापुङमा नयाँ प्रसूति केन्द्र भवन निर्माण गरिएसँगै केन्द्र सञ्चालनमा ल्याइएको हो। पापुङका वडाध्यक्ष ग्यान्जे लामा शेर्पाका अनुसार प्रसूति केन्द्र सञ्चालनका लागि करिब एक करोड ४३ लाख रुपियाँको लागतमा भवन निर्माण गरिएको हो। कोशी प्रदेश सरकार र मिक्वाखोला गाउँपालिकाको लागत साझेदारीमा निर्माण गरिएको प्रसूति केन्द्र भवनको सोमबार उद्घाटन गरिएको वडाध्यक्ष शेर्पाले जानकारी दिनुभयो।

मिक्वाखोला गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्की र उपाध्यक्ष डण्डु लामा शेर्पाले प्रसूति केन्द्र भवनको संयुक्त रूपमा उद्घाटन गर्नभएको छ। भवनको उद्घाटनसँगै दुर्गम गाउँ पापुङमै प्रसूति केन्द्र सञ्चालनमा आएको वडासचिव विमलकुमार यक्सो लिम्बूले बताउनुभयो। प्रसूति केन्द्र सञ्चालनमा आएपछि सुत्केरी अर्थात् प्रसूति सेवा लिने महिलालाई सुविधा हुनुका साथै सुरक्षित मातृत्व तथा शिशुका लागि महत्त्वपूर्ण योगदान पुग्ने गाउँपालिकाले विश्वास गरेको छ।

# फुसको छानामुक्त बनाउने तयारी

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, असोज २७ गते*

ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकालाई आगामी मङ्सिरभित्र फुस (खर) को छानामुक्त पालिका घोषणा गरिने भएको छ। गाउँपालिकाले मङ्सिर १५ गतेसम्ममा पालिकालाई फुसको छानामुक्त घोषणा गर्ने योजनालाई अघि बढाएको हो। गाउँपालिकाका अध्यक्ष दीपेन्द्र पोमु (दिपेन) का अनुसार फुसको छाना विस्थापन योजना कार्यान्वयन हुन बाँकी रहेको वडाका लागि जस्तापाता आइसकेको छ। जस्तापाता आइसकेकाले दसैँतिहार जस्ता चाडपर्व मनाउँदै आफ्नो घरमा जस्तापाता लगाउन लाभग्राहीलाई गाउँपालिका अध्यक्ष पोमुले आग्रह गर्नुभएको छ।

चाडपर्वको खुसीसँगै सुरक्षित र व्यवस्थित आवास अर्थात् घर निर्माणतर्फ ध्यान दिनुहुन सम्बन्धित लाभग्राहीलाई अध्यक्ष पोमुको अनुरोध रहेको छ। उहाँका अनुसार हालसम्म वडा नं. ४ र वडा ५ नं. चाँगेमा फुसको छाना विस्थापन गर्ने काम सम्पन्न भइसकेको छ। अब पालिकाका तीन वटा वडामा फुसको छाना विस्थापन गर्ने काम बाँकी रहेको पालिकाले जनाएको छ।

गाउँपालिका अध्यक्ष पोमुका अनुसार वडा नं. १ निघुरादिनमा १६ घर, वडा नं २ फूलबारीमा ५१ घर र वडा ३ नं. हाङ्पाङमा २७ घरको फुसको छाना विस्थापन गर्न बाँकी रहेको छ। उक्त घर सङ्ख्याका लागि जस्तापाता आइसकेको छ। जस्तापाता सम्बन्धित लाभग्राहीलाई वितरण गर्ने र तोकिएको समयभित्र घरमा जस्तापाता लगाउनका लागि समयसीमा तोक्ने तयारी गाउँपालिका रहेको बुझिएको छ। यता फुसको छाना विस्थापन गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी गाउँपालिकाले उचित बजेटको प्रबन्धसमेत गर्दै आएको जनाएको छ। फुसको छानामुक्त पालिका घोषणा गर्ने योजनालाई सहयोग पुर्याउनका लागि आफ्नो घरमा समयमै जस्तापाता लगाउन लाभग्राहीलाई गाउँपालिकाले आग्रह गरेको छ।

# दुर्गम क्षेत्रका विद्यार्थीलाई छात्रवृत्ति

दुईबर्से विज्ञान सङ्कायतर्फ सात जना तथा शिक्षा, मानविकी र व्यवस्थापन सङ्कायतर्फ १५ जना विद्यार्थीले छात्रवृत्ति पाएका छन् ।

**फुङलिङ समाचारदाता**
*फुङलिङ, असोज २७ गते*

ताप्लेजुङका ग्रामीण तथा दुर्गम क्षेत्रका २४ जना विद्यार्थीले उच्च शिक्षा अध्ययनका लागि २४ लाख ७२ हजार रुपियाँ छात्रवृत्ति पाएका छन्। जिल्लाको सिरिजङ्घा र फक्ताङ्लुङ गाउँपालिकामा शिक्षा क्षेत्रमा काम गर्दै आएको सामर्थ्य फाउन्डेसनले शैक्षिक सत्र २०८३/८४ का लागि जर्ज बैन्ड मेमोरियल उच्च शिक्षा छात्रवृत्ति प्रदान गरेको हो।

फाउन्डेसनले विभिन्न सङ्कायमा अध्ययनरत विद्यार्थीलाई दुईदेखि तीनबर्से तथा पूर्ण कोर्स अवधिका लागि छात्रवृत्ति उपलब्ध गराएको हो। असोज २६ गते आवश्यक प्रक्रिया र मापदण्ड पूरा गरेका विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको फाउन्डेसनका वरिष्ठ प्रबन्धक राजेन्द्रप्रसाद पन्तले जानकारी दिनुभयो।

छात्रवृत्ति प्राप्त गर्नेमा तीनबर्से प्राविधिक धारतर्फ सिरिजङ्घा गाउँपालिका-६, मामाङ्खेका निमिन तामाङ लिम्बू र एन्जिला भट्टराई रहेका छन्। दुईबर्से विज्ञान सङ्कायतर्फ सात जना तथा शिक्षा, मानविकी र व्यवस्थापन सङ्कायतर्फ १५ जना विद्यार्थीले छात्रवृत्ति पाएका छन्।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले उच्च शिक्षा अध्ययनलाई निरन्तरता दिन र प्राप्त रकम प्रभावकारी रूपमा सदुपयोग गर्नुपर्ने सर्तसहित लिखित सम्झौता गरेका छन्। विद्यार्थीको शैक्षिक प्रगतिका आधारमा थप सहयोग गर्ने योजना पनि फाउन्डेसनले बनाएको छ।

फाउन्डेसनले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई अध्ययनका क्रममा वा अध्ययन पूरा गरेपछि सम्बन्धित क्षेत्रका विद्यालय, सरकारी निकाय वा समुदायमा कम्तीमा दुई महिना स्वयंसेवा गर्न आग्रह गरेको छ। ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थीलाई उच्च शिक्षाको अवसर बढाउन आगामी दिनमा छात्रवृत्तिको कोटा थप गर्ने योजना रहेको पन्तले बताउनुभयो।

विश्वको तेस्रो अग्लो कञ्चनजङ्घा हिमालको पहिलो आरोहण दलका सदस्य जर्ज बैन्डको सम्झनामा यो छात्रवृत्ति स्थापना गरिएको हो। छात्रवृत्ति कार्यक्रमबाट हालसम्म १३० जना विद्यार्थी लाभान्वित भएका छन्। रिड नेपालले १३ वर्षदेखि सञ्चालन गर्दै आएको यस कार्यक्रममार्फत एक करोड ६९ लाख छ हजार ५६ रुपियाँ बराबरको सहयोग स्थानीय विद्यार्थीलाई उपलब्ध गराइएको जनाइएको छ।

भौगोलिक हिसाबले विकट क्षेत्रमा गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले हिमालयन ट्रस्ट युकेको आर्थिक सहयोग तथा शिक्षा विकास तथा समन्वय एकाइ ताप्लेजुङ र सम्बन्धित गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन हुँदै आएको छ।

सामर्थ्य फाउन्डेसनले छात्रवृत्तिका अतिरिक्त शिक्षक तालिम, शैक्षिक सामग्री सहयोग, विज्ञान प्रयोगशाला तथा पुस्तकालय व्यवस्थापन, खानेपानी र शौचालय निर्माण एवं विद्यालय भवन निर्माणका कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ। छात्रवृत्ति कार्यक्रमको समीक्षा गर्दा प्राविधिक धारमा दुईदेखि तीनबर्से अध्ययन गरेका अधिकांश विद्यार्थी सरकारी सेवामा आबद्ध भएको पाइएको फाउन्डेसनले जनाएको छ। कार्यक्रमको सकारात्मक प्रभाव देखिएकाले जिल्लाका सरोकारवाला निकायले छात्रवृत्तिको कोटा थप गरी निरन्तरता दिन आग्रह गरेका छन्।


**Janak Education Materials Centre Limited**
Sanothimi, Bhaktapur
Publication Date : October 14, 2026

**Invitation for Sealed Bids**
National Competitive Bidding (NCB)

Janak Education Materials Centre Limited invites sealed bids from eligible bidders for the following goods under NCB Single Stage Single Envelope procedures.

| IFB No. | Name of Contract | Price of Bid Documnet | Bid Security amount | Bid Security Validity Period | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| JEMC/ NCB/ Goods/13-2083/84 | Procurement of 12 MT 120 g/m² Maplitho Paper | NRs. 3,000.00 (Three Thousands) | NRs. 60,000.00 (Sixty Thousands) | 120 Days from last date of bid submission | November 4, 2026 on 12:00 PM | November 4, 2026 on 14:00 PM |

Eligible Bidders may obtain further information from JEMC Website: **https://janakedu.org.np/**, Phone: 9717592249.

**नेटवर्क सेवा र इन्टर्नेट (इमेल सहित) सेवाको अनुमतिपत्र खारेज गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०६/२८**

नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त संस्था श्री आइटेल नेटवर्क प्रा.लि., सामाखुशी-२६, काठमाडौँलाई मिति २०७८/०६/१३ मा प्रदान गरिएको नेटवर्क सेवा प्रदायक (अनुमतिपत्र नं. भि.ज. ६-३१) र इन्टर्नेट (इमेल सहित) सेवा (अनुमतिपत्र नं. फि.ज.१-१७८) को अनुमतिपत्र नवीकरणका लागि तोकिएको अवधिभित्र निवेदन पेश नगरेको तथा नियमानुसार नवीकरण दस्तुर समेत नबुझाएकोले उक्त सेवा प्रदायकलाई प्रदान गरिएको नेटवर्क सेवा र इन्टर्नेट (इमेल सहित) सेवाको अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५(५) बमोजिम मिति २०८३/०६/१३ देखि स्वतः रद्द भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै त्यस प्रा.लि.ले नियमानुसार तिर्न/बुझाउनुपर्ने रकमका सम्बन्धमा यो सूचना जारी भएको मितिले ३० दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न समेत सूचित गरिएको छ। अन्यथा प्रचलित कानून अनुसार कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत् जानकारी गराइन्छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**अनुमतिपत्र व्यवस्थापन शाखा**
**जमल, काठमाडौँ। फोन नं. ९७७-०१-५३५५४७४**
Email: ntra@nta.gov.np, URL: www.nta.gov.np

**काठमाडौँ महानगरपालिका**
**यँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाई**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३।०६।२८**
**नेपाल संवत् ११४६ कौलाथ्व चौथि**

काठमाडौँ महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्र दाता सारभूत रूपमा प्रभावग्राही पाइएको र औसतको नजिक कबोल अङ्क रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अङ्क (रु.) |
|---|---|---|---|---|
| 1. | 35-55-082-83-NCBW-KMC | Construction Works of Autism School, KMC-32 | Ephphata Construction Pvt Ltd | रु. ९,७७,४५,६२७.२० (पि.एस. र मू.अ. कर बाहेक) |

**जिरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जिरी, दोलखा, बागमती, प्रदेश ।**

**बोलपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मिति :- २०८३।०६।२८**

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लिखित निर्माण कार्यका लागि Hard Copy मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म कम्पनीले मिति २०८३/०८/१८ को १२:०० बजेभित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाका लागि यस कार्यालयको वेबसाइट **www.jirimun.gov.np** मा हेर्न सकिनेछ।

| S.N. | Description of Works | Contract No. | Estimate Amount (Excluding VAT) | Bid Security (Nrs) | Bid Fee (Nrs) |
|---|---|---|---|---|---|
| 1. | Upgrading of Jiri Maali Shyama Road at Jiri Municipality | JIRIMUN/ROAD/ 2083/084/SGB-03 | 59,84,494.29 | 1,50,000.00 | 3,000.00 |

**बोलपत्र कागजातको दस्तुर जम्मा गर्ने सम्बन्धी विवरण :**
**Name of Bank :** Prime Bank Ltd.
**Name of Office :** Jiri Municipality, Dolakha
**Office Code no. :** 80323401300
**Office Account no. (For Bid Fee)** : 00801000000044000173

**बोलपत्र खरिद/पेश गर्ने स्थान :- जिरी नगरपालिका जिरी, दोलखा ।**
**बोलपत्र पेश गर्ने अन्तिम मिति/समय :- मिति २०८३।०७।१८, दिउँसो १२:०० बजे ।**
**बोलपत्र खोलिने स्थान/मिति/समय :- जिरी नगरपालिका भवन मिति २०८३।०७।१८, दिउँसो १:०० बजे ।**

**Invitation for Bids**
**Kshireshwornath municipality**
**Mahendranagarnagar, dhansuha**
Invitation for Bids No. : KMO/NCB/WORKS/01/2083-084
Date of publication : 2083-06-28

1. ***kshireshwornath municipality*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of ***STREET LIGHT INSTALLATION AND MAINTENANCE WORK*** under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 10191123.00.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Kshireshwornath municipality mahendranagar, dhanusha/ phone: 9854058111 or may visit www.kshireshwornathmun.gov.np..***
3. A complete set of Bidding Documents may be purchased from the office Kshireshwornath municipality mahendranagar, dhanusha and the office Kshireshwornath municipality mahendranagar, dhanusha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3000*** till2083-07-17 during office hours in the account as specified below.
   Name of the Bank : Rashtriya Banijya Bank mahendranagar Branch, dhanusha.
   Name of Office: Kshireshwornath municipality mahendranagar, dhanusha
   Office Code no.: 80217402300
   Account no.: 1240100301010002Rajaswa (revenue) Shirshak no. : 14299
4. Pre-bid meeting shall be held at Kshireshwornath municipality mahendranagar at ***2083-07-09,14:00.***
5. Sealed bids must be submitted to the office Kshireshwornath municipality mahendranagar by hand/courier before ***12:00 PM*** on ***2083-07-17.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00,2083-07-17*** at the office of Kshireshwornath municipality mahendranagar. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security, amounting to a minimum of ***2,65,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९२,२०० ▼ |
| चाँदी | : | ४,३५५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २,५९९.९३ (+४.१२) ▲ |
| कारोबार रकम | : | ४,७३६,९२६,४०९.८५ ▲ |
| कारोबार भएका सेयर | : | १३,५५३,०९७ |
| कारोबार सङ्ख्या | : | ४६,६५९ |
| कारोबार भएका कम्पनी | : | ३५१ |

## ग्यास भण्डारणगृह निर्माणको अध्ययन सुरु



**लक्ष्मी सापकोटा**
*काठमाडौँ, असोज २७ गते*

ग्यास आपूर्तिलाई दीर्घकालीन रूपमा दिगो र सुरक्षित बनाउन सरकारले ग्यास भण्डारणगृह निर्माणका लागि अध्ययन प्रक्रिया अघि बढाएको छ। उपभोक्ताले बारम्बार भोग्ने ग्यासको समस्या समाधान गर्ने गरी ग्यासको आपूर्ति नियमित गर्न भण्डारणगृह निर्माणका लागि अध्ययन प्रक्रिया सुरु गरिएको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ऊर्जा सुरक्षालाई ध्यानमा राखेर ग्यास भण्डारणगृह निर्माण गर्ने गरी अध्ययन सुरु गरिएको जनाएको छ। अहिले निजी क्षेत्रसँग १० हजारदेखि १२ हजार मेट्रिक टन बुलेटमार्फत ग्यास भण्डारण गर्ने क्षमता रहे पनि सरकारसँग नभएकाले यस विषयमा अध्ययन सुरु गरिएको हो। सरकारसँग ग्यास भण्डारण नहुँदा आपूर्तिमा सामान्य अवरोध हुँदा पनि बजारमा ग्यासको अभाव हुने गर्छ। नेपाल आयल निगमले ग्यास खरिद आदेश (पिडिओ) जारी गर्ने र निजी क्षेत्रले भारतबाट ग्यास ल्याएर बजारमा वितरण गर्ने आपूर्ति व्यवस्था छ।

मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले ग्यासको भण्डारण गर्न सकिन्छ कि भनेर नेपाली सेनाको कल्याणकारी कोषका सञ्चालकसँग छलफल गरिएको जानकारी दिनुभयो। "बिजुलीमा अझै पनि पूर्ण रूपमा भरपर्दो नहुँदा ग्यासलाई तत्काल विस्थापन गर्न कठिन छ," उहाँले भन्नुभयो, "पाइप लाइनबाट ग्यास ल्याउने र निजी क्षेत्रमार्फत पनि भण्डारण बढाउने विषयमा छलफल भइरहेको छ।"

साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत अहिले भइरहेको ग्यासको क्षमता बढाउने विषयमा समेत छलफल भएको उहाँले जानकारी दिनुभयो। अहिले निजी क्षेत्रका ५९ उद्योगले भारतका विभिन्न रिफाइन केन्द्रबाट ग्यास आयात गरिरहेका छन्। ग्यास आयात भारतीय बुलेटले गर्ने गरेका छन्।

नेपाल आयल निगमले भारतको मोतीहारीदेखि सर्लाहीसम्म पाइप लाइन निर्माण गर्ने गरी इन्डियन आयल कर्पोरेसन (आइओसी) लाई प्रस्ताव गरेको छ। सर्लाहीसम्म पाइप लाइनमा ग्यास ल्याउने र भण्डारणगृह निर्माण गर्ने गरी प्रस्ताव गरिएको निगमले जनाएको छ।

निगमका एलपिजी ग्यास वितरण विभाग प्रमुख विनीतमणि उपाध्यायले पाइप लाइन निर्माणका लागि गरिएको प्रस्तावमा आइओसीका तर्फबाट सकारात्मक प्रतिक्रिया आएको जानकारी दिनुभयो। आइओसीका तर्फबाट जग्गाको सर्भे रिपार्ट मागिएको र त्यो एक हप्ताभित्रमा पठाउने उहाँले जानकारी दिनुभयो। एक महिनाको माग धान्ने गरी ५० हजार मेट्रिक टन ग्यास भण्डारणगृह निर्माण गर्न प्रस्ताव गरिएको उहाँले जानकारी दिनुभयो।

सर्लाहीमा निगमको आफ्नै १४ बिघा जग्गा छ। ५० हजार मेट्रिक टन क्षमताको भण्डारणगृह र उक्त भण्डारण स्थलमा दैनिक एक सय वटा ग्यास बुलेट लोड र अनलोड गर्न सक्ने अत्याधुनिक बुलेट लोडिङ गर्ने (टिएलएफ सेड) समेत निर्माण गर्ने तयारी छ।

प्रस्तावित ग्यास पाइप लाइन तथा भण्डारण परियोजनाको प्राविधिक डिजाइनको काम सुरु भएको निगमले जनाएको छ। निगमले आइओसीलाई पठाएको माग तथा विवरणका आधारमा आइओसीले अहिले पाइप लाइन, टर्मिनल तथा भण्डारण क्षमतासम्बन्धी डिजाइनको काम गरिरहेको छ। पाइप लाइन तथा पूर्वाधार निर्माणका लागि लगानीको मोडालिटी भने अझै तय भइनसकेको निगमले जनाएको छ।

सरकारले आर्थिक वर्ष २०७३/७४ का लागि स्वीकृत गरेको नीति तथा कार्यक्रम अनुसार ९० दिनका लागि पुग्ने इन्धन भण्डार गर्न भण्डारणगृह निर्माण गर्ने भनिएको थियो तर अहिले निगमसँग १२ दिनलाई पुग्ने गरी एक लाख पाँच हजार किलोलिटर क्षमताको (डिजेल, पेट्रोल, हवाई इन्धन, मटितेल) भण्डारणगृह छ।

### स्थानीय विक्रेताबाटै बिक्री

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

बिहीबारदेखि स्थानीय विक्रेताबाटै खाना पकाउने एलपी ग्यास वितरण हुने भएको छ। नेपाल आयल निगम र ग्यास उद्योगीबिचको छलफलले घटस्थापनादेखि जुनसुकै कम्पनीका सिलिन्डर साटफेर गर्ने व्यवस्था गरेको थियो। सो व्यवस्था बुधबारसम्म मात्र लागु हुने नेपाल एलपी ग्यास उद्योग सङ्घले जनाएको छ।

उपभोक्ताले सहज रूपमा ग्यास नपाएको तथा एउटा ब्रान्डको सिलिन्डर अर्को ब्रान्डसँग साट्न समस्या भएको गुनासो बढेपछि जुनसुकै कम्पनीको सिलिन्डर साट्ने व्यवस्था गरिएको थियो। नेपाल आयल निगमले भारतका विभिन्न रिफाइनरीबाट एलपी ग्यासको आयात सहज भइरहेको जनाएको छ। बजारमा उपभोक्ताले भने सहज रूपमा ग्यास पाउन सकेको छैन।

## विश्व आर्थिक वृद्धिको अनुमानमा सुधार

**रासस/एएफपी**
*बैङ्कक, असोज २७ गते*

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले सन् २०२६ को विश्व आर्थिक वृद्धिको अनुमान बढाएर ३.१ प्रतिशत पुऱ्याए पनि युद्धका कारण बढेको ऊर्जा मूल्य र कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा लगानीले विश्व अर्थतन्त्रमा विभाजन बढाउने चेतावनी दिएको छ। सन् २०२५ मा विश्व आर्थिक वृद्धि ३.५ प्रतिशत थियो।

आइएमएफले मङ्गलबार सार्वजनिक विश्व आर्थिक परिदृश्य प्रतिवेदनमा विकसित अर्थतन्त्रले एआई प्रविधिमा भइरहेको लगानीबाट लाभ लिने भए पनि ऊर्जा आयातमा निर्भर न्यून आय भएका देश महँगी र आपूर्ति सङ्कटबाट बढी प्रभावित हुने जनाएको छ।

अमेरिकाले फेब्रुअरीदेखि इरानविरुद्ध जारी राखेको युद्धका कारण पश्चिम एसियामा तनाव बढ्नुका साथै प्रशोधित पेट्रोलियम पदार्थको मूल्य युद्धअघिको तुलनामा ७० देखि ९५ प्रतिशतसम्म महँगिएको प्रतिवेदनमा उल्लेख छ। युद्ध लम्बिए मुद्रास्फीति बढ्ने र आर्थिक वृद्धि सुस्त हुने आइएमएफकी प्रमुख अर्थशास्त्री सिल्भाना टेन्रेइरोले बताउनुभयो। आइएमएफका अनुसार सन् २०२६ मा पश्चिम एसिया र मध्य एसियाको अर्थतन्त्र ०.३ प्रतिशतले खुम्चिने छ भने साउदी अरबको अर्थतन्त्र ३.३ प्रतिशतले सङ्कुचित हुने अनुमान छ।

## अर्थमन्त्री बैङ्ककमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

विश्व बैङ्क समूह र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वार्षिक बैठकमा सहभागी हुन अर्थमन्त्री डा. स्वर्णिम वाग्ले मङ्गलबार थाइल्यान्डको राजधानी बैङ्कक पुग्नुभएको छ।

विश्वभरका अर्थमन्त्री सहभागी हुने उक्त बैठकका क्रममा अर्थमन्त्री वाग्लेले १६ वटाभन्दा धेरै द्विपक्षीय र बहुपक्षीय बैठकमा सहभागिता जनाउने कार्यक्रम रहेको अर्थ मन्त्रालयले जनाएको छ।

बैठकमा अर्थमन्त्री वाग्लेसहित अर्थसचिव डा. घनश्याम उपाध्याय र अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा प्रमुख अमृत लम्साल पनि सहभागी हुने कार्यक्रम रहेको पनि मन्त्रालयले जानकारी दिएको छ।

## चौध वटा इन्टरनेट सेवाप्रदायकलाई कारबाही

### प्याकेज अनुसार इन्टरनेट उपलब्ध नगराएको निष्कर्ष

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

स्वीकृतिबमोजिम इन्टरनेट प्याकेज सञ्चालन नगर्ने तथा इन्टरनेट प्याकेज सार्वजनिक नगर्ने विभिन्न १४ वटा इन्टरनेट सेवाप्रदायक कारबाहीमा परेका छन्। नियामक नेपाल दूरसञ्चार प्राधिकरणले हालै गरेको जाँचबुझपछि नियम पालना नगर्ने इन्टरनेट सेवाप्रदायकलाई कारबाही गरेको हो।

प्राधिकरणका अनुसार कारबाही पर्नेमा ब्रोडलिङ्क नेटवर्क एन्ड कम्युनिकेसन प्रालि, क्लासिक टेक प्रालि, वेब सर्फर नेपाल कम्युनिकेसन सिस्टम प्रालि, फाइबर वर्ल्ड कम्युनिकेसन प्रालि, भायानेट कम्युनिकेसन्स लिमिटेड, एरोनेट प्रालि, डिस मिडिया नेटवर्क लिमिटेड, वाइफाई नेपाल प्रालि, सिजी कम्युनिकेसन लिमिटेड, वर्ल्डलिङ्क कम्युनिकेसन्स लिमिटेड, फर्स्ट लिङ्क कम्युनिकेसन प्रालि, पोखरा इन्टरनेट प्रालि, टेकमाइन्ड्स नेटवर्क लिमिटेड र सुबिसु लिमिटेड रहेका छन्। यी कम्पनीलाई दूरसञ्चार ऐनबमोजिम कारबाहीस्वरूप ५० हजार रुपियाँ जरिबाना गरिएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालका अनुसार इन्टरनेट सेवाप्रदायकले सस्तो प्याकेज बन्द गरेको गुनासो पछि निरीक्षण तथा जाँचबुझका लागि गठित समितिको प्रतिवेदनको निष्कर्षका आधारमा जरिबाना गरिएको हो। जाँचबुझका क्रममा प्राधिकरणबाट स्वीकृत प्याकेज अनुसार इन्टरनेट सेवा उपलब्ध नगराएको, तोकिएको भन्दा बढी शुल्क लिएको, स्वीकृत प्याकेजभन्दा फरक प्याकेज बनाएर बिक्री गरेको तथा त्यस्ता प्याकेजबारे सेवाग्राहीलाई तोकिएको समयमा जानकारी नदिएको पाइएको उहाँले जानकारी दिनुभयो।

प्राधिकरणले स्वीकृत गरेको इन्टरनेटको गति र प्याकेज अनुसार सेवा उपलब्ध नगराउने तथा स्वीकृत दरभन्दा बढी शुल्क लिने कार्य उपभोक्ताको हितविपरीत भएकाले दूरसञ्चार ऐनमा भएको व्यवस्था अनुसार कारबाही गरिएको पनि उहाँले बताउनुभयो। त्यस्तै प्राधिकरणले स्वीकृत दररेट आफ्नो वेबसाइटमा सार्वजनिक गर्न पनि सेवाप्रदायकलाई निर्देशन दिएको छ।

स्वीकृति नलिई सञ्चालन गरिएका इन्टरनेट सेवा प्याकेज तथा शुल्क तत्काल बन्द गरी त्यसबारे जानकारी गराउन पनि प्राधिकरणले निर्देशन दिएको प्रवक्ता अर्यालले जानकारी दिनुभयो। यसबाट ग्राहकलाई हानिनोक्सानी भए ग्राहकको मागका आधारमा क्षतिपूर्ति वा हानिनोक्सानीको बिगो भराउन पनि निर्देशन दिइएको उहाँले बताउनुभयो।

प्राधिकरणका अनुसार सेवाप्रदायकले शुल्क निर्धारणसम्बन्धी निर्देशिकाबमोजिम प्रस्तावित दर र लागु हुने मितिसमेत उल्लेख गरी कम्तीमा तीन महिनाअघि स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था छ। केही सेवाप्रदायकले उक्त व्यवस्थाको पालना नगरेको पाइएको छ।

प्राधिकरणले अनुमतिपत्र प्राप्त सबै दूरसञ्चार सेवाप्रदायकलाई कुनै पनि सेवा प्याकेज वा महसुल दर लागु गर्नुअघि अनिवार्य रूपमा स्वीकृति लिन र स्वीकृतिबिना कुनै पनि प्याकेज सञ्चालन नगर्न पनि सचेत गराएको छ। स्वीकृत दरभन्दा बढी शुल्क लिएको वा गैरकानुनी रूपमा सेवा सञ्चालन गरी उपभोक्ताको हकहितविपरीत काम गरेको पाइएमा प्राधिकरणमा उजुरी गर्नसमेत प्राधिकरणले सेवाग्राहीलाई अनुरोध गरेको छ।

इन्टरनेट सेवाप्रदायकको संस्था इन्टरनेट सर्भिस प्रोभाइडर्स एसोसिएसन अफ नेपाल (आइस्पान) ले हालै प्रेस विज्ञप्ति जारी गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले महँगी बढेको भन्दै ५० एमबिपिएसभन्दा साना प्याकेज बन्द गर्ने घोषणा गरेको थियो। त्यस्तो प्याकेज बन्द भएपछि खास गरी न्यून आय भएका र विद्यार्थी प्रत्यक्ष मारमा परेका थिए। यस्तो घोषणाको सार्वजनिक आलोचना भएपछि प्राधिकरणले जाँचबुझ गरेको थियो। सोही जाँचबुझका आधारमा सेवाप्रदायक कम्पनीहरू जरिबानामा परेका हुन्।

## विवादबिच सुदूरपश्चिमको बजेट पारित



**धनगढी समाचारदाता**
*धनगढी, असाज २७ गते*

सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेट सत्तापक्षकै असन्तुष्टि र विवादबिच प्रदेश सभाबाट सर्वसम्पतले पारित भएको छ। बजेटमा रहेको त्रुटि छानबिन गर्न संसदीय समिति गठन गर्ने सहमतिमा मङ्गलबार प्रदेश सभाबाट सर्वसम्पतले बजेट पारित गरिएको हो। आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्लले चालु आवका लागि आइतबार ३७ अर्ब ७० करोड ३९ लाख रुपियाँको बजेट प्रदेश सभामा प्रस्तुत गर्नुभएको थियो। बजेटमाथि सत्तापक्षकै प्रदेश सभा सदस्यले व्यापक असन्तुष्टि जनाएका थिए।

सरकार पक्षीय प्रदेश सभा सदस्यले असन्तुष्टि जनाएपछि मङ्गलबार दिउँसो बसेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को संसदीय दलको बैठकमा बजेटमाथि छानबिनका लागि संसदीय समिति गठन गर्ने सहमति गरिएको थियो। सो सहमतिपछि बोलाइएको प्रदेश सभा बैठकमा बजेटमाथि छलफल गरेर सर्वसम्पतले बजेट पारित गरिएको हो। त्यसअघि बजेटमाथिको छलफलमा सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) को संसदीय दलका नेता राजेन्द्र रावल, नेकपाका रामेश्वर चौधरी, लक्ष्मी विकलगायतले भाग लिनुभएको थियो।

छलफलका क्रममा उठेको प्रश्नको जवाफ दिँदै आर्थिक मामिलामन्त्री मल्लले सबैलाई खुसी पार्ने योजना समेट्दासमेट्दै बजेट अर्कै भएको स्वीकार गर्नुभयो। उहाँले संसदीय छानबिन समितिले छानबिन गरेर तयार पारेको प्रतिवेदनका आधारमा गल्ती, त्रुटिहरू सच्याइने उल्लेख गर्नुभयो।

### सिनको सुझाव

## 'पावरहाउस' मा भूउपग्रहमार्फत सञ्चारको व्यवस्था

विपत्मा परी बेपत्ता, घाइते वा ज्यान गुमाएका कर्मचारीलाई कानुनी व्यवस्था गरी क्षतिपूर्ति, बिमा, पेन्सन, रोजगारी र शिक्षासम्बन्धी एकीकृत र पारदर्शी मापदण्ड अविलम्ब निर्धारण गर्न सुझाव

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर नेपाल (सिन) ले विनाशकारी बाढीपछि ऊर्जाक्षेत्रको पुनरुत्थानका लागि छबुँदे सुझाव पेस गरेको छ।

भदौ १० गते भोटेकोशी तथा त्रिशूली नदी कोरिडोरमा आएको बाढीपहिरोबाट ठुलो क्षति बेहोरेका जलविद्युत् आयोजनाको उद्धार, पुनर्स्थापना र दीर्घकालीन पुनर्निर्माणका लागि सिनले अध्ययन गरेको प्रतिवेदन मङ्गलबार आयोजित कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठलाई पेस गरेको हो।

प्रतिवेदनमा विपत्का कारण १३ वटा जलविद्युत् आयोजना (कुल जडित क्षमता करिब ७५९ मेगावाट) तथा दुई सय केभी क्षमताको त्रिशूली ३ 'बी' सबस्टेसनमा गम्भीर क्षति पुगेको उल्लेख छ। यस्तै ऊर्जाक्षेत्रमा कार्यरत ८६५ जना सम्पर्कविहीन भएको र ८२ अर्ब रुपियाँ बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ।

सिनले विपत्मा परी बेपत्ता, घाइते वा ज्यान गुमाएका कर्मचारीलाई कानुनी व्यवस्था गरी क्षतिपूर्ति, बिमा, पेन्सन, रोजगारी र शिक्षासम्बन्धी एकीकृत र पारदर्शी मापदण्ड अविलम्ब निर्धारण गर्न सुझाव दिइएको छ। यस्तै नदी कोरिडोरमा आपत्कालीन सञ्चार र विद्युत् आपूर्तिलाई 'क्रिटिकल लोड' को सूचीमा राखी निरन्तर सञ्चालन हुने व्यवस्था मिलाउनुपर्ने सुझाव छ।

भूमिगत पावरहाउसमा दुईतर्फी सञ्चार अनिवार्य गर्ने, सुरुङभित्र कार्यरत जनशक्तिको दैनिक तथ्याङ्क बाहिर राख्ने र भूउपग्रहमार्फत सञ्चार प्रबन्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरणबाट स्थायी अनुमति दिनुपर्ने सुझाव दिइएको छ। पुनर्निर्माणका लागि पहिले बिमा दाबी, त्यसपछि आन्तरिक स्रोत/बजेटको पुनः प्राथमिकीकरण, सरकारी पुनर्निर्माण सुविधा र बाँकी थप लागतका लागि सहुलियतपूर्ण ऋण तथा 'जलवायु कोष' लगायतका अनुदान उपयोग गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने सुझाव रहेको छ। सिनले प्राधिकरणको सहयोगमा 'पोस्ट डिजास्टर रिकभरी एन्ड रेजिलियन्स रोडम्याप फर दी हाइड्रोपावर प्रोजेक्ट्स' प्रतिवेदन तयार गरेको छ।

सो अवसरमा प्राधिकरणका कार्यकारी निर्देशक श्रेष्ठले बाढीपहिरोका कारण विद्युत् क्षेत्रमा पुगेको ठुलो क्षतिपछि हिउँदको विद्युत् माग व्यवस्थापन र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि विशेष योजना अगाडि बढाएको जानकारी दिनुभयो।

हाल प्राधिकरणले दैनिक करिब एक हजार मेगावाट विद्युत् निर्यात गरिरहे पनि हिउँद सुरु हुँदा नदीमा पानीको बहाव घट्ने र उत्पादन कम हुने भएकाले काठमाडौँ उपत्यकाको लोड व्यवस्थापन गर्न चुनौती रहेको बताउनुभयो। गत वर्ष काठमाडौँ उपत्यकामा सात मेगावाटसम्म लोड रेकर्ड भएकोमा यसपालि यो माग अझै बढ्ने अनुमान गरिएकाले लोड व्यवस्थापन गर्न बागमती प्रदेश निर्देशनालय र प्राविधिक टोलीको सहकार्यमा विशेष टास्क फोर्स बनाएर काम अगाडि बढाएको उहाँले जानकारी दिनुभयो।

उपत्यकामा बिछ्याइएका भूमिगत केबुललाई यथाशीघ्र चार्ज गरी सञ्चालनमा ल्याइने तयारी गरिरहेको बताउँदै श्रेष्ठले चोभार सबस्टेसनलाई तत्काल चार्ज गरेर कुलेश्वर र सीतापाइलालगायतका स्थानमा लोड सिफ्ट गर्ने योजना रहेको जानकारी दिनुभयो। चिलिमे हबदेखि मातातीर्थसम्मको २२० केभी प्रसारण लाइन जोडिन १४ वटा टावरको सर्भे सकिएर काम द्रुत गतिमा अघि बढाइएको उहाँले जानकारी दिनुभयो।

सो अवसरमा काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले विद्युत्को सुरक्षासम्बन्धी तालिम सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरिएकाले समयमै कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

**Invitation for Bids**

**Arnama Rural municipality**
**Office of the rural municipal executive**
**Arnama, Siraha, Madhesh province, Nepal**
Date of First publication: 14-oct-2026 (2083-06-28 BS)

1. *Arnama Rural Muncipality* invites Sealed bids (Hard Copy) from Nepalese eligible bidders for the projects under National Competitive Single Stage Double Envelope (Hard Copy) procedures. Details as below table

| S.N. | NAME OF PROJECT | Contract Identification No. | Cost of Bid Document (Nrs.) | Bid Validity Period/ Bid Security Validity | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | **Salhesh Rajmarg Dekhi Krishnapur Maa. Bidhalya Hudai 5 No. Ward Karyalya Hudai Hulaki Sadak Samma Kalo Patre** | 07/WORKS/ ARNRM/NCB/ 2083-84 | 5000.00 | 90 Days/ 120 Days | 19,80,000.00 | |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama Siraha, Madhesh Province Nepal. Email:- ito.arnamamun@gmail.com***.
4. A complete set of Bidding Documents may be purchased from the office ***Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama Siraha, Madhesh Province Nepal.*** And the office ***Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama Siraha , Madhesh Province Nepal.*** by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of ***5000*** till ***03-Nov-2026 during office hours*** in the account as specified below.
   Information to deposit the cost of bidding document fee in Bank:
   **Name of the Bank: Nabil Bank Ltd, Arnama, siraha.** **Name of Office: Arnama Rural Municipality**
   **Office Code no. : 80216501300** **Office Account no.: 22401017500008**
5. Pre-bid meeting shall be held at ***Arnama Rural Municipality*** at ***26-oct-2026 & 2:00 PM.***
6. Sealed bids must be submitted to the office ***Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama Siraha, Madhesh Province Nepal.*** By hand/courier on or before ***12:00 PM*** on ***04-Nov-2026.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM on 04-Nov-2026*** at the office of ***Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama Siraha, Madhesh Province Nepal.*** Bids must be valid for a period of ***(90+30)=120 days*** *from* the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Nrs.19,80,000.00**,which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the bid security amount in Bank:
   **Name of the Bank: Nabil Bank Ltd, Arnama, siraha (Dharauti khata)** **Name of Office: Arnama Rural Municipality**
   **Office Code no. : 80216501300** **Dharauti Office Account no.: 22401017500036**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# आर्थिक वृद्धिदर ५.४० प्रतिशत रहने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

**बागमती प्रदेश**

आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.४० प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। नेपाल राष्ट्र बैङ्क आर्थिक अनुसन्धान विभागले सार्वजनिक गरेको प्रदेशको आर्थिक गतिविधिसम्बन्धी वार्षिक प्रतिवेदन २०८२/८३ ले बागमती प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवाक्षेत्रको योगदान क्रमशः ११.२३ प्रतिशत, १२.२४ प्रतिशत र ७६.५३ प्रतिशत रहने अनुमानले देखाएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आव २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने अनुमान छ। गत आव २०८१/८२ मा यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। गत आवमा बागमती प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको भूक्षेत्र अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.४ प्रतिशतले घटेको प्रतिवेदनमा उल्लेख छ। त्यसै गरी बाली उत्पादन पनि ७.८ प्रतिशतले घटेको छ।

समीक्षा अवधिमा प्रमुख खाद्यान्न बालीमध्ये धान, मकै, गहुँ, कोदो, जौ र फापर उत्पादन क्रमशः ०.४ प्रतिशत, ०.३ प्रतिशत, २.५ प्रतिशत, ०.३ प्रतिशत, १३.६ प्रतिशत र २.५ प्रतिशतले बढेको छ। साथै तरकारी तथा बागवानीको उत्पादन २.८ प्रतिशतले बढेको छ। पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन ०.७ प्रतिशतले र मासु उत्पादन ३.१ प्रतिशतले बढेको छ भने अन्डा उत्पादन ८.३ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा बागमती प्रदेशका बैङ्क तथा वित्तीय संस्थाबाट ३.३ प्रतिशत कर्जा कृषिक्षेत्रमा प्रवाह भएको छ।

यस्तै समीक्षा अवधिमा बागमती प्रदेशका अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ४१.०८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ३७.४९ प्रतिशत थियो। समीक्षा अवधिमा बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३६.८१ प्रतिशत छ।

प्रतिवेदनले समीक्षा अवधिमा नमुना छनोटमा परेका होटेलको औसत क्षमता उपयोग (अकुपेन्सी) ४७.९ प्रतिशत रहेको देखाएको छ। २०८२ कात्तिकदेखि होटेलको अकुपेन्सी क्रमशः सुधार देखिन्छ। समीक्षा अवधिमा घरजग्गा रजिस्ट्रेसन सङ्ख्या ९.६ प्रतिशतले बढेको छ भने रजिस्ट्रेसनबाट प्राप्त हुने राजस्व १६.८ प्रतिशतले घटेको छ। बैङ्क तथा वित्तीय संस्थाले बागमती प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा ९.७९ प्रतिशतले र कर्जा प्रवाह ९.०७ प्रतिशतले वृद्धि भएको छ। गत आवमा प्रदेश सरकारले कुल ६७ अर्ब ४८ करोड रुपियाँ बजेट विनियोजन गरेकोमा कुल विनियोजनको ६८.१८ प्रतिशत ४६ अर्ब खर्च भएको छ भने २०८३ असार मसान्तसम्म ३० अर्ब ६७ करोड रुपियाँ राजस्व सङ्कलन भएको छ।

# चाडपर्वलक्षित अनुगमन तीव्र

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको नेतृत्वमा नजिकिँदै गरेको दसैँतिहारलाई लक्ष्य गरी उपत्यकामा बजार अनुगमन तीव्र बनाएको छ। विभागको नेतृत्वमा, खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग, गुणस्तर तथा नापतौल विभागलगायतले केही दिनदेखि नै विभिन्न १० वटा छुट्टाछुट्टै 'सेक्टर' को अनुगमनलाई तीव्र बनाएका हुन्। चाडपर्वका बेला बजारमा हुन सक्ने अस्वाभाविक मूल्यवृद्धि, कालोबजारी, गुणस्तरहीन सामानको बिक्री र कृत्रिम अभाव नियन्त्रणका लागि बजारका सेक्टर छुट्याएर अनुगमन गरेको विभागले जनाएको छ। विभागका महानिर्देशक रितेश शाक्यले केही दिनदेखि नै नियमित अनुगमन टोलीका अतिरिक्त मन्त्रालय तथा मातहतका अन्य निकायबाट थप ३२ जना कर्मचारी माग गरी बजारमा अनुगमनमा खटाइएको जानकारी दिनुभयो।

वर्तमान सरकारबाट प्राप्त निर्देशन अनुसार चाडपर्वका समयमा कुनै पनि उपभोग्य वस्तुको आपूर्ति अवरुद्ध हुन नदिनु र अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणलाई प्राथमिकतामा राखेर अनुगमन गरिएको पनि महानिर्देशक शाक्यले बताउनुभयो। उहाँका अनुसार यसका लागि आपूर्ति प्रणालीका सरोकारवाला निजी क्षेत्रका छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल चेम्बर अफ कमर्स, जिल्लास्तरीय उद्योग वाणिज्य सङ्घसँग समन्वय गरी आपूर्ति व्यवस्थापनलाई निरन्तर सहज बनाउने काम भइरहेको छ।


त्रि.वि., चि.शा.अ.सं.
**बी.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज, काठमाडौँ**

**सिलबन्दी बोलपत्रसम्बन्धी सूचना**

(प्रकाशित मिति : २०८३।०६।२८)

यस केन्द्रमा आ.व.२०८३।०८४ को लागि तपसिल बमोजिमका **OPD AND OT ITEMS, CHEMICAL ITEMS** र **PHARMACY ITEMS** को औषधी तथा सामाग्रीहरू खरिद गर्नुपर्ने भएकोले सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । आपूर्ति गर्न इच्छुक इजाजतप्राप्त फर्मले हिमालयन बैंक लि., महाराजगञ्ज शाखाको च.हि.नं. ००२००५६२०४००३९ मा रु. ३,०००।- जम्मा गरेको सक्कल बैङ्क भौचर पेस गरेपश्चात् बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ । विस्तृत जानकारीका लागि केन्द्रको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| सिलवन्दी वोलपत्र नं. | विवरण | वोलपत्र फाराम अन्तिम विक्री मिति र समय | वोलपत्र फाराम दर्ता गर्ने अन्तिम मिति र समय | वोलपत्र फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|
| १/२०८३-०८४ | OPD AND OT ITEMS | २०८३।०७।२७ गते ४:०० बजेसम्म | २०८३।०७।३० गते १२:०० बजेसम्म | २०८३।०७।३० गते २:०० बजे |
| २/२०८३-०८४ | CHEMICAL ITEMS | २०८३।०७।२७ गते ४:०० बजेसम्म | २०८३।०७।३० गते १२:०० बजेसम्म | २०८३।०७।३० गते २:३० बजे |
| ३/२०८३-०८४ | PHARMACY ITEMS | २०८३।०७।२७ गते ४:०० बजेसम्म | २०८३।०७।३० गते १२:०० बजेसम्म | २०८३।०७।३० गते ३:०० बजे |


# हटिया राष्ट्रिय प्रसारण लाइनमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

नेपाल विद्युत् प्राधिकरणले सङ्खुवासभा जिल्लाको उत्तरी भेगस्थित भोटखोला गाउँपालिका-३, हटियामा राष्ट्रिय प्रसारण लाइन विस्तार गरी विद्युत् आपूर्ति सुरु गरेको छ। प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गत योजना तथा प्राविधिक सेवा विभागमार्फत सञ्चालित आयोजनामार्फत हटिया क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरिएको हो। यसअघि उक्त क्षेत्रमा लघुजलविद्युत् योजनामार्फत विद्युत् आपूर्ति हुँदै आएको थियो।

राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् आपूर्ति सुरु भएपछि विकट तथा दुर्गम क्षेत्रको विद्युत् आपूर्ति थप भरपर्दो र पर्याप्त हुने अपेक्षा प्राधिकरणले गरेको छ। प्राधिकरणले जारी गरेको विज्ञप्ति अनुसार यसबाट स्थानीय बासिन्दा, सरकारी कार्यालय, स्वास्थ्य संस्था, कुटानी पिसानी मिल तथा घरेलु उद्योगलगायतका विद्युत् उपभोक्ता प्रत्यक्ष लाभान्वित हुने छन्।

राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् आपूर्ति सुरु भएपछि विकट तथा दुर्गम क्षेत्रको विद्युत् आपूर्ति थप भरपर्दो र पर्याप्त भई स्थानीय बासिन्दा, सरकारी कार्यालय तथा स्वास्थ्य संस्था, त्यस क्षेत्रमा रहेका कुटानी पिसानी मिल, घरेलु उद्योगलगायतले प्रत्यक्ष लाभ लिने छन्।

खाँदबारी वितरण केन्द्रका प्रमुख रामबाबु चौधरीका अनुसार भोटखोला गाउँपालिकाको कार्यालय र हाहियास्थित अस्पतालमा थ्री फेजका मिटर जडान गरी विद्युत् आपूर्ति सुरु गरिएको छ। राष्ट्रिय प्रसारण लाइन विस्तारले स्थानीय क्षेत्रमा विद्युत् आपूर्तिको उपलब्धता, नियमितता र विश्वसनीयता बढाउन सहयोग पुग्ने उहाँले बताउनुभयो।

चीनसँग सीमा जोडिएको भोटखोला गाउँपालिकाकै किमाथाङ्कासम्म पनि राष्ट्रिय प्रसारण लाइन विस्तार गर्न प्राधिकरणले आवश्यक प्रक्रिया अगाडि बढाइसकेको छ। उक्त क्षेत्रसम्म विद्युत् पुऱ्याउन ठेक्का प्रक्रिया अघि बढिसकेको छ। चालु आवभित्रै किमाथाङ्कामा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् आपूर्ति पुऱ्याउने लक्ष्य रहेको छ।

सङ्खुवासभामा विद्युत् पहुँच विस्तारलाई प्राथमिकता दिँदै प्राधिकरणले विकट तथा दुर्गम बस्तीमा राष्ट्रिय प्रसारण प्रणाली विस्तार गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ। जिल्लाका करिब ९५ प्रतिशत घरधुरीले राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् उपभोग गरिरहेका छन् भने बाँकी घरधुरीमा लघु जलविद्युत् तथा सौर्य ऊर्जामार्फत विद्युत् आपूर्ति भइरहेको छ।

# नयाँ सुविधासहित टेलिकमको 'अटम अफर'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

नेपाल टेलिकमले भ्वाइस तथा डेटा प्याकमा केही नयाँ सुविधा थप गर्दै अटम अफर सञ्चालनमा ल्याएको छ। जस अन्तर्गत ३५ रुपियाँदेखि २२९ रुपियाँको अल नेट भ्वाइस प्याक समावेश छ। यो प्याक खरिद गर्नेले न्यूनतम १०१ मिनेटदेखि ६६६ मिनेटसम्म सबै नेटवर्कमा भ्वाइस कलको सुविधा पाउने छन्। प्याकको मूल्य अनुसार यसको समयावधि एक दिनदेखि ३० दिनसम्म रहेको टेलिकमले जनाएको छ।

सजिलो अनलिमिटेड अन्तर्गत टेलिकमले ६९९ रुपियाँमा ३० दिन समयावधि भएको सबै नेटवर्कमा असीमित भ्वाइस, ३० जिबी डेटा र सबै नेटवर्कमा प्रयोग गर्न मिल्ने दुई सय वटा एसएमएस सुविधा उपलब्ध गराएको छ। त्यस्तै एक हजार ४९९ रुपियाँमा ३० दिन समयावधि भएको सबै नेटवर्कमा असीमित भ्वाइस, छ सय जिबी डेटा र ३५० वटा एसएमएस प्रयोग गर्न मिल्ने टेलिकमले जनाएको छ। पोस्टपेड प्रयोगकर्ताका लागि ३७३ रुपियाँमै रेन्टल चार्ज (मासिक भुक्तानी गर्नुपर्ने न्यूनतम रकम) मै विभिन्न प्रकारका भ्वाइस र डेटा प्याकका साथै कम्बो प्याक पनि उपलब्ध गराइएको कम्पनीले जनाएको छ।


**बोलपत्र सूचना नं. NDCL/PD-Attariya/NCB/01/083-84**
**अन्तर्गत बोलपत्र कागजातमा संशोधन सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस निर्देशनालयबाट आह्वान गरिएको बोलपत्र नं. **NDCL/PD-Attariya/NCB/01/083-84 अर्धदक्ष प्राविधिक सहायक (कामदार) को सेवा आपूर्ति सम्बन्धी** को बोलपत्रसम्बन्धी कागजातको **"Section–III: बोलपत्रदातालाई जानकारी"** अन्तर्गतको **दफा १२** मा आवश्यक संशोधन गर्नुपर्ने भएकाले उक्त दफालाई देहाय बमोजिम संशोधन गरी सोही बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**देहायः**

**दफा १२.५ (क) सम्झौता स्वीकृतिः** माथि उल्लेखित बुँदाहरू १२.१, १२.२, १२.३ र १२.४ को आधारमा गरिएको मूल्याङ्कनबाट सारभूतरूपमा प्रभावग्राही (Substantially Responsive) ठहर भएका बोलपत्रहरूमध्ये सबैभन्दा कम मूल्य कबोल गर्ने बोलपत्रदातालाई सफल बोलपत्रदाताका रूपमा छनोट गरिनेछ।

**दफा १२.५ (क)(अ) सम्झौता स्वीकृति**: दफा हटाइएको।

**दफा १२.५ (क)(आ) सम्झौता स्वीकृति**: दफा हटाइएको।

**दफा १२.५ (आ) सम्झौता स्वीकृति**: उपरोक्त अनुसारको अङ्कभारका आधारमा मूल्याङ्कन गर्दा एकभन्दा बढी बोलपत्रदाताले अधिकतम समान अङ्क प्राप्त गरेमा त्यसरी समान अङ्क प्राप्त गर्ने बोलपत्रदाता फर्म/संस्थाको प्रतिनिधि, बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारीहरू र कम्पनीका (CTO वा COO वा कानुन तर्फको) प्रतिनिधिको सहभागितामा समान अङ्क प्राप्त गर्ने बोलपत्रदाता फर्म/संस्थाहरूबिच गोला प्रथा गरी छनोट गरिनेछ। त्यसरी समान अङ्क प्राप्त गर्ने बोलपत्रदाता फर्म/संस्थाका प्रतिनिधिहरू पूर्ण वा आंशिक रूपमा अनुपस्थित भएमा पनि तोकिएको मिति, स्थान र समयमा गोला प्रथा गर्न बाधा पर्ने छैन।

**सम्पर्क ठेगाना**
**नेपाल टेलिकम**
**(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)**
प्रादेशिक निर्देशनालय, अत्तरिया, सुदूरपश्चिम प्रदेश, कैलाली
फोन नं .: +९७७-९१-५५१२९२, Email: ntprocurement.attariya@ntc.net.np


# चार महिनापछि रेसुङ्गामा उडान सुरु



**गुल्मी समाचारदाता**
*गुल्मी, असोज २७ गते*

मौसम प्रतिकूलताका कारण चार महिनादेखि बन्द रहेको गुल्मीको रेसुङ्गा विमानस्थलमा हवाई उडान पुनः सुरु भएको छ। नेपाल वायुसेवा निगमले मङ्गलबारदेखि काठमाडौँ–रेसुङ्गा नियमित उडान सञ्चालनमा ल्याएको हो। नेपाल वायुसेवा निगम रेसुङ्गा विमानस्थलका स्टेसन प्रमुख सुमन थापाका अनुसार गत जेठ २४ गते अन्तिम उडान भएको थियो। त्यसपछि मौसम प्रतिकूल हुँदा उडान हुन सकेको थिएन। उहाँले मौसममा सुधार आउन थालेपछि उडान पुनः सञ्चालन गरिएको बताउनुभयो।

यात्रुको चापलाई ध्यानमा राखेर यसअघि सातामा चार दिनसम्म उडानको व्यवस्था गरिएको भए पनि हाल तालिका समायोजन गरी सातामा तीन दिन उडान सञ्चालन गरिने भएको छ। अब आइतबार, मङ्गलबार र शुक्रबार काठमाडौँ–रेसुङ्गा उडान हुने छ।


**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Rani Jamara Kulariya Irrigation Project**
Tikapur, Kailali

**Notice of Intent to Award the Contract**

Date of Publication: 14 October, 2026 (2083/06/28 BS)

Pursuant to the notice published by this project on 2083/06/16 BS, the financial proposals of the substantially responsive bids for the following contracts were opened on 2083/06/23 BS at the office of this project, Tikapur, Kailali. During the bid evaluation, the proposals of the following bidders were found to be the substantially responsive bids closest to the Average Bid Price pursuant to ITB 36.1 of the Bidding Document. Therefore, this notice is published for the information of all concerned pursuant to Section 27 (2) of the Public Procurement Act, 2063.

| S.N. | Contract Description | Selected Bidder (Bid closest to the Average Bid Price) | Bid Amount (Excluding VAT and PS) |
|---|---|---|---|
| 1 | RJKIP/RTW/NCB-04/2083/084 (Command Area Protection Works in Right Bank of Karnali River, From Chainage 22+800 to 27+100) | M/S Kali-Bardiya Jiyana-Kiran J/V, Gulariya-06, Bardiya | NRs. 12,95,13,041.00 |
| 2 | RJKIP/RTW/NCB-05/2083/84 (Command Area Protection Works in Right Bank of Karnali River, From Chainage 29+200 to 33+500) | M/S Naba Janukadevi-New Tech J/V, Uttargaya-02, Rasuwa | NRs. 17,54,29,851.60 |
| 3 | RJKIP/NCB-06/2083/84 (Construction and Maintenance of Canal and its associated Structures in Feeder Canal of RJKIP) | M/S Nagarik-Anaya-Bhandari J/V, Dhangadhi-03, Kailali | NRs. 2,40,82,909.55 |

**Project Director**



**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मिति २०८३।०६।२८)

यस बैंकको देहाय बमोजिमका शाखाहरूमा कायम रहेका निक्षेप खातावालाहरूको मृत्यु भएको भनी विभिन्न मितिमा हकदाबी निवेदन पर्न आएको हुँदा उल्लिखित हकदार बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतिस) दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित सम्बन्धित शाखाहरूमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने र पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

| सि. नं. | बैंक शाखा/खाता नं. | खातावाला मृतकको नाम र तीन पुस्ते बिवरण | ठेगाना | हकदाबी गर्ने व्यक्ति/नाता |
|---|---|---|---|---|
| १ | दुहवी शाखा(०७९) ०७९०१०० ०९०६६१५००००१ | **मृतक**-शशी नारायण चौधरी **बाबु**-अमरलाल चौधरी **बाजे**-बुटन चौधरी | कोशी प्रदेश, सुनसरी जिल्ला, दुहवी न.पा. ११ | सौदा देवी चौधरी (श्रीमती) |
| २ | दुहवी शाखा(०७९) ०७९०११० ७९३६४७९००००१ | **मृतक**-मायावती देवी **श्रीमान्**-धिराजलाल चौधरी **बाबु**-अबदनारायण खवास | कोशी प्रदेश, मोरङ जिल्ला, बुढीगंगा गा.पा. ०३ | धिराजलाल चौधरी (श्रीमान्) |
| ३ | सिरहा शाखा(१४५) १४५०१०० ०७८४०८९००००१ | **मृतक**-राम नारायण साह **बुवा**-कैलाश प्रसाद साह रौनियार **बाजे**-नथुनी साह | मधेश प्रदेश, सिरहा जिल्ला, सिरहा न.पा. ०१, सिरहा | इन्दु कुमारी साह (श्रीमती) |
| ४ | लहान शाखा(०३६) ०३६०११० ६८८७१९४००००१ | **मृतक**-पवित्रा देवि मिश्र **बाबु**-अनजय अधिकारी **श्रीमान्**- बिष्णु प्रसाद मिश्र | मधेश प्रदेश सिरहा जिल्ला धनगढिमाई ना.पा.-१२ | मुरारी मिश्र (छोरा) |
| ५ | लहान शाखा(०३६) ०३६०१० ००२९३३८३००००१ | **मृतक**-शिव दयाल साह **बाबु**-इस्वरी साह **बाजे**-ठकाई साह | मधेश प्रदेश सिरहा जिल्ला धनगढिमाई ना.पा.-११ | लिलम प्रसाद साह, मेदन प्रसाद साह (छोराहरू) |
| ६ | कञ्चनपुर शाखा(०७१) ०७१०१० ००८९३५४५००००१ | **मृतक**-सुदिम प्रसाद मण्डर थारु **बुवा**-बहुरी मण्डर थारु **बाजे**-मगल मण्डर थारु | सप्तरी जिल्ला,गा.वि.स. बकधुवा-०६, हाल मधेश प्रदेश, सप्तरी जिल्ला, अग्नीसाइर कृष्णसवरन गा.पा..०५ | रत्नमणि प्रसाद मण्डर (छोरा) |
| ७ | काठमाडौँ बैंकिङ अफिस (००२) ००२०१० ०७१६२२४५००००१ | **मृतक**–युवनाथ धिताल **बाबु**- होम नाथ धिताल **बाजे**– कृष्ण प्रसाद धिताल | बागमती प्रदेश,धादिङ्ग जिल्ला, धुनिबेशी न.पा. ०१ | पुरुषोत्तम धिताल (छोरा) |
| ८ | काठमाण्डौ बैंकिङ अफिस (००२) ००२०१० ०७५५९८८६००००१ | **मृतक**–ज्ञान बहादुर महर्जन **बाबु**- अष्ट बहादुर महर्जन **बाजे**– मान बहादुर महर्जन | बागमती प्रदेश, काठमाडौँ जिल्ला, का.म.न.पा. २२ | रबिता महर्जन (श्रीमती) |
| ९ | काठमाडौँ बैंकिङ अफिस (००२) ००२०१० ००४९१०५३००००१ | **मृतक**–अष्ट बहादुर चित्रकार **बाबु**- डबल बहादुर चित्रकार **बाजे**– सिद्धि नरसिह चित्रकार | बागमती प्रदेश,काठमाडौँ जिल्ला, का.म.न.पां. २० | मिना चित्रकार (श्रीमती) |
| १० | कोपुण्डोल शाखा(१३५) १३५१०२०० १५१६८९००००२, १३५१०१०० ०१५१६८९००००१ | **मृतक**-पुष्प कुमारी सिंह **बाबु**-सूर्य बहादुर मल्ल **श्रीमान**-दल बहादुर सिंह | बागमती प्रदेश, ललितपुर जिल्ला ०१, कोपुण्डोल | दिल्ली बहादुर सिंह(छोरा) |



**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Water Supply and Sewerage Management**
**Water Supply and Sewerage Management Office**
**Butwal, Rupandehi**

**Invitation for Bids (Hard Copy)**

**Notice No.: BTL/03/083-84**
**Date of Publication: 14th October, 2026 (28th Ashoj, 2083)**

1. Water Supply and Sewerage Management Office, Butwal, Rupandehi invites Open Competitive hard copy bids only, from eligible bidders for the following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding Procedures.

| S.N. | Contract ID | Description of Works | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Minimum Average Annual Construction Turnover/ Bid Capacity (NRs.) millions | Minimum Work Experience of Similar Size and Nature (NRs.) millions |
|---|---|---|---|---|---|---|---|
| 1. | 08/083-84/NCB/Works/CF/WSSMOBTL | Construction of different works of Rampur Co-financing Water Supply and Sanitation Project, Rampur-4,5,6 & 7, Palpa | 20000 | 10,960,000 | 90 days/ 120 days | 210.804/383.660 | 252.964 |
| 2. | 09/083-84/NCB/Works/CF/WSSMOBTL | Construction of different works of Aanandaban Shankarnagar Third Co-financing Water Supply Project, Tilottama -5, 6, 9 & 13, Rupandehi | 20000 | 10,400,000 | 90 days/ 120 days | 208.449/375.207 | 250.138 |

| Pre-bid Meeting | Last Date & Time for Bid Purchase | Last Date & Time for Bid Submission | Date & Time for Bid Opening |
|---|---|---|---|
| 4th November 2026 (2083/07/18) 13:00 Hrs | 17th November 2026 (2083/08/01), 17:00 Hrs | 18th November 2026 (2083/08/02), 12:00 Hrs | 18th November 2026 (2083/08/02), 13:00 Hrs |

2. **Bid Document Fee: Information to deposit the cost of bidding document in Bank:**

| | | |
|---|---|---|
| Name of Bank: Agricultural Development Bank, Rupandehi | Account No.: 0100201277009016 | Office Code: 337054801 |
| Office name: Water Supply and Sewerage Management Office, Butwal | Revenue Heading No.: 14229 | No-Refundable Fee for Bid Document Purchase (NRs.): as mentioned above table. |

A complete set of Bidding Documents may be purchased from Water Supply and Sewerage Management Office, Butwal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee into the account specified above, till 17th November 2026 during office hours.

3. Sealed Bids (Hard Copy only) must be submitted by hand/courier on or before 12:00 Hrs on 18th November 2026. Bids received after this deadline will be rejected.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
5. Any conditions not covered herein shall be governed by the prevailing provisions of the Public Procurement Act, 2063 (with Second Amendment) and the Public Procurement Regulations, 2064 (with Sixteenth Amendment).
6. Water Supply and Sewerage Management Office, Butwal reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason whatsoever.

**Office Chief**

# नेपालको लगातार जित



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

रोहित पौडेलले लगातार दोस्रो खेलमा उत्कृष्ट ब्याटिङ गरेपछि नेपालले मङ्गलबार आइसिसी एकदिवसीय क्रिकेट विश्वकप लिग–२ मा घरेलु टिम ओमानलाई ११३ रनले सजिलै हराएको छ।

यस नतिजासँगै नेपालको पाँचौँ स्थानमा उक्लने बाटो पनि खुलेको छ। नेपालको ३४ खेलबाट २८ अङ्क भएको छ। आठ टिम सहभागी यस लिग टु २०२३/२४–२०२७ को 'साइकल' मा नेपालले अझै दुई खेल खेल्न बाँकी छ। पाँचौँ स्थानमा रहेको नामिबियाले एक खेल खेल्न बाँकी छँदा ३१ अङ्क बनाएको छ। नामिबियाले आफ्नो अन्तिम खेलमा हार बेहोरमा नेपालले आफ्नो अन्तिम दुई खेल जितेर शीर्ष पाँच रहेर प्रतियोगिता टुङ्ग्याउने छ। नेपाल शीर्ष चारमा रहेर विश्वकपको ग्लोबल छनोटमा स्वतः चयन हुने अवसर भने गुमाइसकेको छ। ओमान आउनुअघि नेपाल सातौँ स्थानमा थियो। ओमान ३० खेलमा ३३ अङ्क बनाएर चौथो स्थानमा रहेको छ।

ओमानको अल अमिरात क्रिकेट मैदानमा नेपालका कप्तान सन्दीप लामिछानेले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गर्नुभएको थियो। नेपालले निर्धारित ५० ओभरमा आठ विकेटको क्षतिमा २६३ रन बनाएपछि कप्तान सन्दीपको निर्णायक सही साबित भयो। ओमान जवाफमा ४० ओभरमा १५० रनमै सीमित भयो।

नेपालको पालिमा पुनः रोहित पौडेल छाउनुभयो। दुई दिनअघि क्यानडाविरुद्धको जितमा कीर्तिमान शतक बनाउने रोहितले ६७ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक ६१ रन बनाउनुभयो। उहाँ ४३ औँ ओभरमा सकिल अहमदको बलिङमा आउट हुनुभयो। सकिलले प्रारम्भिक ब्याट्सम्यान अर्जुन कुमाललाई पनि आउट गर्नुभएको थयो। बायाँहाते स्पिनर सकिल लिग–२ २०२३/२४–२०२७ को 'साइकल' मा सर्वाधिक विकेट लिने बलर हुनुहुन्छ। उहाँले २४ खेलमा ५४ विकेट लिनुभएको छ।

सकिलद्वारा एलबिडब्लुको धरापमा पर्नुअघि अर्जुनले ५९ बलमा चार चौकासहित ४० रन बनाएर आफ्नो भूमिका उचित तरिकाले निर्वाह गरिसक्नुभएको थियो। अर्का प्रारम्भिक ब्याट्सम्यान आसिफ शेख भने लगातार दोस्रो खेलमा ब्याटबाट असफल हुनुभयो। उहाँ चार रनमा शाह फैजलको बलिङमा बाउन्ड्रीनजिक जय ओडेड्राद्वारा क्याच आउट हुनुभयो।

आसिफ आउट भएपछि अर्जुन र ईशान पाण्डेले दोस्रो विकेटका लागि ६४ रनको साझेदारी गरी नेपालको पालि सम्हाल्नुभएको थियो। अर्जुन र ईशान दुई रनको अन्तरालमा पवेलियन फर्कनुभयो। ईशानले ३७ रनको योगदान दिनुभयो। लगातार दुई विकेट निस्के पनि रोहित र बसिर अहमदबिच चौथो विकेटका लागि ८६ रनको साझेदारी भएपछि नेपाल समस्यामा परेन। बसिर पनि ३७ रनमा आउट हुनुभयो। त्यसपछि दीपेन्द्र सिंहले २२ र गुल्सन झाको स्थानमा खेलेका सन्दीप जोरा १० रन बनाएर आउट हुनुभयो।

### करणको अलराउन्ड प्रदर्शन

नेपालको पालिमा रोहितपछि करण केसीको पालि उल्लेखनीय रह्यो। आठौँ क्रमका क्रिजमा आउनुभएका करणले १६ बलमा ४० रन बनाएपछि नेपालको पालिको अन्त्य सुखद तरिकाले गरेको थियो। करणको पालिमा एक चौका र चार छक्का सामेल थियो। उहाँले हसनैन शाहले फालेको ४९ औँ ओभरमा लगातार तीन छक्का प्रहार गर्नुभएको थियो। करण अन्तिम बलमा रनआउट हुनुभयो।

त्यसपछि करणले ओमानको पालिमा पहिलो ओभरमै प्रारम्भिक ब्याट्सम्यान हसनैन उल वहाबलाई शून्यमा बोल्ड गरेर नेपाललाई खेलको दोस्रो भागमा पनि सानदार सुरुवात दिलाउनुभएको थियो। ओमानले जवाफमा ४१ रनमै छ विकेट गुमाइसकेको थियो। नन्दन यादवले पहिलो स्पेलमै मुजिबुर अली (२ रन) र हमाद मिर्जा (४ रन) लाई आउट गरेपछि ओमानको स्थिति तीन विकेटको क्षतिमा २७ रन भएको थियो। त्यसपछि स्पिनरद्वय ललित राजवंशी र सन्दीपले लगातार तीन विकेट लिएपछि ओमान न्यून स्कोरमै समेटिने सम्भावना देखियो। ललितले समालिएर खेलिरहेका जतिन्दर सिंहलाई १८ रनमा आउट गर्नुभयो। सन्दीपले आफ्नो पहिलो ओभरमै करण सानाभाले (४ रन) र जिक्रिया इस्लाम (०) लाई लगातार बलमा आउट गर्नुभयो।

त्यसपछि कप्तान विनायक शुक्लाले प्रतिकूल समयमा अर्धशतकीय पालि खेलेर खेल केही लम्ब्याउनुभएको थियो। विनायकले ओडेड्रासँग मिलेर गरेको सातौँ विकेटका लागि ८३ रनको साझेदारी मात्र ओमानको पालिमा उल्लेखलायक रह्यो। विनायकलाई नन्दनले आउट गर्नुभयो। विनायकले ८३ बलमा छ चौका र एक छक्कासहित ७७ रन बनाउनुभयो। दीपेन्द्रले ओडेड्रा (२५ रन) लाई आउट गरेपछि सो साझेदारी टुटेको थियो। सो पालिमा सन्दीप र नन्दनले तीन/तीन, दीपेन्द्रले दुई तथा करण र ललितले एक/एक विकेट लिनुभयो।

### 'ब्याटिङ गर्दा आनन्द मिल्यो'

'म्यान अफ दी म्याच' करणले आज ब्याटिङ गर्दा आनन्द मिलेको बताउनुभयो। "अन्तिम समयमा तेज गतिमा रन बनाउने आफ्नो भूमिकामा स्पष्ट थिएँ, आज छक्का पनि प्रहार गर्न सकेँ," करणले भन्नुभयो। नेपालका कप्तान सन्दीपले करणका साथै रोहित, अर्जुन र ईशानको ब्याटिङले पनि नेपालले चुनौतीपूर्ण स्कोर बनाउन सहज भएको बताउनुभयो। "यसै गरी ओमानका कप्तान विनायकले पनि करणकै कारण आफ्नो टिम समस्यामा परेको बताउनुभयो। करणका कारण अन्तिम दुई ओभरमा धेरै रन लुटायौँ, त्यसपछि करणले सुरुमै विकेट लिएर हामीलाई दबाबमा पारे। पिच ब्याटिङ गर्न कठिन थिएन तर हामीले राम्रो ब्याटिङ गर्न सकेनौँ," उहाँले भन्नुभयो।

## निसर्ग वाटिकालाई पौडीको उपाधि



तस्बिर : विकास द्वारे

**चौधौँ एनएसए कप पौडी प्रतियोगितामा राष्ट्रिय कीर्तिमान बनाउने खेलाडी।**

**गोरखापत्र समाचारदता**
*काठमाडौँ, असोज २७ गते*

१४ औँ एनएसए कप पौडी प्रतियोगितामा निसर्ग वाटिका स्कुल पहिलो भएको छ। निसर्ग मङ्गलबार सम्पन्न प्रतियोगितामा कुल १३६३ अङ्क बनाएर च्याम्पियन भएको हो। दोस्रो भएको एपिएफले ६१३ तथा तेस्रो भएको जेम्सले ६०६ अङ्क प्राप्त गरे।

दुईदिने प्रतियोगितामा नेपाल आर्मी क्लबकी डुवाना लामाले कुल सात स्वर्ण पदक जित्नुभयो। उहाँले पहिलो दिन चार र दोस्रो तथा अन्तिम दिन तीन स्वर्ण पदक जित्नुभएको हो। उहाँ महिलातर्फ उत्कृष्ट खेलाडी घोषित हुनुभयो। यसै गरी कुल चार स्वर्ण र दुई रजत पदक जित्ने नेपाल पुलिस क्लबका एरभिन श्रेष्ठ पुरुषतर्फ उत्कृष्ट खेलाडी चुनिनुभयो।

आयोजक नेपाल पौडी सङ्घले प्रतियोगितामा कुल १७ राष्ट्रिय कीर्तिमान बनेको जानकारी दिएको छ। एरभिन श्रेष्ठले सबभन्दा बढी छ राष्ट्रिय कीर्तिमान राख्नुभयो। यसै गरी अभिम प्रधानले चार तथा जेडेन श्रेष्ठले तीन राष्ट्रिय कीर्तिमान कायम गर्नुभयो। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव राम चरित्र मेहतालगायतले समापन समारोहमा विजयी टोली तथा खेलाडीलाई पुरस्कार प्रदान गर्नुभयो। नेपाल पौडी सङ्घको आयोजनामा भएको प्रतियोगिता सातदोबाटोस्थित पौडीपोखरीमा भएको हो। बेइजिङमा डिसेम्बर पहिलो साता हुने सर्ट कोर्स विश्व च्याम्पियनसिपको छनोटका लागि प्रतियोगिता आयोजना भएको हो। प्रतियोगितामा ३६ टोलीका १५१ खेलाडीको सहभागिता रहेको थियो।

## बाढीपीडितको सहयोगार्थ अमेरिकामा दौड हुने

**गोरखापत्र समाचारदाता**
*राले, असोज २७ गते*

करिब डेढ महिनाअघि भोटेकोशीमा आएको विनाशकारी बाढीपहिरोपीडितको राहत तथा उद्धारका लागि नर्थ क्यारोलाइनाको पाँच किलोमिटर दौड/हिँडाइ आयोजना हुने भएको छ। नर्थ क्यारोलाइनास्थित नेपालीको संस्था नेप्लिज कम्युनिटी फर नर्थ क्यारोलाइना (एनसिएनसी) ले आयोजना गर्न लागेको सो दौड/हिँडाइ विजयादशमीको पूर्वसन्ध्यामा अक्टोबर १८ आइतबार आयोजना हुने छ।

सो दौड/हिँडाइमा यस क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायका युवकयुवती मात्र होइन, बालबालिका र वृद्धवृद्धासमेत सहभागी हुने छन्। यसै गरी अमेरिकी, भारतीय नागरिकलगायत अन्य पनि सो दौडमा सहभागी हुने एनसिएनसीले जनाएको छ। एनसिएनसीका अध्यक्ष ददिन पाण्डेका अनुसार सो दौड प्रतिस्पर्धात्मक हुने छ भने हिँडाइ चाहिँ सहभागिताका रूपमा मात्र सीमित हुने छ। यी दुवै इभेन्ट्समा झन्डै तीन सय जना सहभागी हुने छन्। यस दौडबाट करिब १२ हजार अमेरिकी डलर सङ्कलन हुने अनुमान गरिएको छ। सो रकम प्रधानमन्त्री दैवी प्रकोप तथा राहत कोषमा जम्मा गरिने छ।

## टेनिसमा अभिलाषा विजयी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

नेपाली टेनिस खेलाडी अभिलाषा विष्टले डब्लु १५ इस्लामाबादको सर्किट–२ मा मङ्गलबार रुसकी अन्ना सिम्किनालाई ६–० र ६–१ ले हराउनुभएको छ।

पाकिस्तानको इस्लामाबादमा भएको प्रतियोगिताको प्रिक्वाटरफाइनलमा अभिलाषाले थाइल्यान्डकी दोस्रो वरीयताप्राप्त कामोनवान योडपेचसँग बुधबार प्रतिस्पर्धा गर्नुहुने छ। डब्लुटिएको विश्व वरीयतामा अभिलाषा १,५१० औँ स्थानमा रहेको नेपाल टेनिस सङ्घका सचिव अजय विष्टले जनाउनुभएको छ। प्रतियोगिताको कुल पुरस्कार राशि १५ हजार अमेरिकी डलर रहेको छ।

# कला/साहित्य

## पुस्तक लोकार्पण

**काठमाडौँ** (गोरखापत्र), असोज २७ गते। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले लोकतन्त्र अधिकार मात्र होइन, कर्तव्य पनि हो, भन्नुभएको छ। भण्डारीले मधुवन प्रकाशनद्वारा सोमबार राजधानीमा आयोजित पुस्तक लोकार्पण कार्यक्रममा सो कुरा बताउनुभएको हो। उहाँले लेखक महेन्द्रप्रकाश शिवाकोटीद्वारा लिखित पुस्तक 'देश विकासको प्रस्तावना र राजनीति–चेतना' को लोकार्पण गर्दै लोकतन्त्रको उपयोग गर्दा अरूको अधिकारको पनि सम्मान गर्न सक्नुपर्नेमा जोड दिनुभयो।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भन्नुभयो, "पुस्तकले ज्ञान विस्तार गर्न मद्दत गर्छ, पुस्तक पढ्ने र पढेका विषयलाई छलफल गरी देशको उन्नति, प्रगतिमा समेत लाभ लिने योजना बनाउन सकिने आधार यस्ता पुस्तकले तयार गर्छन्।" सो अवसरमा पूर्वराष्ट्रपति भण्डारीलाई मधुवन प्रकाशनले प्रकाशन गरेका विभिन्न विधाका पुस्तक प्रदान गरिएको थियो।

सो अवसरमा लोकार्पण गरिएको पुस्तक देश विकासको प्रस्तावनाबारे प्राध्यापक अमन श्रेष्ठले चर्चा गर्नुभएको थियो। लेखक गोपीरमण उपाध्यायले 'राजनीति–चेतना' पुस्तकबारे समीक्षा गर्दै राजनीतिक चेतनाबाट नै देश विकासमा सहयोग गर्न सकिने बताउनुभयो। पूर्वमन्त्री युवराज ज्ञवालीले विगतमा नेपालमा केही पनि विकास भएन भन्ने कुरा सत्य होइन, समय अनुसार नेपालीको अपेक्षा र आवश्यकता पूरा गर्ने गरी भने विकास गर्न नसकिएको स्विकार्नुभयो।

## डा. रिजाललाई अन्तर्राष्ट्रिय अवार्ड



**काठमाडौँ** (गोरखापत्र), असोज २७ गते। नेपाली चलचित्र 'गौँथली' ले निर्देशक डा. कपिल रिजाल फ्रान्सको रेड मुभी अवार्ड, २०२६ अन्तर्गत उत्कृष्ट निर्देशक विधामा विजेता घोषित हुनुभएको छ।

रेड मुभी अवार्डको आधिकारिक वेबसाइटमा प्रकाशित अन्तिम विजेता सूची अनुसार 'गौँथली' का लागि डा. रिजालले उक्त अवार्ड जित्नुभएको हो। यस सफलताले निर्देशक रिजालको सिर्जनात्मक यात्रा र नेपाली चलचित्रको सम्भावनालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

निर्देशक रिजालले 'गौँथली' लाई माया, विश्वास र साथ दिएर यो स्थानसम्म पुऱ्याउन सहयोग गर्ने सम्पूर्ण दर्शक, शुभचिन्तक, आफन्त तथा चलचित्र प्रेमीप्रति आभार व्यक्त गर्नुभएको छ।

## सुदूरको कथा रङ्गमञ्चमा

**विवेक रेग्मी**
*काठमाडौँ, असोज २७ गते*

प्रतीक्षा, सपना, खुसी, दुःख, हाँसो र रोदनसहितको सामाजिक यथार्थको कथा बोकेको नाटक 'श्री बिज्जो भूत' मण्डला नाटकघरमा मञ्चन भएको छ। नाटकले २०५० को दशकको सुदूरपश्चिमेली समाजलाई पृष्ठभूमिमा राख्दै रोजगारीका लागि भारत पलायन भएका पुरुषको प्रतीक्षामा जीवन बिताइरहेका महिलाको कथा प्रस्तुत गरेको छ। परदेसिएका पुरुषको अनुपस्थितिमा गाउँमा बाँकी रहेका महिलाका आशा, आकाङ्क्षा, सङ्घर्ष र सामाजिक सम्बन्धलाई नाटकीय शैलीमा उजागर गरेको छ।

*प्रदेशी लाहुर्या म त बम्बै गइजान्या हु मालुपात छुट्टी जनम थात।*
*मेरी मनकी पियारिलाई सङ्गै लैजाने हु मालुपात छुट्टी जनम थात...।*

नाटकका कलाकारले सामूहिक रूपमा प्रत्यक्ष प्रस्तुत गर्ने लोकगीतले हृदय स्पर्श गर्छ। नाटकको सबल पक्ष भनेकै सुदूरपश्चिमको भाषिक लबज, मौलिक पहिरन, लोकगीत र सांस्कृतिक प्रस्तुतिको संयोजन हो।

सुदूरपश्चिमको लबजलाई जस्ताको तस्तै प्रस्तुत गर्नुले पात्रलाई अभिनयमा मात्र सीमित नराखी त्यहाँको जीवनशैली र सामाजिक परिवेशसँग जोड्न सकेको छ। घरी घरी पात्रहरूले दर्शकलाई हँसाइरहन्छन् भने भावनात्मक दृश्य र गीतको प्रस्तुतिले गाउँमा बाँकी रहेका जीवनका कथासँग साक्षात्कार गराएको छ। भारतमा रोजगारीका लागि पलायन भएका पुरुषको प्रतीक्षा, उनीहरू फर्किएपछिका सपना र सुदूरपश्चिमेली समाजको यथार्थलाई नाटकले जीवन्त रूपमा प्रस्तुत गरेको छ।



गौरी र उहाँकी आमाले बर्सौंदेखि परदेसिएका बाबुको प्रतीक्षा गरिरहेको कथाबाट सुरु हुने नाटकमा गौरीलाई मुम्बई लैजाने प्रयाससँगै कथा अघि बढ्छ। नाटकको शीर्षकमा रहेको 'श्री बिज्जो भूत' डडेलधुराको निङ्लाइगाउँमा प्रचलित जनविश्वाससँग जोडिएको छ। गलत काम गर्ने व्यक्ति बिज्जो भूतको क्षेत्रबाट उम्कन नसक्ने स्थानीय विश्वासलाई प्रस्तुतीकरणसँग जोड्ने प्रयाससहित सुदूरपश्चिमको कथा, भाषा र संस्कृतिलाई काठमाडौँको रङ्गमञ्चमा दर्शकमाझ ल्याएको हो। पुरुषले महिलाका अव्यक्त भावलाई देखिनुपर्ने कुरालाई नाटकमार्फत चित्रण गरिएको छ। देखिएको कुरालाई मात्रै सत्य मान्ने प्रवृत्तिले मानिसको वास्तविक भोगाइ, भावना र बाध्यतालाई कसरी ओझेलमा पार्छ भन्ने कुरा कलात्मक ढङ्गले उजागर गरिएको छ। नाटकको अन्त्य रहस्यमयी छ।

नाटकमा स्नेहा जोशी, आदित्य मिश्र, सुस्मिता कुँवर, भूपि लुहार, उमेश सुनाम, अग्नि श्री विश्वकर्मा, समृद्धि नेपाल, सुशीला लुहार, दिवस नाथ, चिराग पनेरू र वर्षा भण्डारीको अभिनय रहेको छ। यसै गरी प्रत्यक्ष सङ्गीतमा सौरभ चालिसे, जीवन राई र हरिना नाथ रहनुभएको छ। नाटकको लेखन दिवस नाथले गर्नुभएको हो। बुद्धि तामाङ र आकाश नेपालीले निर्देशन गर्नुभएको उक्त नाटकका निर्माता सोमनाथ खनाल हुनुहुन्छ। असोज ६ गतेदेखि असोज २७ गतेसम्म नाटक मञ्चन भएको हो।

## बडादसैँको चौथो दिन
# कुष्माण्डाको पूजा गरिँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

बडादसैँको चौथो दिन बुधबार नवदुर्गा भवानीको चौथो स्वरूप माता कुष्माण्डाको विधिपूर्वक पूजाअर्चना गरिँदै छ। आफ्नो मन्द मुस्कानद्वारा ब्रह्माण्डको उत्पत्ति गरेको हुनाले उहाँलाई 'कुष्माण्डा' भनिएको हो। पौराणिक मान्यता अनुसार जब सृष्टिको अस्तित्व थिएन र चारैतिर घोर अन्धकार मात्र व्याप्त थियो, तब यी देवीले आफ्नो ईषत् हास्य (मधुर मुस्कान) बाट ब्रह्माण्डको रचना गर्नुभएको थियो। त्यसैले उहाँलाई सृष्टिको आदिस्वरूपा वा आदिशक्ति मानिन्छ।



संस्कृतमा 'कु' भन्नाले सानो, 'उष्मा' भन्नाले ऊर्जा वा ताप र 'अण्ड' भन्नाले ब्रह्माण्डीय अन्डा बुझिन्छ। अर्थात् सानो ऊर्जाको मुस्कानबाट ब्रह्माण्ड उत्पन्न गर्ने देवी नै कुष्माण्डा हुनुहुन्छ। लौकिक भाषामा कुष्माण्डको अर्थ कुभिण्डो पनि हुन्छ, जसलाई देवीको प्रिय बलिका रूपमा चढाइन्छ। माता कुष्माण्डा सिंहमा सवार हुनुहुन्छ। उहाँका आठ वटा हात छन्। यिनमा कमण्डलु, धनुष, वाण, कमलको फूल, अमृतकलश, चक्र, गदा र सबै प्रकारका सिद्धि एवं निधि दिने जपमाला रहेका छन्।

देवीभागवत् पुराण अनुसार, माता कुष्माण्डा सूर्य मण्डलको भित्री लोकमा निवास गर्नुहुन्छ। सूर्यलोकमा बस्न सक्ने क्षमता र शक्ति केवल उहाँमा मात्र छ। उहाँकै तेज र प्रकाशले ब्रह्माण्डका सम्पूर्ण वस्तु र प्राणीहरू आलोकित छन्। कुष्माण्डा माताको पूजा गर्नाले मानव शरीरमा रहेको वायु तत्त्व सन्तुलित हुने र भक्तले आयु, यश, बल तथा आरोग्यता प्राप्त गर्ने धार्मिक विश्वास छ। यस दिन मातालाई मालपुवा वा कुभिण्डोको प्रसाद चढाउँदा बुद्धि र स्मरण शक्ति तीव्र हुने जनविश्वास रहिआएको छ।

दुर्गा पक्षसमेत भनिने बडादसैँको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्रि, आठौँ दिन महागौरी र नवौँ दिन सिद्धिदात्रिको पूजा आराधना गर्ने गरिन्छ। यी नौ वटा दुर्गाका स्वरूपलाई नवदुर्गा पनि भनिन्छ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम्।

**मेष**: शत्रु भय रहने छ। कार्यक्षेत्र अधिक परिश्रमयुक्त रहनुका साथै खर्चिलो पनि हुन सक्ने छ।

**वृष**: प्रेम पक्ष सुखद रहने छ। कार्य लाभका साथै मनमा प्रशन्नता छाउने छ।

**मिथुन**: व्यापार बढ्ने छ। कला मनोरञ्जनमा अभिरुचि बढ्नुका साथै खेलक्षेत्र सुखद रहने छ।

**कर्कट**: भौतिक सुख मिल्ने छ। अध्ययनमा रुचिका साथै यात्राका योग देखिन्छन्।

**सिंह**: द्रव्य लाभ हुने छ। प्रेम पक्ष सुखद रहनुका साथै पारिवारिक मिलनका योग देखिन्छन्।

**कन्या**: नयाँ कार्यप्रति उत्साह बढ्ने छ। भौतिक लाभका साथै व्यवसाय उन्नत रहने छ।

**तुला**: प्रिय लाभ हुने छ। अध्ययनमा सफलताका साथै सिर्जनात्मक पक्ष सफल रहने छ।

**वृश्चिक**: मिष्ठान्न लाभ हुने छ। पाककलामा रुचिका साथै पारिवारिक सुख मिल्ने छ।

**धनु**: शत्रु पक्ष सबल रहने छन्। कार्य हानिका साथै खर्चमा पनि वृद्धि हुन सक्ने देखिन्छ।

**मकर**: द्रव्य लाभ हुने छ। कार्यक्षेत्रमा सफलताका साथै नयाँ कार्यप्रति चाख बढ्ने छ।

**कुम्भ**: मनोरञ्जनमा रुचि रहने छ। आर्थिक लाभका साथै यात्राका योग देखिन्छन्।

**मीन**: भौतिक सुख मिल्ने छ। जलीय वस्तुबाट लाभका साथै वैदेशिक क्षेत्र सुखद रहने छ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल असोज २८ गते (अक्टोबर १४, २०२६) बुधबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।१६ | १५२।७६ |
| युरो | १ को रु. | १७०।१३ | १७०।८० |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०१।४५ | २०२।२५ |
| स्विस फ्रैङ्क | १ को रु. | १८२।७३ | १८३।४५ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०६।१० | १०६।५२ |
| क्यानेडियन डलर | १ को रु. | १०६।७२ | १०७।१४ |
| सिङ्गापुर डलर | १ को रु. | ११८।८८ | ११९।३४ |
| जापानी येन | १० को रु. | ९।६३ | ९।६६ |
| चिनियाँ युआन | १ को रु. | २२।७३ | २२।८२ |
| साउदी अरब रियाल | १ को रु. | ४०।५१ | ४०।६७ |
| कतारी रियाल | १ को रु. | ४१।७४ | ४१।९१ |
| थाई भाट | १ को रु. | ४।५३ | ४।५५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।४३ | ४१।५९ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।२४ | ३७।३९ |
| दक्षिण कोरियन वन | १०० को रु. | ११।३६ | ११।४१ |
| स्विडिस क्रोनर | १ को रु. | १५।२२ | १५।२८ |
| डेनिस क्रोनर | १ को रु. | २२।७६ | २२।८५ |
| हङकङ डलर | १ को रु. | १९।३९ | १९।४६ |
| कुवेती दिनार | १ को रु. | ४९३।५५ | ४९५।४९ |
| बहराइन दिनार | १ को रु. | ४०२।८१ | ४०४।३९ |
| ओमानी रियाल | १ को रु. | ३९५।२२ | ३९६।७७ |

नोटः यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि महाप्रबन्धक **हिक्मतबहादुर रावल**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।    gorkhapatraonline.com






विराटनगर संस्करण



अर्थबजार | ग्यास भण्डारणगृह निर्माणको अध्ययन सुरु | नेपालको लगातार जित २४



वर्ष १२६ | अङ्क १६१ | २०८३ साल असोज २८ गते बुधबार | आश्विन शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ कौलाथ्व ४ | 2026 October 14 Wednesday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ


### आरुघाटमा बेलिब्रिज बन्दै

# टीकाअघि नै यातायात सञ्चालन हुने


बुढीगण्डकी बाढीबाट क्षतिग्रस्त धादिङ–गोरखा जोड्ने आरुघाट पुल निर्माणका लागि बेलिब्रिज बोकेका मालबाहक ट्रक । इन्सेटमा क्षतिग्रस्त पुल ।

**भउचप्रसाद यादव**
*काठमाडौँ, असोज २७ गते*

बुढीगण्डकी नदीमा आएको विनाशकारी बाढीका कारण गोरखाको आरुघाट र धादिङको सल्यानटार जोड्ने मुख्य मोटरेबल पक्की पुल बगाएपछि अवरुद्ध बनेको सडक यातायात पुनः सञ्चालन गर्न सरकारले तदारुकता देखाएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयका अनुसार सो स्थानमा तत्काल अस्थायी बेलिब्रिज निर्माणका लागि सात ट्रक आवश्यक निर्माण सामग्री मङ्गलबार निर्माणस्थल पुर्‍याइएको छ। बुढीगण्डकीमा आएको बाढीले आरुघाट गाउँपालिका–९, नयाँ पुलस्थित गोरखा र धादिङ जोड्ने आरुघाटको पक्की पुल बगाउँदा पुलको तीन खण्डमध्ये गोरखातिरको एउटा खण्ड बगाएको थियो।

सडक डिभिजन कार्यालय हेटौँडाबाट पठाइएका ती निर्माण सामग्री गोरखा बजार हुँदै आरुघाट पुर्‍याइएको छ। आइतबार बिहान उत्तरी गोरखाको सिर्गी हिमाल क्षेत्रमा पहिरो जाँदा नदी थुनिएर आएको आकस्मिक बाढीले पुलको

> बुढीगण्डकी बाढीले धादिङ–गोरखा जोड्ने आरुघाट पक्की पुलको गोरखातर्फको २२ मिटर भाग बगाएपछि दुई जिल्लाबिच सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको छ ।

गोरखातर्फको २२ मिटर 'आरसिसी' भाग बगाएपछि दुई जिल्लाबिच सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको थियो।

#### टीकाअघि नै यातायात सञ्चालन गरिने

गोरखा सडक योजनाका प्रमुख इन्जिनियर विनोद पुनले दसैँको टीकाअघि नै सो बेलिब्रिज जडान गरी यातायात सञ्चालन गर्ने लक्ष्यसहित काम सुरु गरिएको जानकारी दिनुभयो। केही दिनभित्रै निर्माण सम्पन्न गरी दसैँको समयमा आवतजावतलाई सहज बनाउने लक्ष्य राखिएको उहाँले स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "उक्त बेलिब्रिज निर्माणका लागि हेटौँडाबाट पठाइएको आवश्यक सात ट्रक सामग्री निर्माणस्थलमा आइपुगेको छ र तीन ट्रक थप सामग्री त्यहाँबाट आरुघाटका लागि हिँडाइसकिएको छ।" उहाँले बुधबारदेखि पुलको जग खन्ने र ढलानको काम सुरु हुने जानकारी दिनुभयो।

उहाँका अनुसार नेपाली सेना र सडक डिभिजनको टोलीले डोजर र एक्साभेटर प्रयोग गरी नदी किनारको लेदो तथा अवरोध पन्छाउने काम सुरु गरिसकेका छन्। बेलिब्रिज निर्माणका लागि आवश्यक सबै सामग्री उपलब्ध गराउने, पुलको जग र ढलानको काम तथा आवश्यक जनशक्ति सडक विभागमार्फत उपलब्ध गराइने छ भने पुल जडानको काम नेपाली सेनाको प्राविधिक फौजबाट हुने योजना प्रमुख पुनले स्पष्ट पार्नुभयो। पुल बगेलगत्तै नेपाली सेनाको रुद्रध्वज गणका प्राविधिक टोली र गोरखा सडक योजनाका अधिकारीले स्थलगत निरीक्षण गरी बेलिब्रिज जोड्ने सम्भाव्यता अध्ययन गरेका थिए। पुलको ६० मिटर लामो ट्रस संरचना अझै सुरक्षित रहेकाले त्यसमै थप भाग जोडेर बेलिब्रिज सञ्चालन गर्न लागिएको योजनाका प्रमुख इन्जिनियर पुनले जानकारी दिनुभयो।


» बाँकी पृष्ठ २ मा


## पाँच सय सात जनाको उद्धार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

बुढीगण्डकी बाढीबाट प्रभावित गोरखाका विभिन्न क्षेत्रबाट नेपाली सेनाले दुई दिनमा ५०७ जनाको उद्धार गरेको छ। सेनाले प्रभावित क्षेत्रमा १३ हजार ९७० किलोग्राम खाद्यान्न तथा राहत सामग्री पनि ढुवानी गरेको छ। असोज २५ गते आएको बाढीबाट प्रभावित तथा सडक सम्पर्कविच्छेद हुँदा विभिन्न स्थानमा फसेका नागरिकलाई सेनाले हेलिकोप्टर र स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याएको हो। उद्धार गरिएकामध्ये ३१ जना विदेशी नागरिक छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार असोज २६ गते ३२१ जनाको उद्धार गरिएको थियो। त्यस दिन हवाई साधनमार्फत ३०८ र स्थलमार्गबाट १३ जनाको उद्धार गरिएको थियो। सेनाले काठमाडौँबाट फिलिमसम्म छ हजार १७० किलोग्राम राहत सामग्रीसमेत पुर्‍याएको थियो। त्यस्तै असोज २७ गते थप १८६ जनाको उद्धार गरिएको छ। उद्धारका क्रममा ३१ विदेशी नागरिकसहित बाढी प्रभावितलाई सुरक्षित स्थानमा सारिएको सेनाले जनाएको छ। उक्त दिन प्रभावित क्षेत्रमा सात हजार आठ सय किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी गरिएको छ।

सेनाले एमआई–१७ सहित चार वटा हेलिकोप्टर र स्थलमार्गबाट परिचालित टोलीमार्फत फिलिम, चुम्लिङ, आरुघाट, दोभान, बिही, लाक्पाल, सल्लेरी, उहिया, केरुङ र हुलचुकलगायत क्षेत्रबाट उद्धार तथा राहत कार्य सञ्चालन गरेको हो। बाढी प्रभावितका घरमा डुबानमा परेका सामान सुरक्षित स्थानमा सार्नसमेत सेनाको टोली परिचालन गरिएको निर्देशनालयले जनाएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार असोज २५ गते नौ विदेशी नागरिकसहित ९६ जनाको उद्धार गरिएको थियो। असोज २६ गते थप १० विदेशी नागरिकको उद्धार गरिएको थियो। प्राधिकरणको विपत् प्रतिकार्य शाखाका प्रमुख रामबहादुर केसीका अनुसार बाढीका कारण जोखिममा परेका तथा सडक सञ्जाल अवरुद्ध हुँदा आवतजावत गर्न नसकी विभिन्न स्थानमा फसेका नागरिकलाई हवाई साधनमार्फत उद्धार गरिएको हो।

# सङ्घीयताको पहिचान 'प्रदेश'


अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा सहभागी मुख्यमन्त्री र विशिष्ट पाहुना ।

- प्रदेशलाई अधिकारसम्पन्न र वित्तीय रूपमा सबल नबनाएसम्म सङ्घीय शासनप्रणाली सफल हुन नसक्ने साझा मत जाहेर
- अधिकार हस्तान्तरणमा सङ्घीय सरकार अनुदार बन्दा प्रादेशिक विकास र सेवा प्रवाह अवरुद्ध भएको गुनासो

**विराटनगर समाचारदाता**
*विराटनगर, असोज २७ गते*

आवश्यक कानुन नबन्दा प्रदेश सरकारहरू आर्थिक तथा प्रशासनिक रूपमा कमजोर बनिरहेको निष्कर्षमा सातै प्रदेशका मुख्यमन्त्री सहमत देखिएका छन्।

विराटनगरमा मङ्गलबारबाट आयोजित 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन' मा सहभागी मुख्यमन्त्रीहरूले अधिकार हस्तान्तरणमा सङ्घीय सरकार अनुदार बन्दा प्रादेशिक विकास र सेवा प्रवाह अवरुद्ध भएको भन्दै साझा असन्तुष्टि व्यक्त गरेका हुन्। अधिकार माग्न मात्र नभई औचित्य पुष्टि गर्न सातै प्रदेश एकजुट भएर सङ्घीय सरकारसमक्ष डेलिगेसन जाने घोषणासमेत उनीहरूले गरेका छन्।

सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै आयोजक कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीयताको वास्तविक पहिचान प्रदेश नै भएको स्पष्ट पार्दै प्रदेशलाई 'सेतो हात्ती' भनेर दुष्प्रचार गरिएको बताउनुभयो।

मुलुकको कुल चालु खर्चमध्ये ९५ प्रतिशतभन्दा बढी हिस्सा सङ्घ र स्थानीय तहको रहेको तथ्य प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "प्रदेशहरूको खर्च करिब चार प्रतिशत मात्रै छ। खर्चको करिब ९५ प्रतिशत हिस्सा अन्यत्र हुने तर आरोप जति प्रदेशले खेप्नुपर्ने विडम्बनापूर्ण अवस्था छ।" उहाँले अधिकार प्राप्तिका लागि अब गुनासो मात्र नगरी सातै प्रदेशका मुख्यमन्त्री काठमाडौँ गएर प्रधानमन्त्रीसँग निर्णायक छलफल गर्ने पनि बताउनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीय सरकारले प्रदेशलाई आवश्यक अधिकार र कानुन नदिई परिणाम खोजेको टिप्पणी गर्दै उहाँले भन्नुभयो, "हाम्रो खुट्टा बाँधिदिएर दौड भनियो अनि दौडिन नसक्दा उल्टै 'नाच्न जान्दैन आँगन टेढो' भनेको सुन्नुपर्ने विडम्बना छ।"

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरू अधिकार माग्न मात्र नभई जिम्मेवारी लिन पनि तयार रहेको बताउनुभयो। प्रदेश प्रहरी ऐन बनेको पाँच वर्ष बितिसक्दा पनि समायोजन नहुनु र सङ्घले आफूखुसी सचिव पठाउने अभ्यासले प्रादेशिक स्वायत्तता कमजोर बनाएको उहाँको भनाइ थियो।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सिंहदरबारको अधिकार प्रदेश राजधानीमा सार्नु मात्र सङ्घीयता नभएको स्पष्ट पार्नुभयो। जिम्मेवारीको दोहोरोपन र सङ्घसँगको समन्वय अभावले प्रदेशको संस्थागत क्षमता विकास हुन नसकेको उहाँले औँल्याउनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीय सरकारको असहयोगका कारण सङ्घीयता कार्यान्वयनको गाँठो फुक्न नसकेको बताउनुभयो। संसद्मा दर्ता भएको निजामती विधेयकले कर्मचारी संयन्त्रमा उत्साह भर्नुको साटो अन्योल सिर्जना गरेको उहाँको आरोप थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले संविधान जारी भएको एक दशक पुग्न लाग्दा पनि कार्य विस्तृतीकरण र कानुन निर्माण नहुँदा क्षेत्राधिकारको विवाद कायमै रहेको उल्लेख गर्नुभयो। भौगोलिक विकटता खेपेको कर्णालीले प्रशासनिक तथा वित्तीय अधिकारको अभावमा


» बाँकी पृष्ठ २ मा


### अन्तर्राष्ट्रिय

## फ्रान्समा विद्यार्थी आन्दोलन चर्कियो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

फ्रान्समा विद्यार्थी आन्दोलन झन् चर्केको छ। मङ्गलबार फ्रान्सभर विरोध प्रदर्शन भयो। त्यहाँ विगत तीन सातादेखि विद्यार्थी आन्दोलन तीव्र रूपमा चर्किएको हो। आन्दोलनले बहुरूप लिँदै छ। महँगीको विरोध गर्दै प्रदर्शन गर्ने तयारी पनि हुँदै छ।

शैक्षिक सुधार, शिक्षकको अभाव पूर्ति र विद्यालयहरूको जीर्ण अवस्था सुधार्नुपर्ने माग राख्दै उच्च माध्यमिक विद्यालय र विश्वविद्यालयका लाखौँ विद्यार्थी सडकमा उत्रिएका छन्। प्रदर्शनमा विद्यार्थीका साथै शिक्षक, अभिभावक र प्रमुख मजदुर सङ्गठनसमेत थपिएका छन्। हालैका प्रदर्शनमा देशभर साढे दुई लाखभन्दा बढी विद्यार्थी सडकमा ओर्लिएका थिए। विद्यार्थीले फोहोरका डब्बा र फर्निचर प्रयोग गरेर विद्यालयका प्रवेशद्वार बन्द गरिदिएका छन्। प्रदर्शनका क्रममा प्रहरी र


» बाँकी पृष्ठ २ मा


### अग्रलेख

## जवाफदेहिताका नवीन औजार



सार्वजनिक जिम्मेवारी भएका व्यक्ति वा निकायलाई विश्वास गरी सुम्पिएको स्रोत र शक्ति जिम्मेवारीपूर्वक प्रयोग गरे/नगरेको स्पष्ट पार्ने दायित्व रहेको हुन्छ ।

• **गोपीनाथ मैनाली**


» विचार पृष्ठ ४


# विद्युतीय तार वन्यजन्तुलाई धराप



> वन्यजन्तु संरक्षणकै लागि भनेर स्थापना गरिने निकुञ्जमा नै विद्युतीकरणका कारण वन्यजन्तुलाई जोखिम हुन्छ भने निकुञ्जले यसको विकल्प खोज्न सक्नुपर्ने विज्ञको सुझाव छ ।

**वसन्त पराजुली**
*नारायणगढ, असोज २७ गते*

हात्ती प्रजनन केन्द्र खोरसोर सौराहामा प्राकृतिक प्रजननमार्फत ३३ वटा छावा जन्माउन सहयोग पुर्‍याएको रोनाल्डो नामको जङ्गली भाले हात्ती गत असोज ३ गते विद्युतीय तारमा परेर मर्‍यो।

बरन्डाभार वनक्षेत्रको कुमाल तालनजिकै चितवन राष्ट्रिय निकुञ्ज सुरक्षाका लागि राखिएको नेपाली सेनाको पोस्टमा लगिएको बिजुलीको प्रवाहमा रोनाल्डो परेको थियो। झन्डै साढे दुई दशकदेखि चितवन राष्ट्रिय निकुञ्ज र आसपासका वनक्षेत्रमा देखिँदै आएको रोनाल्डोले विद्युत्को पोल ढालेर तार मुखमा चपाउँदा करेन्ट लागेको अवस्थामा भेटिएको थियो।

निकुञ्जमा विद्युत् प्रवाह भएको तारमा परेर वन्यजन्तुको मृत्यु भएको रोनाल्डोको घटना पहिलो होइन। यसअघि २०६४ साल असोज २८ गते सौराहास्थित हात्ती प्रजनन केन्द्रमा रोमियो नामको जङ्गली भाले हात्ती पनि विद्युतीय धरापमा परेर मरेको थियो। रोमियो पनि प्रजनन केन्द्रको 'ज्वाइँराजा' हात्ती थियो।

चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको संरचनामा जोडिएको विद्युत्मा परेर हात्ती मात्रै हैन, गैँडा पनि मरेका छन्। २०७५ साल कात्तिक १५ गते सौराहामा हात्तीका लागि 'चेन फ्री क्यानल' (साङ्लोमुक्त क्यानल) मा जडान गरिएको बिजुलीको तारमा परेर गैँडा मरेको थियो। निकुञ्जका सूचना अधिकारी अविनाश मगरले निकुञ्जभित्र र बाहिरी मध्यवर्ती क्षेत्रमा गरी २०६४ सालयता करेन्ट लागेर दुई हात्ती, पाँच गैँडा र एक चितुवा मरेको जानकारी दिनुभयो। यसरी मरेकामध्ये दुई हात्ती र एक गैँडा निकुञ्ज कार्यालय र सेनाकै संरचनामा जोडिएका बिजुलीका तारमा परेका हुन्।

लामो समयदेखि वन्यजन्तु संरक्षणको अभियानमा लागेका अभियन्ता अपिल घिमिरे निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा बनेका संरचनामा जडान गरिएका बिजुलीको तारमा परेर वन्यजन्तु धमाधम मर्नु चिन्ताको विषय भएको बताउनुहुन्छ। "वन्यजन्तुकै संरक्षणका लागि राखिएका निकुञ्ज तथा सेनाका पोस्टमै वन्यजन्तुको धराप हुने गरी बिजुली जडान गर्नु नै गलत थियो भन्ने तथ्यले पनि देखाएको छ," उहाँले थप्नुभयो, "वन्यजन्तु ओहोरदोहोर गर्ने स्थानमा जडान गरिने बिजुलीका तार वन्यजन्तुमैत्री जडान नगरिँदा समस्या भएको हो।"

#### बिजुलीको तार जोखिम

निकुञ्जको मध्यभागमा रहेको कसरामा निकुञ्जको मुख्यालय, निकुञ्ज सुरक्षाका लागि राखिएको नयाँ गोरख गणको मुख्यालय, सेनाकै श्री प्रकृति संरक्षण शिक्षालयलगायतका निकुञ्जसँग सम्बन्धित कार्यालय छन्। सो स्थानका लागि निकुञ्जबाहिरको झन्डै दुई किलोमिटर टाढा घैलाघारीबाट बिजुलीको तार लगेर जडान गरिएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जामगर निकुञ्जभित्र पोलमाथिबाटै तार तानिएको बताउनुहुन्छ। "वन्यजन्तुका लागि जोखिम मोलेर पनि तार तानेर बत्ती बाल्नुपर्ने बाध्यता छ," उहाँले भन्नुभयो। अहिले निकुञ्जमा रहेका ५८ वटा निकुञ्ज र सेनाका पोस्टमध्ये ३९ वटामा बिजुली जडान छन्। यी सबैमा जडान गरिएको बिजुली कतै नाङ्गो तार त कतै 'कभर कन्डक्टर' (आवरणयुक्त विद्युत्) तार जडान गरिएको छ। नेपाल विद्युत् प्राधिकरणको वितरण कार्यालय चनौलीका प्रमुख रुद्रराज विष्ट नाङ्गोभन्दा 'कभर कन्डक्टर' तार तुलनात्मक रूपमा सुरक्षित रहेको बताउनुहुन्छ तर रोनाल्डो मरेको पनि 'कभर कन्डक्टर' तार छिनाएर चपाएकाले हो।

"निकुञ्जभित्रका संरचनामा जोडिएका तार निश्चय नै जोखिमपूर्ण छन्। यसको समाधान भनेको भूमिगत रूपमा बिजुलीका तार लगेर जडान गर्नु हो तर बजेटका हिसाबले यो महँगो प्रविधि हो," उहाँले भन्नुभयो। भरतपुरबाट माडी लैजाने बिजुलीको तार जमिनमुनिबाट भूमिगत गरिए पनि निकुञ्जमा कतै पनि भूमिगत बिजुली जडान नगरिएको उहाँले बताउनुभयो।

सुरक्षा पोस्टमा जडान गरिएका बिजुलीका तार वन्यजन्तुका लागि धराप बनेका छन्। रोनाल्डोको मृत्युको कारण र घटनाको अध्ययन गर्न गठित समितिका संयोजक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ अनुसन्धान अधिकृत गणेश पन्त रोनाल्डोको मृत्युले निकुञ्जभित्र वन्यजन्तुको आवागमन हुने क्षेत्रमा विद्युत् व्यवस्थापन कति सुरक्षित छ भन्ने प्रश्न उठाएको बताउनुहुन्छ। "हामीले बिजुलीका तारका कारण भएका सम्भाव्य जोखिमबारे अध्ययन गरेका छौँ। अहिलेका तार अधिकांश जोखिममै भएका पाएका छौँ। यसलाई सुधार गर्न सुझाव दिन्छौँ," उहाँले भन्नुभयो। वन्यजन्तुविद् डा. बाबुराम लामिछानेले निकुञ्जको पहिलो दायित्व वन्यजन्तुको संरक्षण नै भएको बताउनुभयो। वन्यजन्तु संरक्षणकै लागि भनेर गरिने निकुञ्जभित्र विद्युतीकरण नै जोखिम भए यसको विकल्प खोज्न सक्नुपर्ने तर्क उहाँको छ।

## 'विपत् व्यवस्थापनमा सहकार्य आवश्यक'


गृहमन्त्री सुधन गुरुङ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

गृहमन्त्री सुधन गुरुङले जलवायुजन्य विपत्को जोखिम न्यूनीकरण तथा अन्तरदेशीय अपराध नियन्त्रणका लागि बिम्स्टेक सदस्य राष्ट्रबिच क्षेत्रीय सहकार्य र समन्वय सुदृढ गर्नुपर्नेमा जोड दिनुभएको छ।

भारतको नयाँ दिल्लीमा सम्पन्न बिम्स्टेकको पहिलो गृहमन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै उहाँले आतङ्कवाद, लागुऔषध ओसारपसार, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, अवैध वित्तीय प्रवाह र साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी सूचना आदानप्रदान तथा संयुक्त प्रतिकार्य आवश्यक रहेको बताउनुभयो।

बैठकले क्षेत्रीय सुरक्षा सहकार्यलाई संस्थागत र प्रभावकारी बनाउने प्रतिबद्धतासहित दिल्ली घोषणापत्र जारी गरेको छ। बिम्स्टेक स्थापना भएको २९ वर्षपछि पहिलो पटक आयोजित गृहमन्त्रीस्तरीय बैठकमा नेपालसहित सात सदस्य राष्ट्रका गृह तथा आन्तरिक सुरक्षासम्बन्धी मन्त्री सहभागी थिए। मन्त्री गुरुङले सम्मेलनमा सबैभन्दा कम उमेरको


» बाँकी पृष्ठ २ मा

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com








कोहलपुर संस्करण | अर्थबजार | ग्यास भण्डारणगृह निर्माणको अध्ययन सुरु | नेपालको लगातार जित २४



वर्ष १२६ | अङ्क १६१ | २०८३ साल असोज २८ गते बुधबार | आश्विन शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ कौलाथ्व ४ | 2026 October 14 Wednesday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ


### आरुघाटमा बेलिब्रिज बन्दै

# टीकाअघि नै यातायात सञ्चालन हुने


बुढीगण्डकी बाढीबाट क्षतिग्रस्त धादिङ–गोरखा जोड्ने आरुघाट पुल निर्माणका लागि बेलिब्रिज बोकेका मालवाहक ट्रक । इन्सेटमा क्षतिग्रस्त पुल ।

**भउचप्रसाद यादव**
*काठमाडौँ, असोज २७ गते*

बुढीगण्डकी नदीमा आएको विनाशकारी बाढीका कारण गोरखाको आरुघाट र धादिङको सल्यानटार जोड्ने मुख्य मोटरेबल पक्की पुल बगाएपछि अवरुद्ध बनेको सडक यातायात पुनः सञ्चालन गर्न सरकारले तदारुकता देखाएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयका अनुसार सो स्थानमा तत्काल अस्थायी बेलिब्रिज निर्माणका लागि सात ट्रक आवश्यक निर्माण सामग्री मङ्गलबार निर्माणस्थल पुर्‍याइएको छ। बुढीगण्डकीमा आएको बाढीले आरुघाट गाउँपालिका–९, नयाँ पुलस्थित गोरखा र धादिङ जोड्ने आरुघाटको पक्की पुल बगाउँदा पुलको तीन खण्डमध्ये गोरखातिरको एउटा खण्ड बगाएको थियो।

सडक डिभिजन कार्यालय हेटौँडाबाट पठाइएका ती निर्माण सामग्री गोरखा बजार हुँदै आरुघाट पुर्‍याइएको छ। आइतबार बिहान उत्तरी गोरखाको सिर्गी हिमाल क्षेत्रमा पहिरो जाँदा नदी थुनिएर आएको आकस्मिक बाढीले पुलको

> बुढीगण्डकी बाढीले धादिङ–गोरखा जोड्ने आरुघाट पक्की पुलको गोरखातर्फको २२ मिटर भाग बगाएपछि दुई जिल्लाबिच सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको छ ।

गोरखातर्फको २२ मिटर 'आरसिसी' भाग बगाएपछि दुई जिल्लाबिच सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको थियो।

**टीकाअघि नै यातायात सञ्चालन गरिने**

गोरखा सडक योजनाका प्रमुख इन्जिनियर विनोद पुनले दसैँको टीकाअघि नै सो बेलिब्रिज जडान गरी यातायात सञ्चालन गर्ने लक्ष्यसहित काम सुरु गरिएको जानकारी दिनुभयो। केही दिनभित्रै निर्माण सम्पन्न गरी दसैँको समयमा आवतजावतलाई सहज बनाउने लक्ष्य राखिएको उहाँले स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "उक्त बेलिब्रिज निर्माणका लागि हेटौँडाबाट पठाइएको आवश्यक सात ट्रक सामग्री निर्माणस्थलमा आइपुगेको छ र तीन ट्रक थप सामग्री त्यहाँबाट आरुघाटका लागि हिँडाइसकिएको छ।" उहाँले बुधबारदेखि पुलको जग खन्ने र ढलानको काम सुरु हुने जानकारी दिनुभयो।

उहाँका अनुसार नेपाली सेना र सडक डिभिजनको टोलीले डोजर र एक्साभेटर प्रयोग गरी नदी किनारको लेदो तथा अवरोध पन्छाउने काम सुरु गरिसकेका छन्। बेलिब्रिज निर्माणका लागि आवश्यक सबै सामग्री उपलब्ध गराउने, पुलको जग र ढलानको काम तथा आवश्यक जनशक्ति सडक विभागमार्फत उपलब्ध गराइने छ भने पुल जडानको काम नेपाली सेनाको प्राविधिक फौजबाट हुने योजना प्रमुख पुनले स्पष्ट पार्नुभयो। पुल बगेलगत्तै नेपाली सेनाको रुद्रध्वज गणका प्राविधिक टोली र गोरखा सडक योजनाका अधिकारीले स्थलगत निरीक्षण गरी बेलिब्रिज जोड्ने सम्भाव्यता अध्ययन गरेका थिए। पुलको ६० मिटर लामो ट्रस संरचना अझै सुरक्षित रहेकाले त्यसमै थप भाग जोडेर बेलिब्रिज सञ्चालन गर्न लागिएको योजनाका प्रमुख इन्जिनियर पुनले जानकारी दिनुभयो।

बाँकी पृष्ठ २ मा

## पाँच सय सात जनाको उद्धार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

बुढीगण्डकी बाढीबाट प्रभावित गोरखाका विभिन्न क्षेत्रबाट नेपाली सेनाले दुई दिनमा ५०७ जनाको उद्धार गरेको छ। सेनाले प्रभावित क्षेत्रमा १३ हजार ९७० किलोग्राम खाद्यान्न तथा राहत सामग्री पनि ढुवानी गरेको छ। असोज २५ गते आएको बाढीबाट प्रभावित तथा सडक सम्पर्कविच्छेद हुँदा विभिन्न स्थानमा फसेका नागरिकलाई सेनाले हेलिकोप्टर र स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याएको हो। उद्धार गरिएकामध्ये ३१ जना विदेशी नागरिक छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार असोज २६ गते ३२१ जनाको उद्धार गरिएको थियो। त्यस दिन हवाई साधनमार्फत ३०८ र स्थलमार्गबाट १३ जनाको उद्धार गरिएको थियो। सेनाले काठमाडौँबाट फिलिमसम्म छ हजार १७० किलोग्राम राहत सामग्रीसमेत पुर्‍याएको थियो। त्यस्तै असोज २७ गते थप १८६ जनाको उद्धार गरिएको छ। उद्धारका क्रममा ३१ विदेशी नागरिकसहित बाढी प्रभावितलाई सुरक्षित स्थानमा सारिएको सेनाले जनाएको छ। उक्त दिन प्रभावित क्षेत्रमा सात हजार आठ सय किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी गरिएको छ।

सेनाले एमआई–१७ सहित चार वटा हेलिकोप्टर र स्थलमार्गबाट परिचालित टोलीमार्फत फिलिम, चुम्लिङ, आरुघाट, दोभान, बिही, लाक्याल, सल्लेरी, उहिया, केरुङ र हुलचुकलगायत क्षेत्रबाट उद्धार तथा राहत कार्य सञ्चालन गरेको हो। बाढी प्रभावितका घरमा डुबानमा परेका सामान सुरक्षित स्थानमा सार्नसमेत सेनाको टोली परिचालन गरिएको निर्देशनालयले जनाएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार असोज २५ गते नौ विदेशी नागरिकसहित ९६ जनाको उद्धार गरिएको थियो। असोज २६ गते थप १० विदेशी नागरिकको उद्धार गरिएको थियो। प्राधिकरणको विपत् प्रतिकार्य शाखाका प्रमुख रामबहादुर केसीका अनुसार बाढीका कारण जोखिममा परेका तथा सडक सञ्जाल अवरुद्ध हुँदा आवतजावत गर्न नसकी विभिन्न स्थानमा फसेका नागरिकलाई हवाई साधनमार्फत उद्धार गरिएको हो।

# सङ्घीयताको पहिचान 'प्रदेश'


अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा सहभागी मुख्यमन्त्री र विशिष्ट पाहुना ।

- प्रदेशलाई अधिकारसम्पन्न र वित्तीय रूपमा सबल नबनाएसम्म सङ्घीय शासनप्रणाली सफल हुन नसक्ने साझा मत जाहेर
- अधिकार हस्तान्तरणमा सङ्घीय सरकार अनुदार बन्दा प्रादेशिक विकास र सेवा प्रवाह अवरुद्ध भएको गुनासो

**विराटनगर समाचारदाता**
*विराटनगर, असोज २७ गते*

आवश्यक कानुन नबन्दा प्रदेश सरकारहरू आर्थिक तथा प्रशासनिक रूपमा कमजोर बनिरहेको निष्कर्षमा सातै प्रदेशका मुख्यमन्त्री सहमत देखिएका छन्।

विराटनगरमा मङ्गलबारबाट आयोजित 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन' मा सहभागी मुख्यमन्त्रीहरूले अधिकार हस्तान्तरणमा सङ्घीय सरकार अनुदार बन्दा प्रादेशिक विकास र सेवा प्रवाह अवरुद्ध भएको भन्दै साझा असन्तुष्टि व्यक्त गरेका हुन्। अधिकार माग्न मात्र नभई औचित्य पुष्टि गर्न सातै प्रदेश एकजुट भएर सङ्घीय सरकारसमक्ष डेलिगेसन जाने घोषणासमेत उनीहरूले गरेका छन्।

सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै आयोजक कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीयताको वास्तविक पहिचान प्रदेश नै भएको स्पष्ट पार्दै प्रदेशलाई 'सेतो हात्ती' भनेर दुष्प्रचार गरिएको बताउनुभयो।

मुलुकको कुल चालु खर्चमध्ये ९५ प्रतिशतभन्दा बढी हिस्सा सङ्घ र स्थानीय तहको रहेको तथ्य प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "प्रदेशहरूको खर्च करिब चार प्रतिशत मात्रै छ। खर्चको करिब ९५ प्रतिशत हिस्सा अन्यत्र हुने तर आरोप जति प्रदेशले खेप्नुपर्ने विडम्बनापूर्ण अवस्था छ।" उहाँले अधिकार प्राप्तिका लागि अब गुनासो मात्र नगरी सातै प्रदेशका मुख्यमन्त्री काठमाडौँ गएर प्रधानमन्त्रीसँग निर्णायक छलफल गर्ने पनि बताउनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीय सरकारले प्रदेशलाई आवश्यक अधिकार र कानुन नदिई परिणाम खोजेको टिप्पणी गर्दै उहाँले भन्नुभयो, "हाम्रो खुट्टा बाँधिदिएर दौड भनियो अनि दौडिन नसक्दा उल्टै 'नाच्न जान्दैन आँगन टेढो' भनेको सुन्नुपर्ने विडम्बना छ।"

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरू अधिकार माग्न मात्र नभई जिम्मेवारी लिन पनि तयार रहेको बताउनुभयो। प्रदेश प्रहरी ऐन बनेको पाँच वर्ष बितिसक्दा पनि समायोजन नहुनु र सङ्घले आफूखुसी सचिव पठाउने अभ्यासले प्रादेशिक स्वायत्तता कमजोर बनाएको उहाँको भनाइ थियो।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सिंहदरबारको अधिकार प्रदेश राजधानीमा सार्नु मात्र सङ्घीयता नभएको स्पष्ट पार्नुभयो। जिम्मेवारीको दोहोरोपन र सङ्घसँगको समन्वय अभावले प्रदेशको संस्थागत क्षमता विकास हुन नसकेको उहाँले औँल्याउनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीय सरकारको असहयोगका कारण सङ्घीयता कार्यान्वयनको गाँठो फुक्न नसकेको बताउनुभयो। संसद्मा दर्ता भएको निजामती विधेयकले कर्मचारी संयन्त्रमा उत्साह भर्नुको साटो अन्योल सिर्जना गरेको उहाँको आरोप थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले संविधान जारी भएको एक दशक पुग्न लाग्दा पनि कार्य विस्तृतीकरण र कानुन निर्माण नहुँदा क्षेत्राधिकारको विवाद कायमै रहेको उल्लेख गर्नुभयो। भौगोलिक विकटता खेपेको कर्णालीले प्रशासनिक तथा वित्तीय अधिकारको अभावमा

बाँकी पृष्ठ २ मा

### अन्तर्राष्ट्रिय

## फ्रान्समा विद्यार्थी आन्दोलन चर्कियो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

फ्रान्समा विद्यार्थी आन्दोलन झन् चर्केको छ। मङ्गलबार फ्रान्सभर विरोध प्रदर्शन भयो। त्यहाँ विगत तीन सातादेखि विद्यार्थी आन्दोलन तीव्र रूपमा चर्किएको हो। आन्दोलनले बहुरूप लिँदै छ। महँगीको विरोध गर्दै प्रदर्शन गर्ने तयारी पनि हुँदै छ।

शैक्षिक सुधार, शिक्षकको अभाव पूर्ति र विद्यालयहरूको जीर्ण अवस्था सुधार्नुपर्ने माग राख्दै उच्च माध्यमिक विद्यालय र विश्वविद्यालयका लाखौँ विद्यार्थी सडकमा उत्रिएका छन्। प्रदर्शनमा विद्यार्थीका साथै शिक्षक, अभिभावक र प्रमुख मजदुर सङ्गठनसमेत थपिएका छन्। हालैका प्रदर्शनमा देशभर साढे दुई लाखभन्दा बढी विद्यार्थी सडकमा ओर्लिएका थिए। विद्यार्थीले फोहोरका डब्बा र फर्निचर प्रयोग गरेर विद्यालयका प्रवेशद्वार बन्द गरिदिएका छन्। प्रदर्शनका क्रममा प्रहरी र

बाँकी पृष्ठ २ मा

### अग्रलेख



## जवाफदेहिताका नवीन औजार

सार्वजनिक जिम्मेवारी भएका व्यक्ति वा निकायलाई विश्वास गरी सुम्पिएको स्रोत र शक्ति जिम्मेवारीपूर्वक प्रयोग गरे/नगरेको स्पष्ट पार्ने दायित्व रहेको हुन्छ।

• **गोपीनाथ मैनाली**

विचार पृष्ठ ४

# विद्युतीय तार वन्यजन्तुलाई धराप



> वन्यजन्तु संरक्षणकै लागि भनेर स्थापना गरिने निकुञ्जमा नै विद्युतीकरणका कारण वन्यजन्तुलाई जोखिम हुन्छ भने निकुञ्जले यसको विकल्प खोज्न सक्नुपर्ने विज्ञको सुझाव छ ।

**वसन्त पराजुली**
*नारायणगढ, असोज २७ गते*

हात्ती प्रजनन केन्द्र खोरसोर सौराहामा प्राकृतिक प्रजननमार्फत ३३ वटा छावा जन्माउन सहयोग पुर्‍याएको रोनाल्डो नामको जङ्गली भाले हात्ती गत असोज ३ गते विद्युतीय तारमा परेर मर्‍यो।

बरन्डाभार वनक्षेत्रको कुमाल तालनजिकै चितवन राष्ट्रिय निकुञ्ज सुरक्षाका लागि राखिएको नेपाली सेनाको पोस्टमा लगिएको बिजुलीको प्रवाहमा रोनाल्डो परेको थियो। झन्डै साढे दुई दशकदेखि चितवन राष्ट्रिय निकुञ्ज र आसपासका वनक्षेत्रमा देखिँदै आएको रोनाल्डोले विद्युत्को पोल ढालेर तार मुखमा चपाउँदा करेन्ट लागेको अवस्थामा भेटिएको थियो।

निकुञ्जमा विद्युत् प्रवाह भएको तारमा परेर वन्यजन्तुको मृत्यु भएको रोनाल्डोको घटना पहिलो होइन। यसअघि २०६४ साल असोज २८ गते सौराहास्थित हात्ती प्रजनन केन्द्रमा रोमियो नामको जङ्गली भाले हात्ती पनि विद्युतीय धरापमा परेर मरेको थियो। रोमियो पनि प्रजनन केन्द्रको 'ज्वाइँराजा' हात्ती थियो।

चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको संरचनामा जोडिएको विद्युत्मा परेर हात्ती मात्रै हैन, गैँडा पनि मरेका छन्। २०७५ साल कात्तिक १५ गते सौराहामा हात्तीका लागि 'चेन फ्री क्यानल' (साङ्लोमुक्त क्यानल) मा जडान गरिएको बिजुलीको तारमा परेर गैँडा मरेको थियो। निकुञ्जका सूचना अधिकारी अविनाश मगरले निकुञ्जभित्र र बाहिरी मध्यवर्ती क्षेत्रमा गरी २०६४ सालयता करेन्ट लागेर दुई हात्ती, पाँच गैँडा र एक चितुवा मरेको जानकारी दिनुभयो। यसरी मरेकामध्ये दुई हात्ती र एक गैँडा निकुञ्ज कार्यालय र सेनाकै संरचनामा जोडिएका बिजुलीका तारमा परेका हुन्।

लामो समयदेखि वन्यजन्तु संरक्षणको अभियानमा लागेका अभियन्ता अपिल घिमिरे निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा बनेका संरचनामा जडान गरिएका बिजुलीको तारमा परेर वन्यजन्तु धमाधम मर्नु चिन्ताको विषय भएको बताउनुहुन्छ। "वन्यजन्तुकै संरक्षणका लागि राखिएका निकुञ्ज तथा सेनाका पोस्टमै वन्यजन्तुको धराप हुने गरी बिजुली जडान गर्नु नै गलत थियो भन्ने तथ्यले पनि देखाएको छ," उहाँले थप्नुभयो, "वन्यजन्तु ओहोरदोहोर गर्ने स्थानमा जडान गरिने बिजुलीका तार वन्यजन्तुमैत्री जडान नगरिँदा समस्या भएको हो।"

**बिजुलीको तार जोखिम**

निकुञ्जको मध्यभागमा रहेको कसरामा निकुञ्जको मुख्यालय, निकुञ्ज सुरक्षाका लागि राखिएको नयाँ गोरख गणको मुख्यालय, सेनाकै श्री प्रकृति संरक्षण शिक्षालयलगायतका निकुञ्जसँग सम्बन्धित कार्यालय छन्। सो स्थानका लागि निकुञ्जबाहिरको झन्डै दुई किलोमिटर टाढा घैलाघारीबाट बिजुलीको तार लगेर जडान गरिएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जामगर निकुञ्जभित्र पोलमाथिबाटै तार तानिएको बताउनुहुन्छ। "वन्यजन्तुका लागि जोखिम मोलेर पनि तार तानेर बत्ती बाल्नुपर्ने बाध्यता छ," उहाँले भन्नुभयो। अहिले निकुञ्जमा रहेका ५८ वटा निकुञ्ज र सेनाका पोस्टमध्ये ३९ वटामा बिजुली जडान छन्। यी सबैमा जडान गरिएको बिजुली कतै नाङ्गो तार त कतै 'कभर कन्डक्टर' (आवरणयुक्त विद्युत्) तार जडान गरिएको छ। नेपाल विद्युत् प्राधिकरणको वितरण कार्यालय चनौलीका प्रमुख रुद्रराज विष्ट नाङ्गोभन्दा 'कभर कन्डक्टर' तार तुलनात्मक रूपमा सुरक्षित रहेको बताउनुहुन्छ तर रोनाल्डो मरेको पनि 'कभर कन्डक्टर' तार छिनाएर चपाएकाले हो।

"निकुञ्जभित्रका संरचनामा जोडिएका तार निश्चय नै जोखिमपूर्ण छन्। यसको समाधान भनेको भूमिगत रूपमा बिजुलीका तार लगेर जडान गर्नु हो तर बजेटका हिसाबले यो महँगो प्रविधि हो," उहाँले भन्नुभयो। भरतपुरबाट माडी लैजाने बिजुलीको तार जमिनमुनिबाट भूमिगत गरिए पनि निकुञ्जमा कतै पनि भूमिगत बिजुली जडान नगरिएको उहाँले बताउनुभयो।

सुरक्षा पोस्टमा जडान गरिएका बिजुलीका तार वन्यजन्तुका लागि धराप बनेका छन्। रोनाल्डोको मृत्युको कारण र घटनाको अध्ययन गर्न गठित समितिका संयोजक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ अनुसन्धान अधिकृत गणेश पन्त रोनाल्डोको मृत्युले निकुञ्जभित्र वन्यजन्तुको आवागमन हुने क्षेत्रमा विद्युत् व्यवस्थापन कति सुरक्षित छ भन्ने प्रश्न उठाएको बताउनुहुन्छ। "हामीले बिजुलीका तारका कारण भएका सम्भाव्य जोखिमबारे अध्ययन गरेका छौँ। अहिलेका तार अधिकांश जोखिममै भएका पाएका छौँ। यसलाई सुधार गर्न सुझाव दिन्छौँ," उहाँले भन्नुभयो। वन्यजन्तुविद् डा. बाबुराम लामिछानेले निकुञ्जको पहिलो दायित्व वन्यजन्तुको संरक्षण नै भएको बताउनुभयो। वन्यजन्तु संरक्षणकै लागि भनेर गरिने निकुञ्जभित्र विद्युतीकरण नै जोखिम भए यसको विकल्प खोज्न सक्नुपर्ने तर्क उहाँको छ।

## 'विपत् व्यवस्थापनमा सहकार्य आवश्यक'


गृहमन्त्री सुधन गुरुङ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २७ गते*

गृहमन्त्री सुधन गुरुङले जलवायुजन्य विपत्को जोखिम न्यूनीकरण तथा अन्तरदेशीय अपराध नियन्त्रणका लागि बिम्स्टेक सदस्य राष्ट्रबिच क्षेत्रीय सहकार्य र समन्वय सुदृढ गर्नुपर्नेमा जोड दिनुभएको छ।

भारतको नयाँ दिल्लीमा सम्पन्न बिम्स्टेकको पहिलो गृहमन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै उहाँले आतङ्कवाद, लागुऔषध ओसारपसार, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, अवैध वित्तीय प्रवाह र साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी सूचना आदानप्रदान तथा संयुक्त प्रतिकार्य आवश्यक रहेको बताउनुभयो।

बैठकले क्षेत्रीय सुरक्षा सहकार्यलाई संस्थागत र प्रभावकारी बनाउने प्रतिबद्धतासहित दिल्ली घोषणापत्र जारी गरेको छ। बिम्स्टेक स्थापना भएको २९ वर्षपछि पहिलो पटक आयोजित गृहमन्त्रीस्तरीय बैठकमा नेपालसहित सात सदस्य राष्ट्रका गृह तथा आन्तरिक सुरक्षासम्बन्धी मन्त्री सहभागी थिए। मन्त्री गुरुङले सम्मेलनमा सबैभन्दा कम उमेरको

बाँकी पृष्ठ २ मा